
# अग्निचक्र

■ विजय चालिसे



Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# अग्निचक्र

(कथा सङ्ग्रह)

विजय चालिसे

कृति : अग्निचक्र
विधा : कथा
कथाकार : विजय चालिसे
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन
सर्वाधिकार : लेखकमा
प्रकाशन : २०६२ मंसिर
प्रति : १२०१
आवरण चित्र : योगेश खपाङ्गी
मूल्य : रु. ८०।-
कम्प्युटर सेटिङ : कृष्ण कर्माचार्य, ४२३१२३८
मुद्रक : बगलामुखी अफसेट प्रेस
कोपुण्डोल, ललितपुर, फोन : ५२००९९

---

# Agnichakra

A collection of Stories By **Bijay Chalise**

ISBN : 99946-43-34-7

# विजय, अग्निचक्र र हामी

It is hard and nice subject for a man to write of himself: it grates his own heart to say anything of disparagement, and the reader's ear to hear anything of praise for him.

Abrahm Cowley

(Jawaharlal Nehru, An Autobiography, Feb. 1947)

संवत् २००३ सालमा जतिखेर भारत अङ्ग्रेजको उपनिवेश शासनकालबाट मुक्ति पाउने अन्तिम चरणमा थियो, आसन्न स्वतन्त्र भारतका भावि प्रधानमन्त्री जवाहरलाल नेहरूले आफ्नो आत्मकथाको प्रारम्भ गर्दा अब्राहम काउलीको उपर्युक्त लेखनी उद्धरण गरेका थिए जसको सामान्य भावानुवाद यस्तो होला : एकजना मानवका लागि आफ्नो बारे आफैँले लेख्नु कठिन र रमाइलो विषय हुन्छ : आफ्नो निन्दा आफैँले गर्न मनले मान्दैन, आफ्नो प्रशंसा आफैँले गरेको पाठकका कानले सुन्न उति रुचिकर हुँदैन ।

आज हामीहरू आत्मकथा लेख्न बसेका छैनौं, तर छौं जस्तो पनि भने हुन्छ । हामी दुईले हाम्रा आत्मीय मित्रकै कथासंग्रह 'अग्निचक्र' को आमुख होइन पुछ्च्रौली हो, लेख्न बसेका छौं ।

१

स्थान त्रिचन्द्र क्याम्पस, समय २०३५ वैशाख, सन्दर्भ एम.ए. नेपाली विषयको प्रथम वर्षको त्रि.वि. परीक्षा । परीक्षार्थी त विभिन्न कोठामा छरिएका छन् । तर लघुशंका गर्न निस्कँदा अक्सर भेट हुने गर्छ एकजना युवक हातमा

चुरोट च्याप्दै । ऊ अरू परीक्षार्थीलाई 'हेलो' गर्दै चुरोट खाने तलतल मेटाउनु अघि शिष्टाचारवश सोध्छ पनि । हामीमध्ये अम्मली बिरलै पाएपछि क्षमा माग्दै चुरोट सल्काउँछ । अनुहारमा मुस्कान खेलाउँछ । परीक्षाका दिनहरूमा यो क्रम दोहरिन्छ तर व्यक्ति परिचय हुँदैन । छोटो समयमा गरिरहन सम्भव पनि छैन ।

परीक्षाको नतिजा निस्केपछि त्यो बेलाको शिक्षा प्रणालीको अरू दुर्गुण जे जस्तो भए पनि सुगुण एउटै र विशिष्ट लाग्ने थियो रा.वि.से. कार्यक्रम । स्नातकोत्तर तहको परीक्षाको प्रथम खण्ड पूरा गरेकाहरूले द्वितीय खण्ड दिनु अघि वा द्वितीय वर्षको अध्ययन थालनी गर्नुअघि अनिवार्य रूपले त्रिभुवन विश्वविद्यालय अन्तर्गत राष्ट्रिय विकास सेवामा सामेल हुन अनिवार्य थियो ।

हामी तीन जना नै प्राइभेट परीक्षार्थी ! २०३५ माघमा त्रि.वि.को सूचनानुसार आ-आफ्नो गुण्टासहित रा.वि.से. कार्यक्रममा संलग्न हुनु पूर्व प्रशिक्षणका लागि सेण्ट जेभियर्स आवासीय विश्वविद्यालय (गोदावरी)को परिसरमा भेला भएपछि मात्र औपचारिक परिचय आदान प्रदान भयो । उही जाँचको बेलामा चुरोट च्याप्ने युवकले आफ्नो नाम 'विजयकुमार चालिसे' घर आरुबारी, जोरपाटी बताएपछि हामीमध्ये अमरले सोध्यो, त्यसो भए रामेश्वर शर्मा चालिसे (रमेश विकल) तपाईंको को पर्छ ? उत्तर आयो : बाबा अर्थात् बुबा । हामीले प्रतिक्रिया जनाएनौं । तर भित्रभित्रै छक्क र पक्क पर्‍यौं : कथा, उपन्यास लेखनमा सधैं तन्नेरी लाग्ने रमेश विकलको छोरै यत्रो जवान ! बल्ल सकार्नुपर्‍यो लेखकको भौतिक शरीर हुन्छ ऊ पनि बूढो हुन्छ तर उसको लेखनी शाश्वत र सदाबहार !

गोदावरीको रा.वि.से. प्रशिक्षण शिविर रमाइलैमा बित्थ्यो । हामी दुई त सँगसँगै पर्‍यौं । हामी दुवै डायरी लेख्थ्यौं । तेजले बिहान अमरले बेलुका । विजय अर्कै कोठामा सुत्दथ्यो । समग्र समूहमा हामी ७ जनाको बेग्लै जमात बन्यो : विजय, तेज, अमर, विष्णुविभु घिमिरे (सम्प्रति कवि),

आभूषण चौलागाईं, विश्व भेटवाल, टीका सुब्बा । गुरुहरूले सप्तर्षि पनि भने । त्यो बेला विजय शिक्षण पेशामा थियो । तेज सरकारी कर्मचारी, अमर स्वतन्त्र व्यवसायी । अरू पनि आ-आफ्नै पेशामा संलग्न थिए ।

त्यसबेलासम्म किताब निकाल्नेमा तेज (**सिम्रौनगढ, प्रेमको स्मारक**), अमर त (**पत्रपत्रिका सम्पादन र फुटकर रचना लेखनमा मात्र सीमित**) विजयकुमार चालिसेले वि.के.चालिसे नाममा **'होटेल रॉकीमा हत्या'** छापेर बजारमा आई बिक्री भइसकेको र **'अनि कुइरो फाट्छ'** उपन्यासको पाण्डुलिपि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा बुझाई मुद्रणको क्रममा रहेको जानकारी एक आपसमा दिइयो लिइयो ।

नेपाली साहित्यमा विजयको प्रवेश जासूसी उपन्यासबाट भयो २०३१ सालमा । यद्यपि पहिलो कथा **'आँसुमा रुझेको जीवन'** २०३० मा लेखेका थिए । पढ्ने बानी लगाउन, पाठकको उत्सुकता, कौतुहलता जगाउन मात्र केही अर्थमा खोज, अनुसन्धानको छैटौं इन्द्रियपट खोल्न 'जासूसी उपन्यास' योगदानमूलक हुन्छन् नै । सामाजिक उपन्यास पनि प्रकाशनको चरणमा रहेपछि हामीमध्ये सबैले सकार्‍यौं : सुप्रसिद्ध साहित्यकारको पुत्रले आनुवंशिक प्रतिभा पाएकै रहेछ ।

रा.वि.से. कार्यक्रमको समाप्तिपछि एउटा साहित्यक पत्रिका निकाल्ने भन्ने सामान्य अभिप्रायको बीजारोपण गोदावरीमा भयो । प्रशिक्षणपछि गोलाप्रथाबाट जिल्ला छानिंदा विजय डोटी, तेज अछाम, अमर अर्घाखाँची पर्‍यो । दश महिने रा.वि.से. तर पूरा अवधिको भएन । ०३५ को चैतमा राजधानीमा विद्यार्थी आन्दोलन चर्क्यो : पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई तत्कालीन सैनिक तानाशाह जियाउल हकले मृत्युदण्ड दिन लगाएको विरोधमा लाजिम्पाटस्थित पाकिस्तानी राजदूतावासमा विरोधपत्र बुझाउन जाने विद्यार्थी टोलीमा प्रहरी दमन भएपछि । आन्दोलनमा आगो सल्कँदै गयो । २०३६ जेठ १० गते श्री ५ वीरेन्द्रले जनमत संग्रह गर्ने घोषणा गरे : निर्दलीय पञ्चायत कि बहुदलीय प्रजातन्त्र !

हामीमध्ये अमर केही अस्वस्थताको कारणले राजधानी पुगिसकेको थियो । 'जनमत संग्रह' आह्वानको स्वागत गर्दै अमरले नयाँ युगमा सम्पूर्ण रा.वि.से. साथीहरूलाई खुलापत्र लेख्यो : 'श्री ५ को घोषणाको स्वागत गरी यो ऐतिहासिक अवसर सदुपयोग गरी जनमतसंग्रहमा बहुदलीय पक्षमा हामी परिवर्तनकामी रा.वि.से. हरू लाग्नुपर्दछ ।'

दश महिने रा.वि.से. ४ महिनामा स्थगन भयो । त्यो नै अन्तिम रा.वि.से. कार्यक्रम भइदियो नेपालको शिक्षा जगतको इतिहासमा । 'छोटो र सुखद' अनुभव बटुलेर 'अधुरो' अभियान पूरा गरेर तेज र विजय पनि फर्केपछि फेरि पनि 'पत्रिका' निकाल्ने सरसल्लाह भयो । टीका सुब्बाले पनि साथ दियो । विजयले रा.वि.से. को लागि तैयार गरेको **'डोटेली लोक साहित्य'** साहित्यिक Profile पछि २०३९ मा पुस्तकको रूपमा प्रकाशित भयो । यही वीच विजय 'गोरखापत्र संस्थान' मा उपसम्पादकको जागिरे भए । गोरखापत्र, मधुपर्कका वरिष्ठ सम्पादक नारायणबहादुर सिंहले 'विजयकुमार चालिसे' लाई विजय चालिसेमा छोट्याइ दिए ।

'अनि कुइरो फाट्छ' विजयको उपन्यास बजारमा आयो । अब ऊ स्थापित सामाजिक उपन्यासकार पनि भयो । नेपाली हास्यव्यङ्ग्यका महारथी, समालोचक, सम्पादक भैरव अर्यालको आत्महत्यापछि विजयकुमार चालिसेले 'सम्झना - भैरव स्मृति अंक' सम्पादन गरी श्रद्धाञ्जलि व्यक्त गरे । रचनामा प्रकाशित 'साहित्य शिरोमणि श्रीमान' हास्यव्यङ्ग्य पनि विजयको हास्यव्यङ्ग्यप्रति रुझानको सानो प्रस्तुति हो ।

एम.ए. को दोस्रो खण्ड परीक्षा २०३७ मा टुंगेपछि अमरको चिकंमुगलको डेरा (नेपाल भाषाका प्रसिद्ध कवि बुद्ध सायमीको घर) मा ४ जना वीचको सानो दिवाभोजमा टुंगो लाग्यो साहित्यप्रधान तीन महिने पत्रिका दर्ता गर्ने । तत्कालीन जिल्ला कार्यालयमा आवेदन दिइयो । गोप्य प्रहरी प्रतिवेदन अनिवार्य हुनाले ४/४ जनाको बुझ्नु उसमाथि टीका सुब्बा धनकुटाको, अमर दोलखाको, विजय काठमाडौंको पूर्वी छेउको, तेज पश्चिमी

छेउको हुनाले भ्याउलो नै थियो । गोप्य प्रहरी प्रतिवेदन बुझ्न छिटोछरितोका लागि मुख्य सम्पादक, प्रकाशकमा एकजनाको नाम दिन विजय नै उपयुक्त ठानियो । त्यसको अर्को कारण पनि थियो । त्रैमासिक दर्ताको लागि सरकारी शर्त थियो : रु.२५,०००।- बराबरको बैंक पूँजी वा अचल सम्पत्ति देखाउनुपर्ने । हाम्रो 'रहर' लाई केटौली नठानेर बाबा (रमेश विकल) ले आफ्नो आरुबारीको (?) जग्गाको लालपूर्जा धितो राख्न दिनुभयो । हामीले आवेदन दियौं तर हाम्रो पत्रिकाको प्रस्तावित नाम 'सारंगी' जिल्ला कार्यालय धनुषामा पहिले नै दर्ता भैसकेको रहेछ । जानकारी केही महिनापछि मात्र पायौं दर्ता हुन नसक्ने भनेर । यत्रो महिना (वर्ष ?) को प्रतीक्षापछि पनि हातलागि सून्ना । हामी रन्थनियौं । टीका त नुवाकोटतिर लागिसकेका थिए जागिर खान । हामी तीन जनाले अद्वितीय नयाँ नाम पत्रिकाको लागि न्वारान गर्न सोच्यौं, गुन्यौं, भेटेजतिलाई सोध्यौं ।

यही उहापोहमा रन्थनिरहेको बेला गोरखापत्रको शनिवासरीय परिशिष्टांकमा बाबा (रमेश विकल) को रचना 'साँग्रिला भूस्वर्गको खोजीमा' मा हाम्रो आँखा पऱ्यो । हुन त विकलले साँग्रिला शब्द २०३३ सालमा 'सात सूर्य: एक फन्को' को भूमिकामा पहिलोपल्ट उतार गर्नुभएको थियो । तर यो निबन्धले हामीलाई बिउँझायो। जेम्स हिल्टनले आफ्नो स्वैरकल्पना (?) उपन्यास The Lost Horizen (हराएको क्षितिज) मा प्रयुक्त 'साँ-ग्रिला' (भूस्वर्ग अर्थमा) नेपालमा पर्यटन, होटेल र व्यापारिक उत्पादनमा उपयोग गरिए पनि पत्रिकामा पक्कै थिएन । हाम्रो प्रस्तावित पत्रिकालाई यही नाम जुराई फेरि आवेदन दियौं । घुमिफिरी स्वीकृति पाएपछि (द.नं. ४२।०३८-३९) साँ-ग्रिला १ निस्क्यो : प्रधान सम्पादक र प्रकाशक विजय चालिसे । हामी बाँकी सम्पादक भयौं । तर कालान्तर टीका सुब्बा स्वेच्छाले हटे । 'साँ-ग्रिलाको सम्पादकत्रयमा हामी बाँकी रह्यौं । पछि २०४४ मा हामी तीन जनाका ६/६ वटा कथाको सँगालो 'त्रिविध' पनि निकाल्यौं । कृष्णप्रसाद पराजुलीले हाम्रो ठट्यौली नामै जुराउनुभयो 'साँ-ग्रिला' को सम्पादक 'अमर प्रकाश चालिसे' ।

त्रिविधमा भूमिका लेख्ने कृष्णप्रसाद पराजुलीले हौस्याइदिए : **'विजयको कलम परिवेशलाई सशक्त र जीवन्त पार्ने दिशामा विजयी हुन खोजेको छ ।'** सुझाव पनि दिए ....... **विजयले परिवेशमा अझै मार्मिकता थपेर, कथालाई यसभन्दा पनि सशक्त बनाउन सक्थे कि ?'** मोहनराज शर्माले लेखे : **चालिसेले आफ्ना कथाहरूमा सङ्घर्ष-स्थल अर्थात् परिवेशलाई बढी महत्त्व दिएका हुँदा कथाकारका रूपमा प्रमुख अनि परिवेश अर्थात् भौतिक यथार्थको प्रकटीकरण देखिन्छ ।'** यी दुई स्वनामधन्य साहित्यकारका अतिरिक्त हामीले आँटै गरेर अनुरोध गऱ्यौं बावालाई, मूलत: नेपाली गद्य साहित्यका विशिष्ट प्रतिभा रमेश विकललाई ! विकलले स्नेह, वात्सल्य र आत्मीयतालाई बिर्सेर विशुद्ध लेखकीय कर्म निर्वाह गरी **'त्रिविध : कथाहरू चहार्दा'** को पुछारमा कथाकारको नाम नलिई थपे - **'कतिपय कथाहरूमा सुन्दर भविष्यतिर संकेत पनि गर्न खोजेको पाइन्छ भने कतिपय समस्यालाई कोट्याउने मात्र चेष्टा छ ।'**

विजय पत्रकारिताकै क्रममा बेलायत गए । फर्केर आएपछि कोसेली दिइहाले **'अप्रिलको बेलायत'** (२०४५) विभिन्न संस्थानसँग आबद्ध भई पत्रकारिता शिक्षण दिँदा दिँदै पाठ्यपुस्तक पनि तैयार पारे **'समाचार सम्पादन'** (२०४५) र ... ।

अर्कोतिर बालसाहित्यमा उनको रुची उत्तिकै थियो । **दयालु राजकुमार** (२०४४), **सेवाका प्रति मूर्ति : दयावीर सिंह कंसाकार** (२०४५), **अनौठो भूमिमा एलिस** (२०५०), **हाम्रो वरिपरिको विज्ञान** (२०५२) **बादलका बुट्टाहरू** (२०५२), **हराएको मूर्ति** (२०५६), **मंगलग्रहमा विज्ञान** (२०६०) **विश्वप्रसिद्ध बालकथाहरू** (२०५७/०५८), **टाटेपाङ्ग्रे** (२०५७), **अमूल्य उपहार** (२०५८), **किशान (किसान ?) बाट शिक्षा** (२०५८), **चटकीको बाँदर** (२०६०) र **मुस्ताङको गुफा** (२०६१) संख्याको हिसाबले मान्नुपऱ्यो : विजय बालसाहित्य लेखक बढी हुन् । नेपाल बालसाहित्य समाजले उनलाई वर्षको उत्कृष्ट लेखकको रूपमा २ पटक पुरस्कृत गरेको छ । (२०५६ को **'हराएको मूर्ति'** को लागि र २०५९ को **'चटकीको बाँदर'**को लागि । साझा प्रकाशनले २०५९ को उत्कृष्ट बाल लेखक पुरस्कारले विभूषित गरेको छ । यसरी संख्या र गुण (पुरस्कारको

हिसाबले) उनको विशिष्टता बालसाहित्यमा रहेको छ । अर्थात् विजय पेशाले पत्रकार, लेखनले चाहिं उपन्यासकार, कथाकार, नियात्राकार, थोरै कवि, साहित्यिक पत्रिकाका सम्पादक जे जति भए पनि उनको प्रसिद्ध र प्राप्ति बालसाहित्य हो । पत्रकारिता क्षेत्रमा पनि उनले शिक्षा मन्त्रालयबाट २०४६ मा नगद पुरस्कार, पत्रकारिता पुरस्कार(२०४६) पाएका छन् ।

उनी मूलत: कथाकार पनि हुन् । **त्रिविध** पछिको उनको कथासंग्रह **प्रयोग/प्रत्यारोपण** (२०४७) **भग्न आस्थाको खण्डहर** (२०५६) र चौथो कथाकृति हो प्रस्तुत **'अग्निचक्र'** ।

उपन्यास उनको उठान थियो : कथा यसलाई विस्तृति दिने मैदान । कथानकको फैलावट उपन्यासमा जसरी हुन्छ कथाका सीमा रहन्छ । उपन्यास लेखन पूरा गर्न समय धैर्य चाहिन्छ । 'कथा' लेख्न त्यसको अपेक्षा कम समय भए पुग्छ । फेरि उल्लेखित सबै कथाहरू एकै बसाईमा रचना गरिएका पनि हैनन् पत्रपत्रिकामा छाप्दै गरिएका बेलाबखतका सँगाला हुन् । **'त्रिविध'**मा २०३७ देखि २०४३ सम्म प्रकाशित कथाहरू, **'प्रयोग प्रत्यारोपण'**मा २०३० देखि २०४५ सम्म प्रकाशित कथाहरू, **'भग्न आस्थाको खण्डहर'**मा २०४६ भदौदेखि २०५६ मा छापिएका कथाहरू छन् भने प्रस्तुत संग्रहमा २०५५ देखि २०६२ सम्मका १६ कथा संकलित छन् ।

कथासर्जक विजयले आफ्नै पत्रिका **'साँ-ग्रिला'** मा चाहिं एउटा कथा **'विखण्डन'** मात्र छपाए । त्यसो त उनी यो पत्रिकामा निष्ठावान सम्पादक देखिए जसले आफ्नो ज्यादै थोरै (उल्लेखित कथा मात्र) र अनुभूतिका क्षण: कोण/प्रतिकोण स्तम्भ बाहेक) अरू छापेनन् । जब कि 'साँ-ग्रिला को २७' अंक -अन्तिम अंक २०५० वैशाख) सम्म रचना छपाउनेमा तेज अगाडि पर्छन् (२ कथा, २ कविता, ५ नियात्रा र नियमित स्तम्भ : श्रुति: अनुश्रुति), अमरका चाहिं (२ कथा, १ समालोचना, ४ निबन्ध र साहित्यको चौतारो स्तम्भ) ।

विजयको सम्पादकीय धर्म थियो: आफ्नो अरू पत्रिकाले छापिहाल्छ

आफ्नो पत्रिकामा अरू स्वनामधन्य लेखकलाई र नयाँ प्रतिभालाई बढी स्थान दिनुपर्छ । उनको 'अनुभवका क्षण : कोण/प्रतिकोण' थोरै शब्दमा धेरै बोल्दथ्यो - 'जुन देशमा विद्वानहरू भोकभोकै बस्छन् त्यस राष्ट्रको अस्तित्व धेरै समयसम्म दिगो रहन सक्तैन । यो भनाइ मेरो होइन । महाभारत अनुशासन पर्व (६१।३०) को सूक्ति हो यो । ..... हाम्रो सन्दर्भ यतिसम्म तल नझरे पनि करिब करिब यसको नजिक नजिक नै छ ।' (साँ-ग्रिला पूर्णाङ्क १९, २०४५ पुस-फागुन)।

विजय कविता पनि कोर्छन् ज्यादै थोरै । रमेश विकलले कविता लेखेको हामीलाई थाहा छैन । विकलको सुसंस्कृत परिवारको जेठो छोरोको रूपमा हुर्केका विजयले मात्र होइन विकलकै पनि सक्रियतामा ग्राम निर्माण बन्धु मण्डल क्लव, आरुबारीले आरुबारीमै २०३८ पुस ११ पहिलो अन्तरक्षेत्रीय कविता प्रतियोगिता तथा विशेष कवि गोष्ठी गऱ्यो । उक्त क्लबले प्रकाशित गरेका 'बन्धुसंगम १' र २' मा उनका कविता संकलित छन् । त्यसमा संकलित विजयको अप्रतियोगी एउटा कवितांश :

'यता के नमिले जस्तो
उता के नपुगे जस्तो
बाहुला, आङ र छाती
कतै पनि नमिलेको
जडाउरी पाएको कोट जस्तो
मेरो जिन्दगी'

(जिन्दगी : केही अभिव्यक्ति)

विजयको व्यक्तित्व साहित्यकार हो, पत्रकार हो । उसले शिक्षकबाट प्राध्यापक, प्रेस चौतारीको संस्थापक अध्यक्ष, नेपाल प्रेस सेन्टरका महासचिव, पत्रकारिता शिक्षक भएर उनकै पेशागत पत्रकारिताको कुशल निर्वाह गरेका

छन् । आंशिक नेपाली विषयको प्राध्यापनले उनको समालोचकीय व्यक्तित्वलाई सघाएको छ । समालोचना ग्रन्थ ननिस्के पनि मधुपर्क, गोरखापत्र र अन्य पत्रपत्रिकामा नयाँ कृतिका समीक्षक बनेका छन् उनी । २०३० सालमा पहिलो कथा **'आँसुमा रुभ्रेको जीवन'** शीर्षक कथा छपाएर नेपाली साहित्यमा झुल्कने विजयले हालसम्म ११ बालसाहित्य, २ उपन्यास, १ लोकसंस्कृति र साहित्य, ४ कथासंग्रह, १ नियात्रा, केही पत्रकारिता सम्पादनसम्बन्धी ग्रन्थ छापेका छन् । सम्पादकीय व्यक्तित्वको परिचर्चा गर्नुपर्दा उनी गोरखापत्र, मधुपर्क, युवामञ्च, मुनाको त जागिरे सम्पादक नै भइहाले । तर पुरस्कार उनले बालसाहित्यमा मात्र पाए । अभिनन्दन पत्रकारितामा मात्र पाए । के त उनले पुरस्कार पाउने बेला भएन ? भएको छैन ? 'आफू र आफ्ना वरिपरिका विकृतिहरू, मानवीय कुण्ठा र गलत प्रवृत्तिलाई उदाङ्गो बनाउने र मूलतः आत्मप्रकाशन नै मेरो लेखनको ध्येय हो । त्यसैले साहित्यलाई गूट र मात्र चर्को प्रचारको साधन वनाउने प्रवृत्ति मलाई मन पर्दैन" भनी मन्तव्य **(साहित्यकार परिचय र अभिव्यक्ति** : सं.जयदेव भट्टराई : ने.रा.प्र.प्र.०५४) दिने विजय प्रचारबाट टाढा रहन मनपराउँछन् । शायद अहिलेको युग प्रचारकै हो विज्ञापनकै हो, आम विज्ञापन पनि जरुरी थियो विजयका कृतिको उचित मूल्यांकन हुन् : नेपाली साहित्यमा स्थापित थुप्रै संस्थागत व्यक्तिगत पुरस्कारहरूको आँखामा पर्नलाई ।

हुन त विजय आत्तिएका छैनन् न त पाएका थोरै पुरस्कारबाट मात्तिएका छन् । नपाएकोमा खेद पनि छैन । सङ्घर्षलाई जीवनको कर्म ठानेर उनले २०४९ माघ १५ मा लेखे 'जीवन स्वयंमा एउटा सङ्घर्ष हो, यसबाट पलायन होइन बरु सङ्घर्ष गर्दै निजत्व जोगाउनु नै सही अर्थमा बाँच्नु हो ।' (**स्रष्टा र कलम** : साहित्यकार परिचय कोश : संकलक तथा सम्पादक रमेशजङ्ग सिजापति : मकालु बुक्स एण्ड स्टेशनर्स, २०५७ फागुन)

विजयको मूल्यांकन नेपाली साहित्यमा नभएको चाहिं होइनः घटराज भट्टराईले उहिले नै भनेका थिए:: "अहिलेसम्म प्रकाशित रचनाका आधारमा साहित्यिक दृष्टिले कथाकार र उपन्यासकारकै रूपमा विजयको विजयपूर्ण

**स्थान छ । उनको बहुमुखी प्रतिभा बहुआयामिक छ ।"** (नेपाली लेखक कोश : प्रकाशक लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान र नेपाली साहित्यकार परिचय कोश प्र. नेशनल रिसर्च एसोसिएट्स २०५१)

अन्तर्राष्ट्रिय मञ्चले प्रकाशन गर्दै गरेको हालसम्म **'नेपाली साहित्यकार शृङ्खला १०'** मा २०१२ सालसम्मका साहित्यकर्मी अटाए पनि हामी तीन जनामा कोही परेन । २००८ का विजय किन छुटाइए ? यो प्रश्न अहिले नै गर्नु छिटो होला ? अर्को सत्य : विजय साहित्यकार रमेश विकलको छहारीमा हुर्केका हुन् । छहारीमा हुर्कन सहज छ, चम्कन कठिन हुन्छ । छहारीले सहारा दिन्छ । अघि बढ्न दिँदैन । यसो भनौं : रमेश विकलको आजसम्म प्राप्त यशस्वी कीर्तिसँग तुलना गरेर यो विजयका कृति र कीर्ति ओझेलमा परेका हुन् कि ? अक्सर मानिसहरू विशिष्ट प्रतिभावान् व्यक्तित्वका सन्तानलाई अरुसँग नभई उनकै अग्रजसँग दाँजेर हेरिदिन्छन् । यसैले त दुर्दमनीय विश्व विजेता उग्र राष्ट्रवादी एडल्फ हिटलर जसको सैन्य उन्मादको कारण द्वितीय विश्वयुद्ध (सन् १९३९-२०४५) को भुमरीमा विश्व रन्थनियो, ले कहीं भनेका थिए- **'जिनियसले सन्तान जन्माउनु हुँदैन । किनकि तिनका सन्तानले दु:ख पाउँछ । बाबुकै (आमा ?) प्रसिद्धिले उसलाई नाम दिने मात्र होइन फलानाका सन्तानले यति पनि गर्न सकेन भनी अवमूल्यन गरिदिन्छन् ।'** (हिटलरको उद्धरणको अविकल अनुवाद होइन आशयमात्र उल्लेख गरेका छौं ।)

तर सधैं यो अभिव्यक्ति लागू नहोला । नेपाली साहित्यमा **'शारदा'** का संस्थापक सम्पादक ऋद्धिबहादुर मल्लका पुत्रद्वय गोविन्दबहादुर मल्ल 'गोठाले' र विजय मल्लले 'शारदा' लाई नजोगाए पनि नेपाली साहित्यलाई धेरै दिए । प्रतिभा भन्दा परिश्रमका कारण नाम फेर्ने धूनमा चन्द्रप्रसादबाट हृदयचन्द्रसिंह प्रधानले जति नेपाली साहित्यको सेवा गरे त्यसलाई उजिल्याउन उनका अनुज वरिष्ठ समालोचक कृष्णचन्द्र सिंह प्रधान लागिपरेका छन् । त्यस्तै राजनीतिका शीर्षस्थ व्यक्तित्व दाजुभाइ मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला र तारणीप्रसाद कोइराला पनि साहित्यमा सफल छन् । नेपाली, हिन्दी र नेवारी ३ वटै क्षेत्रमा कलम चलाउने धुस्वाँ सायमी

(गोविन्दबहादुर मानन्धर) को बिडो थाम्न डा. अरुण सायमी अगाडि आउँदैछन् । कृष्णप्रसाद पराजुलीको साहित्य निष्ठालाई शाश्वत पराजुलीले पनि चम्काएकै छन् । विदेशमा बसेर पनि नेपाली भाषा र साहित्यको सेवा निरन्तर खट्ने कृष्णप्रकाश श्रेष्ठका भाइ तेज स्वदेशमा केही गर्दैछन् र तेजको सुपुत्र सौरभकिरण श्रेष्ठमा साहित्यिक आनुवंशिकताको स्फुरण हुँदैछ । कुनै दिन थियो : भारतीय रजतपटका शीर्षस्थ अभिनेता अभिताभ बच्चन आफ्ना पिता कवि हरिवंश राय बच्चनका पुत्रका रूपमा मात्र चिनिन्थे । समयले (प्रचार, प्रारब्ध र प्रतिभाले) यस्तो भयो अब हरिवंशराय बच्चन (स्वर्गीय) अमिताभको बुबा भनी जानिन थालियो ।

हाम्रो शुभेच्छा छ : विजयको विजय अभियानले रमेश विकललाई उछिनियोस् । (यसो भन्दा बाबाले पक्कै चित्त दुःखाउनुहुन्न ! आशीर्वाद नै दिनुहुन्छ ।)

२

विश्वजनीन सत्य के हो भने मानवको जन्म सँगसँगै 'कथा' को पनि उद्भव भयो । संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागेर निर्मित कथाले अंग्रेजीको स्टोरी, हिन्दीको कहानी, बंगालीको गल्पलाई बुझाउँछ । व्युत्पतिगत अर्थमा कथेर सुनाउनु 'कथा' हो । आफ्ना अनुभव र अनुभूतिलाई शब्द चमत्कारको बुट्टा भरी परिवारको जेठोबाठोद्वारा लोककथा वा दन्त्यकथा सुनाउने गरिन्थ्यो । यही श्रुति परम्पराले 'आख्यान' जन्मायो । मानव सभ्यताको विकास सँगसँगै उकालिएको वाङ्मयको हरेक क्षेत्रमा 'कथा बीज' पाइन्छ । पूर्वीय वाङ्मयमा यसको सुदीर्घ इतिहास छ । प्राचीन वेद, उपनिषद्, संहितामा संक्षिप्त कथा सूत्र छन् । वाल्मीकिको रामायण, वेदव्यासकृत महाभारतजस्ता महाकाव्य त कथा उपकथाका जनक नै भए । बौद्ध ग्रन्थका जातक कथा, संस्कृत साहित्यका विष्णु शर्मा रचित पञ्चतन्त्र, हितोपदेश, गुणाढ्यको बृहत्कथा, दण्डीको दशकुमार चरित, सोमदेवको कथासरित्सागर आदि ग्रन्थहरू प्रसिद्ध छन् । उता फारसीमा 'सहस्र-रजनी', उक्त पश्चिममा पनि होमरको महाकाव्य इलियड र ओडिसी, प्राचीन ग्रीक र रोमन सभ्यताका मिथकहरू आदिको लामो परम्पराबाट झाँगिएको आख्यानले साहित्यमा गद्यको

एउटा सशक्त विधागत रूप मान्यता चाहिं १९सौं शताब्दीमा मात्र भयो । पूर्वीय साहित्यमा पनि संस्कृत, फारसी, उर्दूका लोककथा, दन्त्यकथा, कहानी कुथुङ्ग्रीका पूर्व पीठिकाको समृद्ध भण्डार जे जस्ता भए पनि आधुनिक कथा लेखनको प्रेरणा जुनसुकै साहित्यिक हस्तिले पश्चिमी लेखनकै प्रभाव स्वीकारिएको छ ।

१९९० साल माघ २ गतेको महाभूकम्प पश्चात् १९९१ मा 'शारदा' पत्रिका थालनी भएपछि आधुनिक नेपाली कथाको सूत्रपात भयो । जब गुरूप्रसाद मैनालीको 'नासो' शारदामा १९९२ मा छापियो यो नै पहिलो आधुनिक कथा भयो जसले मानवीय सुखदु:ख र सामाजिक चेतनालाई जीवन्त चित्रण दिएको छ । यसपछि लगत्तै विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन (१९९२), बालकृष्ण शमशेर (२००७ पछि सम) को पराइघर (१९९२) पनि शारदामा नै छापियो । मैनालीको कथामा आदर्शोन्मुख यथार्थवादी कथा परम्पराको प्रारम्भ थियो । कोइरालाले मनोवैज्ञानिक यथार्थवादी (अरू बढी यौन मनोविज्ञान) धरातल दिए । सम चाहिं आदर्श र मनोविज्ञानको बीचमा उभिए । कथाकुसुम (१९९५) को प्रकाशन भएपछि पुष्कर शमशेरका तर्कप्रधान कथा देखापरे ।

मानव विकासको क्रममा चार्ल्स डार्विन (सन् १८०९-८२) ले विकासवादको, कार्ल मार्क्स (सन् १८१८-८३) ले साम्यवादको र सिग्मण्ड फ्रायड (सन् १८५६-१९३८) ले यौनवादको प्रवर्तन गरेको मानिन्छ । अझ सजिलो भाषामा भन्ने हो भने डार्विनले टाउको, मार्क्सले पेट र फ्रायडले जाँघ (जनेन्द्रिय) को आवश्यकता र श्रेष्ठता सिद्ध गरे । यसैले राजनीति, दर्शन, साहित्य सम्पूर्ण मानव वाङ्मय यी तीन व्यक्तित्वका विचार र सिद्धान्तबाट अभिप्रेरित भए पनि शाश्वत चिन्तन के हो भने कुनै एक मात्र आयाम आफूमा सम्पूर्ण होइन । न मानिस टाउकोले मात्र बाँच्छ । न खानकै लागि मात्र जन्मन्छ । न यौन परितृप्तिले मात्र अघाउँछ । उसको समग्र शरीर र प्राणको रक्षाको लागि सबै वाद र विवाद अपेक्षित छन् । यसैले आफ्नो कथामा मानिस सबैथोक खोज्छ । मान्छे वादभित्र अटाउँदैन ।

विजय चालिसेका 'अग्निचक्र' लाई कुनै एउटै वाद वा चिन्तनमा वा धारामा सीमित रूपमा नहेरी समग्रताको परिवेशमा हेरिनु पर्ला कि ।

यहाँ संकलित १६ कथाहरूमा पुस्तकको शीर्षक 'अग्निचक्र'को कुनै

कथा छैन । मैनाली, कोइराला, शमशेर बन्धुद्वयका कथाहरू संकलित हुनाले **'कथाकुसुम'** र हाम्रै **'त्रिविध'** (२०४४) एकै किसिमका शीर्षक नाम हुन् । बहुल कथाकारहरूको सँगालोलाई **अट्ठाइस कथा** (सं.वासु रिमाल यात्री) वा **'झ्यालबाट'** (सं.ईश्वर बराल), **साझा कथा** (सं. भैरव अर्याल) आदि शीर्षक दिइन्छ । **पुष्कर शमशेरका कथाहरू** (सं. दयाराम श्रेष्ठ संभव), **विश्वम्भर चञ्चलका कथाहरू, हृदयचन्द्रका कथाहरू, लक्ष्मी कथा संग्रह,** (लक्ष्मीप्रसाद देवकोटा), आदि लेखकका नामबाट राखिएका शीर्षक हुन् ।' त्यस्तै कथालाई नै शीर्षक बनाउने कथासंग्रह **कथास्था :** (इन्द्रबहादुर राई), **तरलकथाहरू :** (शरद क्षेत्री), **'कथैकथा'** (कथा संग्रह), **हराएका कथाहरू :** (रमेश विकल) **अस्वीकृत कथा :** (कविताराम श्रेष्ठ), (आदि) हुन् । प्रायशः सँगालोको कुनै एक कथाको नामबाट नै संग्रहको न्वारन गरिने आमचलन हो । परन्तु संग्रहका कथा शीर्षकसँग साइनो नराख्ने केवल विषयवोधका हिसाबले मात्र सँगालोको न्वारन गर्ने प्रचलन नेपाली साहित्यमा थोरै छन् जस्तो लाग्दछ । यस्ता संग्रहहरूमा **बैंशको आकाश :** (बाबा न्यौपाने), **नौबेली :** (कृष्णप्रसाद पराजुली), **बाँचेको क्षणहरू र अनुभूत सत्यहरू :** (तेजप्रकाश श्रेष्ठ) आदि हुन् । यही लहरमा विजयको **'अग्निचक्र'** उभिएको छ ।

एउटा नेपालीले अर्को नेपालीलाई मार्ने र मराउने द्वन्द्व होस्, चाहे पतिले पत्नीलाई सताउने विषयका र शोषण गर्ने अनुसार वर्तमान परिवेशमा हामी आगाको भुमरीको बीचमा बाँचेका छौं । वरिपरि द्वन्द्वको डढेलो सल्केको छ । **'अग्निचक्र'** यसैको द्योतक नाम हो ।

**अग्निचक्रमा** २०५५ देखि २०६२ सम्मका १६ कथाहरू संकलित छ । यसर्थ विजयका कथाहरूले यही कालखण्डको नेपाली जीवनलाई प्रतिनिधित्व गर्दछ । भनौं हाम्रो पछिल्लो कालावधि समसामयिक जीवनको परिवेश, सुखदुःख, जय-पराजय, आशा निराशा, मानवीय मूल्य र मान्यताको आरोह-अवरोहको साक्षी हुन् यी कथाहरू । मैनालीले जसरी आफ्ना कथाहरू वास्तविकताको नजिक मान्दथे विजयले कथामा वास्तविकता, अनुभूति र अनुभव उनेका छन् तर त्यति मात्र होइन उनले अस्तित्वप्रतिको विद्रोह र चेतनाको राँको थपेका छन् । तर हत्या हिंसाको विरोध पनि ठाडै गरेका छन् । कलम र तरवारको युद्धमा जहिले पनि कलम अजेय हुन्छ भन्ने शाश्वत मान्यता बोकेका छन् ।

२०४६ को प्रजातन्त्रको पुनर्प्राप्तिपछि नेपाली जनता सार्वभौम भएको ठानिएपछि अभिव्यक्ति स्वतन्त्रता शान्तिपूर्ण विरोधको मौलिक हक, अक्षर र व्यवहारमा पाए पनि जनताको प्रतिनिधि सरकार बनेको तीन वर्ष नबित्दै 'सशस्त्र जनयुद्ध' गर्ने वर्ग देखापऱ्यो। सत्तासीन सरकार, प्रतिपक्ष र यथास्थितिवादी शक्ति कसैले पनि बुझ्ने प्रयास गरेन 'उसलाई खाने बाघले मलाई पनि खानसक्छ' भनेर। छिमेकीको घरमा बाघ पसेकोमा रमाउने चालाले गर्दा बुद्धको देश रक्तिम द्वन्द्वको दुर्भाग्यपूर्ण नियति सहन विवश भइरहेको छ। दोष कसैलाई दिन नसकिने, दिए सबैलाई दिनुपर्ने अथवा हरेकको नियतमा शंका गर्नुपर्ने जटिल भुमरीमा फसेको नेपालमा अझै पनि 'अँध्यारोपछिको आशा' 'शान्ति' नैं हो। 'मानव' को बाँच्न पाउनु पर्ने अधिकारको रक्षा हो। तर यो भएको छैन, भइरहेको छैन। न राज्य पक्ष संवेदनशील छ न क्रूरता र निर्दयीपनाको पराकाष्ठामा पुगेका जनयुद्धका नेताहरूमा मानवीय विवेक पलाएको छ। 'आफैंसँगको युद्ध', 'शिकार र शिकारीहरू', 'अतृप्त सपनामा तैरिएका' कथाहरूमा यही मानव-मानव वीचको हिंसात्मक द्वन्द्वले निम्त्याएको वेदना र कथाको मार्मिकता छरिएका छन्।

बन्दुक हातमा लिनेले मानवता बिर्से पनि घाइते युवक (चाहे त्यो आतङ्ककारी होस् वा सुरक्षाकर्मी) शरण दिएर बचाउने किशोरीले सोध्दैन 'तिमी को हौ ?' भनेर। यद्यपि त्यही किशोरीका आमा सुरक्षाकर्मीद्वारा मारिएको छ : आतङ्ककारीसँग चिनजान गरेकै अपराधमा, भाइको हत्या भएको छ सुराकी गरेको अभियोगमा जनयुद्ध गर्ने विद्रोहीबाट। यसरी दुवैतर्फबाट मारिएका र लुटिएका किशोरीले र तिनका बाबुले घाइते विद्रोहीको उपचार गरेर सन्तुलित सन्देश दिन्छ : 'मार्नुमा बहादुरी छैन, बचाउनु पो पुरुषार्थ हो।'

'शिकार र शिकारीहरू' का किशोरीका पीडा पनि कम कष्टकर छैन। मातृविहीन तिनी पनि मात्र बाबुको जेनतेन छहारीमा बाँचेकी छे। उसको दाजुलाई जबर्जस्ती माओवादीले लगेपछि झन् बूढो र बिरामी बाबु थला पर्छ। सुरक्षाकर्मीले करकापमा लगिएको दाजुको खोजी होइन, बरु स्वेच्छाले गएको ठानी निरीह किशोरी र बूढो बाबुलाई भेटेपिच्छे सोधखोज गरी मानसिक यातना दिन्छ। किशोरी स्वयं अर्को संकटमा छे आफ्नो मन मिल्ने सँगी सुन्तली हराएकोमा। इन्द्रावती नदीको परिवेशमा लेखिएको यो

कथाकी यी किशोरीको जीवनको 'अस्मिता लुटिने', र बूढो बाबुको जीवनलिला अन्त्य हुने दारुण चित्रण छ । हो यो कथामा शान्तिको सन्देश छैन अघिल्लोमा झैं । तर यो यथार्थले भित्रभित्रै पाठकलाई झकझक्याउँछ । दिनदिनै सुनिने 'समाचार' को विश्वसनीयतालाई मुटु चसक्कै पारेर बुझ्न मद्दत गर्छ ।

'अतृप्त सपना तैरिएका कथाहरू' मा पनि द्वन्द्वको हिंसाको चपेटामा एकजना समाजसेवी शिक्षक, कसरी मर्छ त्यसको जीवन्त झाँकी छ । आफ्नो घरवार छाडेर विगत १० वर्षदेखि एउटा दुर्गम गाउँमा शिक्षक भएर जीविका र सेवा गर्ने ४० वर्ष पारस नेपालका कुनाकाप्चामा छरिएका थुप्रै शिक्षकहरूको प्रतिनिधि पात्र हो । न ऊ संसद्वादी दलको सदस्य थियो न संसद छाडी जंगल पसेका समूहको समर्थनमा थियो । ऊ मात्र शिक्षक थियो : शिक्षण सेवा गरी खाने बाँच्ने र पेशाप्रति पूर्ण समर्पित निष्ठावान् व्यक्ति । १० वर्षसम्म देख्न नपाएकी आफ्नी छोरी बाबुलाई भेट्न आउने भएकाले छोरी लिन गाउँबाट सदरमुकाम जाने तर्खरमा लागेको उसलाई 'सुराकी गर्न' जान लागेको अभियोग र आरोपमा 'गरीबको दुश्मनलाई छोड्नुहुन्न' भन्ने बन्दुकधारीको गोलीको शिकार हुन पुग्दछ । 'गोली'ले को ठीक को बेठीक छुट्याउँदैन । जीवनको मूल्य नबुझ्ने बन्दुकको आडमा 'क्रान्ति' गर्नेले झन् बुझ्ने कुरै भएन ।

हिंसात्मक द्वन्द्वको यथार्थलाई मात्र होइन विजयका कथाहरू सामयिक द्वन्द्वको यथार्थता पस्कन पनि सचेत छन् । आत्मपरक शैलीमा लेखिएको 'अपराधबोधले लखेटिएको मन' ले विदेशीलाई निषेध दुर्गम प्रदेशको यात्रामा 'म'द्वारा भेटिएका एउटा तरुनी स्वास्नीमान्छे र उसको मृत्यु नजिक पुगेको बूढो लोग्नेलाई सहारा दिन नसकेको बाध्यतालाई 'अपराध' ठानेको छ । अनमेल विवाह, तथापि आफूभन्दा दोब्बर उमेर बढीको बूढो भए पनि 'लोग्ने' लाई सर्वस्व सम्झने युवतीको 'जसरी भए पनि मेरो खसमलाई बचाइदेऊ' भन्ने पुकार, तान्त्रिक लामाको 'मिमापिन र खान्दोमाले समातेर बिरामी परेको (वृद्ध उमेरमा तीर्थाटन गर्ने बूढोलाई लेक लागेको हुन सक्ने यथार्थ सम्झाएर फर्काउने कसले ?) लोग्नेलाई डोल्मा देवीले बचाउने आश्वासन दिएर आफूले पनि केही गर्न नसकी भगवान भरोसामा छोड्नुपरेको 'अपराध' ग्रस्त 'म'को पीडाले पाठकलाई झकझकाउँछ ।

लोमान्थाङको पर्यटकीय तीर्थाटनकै सन्दर्भमै रचिएको कथा हो 'झुमा'। यहाँ म मात्र होइन 'हामी' पनि छ। सहयात्रीमा 'युवती' होइन गुम्बामा बस्ने भिक्षुणी छे। जेठी छोरीलाई बालकैकालमा गुम्बा पठाएर 'आनी' अर्थात् भगवान बुद्धको सेवारत गराउने संस्कृतिको झलक दिएको छ। के 'झुमा' मात्र देवदासी हुन्छे के उसमा 'यौवनसुलभ' चाहना हुँदैन। के तिनी परपुरुषको आँखामा पवित्र भिक्षुणी मात्रै हुन्छे वा तरुनी युवती ? फ्रायडीय मनोविज्ञानको रतिरागात्मक सपना र विपनाको नियति के हुनसक्छ यस्तै व्यक्त अव्यक्त प्रश्नहरूलाई यो कथाले सम्झाएको छ।

दासप्रथा उन्मूलन चन्द्रशमशेरले सं. १९८२ सालमै गरें पनि व्यवहारमा 'बाल शोषण' को नमीठो यथार्थ अझै भएको सत्यलाई उजागर गरेको छ 'धरालो' ले। शब्दकोश अनुसार धरालो बालक हेरविचार वा स्याहार गर्ने लोग्नेमान्छे, घरकुरुवा (नेपाली शब्दसागर : वसन्तकुमार शर्मा) अर्थात् केटाकेटी हेरचाह गर्ने व्यक्ति, टहलुवा, सहायक (प्रयोगात्मक नेपाली शब्दकोश : प्र.सं. हेमाङ्गराज अधिकारी) बताए पनि कथानायक सन्ते लोग्नेमान्छे होइन ८ वर्षको बालक (गाउँमा आइते शहरमा सन्ते) छ जो गाउँबाट शहरमा खानलाउन राम्ररी पाउने मात्र होइन पढ्न लेख्न पाएर मान्छे बन्ने जेठाबाको आश्वासनमा बाबुआमाद्वारा प्रेषित भई मालिकको ६ वर्षे छोरोको टहलुवा हुन्छ। कथाले 'बालअधिकारको रक्षा गरौं' भन्ने मुक्तिदाताहरूले कति बालकको लेख्ने र पढ्न पाउने हकको सुरक्षा गरेका छन् त्यसलाई पनि प्रश्न चिन्ह छोडेको छ। अर्कोतिर गाउँमा आफ्ना बाल-बालिकालाई सुरक्षित तवरले (शारीरिक र मानसिक) हुर्कन दिने वातावरण (गरीबी र हिंसामा द्वन्द्वको कारण) छ त त्यतातिर कथाले परोक्ष संकेत गरेको छ। उही बालकको नाम 'आइते र सन्ते' फरक किन भयो ? कथाको 'म' पात्र (लेखक ?) ले दिएको छैन। बालक दुवै बालक हुन्। मालिकको छोरो पनि बालक हो धरालो पनि बालक हो। तर दुवैको हकको सम्मान के हाम्रो समाजले कुनै दिन गर्ला ?

'बालक' को चित्रण सँगसँगै समाजको अर्को पाटो उघारेको छ 'कालेगाइने' ले। यसको 'म' पात्र पनि बालकैकालदेखि आधुनिक नेपाल राष्ट्रको एकीकरण गर्ने बडामहाराज पृथ्वीनारायण शाहको वीरगाथादेखि सन्त ज्ञानदिलदासको 'निर्गुन' भक्तिधाराको बखान गीत, युवामनको 'प्रेमलहरी'

समेत सारङ्गीको धुनमा सुनाउने लुखुरे गाइनेको स्वर र बाजामा रमाउने प्राणी हो । समयले लुखुरेलाई बूढो बनाउँछ 'म'लाई युवक । गन्धर्वको सन्तान मानिने 'गाइने सबैलाई चाइने' लोकोक्ति भए पनि आधुनिकताको रंगमा अस्तित्वको लागि सङ्घर्ष गर्न जति विवश छ वा बुबाको पुस्तैनी धर्म निर्वाह गर्ने काले (लुखुरेको छोरो) लाई उसकै स्वास्नीले छोडेर पोइल जान्छे । काले चाहिं अहिले पनि केही भेटी लिएर मातृममताबाट बन्चित सानो पिउसो छोरोको अज्ञात भविष्यलाई आफूसँगै लिएर हिंडिरहेको यथार्थ यो कथाको मर्म हो ।

उल्लेखित सामाजिक यथार्थभन्दा केही पर हटेर नभनौं मार्क्सले डोऱ्याएको युगीन चेतना प्रगतिको बाटोतर्फ अघि लाग्ने संकेत छन् 'चेतनाको बीज' र 'कम्लरी' मा । 'चेतनाको बीज' २०५७ मा लेखिए पनि कथाकार रा.वि.से. विद्यार्थी हुँदा सुदूर पश्चिम डोटी पुगेका कुरामाथि नै उल्लेखित छ । त्यसबेला त्यहाँको गाउँमा विद्यमान शोषण छुवाछुत प्रथा र त्यसको उन्मुक्तिको लागि रा.वि.से. शिक्षकबाट स्थानीय नयाँ पुस्तामा अभिप्रेरित जागृतिको संवाहक यो कथा हो । तल्लो जातको सकरे ढोलीको ७ वर्षे अबोध छोरोले उपल्लो मल्लो जातले उपयोग गर्ने कुवाको पानी खाएर कुवा बिटुल्याई दिएको अपराधमा मल्लो जातिको आधिपत्य रहेको कचहरीको निर्णय : बिटुलो कुवा पुरेर नयाँ कुवा खन्नुपर्ने (बालकको बुबा सकरेले); ठूलो जातको किस्ने रोकायाले बिर्खे सार्कीकी छोरीलाई स्वास्नी बनाएको अपराधमा सर्किनी स्वास्नीलाई घरबाट निकालेर सात गाउँका गाउँलेहरूलाई भोज ख्वाएर जात चोख्याउने । रा.वि.से. माष्टर समग्र घटनाको साक्षी छ : ऊ प्रत्यक्ष बोल्दैन, विरोध गर्दैन किनकि उसको घरपति नै बडाघरको मालिक शिवराम ओझा हो । सो अन्यायपूर्ण निर्णयको अवज्ञा गर्न युवापुस्ता अघि सर्दछ र किस्नेले त जात फर्काउन भोज ख्वाउनुभन्दा बढी आफ्नी प्रेमिका पत्नीलाई लिएर मुग्लान जान बरु मन्जूर गर्दछ । कथित पञ्चभलाद्मीको अनुहारमा कालोमोसो दलेको सन्तुष्टि छ यस कथामा ।

हाम्रो समाजको विडम्बनाजन्य यथार्थ हेरौं : पानी छोएको दण्ड पाउने अपराध गर्ने बालक 'ढोली' हो । अनि उसको अभिभावकलाई सजाय गर्न पंचभलाद्मीले कचहरी बस्ने भएकोले गाउँले सबै भेला हुने उर्दी

सुनाउन ढोल बजाउँदै हिंड्ने पनि कटुवाले ढोली नै हो । जातीय विभेद र गरीबीकै कारणले तराईका थारू जातकी छोरीहरू हुनेखानेको घराँ दासी बनाउन पठाउने प्रथाप्रतिको विरोधमा उभिने विदेशीया चौधरी र तिनकै जेठी छोरीलाई कम्लरी बनाएर (बेचेर) पुगेन अर्को छोरीलाई पनि पठाउने बचनबाट झक्झकिएर माइली छोरी रुकमतीलाई कम्लरी बन्नबाट रोक्ने लोग्ने हरिया चौधरीको बाबुको ममता, लोग्नेको संवेदनशीलता र पुरुषको अहं जागृत हुनसकेको परिदर्शन यस कथामा छ ।

सर्पले फेरेझैं काँचुली फेरेर चाचुचा (चाकरी, चुक्ली र चाप्लुसी) को आडमा हाकिम बन्नेको अयोग्यता (योग्यता ?) प्रतिको तीव्र व्यङ्ग्य 'काँचुली' कथा हो । स्वाभिमान, आत्मसम्मान, सिद्धान्तनिष्ठता, इमान्दारी, चरित्रजस्ता कुरालाई वाहियात सम्झने केवल शक्तिपीठको मठाधीशलाई रिझाएर पदोन्नति हुँदै हाकिम हुनेलाई बधाई त धेरैको मिल्दछ तर आफ्नो आत्मसम्मान, इमान्दारी र निष्ठाकै योग्यता (अयोग्यता ?) को कारण एउटै पदमा डल्लिने विवेक नामको फ्याउरे युवकको बधाई पचाउन गाह्रो हुन्छ ।

प्रजातन्त्रको पुनर्स्थापनापछिको सरकारले सरकारी संस्थानहरू घाटामा गएको तर्क दिँदै 'विश्वव्यापी उदारीकरण' को लहरमा सरकारी सेवा प्रदायक संस्थानहरू 'निजीकरण' गरायो । कामदारहरूको रोजी रोटी सुरक्षा दिने प्रत्याभूति लिँदालिँदै पनि निजीकरणमा कारखाना किन्ने पूँजीवालले कारखाना बन्द गरी त्यसका मजदूरहरूलाई बिचल्ली पारेको पीडाको ज्वलन्त प्रस्तुति हो 'विस्थापन' । प्रकृतिकै पहिरोले गाउँमा रहेको घर जग्गा बगाई सुकुम्बासी भई शहरमा काम र मामको खोजीमा पुगेको लाले र फूलमतीको भविष्य जहिले पनि अन्धकार रहन पुगेको राज्य र सरकारका कदम पनि प्रत्युत्पादक रहेको 'दुःख' दर्शाउनु यो कथाको सफलता हो ।

अब पुछारमा 'नारी' अस्मिताको चर्चा गरिएका कथाहरूको बारे लेखौं । 'सपनावाट ब्युँझिएको क्षण' की नायिका सिर्जना सौन्दर्य प्रतियोगितामा आफ्नो रूप र महत्त्वाकांक्षाको कारणले भाग त लिन्छे आफ्नो प्रेमी सुमनको असहमति छँदाछँदै पनि । तर जब सौन्दर्य प्रतियोगिता समाप्तिपछि सपनाको राजकुमारसँग बिहे गर्न नपाइने शर्त तेर्सिन्छ तव तिनी विद्रोह गर्ने अठोटमा पुग्छिन् ।

'सौन्दर्य प्रतियोगिता' आजको विवादास्पद विषय हो । नारी देह र शृङ्गारको आकर्षण र चर्चा परिचर्चा जहिले पनि पुरुषको लागि मात्र होइन नारीकै मुखबाट बढाइ चढाइ बखान गरिने विषय हो । पश्चिमी बहुराष्ट्रिय कम्पनीहरूको व्यापार विकासको लागि सुरुवात गरिएको भनिए पनि ठानिए पनि पूर्वी देश अछुत रहन सकेको छैन । धेरै विश्वसुन्दरी प्रतियोगिता गराउने देशमा छिमेककै चीन अगाडि आएको छ । सौन्दर्य प्रतियोगिताले नारी अस्मिताको हनन गर्छ कि भन्ने सोचाइ एकाङ्गी र संकीर्ण भइसकेको छ । किनकि 'सौन्दर्य प्रतियोगिता' आयोजना गर्ने र गराउने देशमा पनि नारीले स्वतन्त्रताको अधिकार उपयोग गरेका छन् । 'नारी देह सूर्य अपश्यम्' अर्थात् घामको किरणले पनि नारी देह दर्शन गर्नु हुन्न भन्ने बुर्जुवा सोचाइ राख्ने देशमा नै पढ्न, लेख्न, रोजगार गर्ने अधिकार पाएका छैनन् बढी नारी शोषण कहाँ हुँदोरहेछ यसतर्फ कथाकारले ध्यान नदिएको आरोप चाहिं यस कथामा लाग्नसक्छ । त्यसमाथि शिक्षित नारीले प्रतियोगिताको शर्त नपढी आफ्नो सहभागिता जनाई ताज पहिरिनु त्यसपछि नखरा गर्नु कथा नायिकाको कर्म कसरी हुनसक्छ र ? यसको कथानक कमजोरी हो कि ? एकातिर आफ्नो अङ्ग प्रदर्शनप्रति वितृष्णा जाग्यो भने अर्कोतिर मादक सौन्दर्य र आशक्तिको आवेग उरालिदिने देह सौष्ठव खस्किसकेको संकेत कथाको उठान हुनु विरोधाभास हो ।

विजयकै अर्की नायिका 'सिर्जना' की र्सिजना नै छे । सिर्जना पनि सुन्दरी छे । शहरको सौन्दर्य प्रतियोगितामा भाग लिने अघिल्ली सिर्जना नभए पनि यो सिर्जना म्याग्दीको एउटा गाउँमा माघे संक्रान्तिको मेलामा तारो हान्ने प्रतियोगितामा थुप्रै युवाहरूलाई उछिन्ने रनेसँग आकर्षित हुन्छे भने रने तिनको रूप र यौवनमा । दुवैको मन मिल्छ बिहे हुन्छ । छोरी हुन्छे । रने पैसा कमाउन विदेशिन्छ । विदेशबाट पैसा त कमाएर पठाउँछ नै । छोडपत्रमा सही गर्न फकाउँछ । पतिलाई सर्वस्व ठान्ने सिर्जना ४ वर्ष विदेशमा बिताएको रनेले विदेशमै बिहे गर्न गरेको नाटक बुझ्छे र छोडपत्रमा सही नगरी कानूनी उपचार खोज्ने अठोट लिन्छे ।

पति पत्नीको सम्बन्धमा आएको चिसोपनमा पतिसँग हक माग्ने मेनका पनि सिर्जनाभन्दा कम छैनन् । तिनी पनि सुन्दरी छिन् । तिनको सौन्दर्य पनि तिनको साधारण शिक्षकबाट राजनीति सुरु गरेर सफलताको सिंढी चढ्ने

लोग्नेको साधन बन्दछ। मान शिक्षक हुँदा ऊ आफ्नी स्वास्नीको स्निग्ध सौन्दर्यको एकमात्र पुजारी थियो । अरूले हेरेकोमा आरिस गर्दथ्यो तर राजनीतिको क्षेत्रमा अगाडि बढेपछि ऊ स्वयंले काँचुली फेऱ्यो । अब ऊ मेनकाको सौन्दर्यको दर्शन उपयोग र उपभोगको मूल्यमा 'चुनावमा टिकट पाएर मन्त्री' बन्ने आकांक्षामा लिप्त भयो । जसको सीमा असह्य भएपछि मेनका विश्वामित्रको तप भंग गर्ने अप्सरा मेनका नभई विद्रोही भई : घर र पति त्याग गर्छे।

यहाँनेर गुरूप्रसाद मैनालीको 'परालको आगो' सम्झौं । 'परालको आगो' ले दाम्पत्य कलहलाई परालको आगोजस्तै क्षणिक हुनुपर्ने आदर्श सन्देश दिएको छ। गाउँकी 'चामे र गौंथली' को झगडा साँच्चै परालकै आगो हो । प्रताप सुब्बाले चलचित्रीकरण गरेको यो कथाको शाश्वत मान्यता छ नै । तर विजयको कथाकी पात्राहरू मेनका (मेनका) सिर्जना (सपनाबाट ब्युँझिएको क्षण), सिर्जना (सिर्जना) पतिसँग सम्झौता गर्न नसक्ने गरी भुसको आगोमा सल्किएका छन् । **'अग्निचक्र'** को आन्तरिक द्वन्द्वमा उत्पीडित विवशले विद्रोह जन्माउँछ । एउटा कुरा मनमा लागिरहन्छ : यस्ता विद्रोहको उपचार के त ! दाम्पत्य बीचको समझदारी र सहकार्य, एकले अर्कोको अस्तित्व कदर गरी जीवन यात्रा हाक्नु पर्ने आदर्शोन्मुख यथार्थलाई विजयका कथाले ठाउँ दिएको वा लिएको भए पाठक संप्रेषणीय हुन्थ्यो कि ?

'भाडाको कोख' चाहिं पत्नीको पतिप्रति समर्पणको चरमोत्कर्ष हो । उच्च जातको युवक (नाम ?) सँग प्रेममा परेपछि निर्मला गाउँमा बस्न सक्ने वातावरण नभएकोले शहर आई प्रेमीसँगै । दुवै पतिपत्नी भएर जीवन निर्वाह गर्न लागे । आफ्नी प्रेयसी पत्नीको लागि मेहनती लोग्ने कारखानामा कार्यरत भएको अवस्थामा दुर्घटनामा परेर जिउँदो लाश बनेपछि जीविका र उपचारको लागि आर्थिक सहयोग जुटाउन तिनले 'भाडाको कोख' लिने साहस गरिन् : समाजबाट वेश्या वा नवक्रान्तिकारी आदि निन्दा वा उपाधि पाए पनि विचलित भइनन् । हिन्दी दैनिक 'पञ्जावकेशरी' मा प्रकाशित 'निर्मला' शीर्षक समाचारबाट अभिप्रेरित यो कथाको वेदना र व्यथा अलग्गै छ यद्यपि 'भाडाको कोख' लिने कथानक हिन्दी सिनेमा 'चोरी चोरी चुपके चुपके'मा छ। महाभारतमा सन्तान प्राप्तिको लागि उल्लेखित 'नियोग' को औचित्यको व्याख्यासँग 'निर्मला' को बाध्यता र साहस तुलनीय छैन । पहिलो 'सन्तान'को खातिर अर्थात् वंश

कायम गर्नु हो पछिल्लो पतिसमेतको जीविकाको लागि । अर्काको सन्तान अभीष्टको पूर्ति गरिदिन भाडामा गर्भ दिने । परम्परा र नैतिकताको तथाकथित आदर्शमा यो कथाको मर्म र धर्म अटाउँदैन ।

पुरुषसँग विरोध गर्ने होइन, सम्झौता गर्ने चरित्रकी पात्र विजयको कथाकी एक मात्र नायिका अनिता छिन् । (सार्थकता खोजी) कथा संग्रहका सबै नारी पात्रहरू सुन्दरी, हिसी परेकी भएझैं अनितामा पनि अपूर्व सौन्दर्य छ । सौन्दर्य प्रतियोगितामा समेत विजयी तिनी सौन्दर्यकै हर्ष र गर्वले होला आफ्नो लागि योग्य प्रेमी पुरुष पाउँदिनन् । समयले तिनलाई पनि सिकाउँछ : पुरुष विनाको जिन्दगी जिउन कति कठिन छ । प्रेमी पुरुष नभए पनि सन्तानको लागि मात्र भए पनि 'पुरुषको अंश' चाहिने यथार्थ स्वीकारेर आफ्ना पुजारी प्रेमीहरूमध्ये भद्र विनम्र साँच्चिकै विनीत 'विनय' लाई रोज्न पुग्छ । सुखद 'संयोग' भएको ठान्न सकिने यो कथाले नैतिकताको नाममा अनेक प्रश्न जन्माउँछ । यसो थप्दा साथीलाई जिस्क्याएझैं होला: संग्रहको सम्पूर्ण नारी पात्र राम्री छन्, सुन्दरी छन् । विजयको आँखामा 'सुन्दरी' हुन्छन् हरेक नारी । तर तिनका समस्या, अन्तरद्वन्द्व, तिनका मनभित्रका गुम्फन बल्दो आगोभन्दा कम हुँदैन ।

संग्रहका कथाहरूका आयाम संक्षिप्त छन् । सीमित पात्र छन् । माथि भनिएझैं कतिपय मुख्य पात्रहरूको नाम समेत दिइएको छैन । शहर र गाउँ, पहाड र तराई दुवैका क्षेत्रगत आञ्चलिकताले कथामा ठाउँ पाएको मात्र होइन स्थानीय भाषा र भाषिका जनबोलीलाई पनि टिप्ने प्रयास गरिएर कथाको स्वाभाविकतालाई अरू बढी पाठक निकट ल्याउने चेष्टामा कथाकार सफल छन् । यो पुछ्रयौलीको बीट मार्दै सम्झन्छौं : राजेन्द्र सुवेदीका उद्‌गार **"चालिसेका कथाःहरू नेपालको आञ्चलिक र लोकस्तरका विकृति वस्तु बनाएर सिर्जना भएका छन् ।"**

**अमरंकुमार प्रधान** — सानेपा, ललितपुर

**तेजप्रकाश श्रेष्ठ** — शोणितपुर, चुनिखेल

२०६२ असोज १

# आभार

आज उपभोक्तावादी संस्कृतिको प्रसारले मानवीय मूल्यवत्ता ओझेलमा पारिरहेको छ। भौतिक प्राप्ति नै आज हाम्रो एक मात्र लक्ष्य बनिरहेको छ। त्यसैको प्राप्तिका लागि हामी अन्धो भएर दौडिरहेका छौं। भौतिकसम्पन्नता तथा विज्ञापन-सञ्चार माध्यममाथिको नियन्त्रण आजको एक मात्र अभीष्ट बनिरहेको छ। साहित्य पनि यो प्रवृत्तिबाट अछुतो रहेन। यति भएर पनि हामी आशावादी छौं- समयले सभ्यताको निर्माण गर्छ र त्यसको संवाहक आजको नेपाली साहित्य हो भन्ने विश्वास अझै छाडेका छैनौं। सायद यही कारण सञ्चार नियन्त्रक तथा बजार सिद्धान्तलाई साहित्यको सफलता ठान्ने नवप्रवृत्तिको चेपोमा चेपिएर पनि हामी लेखिरहेका छौं। तिनै बजार सिद्धान्तका प्रयोक्ताहरूको सेरोफेरोमा आजका अधिकांश समीक्षा, समालोचना, स्तम्भ र चर्चा परिचर्चा घुमिरहेका देखिए पनि मूल धारको लेखन रोकिएको छैन। किनभने हामी विश्वस्त छौं, मानवीय सभ्यताको यो यात्रा अविरल र निर्बाध अघि बढ्छ। कसैले रोक्न खोजेर पनि समय बाँधिन सक्दैन, कसैको नियन्त्रणमा रहन सक्तैन। आजको समय जीवनको सार्थकता र मानवीयताको पुनः परिभाषाका दृष्टिले परिवर्तनकारी सङ्क्रमणको अग्निचक्रमा आफूलाई खार्दै गरेको समय पनि हो यो।

कथा होस् वा साहित्यका अन्य विधा, लेखनले आनन्दबोध गराउँछ, यो सत्य हो। तर लेखन स्वान्तसुखाय वा आफ्नै आनन्दका लागि मात्र हो भन्ने म ठान्दिन। लेखन पाठक र समाजप्रति समर्पित हुन्छ। त्यसैले यो व्यक्तिगत सोख, सुखानुभूति र लहडको मात्र विषय हुन सक्तैन; जिम्मेवारीविहीन अर्थहीन प्रयोग मात्र पनि लेखन हुन सक्तैन। साहित्य जीवननिरपेक्ष हुन

सक्दैन, समाजनिरपेक्ष रहन सक्तैन । त्यसैले संयुक्त सहित मेरा पूर्व प्रकाशित तीनवटा कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूजस्तै यी कथाहरू पनि तिनै मानवीय संवेग-आवेग र आर्थिक, सामाजिक, सांस्कृतिक सबै खालका विसङ्गतिसिर्जित समवेदना र सहअनुभूतिका उपज हुन् । मानवीय मूल्य र मान्यताको ह्रासोन्मुख स्थिति तथा भौतिकताको उपभोक्तावादी सभ्यतामा आफ्नो मूल्य र मान्यतालाई उपेक्षा गर्दै अगाडि बढिरहेको कथित जडौरी सभ्यताको विरुद्ध सङ्घर्षरत यो समयलाई हरेक मानिसले आआफ्नै दृष्टिमा हेरिरहेको हुनसक्छ । त्यस्तै एउटा हेराइ हो यो सङ्ग्रह । त्यसैले आजको मानिसको जीवन-सङ्घर्ष नै यिनका भावभूमि हुन् ।

यो सङ्ग्रहका बारे मेरा अभिन्न मित्र तथा लेखन सहयात्री अमरकुमार श्रेष्ठ र तेजप्रकाश श्रेष्ठले आफ्नो सामूहिक दृष्टिकोण प्रस्तुत गरेका छन् । मित्र तेजको त यो सङ्ग्रहमा समाविष्ट कथाहरूको चयनमा समेत सहभागिता रहेको छ । सुरुमा समावेश गरिएका अन्य विज्ञान कथाहरूलाई छुट्टै सङ्ग्रहका रूपमा प्रकाशित गर्ने उनको सुझाउलाई मैले सहर्ष स्वीकार गरेको छु । यसका लागि मित्रद्वयप्रति आभार प्रकट गर्दछु । सङ्ग्रहको आवरण बनाइदिएर नबिर्सने गुन लगाउने कलाकार भाइ योगेश खपाङ्गी, मुद्रणभार लिइदिएर सहयोग गर्ने बगलामुखी छापाखानाका स्नेही मित्र जयदेव भट्टराई तथा अन्तिम प्रूफ हेरिदिएर सघाउने कृष्णप्रसाद भण्डारीको गुन नसम्झनु कृतघ्नता हुनेछ । प्रकाशनको भार लिएर सबैभन्दा बढी गुन लाउने विवेक सिर्जनशील प्रकाशनका अध्यक्ष स्नेही भाइ विजयराज आचार्यलाई जति धन्यवाद भने पनि कमै हुन्छ । यी कथालाई आआफ्ना पत्रपत्रिकामा स्थान दिनुहुने मित्रहरूका साथै मेरा पाठकप्रति पनि आभार प्रकट गर्नु म मेरो कर्तव्य ठान्दछु । हस् त यो यस्तै भयो ।

**विजय चालिसे**

२०६२ असोज, आरुबारी

# कथाक्रम


१ सपनाबाट ब्युँझिएको क्षण
९ अपराधबोधले लखेटिएको मन
१७ आफैँसँगको एउटा युद्ध
२७ धरालो
३४ झुमा
४३ शिकार र शिकारीहरू
४८ मेनका, अभिव्यक्ति
६० काँचुली, अभिनव
६७ काले गाइने
७६ अतृप्त सपना तैरिएका आँखाहरू
८३ भाडाको कोख
९० चेतनाको बीज
९९ सार्थकताको खोजी
१०९ कम्लरी
११५ सिर्जना
१२७ विस्थापन

# सपनाबाट ब्युँझिएको क्षण

बाहिरबाट घर फर्केर बिछ्यौनामा पल्टेकी शर्मिलाले कति बेला साँझ परेछ, पत्तै पाइन । थाहा पाउँदा साँझको गोधुलीलाई अँध्यारोले राम्रैसँग निलिसकेको थियो । अँध्यारोले राम्रै आधिपत्य जमाएको कोठाभित्र अन्धकारको गाढा कालो पर्दामा ढाकिएर त्यही अँध्यारो बाहेक अर्को कुनै कुराको अस्तित्व देखिँदैनथ्यो । सबै साकार स्वरूपहरू निराकार शून्यको गर्भभित्र लीन थिए । त्यसैले शर्मिलालाई कोठामा आफ्नो अस्तित्व फेला पार्न समेत कठिन लागिरहेको थियो । उज्यालोमा प्रशंसकहरूको आँखा तिर्मिराई दिने उसको त्यो मादक सौन्दर्य र आशक्तिको आवेग उराली दिने देहसौष्ठव खोइ अहिले कहाँ छ ? ऊ आफैँसँग प्रश्न गर्छे । उज्यालोको प्रत्यावर्तनमा मात्र अस्तित्ववान हुने उसको त्यो सौन्दर्य अहिले अँध्यारोको अन्धगर्भभित्र हराएको थियो । ऊ: आफैँलाई अहिले आफ्नो अस्तित्वबोध गर्न मुस्किल परिरहेको थियो । उज्यालोमा अघिसम्मको आफ्नो छुट्टै लोभलाग्दो र आकर्षक अस्तित्व अहिले अँध्यारोको गर्भगृहभित्र पूर्ण एकाकार बनेर त्यसैमा विलीन भएको अनुभवले सिर्जनालाई भित्रैसम्म आन्दोलित बनाइदिन्छ । ऊ यतिखेर भित्रसम्म नै नराम्ररी झस्किई-साँच्चै कहाँ छ मेरो आफ्नो अस्तित्व ? म जे छु समयले फैलाएको उज्यालोमा देखिने छायादृश्य मात्र त होइन ? म फगत ऐना त होइन, जसको आकृतिविहीन सतहमा जो ठोक्किन्छ त्यसैको प्रतिरूप प्रकाशित हुन्छ, जे ठोक्किन्छ, त्यही त्यसमा सादृश्य हुन्छ ! यतिखेर सिर्जनालाई लाग्छ, अँध्यारोको सत्य दर्शनले

उसको जीवनको सत्यलाई उद्घाटन गरेको छ ।

"तिम्रो हैसियत नै के छ र, जसरी हामीले बनायौं, चाह्यौं भने त्यसरी नै बर्बाद पार्न पनि सक्छौं, बुझ्यौ ? के ठानेकी तिमीले आफूलाई ?" प्रवीणको मुटुसम्मै घोच्ने यो वचनले उसलाई अहिलेसम्म पनि भित्रैसम्म चिमोटिरहेको छ, लखेटिरहेको छ । त्यो स्वरको लखेटाइबाट ऊ जति चाहे पनि मुक्त हुनसकेकी छैन ।

त्यो स्वरबाट लखेटिनु अघिको आफ्नो शान्त र सन्तुष्ट मनमा अहिले विशाल समुद्री तुफानको बवण्डर झेलिरहेझैं अनुभव गर्छे ऊ । अँध्यारोको साथसाथै उसलाई आफैँसँग डर लाग्न थालेको छ, आफ्नै विगतका सोचबाट निरन्तर लखेटिइरहेकी छ ऊ, आफ्नै भविष्यसँग भयग्रस्त हुन थालेकी छ ऊ । त्यही लखेटाइ र अज्ञात भयलाई भगाउन उसले आफूलाई अँध्यारोको बाक्लो आवरणमा छोप्ने प्रयत्न गरेकी थिई । तर अँध्यारोमा पूर्ण विलुप्त आफ्नो अस्तित्वले उसलाई झनै आतङ्कित तुल्याई दिएको थियो । त्यो अज्ञात भयबाट मुक्ति पाउने उसको प्रयास पूरै असफल भएको थियो । त्यो अँध्यारोले उसलाई अरू तर्साएको थियो र त्यसबाट मुक्त हुने चाहनास्वरूप उसले पुन: सिरान छेउकै बेड स्विच थिचेर कोठालाई अँध्यारोको आवरणबाट मुक्त गर्ने प्रयत्न गरेकी थिई । उसको त्यो कार्यव्यापारसँगै कोठामा फैलिएको उज्यालोको कारण अघिसम्म अँध्यारोको गर्भमा छोपिएर निराकार शून्यमा विलुप्त कोठाका भौतिक संरचनाहरूले एकपछि अर्को गर्दै पुन: साकार रूप लिँदै गएका थिए । प्रकाशको परावर्तनमा उज्यालिएर अस्तित्ववान् बनेका ती भौतिक वस्तुहरूको अस्तित्वजस्तै अब ऊ आफूलाई पनि साकार अनुभव गर्छे । उसलाई लाग्छ, उसको अस्तित्व पनि त यस्तै उज्यालो ठोक्किएपछि देखिने यथार्थ रहेछ, जुन बाहिरी उज्यालोले नपोतेसम्म साकार बन्न सक्दैन, अरूको अस्तित्व बिना आफैँ अस्तित्ववान् बन्न सक्दैन । उधारोमा लिएको त्यो उज्यालोको विलुप्तिसँगै उसको सौन्दर्य पनि विलुप्त हुन्छ, उसको मादक यौवनको आकर्षण आफैँलाई बोझ अनुभव हुन्छ । केही क्षणअघि अँध्यारोमा हराएका कोठाका यी भौतिक अस्तित्व जस्तै !

मनमा उठेका यिनै ज्वारभाटाले गर्दा हुनसक्छ, कोठा र कोठाका सबै

वस्तुहरू बत्तीको उज्यालो छरिएर प्रकाशमा नुहाए पनि उसले आफूभित्र भने कुनै उज्यालोको अनुभव गर्न सकिन, ऊभित्रको अँध्यारो अलिकति पनि घटेकोजस्तो लागेन उसलाई । लाग्यो, बरु आफूभित्रको त्यो अँध्यारो निरन्तर बढिरहेको छ । त्यो अनुभूतिले उसलाई भित्रैसम्म आन्दोलित तुल्याइदियो । अँध्यारो गुफामा हराएको दिशाभ्रमित यात्रुजस्तै ऊ नराम्ररी कहालिई ।

ऊ प्राय: सपना देख्ने गर्थी, निर्जन, अपरिचित घनाजङ्गलको बीचमा कता हो कता कहालीलाग्दो निष्पट्ट अँध्यारो गुफा वा सुरुङभित्र ऊ हराएकी छ र त्यहँबाट उम्कन नपाएर ऊ डाँको छोडेर रोइरहेकी छ । त्यतिबेला निद्राबाट ब्युँझँदा समेत ऊ आतङ्कित भइरहेकी हुन्थी, सातो गएको जस्तै अनुहार सोहोरिएको हुन्थ्यो ।

"होइन, के भयो नानी तँलाई ? किन तर्सेकी ? नराम्रो सपना पो देखिस् कि क्या हो, ए तैंले !" आमा मायालु प्रश्न गर्दै वात्सल्यपूर्ण ढङ्गले उसको कपाल सुमसुम्याएर सोध्नुहुन्थ्यो । त्यसपछि फेरि उसलाई निद्रादेवीको काखमा सुम्पिनका लागि मीठो कथा हाल्नुहुन्थ्यो । कहिले परीकथा सुनाउनुहुन्थ्यो, कहिले लोककथा र दन्त्यकथाका नायकनायिकाहरूको कथा सुनाउनुहुन्थ्यो । ऊ अनजानमै तिनै नायिकासँग आफ्नो तुलना गर्थी, कहिले मधुकरजस्ता कथानायकहरूसँगै वायुपङ्खी घोडामा अनन्त आकाशमा प्रणययात्रा गरेको अनुभवमा सपनाको आतङ्कलाई बिर्सिदिन्थी । यसरी आमाले नजानेरै उसलाई सुमधुर कल्पना मनमनै सजाएर कल्पनाजीवी बनाउन मद्दत गर्नुहुन्थ्यो । उसलाई लाग्छ पछि तिनै कुरा उसले महत्त्वाकांक्षाका रूपमा हुर्काई र त्यो महत्त्वाकांक्षापूर्तिका लागि आफूलाई सम्झौतामा साट्दै गई ।

अहिले ऊ आफैंसँग सोध्छे, के त अहिलेको मेरो यो अन्धकूपको यन्त्रणा तिनै बाल्यकालका कल्पनाले जन्माएको महत्त्वाकांक्षाको प्रतिफल हो ? पहिले सपनामा भोगेकी त्यो यन्त्रणापूर्ण अनुभव आज किन जाग्रत अवस्थामै भोगिरहेकी छ ऊ ? बाल्यकालका कथानायक-नायिकाप्रसूत कल्पनाजन्य महत्त्वाकांक्षाको प्राप्तिका निम्ति गरिएको अन्धदौडको परिणति नै हो त यो ? ऊ आफ्नो प्रश्नको कुनै जवाफ फेला पार्न सक्तिन । बाल्यावस्थाका ती

अँध्यारा गुफा र सुरुङमा हराउँदाका स्वप्न-यन्त्रणा भावी जीवनको पूर्वाभाष त थिएनन् ? आज त्यही सपना जीवनको सत्य बन्नपुग्दा त्यो पूर्वाभाषबाट सचेत हुन नसकेकोमा आफूलाई नराम्ररी ठगिएको पाउँछे ऊ । ऊ आफैँलाई सम्झाउँछे, अब पश्चात्ताप गरेर काम छैन, यसको सामना म आफैँले गर्नुपर्छ र मुक्तिको मार्ग पनि म आफैँले खोज्नु पर्छ । तर यो अँध्यारोको सर्पदंशको लखेटाइबाट बच्ने कसरी ? मुक्त हुने कसरी ? हिजोसम्म आफूले स्वर्ग ठानेकी समाज, त्यसको आकर्षण र तिनका अङ्कुशबाट यति सजिलै मुक्ति पाउन सकिएला र ?

"अहँ, सम्झौता अवधिभर हाम्रो अनुमति बेगर कामको त के कुरा, तिमी आफूखुसी रुनहाँस्न पनि पाउँदिनौ, बुझ्यौ !" प्रवीणको मुटुसम्म छिचोल्ने आवाज अहिलेसम्म पनि उसको कानमा तिखो सियोझैँ घोचिन छाडेको छैन ।

"त्यसो भए मैले आफ्नो जीवन समेत आफूले चाहेजसरी बाँच्न नपाउने ? बँधुवा मजदूर त होइन नि म ! तिनले समेत केही स्वतन्त्रता पाइरहेका हुन्छन् । म त एउटी स्वतन्त्र नागरिक हुँ ! के भन्दै हुनुहुन्छ, प्रवीणजी तपाईं यो ?" प्रवीणको कुराले ऊ नराम्ररी रन्थनिएकी थिई ।

"म ठीकै भन्दैछु, तिमीलाई यो सुन्दरीको ताज पहिऱ्याउन हामीले ठूलो लगानी गरेका छौं । त्यो लगानी नउठुन्जेल तिमी हाम्रो आवश्यकता अनुसार हिंड्नुपर्छ, हामीले दिएको काम गर्नुपर्छ, जस्तोसुकै काम पनि, बुझ्यौ, जस्तोसुकै काम पनि । त्यति बेलासम्म तिमी आफ्नो स्वतन्त्र चाहनाअनुसार विदेश जाने त के कुरा बिहे पनि गर्न पाउँदिनौ, बुझ्यौ ! त्यसबेला तिमीले सम्झौताका सबै बुँदा हेरेकी थिइनौ ? त्यसै नहेरी त सही गरेकी थिइनौ होला !" ऊ सिर्जनाको कुनै कुरा सुन्न समेत तयार थिएन ।

ओफ्....के जवाफ दिने होला, सुमनलाई ? सुमन उसको सपनाको राजकुमार । बाल्यकालमा आमाले सुनाउनुभएका कथानायकहरूका सबै कल्पनाहरू साकार देख्थी ऊ सुमनमा । ऊ बिना जीवन बिताउने कल्पनासम्म पनि गर्न सक्दिनथी ऊ । त्यति बेला सौन्दर्य प्रतियोगितामा भाग लिने कुरालाई पनि सुमनले त्यति रुचाएको थिएन । सिर्जनाको स्वाभिमान र

आत्मविश्वास टुट्ला भनेर नै उसले त्यतिबेला मन मारेर सहमति जनाएको थियो । अहिले तुरुन्तै विवाह गरेर विदेश जाने सुमनको प्रस्तावले उसलाई पनि अत्यन्तै हर्षित बनाएको थियो । त्यही खुसीको कुरा सुनाउनासाथ सौन्दर्य प्रतियोगिताको आयोजक प्रवीणबाट त्यस्तो कुरा सुनेपछि सिर्जना छाँगोबाट खसेझैं हुन पुगेकी थिई । उसले जस्तोसुकै पनि कामलाई भन्ने वाक्यांशमा जसरी जोड दिएर दोहोऱ्याएको थियो, त्यसको अनुमानबाट ऊ झनै छट्पटाउन पुगेकी थिई । के कुराको संकेत गर्दैछ यो मान्छे ? यसको कृतदास त होइन म जसरी पनि प्रयोग गरिने !

"सौन्दर्य प्रदर्शन गर्ने वस्तु होइन, सिर्जना ! यो त उपासना गर्ने कुरा हो । नारी र नारी सौन्दर्यलाई वस्तुझैं विज्ञापनको विषय बनाउने पश्चिमी बहुराष्ट्रिय कम्पनीहरूको जालोमा तिमी हामीजस्ता सचेत-शिक्षितहरू समेत फस्न थाल्यौं भने यसबाट सौन्दर्यको सम्मान होइन, अपमान हुनजान्छ, बुझ्यौ !" सिर्जनाको सौन्दर्य प्रतियोगितामा भाग लिने कुरा सुनेर त्यतिबेलै सुमनले आफ्नो असहमति जनाएको थियो ।

"त्यसो नभन सुमन, यस्तो प्रतियोगितामा भाग लिने म नै पहिलो त होइन नि । हेर त विश्वसुन्दरीको ताज पहिरेर कतिले आफ्नो व्यक्तित्व र मुलुकको नामलाई विश्वभर चम्काएका छन् । मलाई विश्वास छ, म पनि यो पछि विश्वसुन्दरीको प्रतिस्पर्धामा प्रतिस्पर्धी बन्नसक्छु । यो मेरो एउटा इच्छा पूरा गरिदेऊ, मेरो बिन्ती ! यो मेरो जीवनको महत्त्वपूर्ण सपना पनि हो । यसलाई साकार पार्नमा मलाई तिम्रो पूर्ण सहयोग आवश्यक छ, सुमन ।" सिर्जनाको अत्यन्त भावुकतापूर्ण अनुरोधको अगाडि सुमन बेमनले नै सहमति जनाउन बाध्य भएको थियो ।

सानैदेखि आफ्नो सौन्दर्यमाथि गौरव गर्दै आएकी सिर्जना साँच्चि नै सुन्दर थिई र कलेजमा उसको सौन्दर्यका पुजारी असंख्य थिए । तीमध्ये सुमन बाहेक अरू कसैलाई ऊ महत्त्व दिन्नथी । उनीहरूको त्यो आकर्षण बिस्तारै प्रेममा परिवर्तन भएको थियो, र त्यो प्रेमलाई दुवैका परिवारबाट समेत स्वीकृति प्राप्त थियो । त्यसैले उनीहरूको चाँडै विवाह गर्ने कुरामा सुमन र सिर्जना दुवैको परिवारको तर्फबाट पनि दवाब थियो । सौन्दर्य

प्रतियोगिता सकिनासाथ विवाह गर्ने कुरामा सिर्जनाले पनि खुसीसाथ सहमत दिएकी थिई । तर अब....! उसको अगाडि पहाडझैं ठूलो प्रश्नचिन्ह उभिएको थियो ।

प्रतियोगिता सकिएपछि उसले अनेकौं मानसिक सङ्घर्ष खपेकी थिई । उसको रुचि विपरीत विज्ञापन फिल्महरूमा आफ्नो पुष्ट यौवनको अश्लील प्रदर्शन गरेर त्यसलाई शारीरिक सौन्दर्यको नाममा धेरैपल्ट आफैंलाई धोका दिएकी थिई उसले । आफूलाई नेपाल सुन्दरी भनाउने चाहनापूर्तिको बदलामा धेरैपल्ट सम्झौता गर्न बाध्य भएकी थिई ऊ । त्यस क्रममा बाबाआमा र सुमनले धेरैपल्ट उसलाई सचेत पनि गराएका थिए । उनीहरूका अगाडि ऊ अपराधबोधले जमिनमै गाडिएको अनुभव गर्थी । तर पनि आफूले गरेका सम्झौताका सर्तहरूको बन्दी बनेकी सिर्जना विवश थिई, कडा प्रतिस्पर्धाबाट प्राप्त गरेको नेपालसुन्दरी ताज गुमाउनु पर्ने भयले ऊ सीमाहीन सम्झौताहरूको माखेसाङ्लोमा नराम्ररी फस्दै गएकी थिई ।

थिचिएको बत्तीको स्विचसँगै उज्यालो फिंजिएर कोठाबाट अगाडिको डरलाग्दो अँध्यारो मेटिए पनि उसलाई ओछ्यानबाट उठ्न उसलाई पटक्कै जाँगर चलेन । ओछ्यानमा कोल्टे फेर्ने चेष्टासँगै उसका आँखामा कोठाको अर्को भित्तो ठोक्कियो । भित्तामा टाँगिएको उसको पूर्णकदको तस्बिर मनमोहक मुद्रामा उसैलाई हेरिरहेको थियो । आज उसलाई त्यो तस्बिरको मोहक मुद्रा हेरेर कुनै गर्वबोध भएन बरु आफूलाई जिस्क्याइरहेझैं लाग्यो । हिजोसम्म अरूको त के कुरा ऊ आफ्नो त्यो तस्बिर देखेर आफैं मोहित हुन्थी, रोमाञ्चित हुन्थी-आत्म व्यामोहित ! तर आज उसलाई त्यो आफ्नै तस्विरले व्यङ्ग्य गरिरहेझैं लाग्यो, आफैंलाई लाज लाग्यो, कहाँ छ सौन्दर्य ? उसका आँखामा तस्बिरभरि अश्लीलता मात्र छताछुल्ल देखिए, वासनायुक्त कामुक आमन्त्रणको खुला विज्ञापन बाहेक ऊ आफैंलाई त्यसमा कुनै सौन्दर्यको आभाससम्म भएन !

आकर्षक मुकुट लाएको त्यो पूर्णकद तस्बिरमा ऊ ओठमा मादक मुस्कान छर्दै मुस्काइरहेकी थिई । शरीर प्रायः अनावृत थियो, शरीरका प्रत्येक भौतिक संरचना र भौगोलिक गल्छी-चुचुराहरूको स्पष्ट अवलोकन गर्नसकिने ।

केही ढाकिएका गल्छीगल्छेडाहरू पनि सम्भव भएसम्मको पारदर्शितामा अनावृत । हिजोसम्म हेरेर कहिल्यै आँखा नथाक्ने त्यो तस्बिरमा त्यतिबेला देख्ने गरेकी अनुपम सौन्दर्य आज जति कोशिस गर्दा पनि उसले फेला पार्न सकेकी छैन ।

"तिमी सम्झौता भङ्ग गरेर आफ्नो मनखुसी गर्न चाहन्छ्यौ भने हामी तिम्रो शिरको यो ताज खोस्न बाध्य हुनेछौं र यसलाई अर्केको शिरमा पहिऱ्याउनु पर्नेछ । तिम्रो ठाउँमा अर्की कुनै आउँछे बुझ्यौ तिमीले ! सुरुमा सबै तिमीजस्तै नखरा गर्छन् र पछि सम्पूर्णमा आफूलाई समर्पण गर्छन्, सम्पूर्ण समर्पण बुझ्यौ ! मानप्रतिष्ठाका लागि सबै कुरामा सम्झौता गर्नसक्नु पर्छ, अनि मात्र सफलता पाइन्छ ।" आफ्नो भनाइभित्र निहित कुत्सित आशयलाई प्रवीणको कामुक भावाभिव्यक्तिले अरू अश्लील बनाइरहेको अनुभव गरेकी थिई सिर्जनाले त्यतिखेर ।

"के भन्दै हुनुहुन्छ तपाईं, प्रवीणजी यो ! यस्तो सम्झौताको मबाट तपाईंले कुनै आशा नगरे हुन्छ । के ठान्नुभएको तपाईंले ? सौन्दर्यको पसल थापेर कुनै सम्मानको चाहना छैन ममा, बुझ्नुभयो तपाईंले !" प्रवीणको त्यो अनुचित आशयको प्रहारले ऊ नराम्ररी लखेटिएकी थिई त्यतिबेला ।

त्यो त प्रतियोगितामा आउनुभन्दा अघि नै सोच्नुपर्थ्यो, अब धेरै अबेर भैसक्यो ।........ तिमीलाई मन परोस्, नपरोस् यो हाम्रो चासोको विषय होइन ।" उसको त्यो अझै कठोर आदेशले सिर्जनालाई अरू आतङ्कित तुल्याइदिएको थियो ।

उसले जुन सार्थकता देखेर प्रतियोगितामा सहभागिता जनाएकी थिई, के यही हो त त्यो सार्थकता ? लुकाउनु पर्ने अङ्गहरूको सार्वजनिक प्रदर्शन मात्रै हो त सौन्दर्यको अर्थ ? ऊ छुट्याउन सक्दिन । हिजोसम्म किन यसैमा अपार सौन्दर्यको अनुभव गर्थें म ? आफ्नो तुलनामा अरूलाई केही नगन्ने मेरो त्यो अपूर्व आत्मविश्वास कहाँ हरायो अहिले ? के त्यो आत्मविश्वास वास्तवमा आत्मविश्वास थिएन ? के त त्यो पुष्ट शरीर र भरिलो जवानीलाई नै सौन्दर्य ठान्ने मिथ्या गर्वबोध मात्र थियो ! किन सौन्दर्यको नाउँमा शरीर उपभोगको लालसापूर्तिको पुरुषइच्छामा निर्जीव खेलौना बन्नपुगें म ! पुरुष

चाहनाबाट निर्धारित हुने उसको सौन्दर्यको यथार्थ मूल्य के यही हो त ? हिजो आँखा झिमिक्क नगरी घण्टौं अपलक नियालेर ऊ आफैं आत्मसम्मोहित बन्ने गरेकी आफ्नै विभिन्न मुद्राका तस्बिरहरूबाट मुक्ति पाउने चाहना तीव्र भएको अनुभव गर्दैछ ऊ । आज ऊ ती तस्बिरका विविध मुद्राहरूमा अश्लीलता बाहेक केही पाउन सक्दिन । देहव्यापारको हाटबजारमा शारीरिक हाउभाउद्वारा ग्राहक-आमन्त्रणका लागि उभिने वाराङ्गनाको भन्दा के भिन्नता छ उसका ती तस्बिर मुद्रामा ? ती वाराङ्गनाका अघिल्तिर बाँच्नुका विवशताहरू होलान्, तर मेरो ? आफूलाई आधुनिक र कथित सभ्य-स्वतन्त्र भनाउनु बाहेक अरू के नै त्यस्तो चाहना थियो मैले यसरी आफैंलाई नङ्ग्याउनुमा ! यौनआमन्त्रणको ज्वारभाटामा ओरालेर ग्राहक आकर्षित गर्ने स्वैरिणीचेष्टामा बरु औचित्यको तर्क फेला पर्ला, तर उसको यो कार्यव्यापारलाई औचित्यपूर्ण ठान्ने कुनै तर्क फेला पार्न सक्दिन ऊ । के त ती सबै भ्रम मात्र थिए हिजोसम्मका उसका सोचाइहरू ! हिजोसम्म जुन कुरा उसलाई आफ्नो सफलता लाग्थे, दिग्विजय लाग्थे आज तिनै कुराले उसको अस्मिताको हत्या गरिरहेको उसलाई अनुभव हुन्छ ।

सिर्जना बिछ्यौनाबाट जुरुक्क उठेर भित्तामा टाँगिएका आफ्ना सबै तस्बिरहरू एक एक गर्दै निकालेर च्यात्दै फाल्छे । लाग्छ, उसको शरीरबाट ठूलो बोझ हटेको छ । ऊ सन्तोषको लामो सास फेर्छे । ●

# अपराधबोधले लखेटिएको मन

"बुझ्नुभो सर, विशाल पर्खालले घेरिएको पुरानो तिब्बती शैलीको यो प्राचीन नगर अझै पनि रहस्यको कुहिरोमा डुबिरहेको छ !" मसँगै यात्रामा मलाई सघाउन आएको मेरो स्थानीय भरियाको कुराले ममा थप जिज्ञासा जन्माइदिनु स्वभाविक थियो ।

"ए... हो र...?" प्रत्येक पाइलामा खुट्टा रड्किने कठिन ढुङ्गेन उकालोमा बडो सतर्कतापूर्वक पाइला चाल्दै त्यही जिज्ञासाबाट प्रेरित भएर सोधेको थिएँ मैले उसलाई । यो अज्ञात ठाउँको प्रथम भ्रमणमा ऊ मेरो भरिया मात्र थिएन, पथप्रदर्शक वा गाइड र सहयोगी सबै थियो ऊ ।

"हो...यो अनौठो निषेधित नगरको प्रवेशद्वार अब धेरै छैन, आजै रात नभए भोलि सबेरै हामी त्यहाँ पुग्नेछौं । यहाँबाट दुईघण्टाजति हिंडेपछि दुईटा बाटो फाट्छ, एउटा हाम्रो गन्तव्यतिर, अर्को तिब्बततिर । यताका मानिस यही बाटो मानसरोवरको कष्टसाध्य यात्रा गर्छन् र मुक्तिको सपना देख्छन् ।" यो मान्छेको कुरा बडो चाखिलो हुन्थ्यो र धेरै समयदेखि यता पदयात्रामा आउने विदेशी पर्यटकको मार्गदर्शक भएकोले धेरै कुरा बुझिसकेको थियो यो मान्छेले । निकै चेतनशील र चलाख पनि देखिन्थ्यो यो मान्छे ।

"निषेधित रे...! किन यो नगरभित्र पस्न अनुमति दिइँदैन र ?" मेरो जिज्ञासा स्वाभाविक थियो ।

"होइन, हामी नेपालीलाई निषेध छैन । तर विदेशीलाई भने यो नगरमा

मात्र होइन यो जिल्लामै आउन पनि नेपाल सरकारको विशेष अनुमति चाहिन्छ । सरकारले खटाएको पथप्रदर्शक नलिई एक्लै घुम्न त सधैं नै प्रतिबन्ध छ यहाँ !" मलाई थाहा थियो, तिब्बत मुक्तिको नाउँमा चलेको राजनीतिक आन्दोलनमा स्थानीय केही तिब्बती मानिसले सशस्त्र विद्रोह गर्दा नेपालका यिनै सीमावर्ती ठाउँलाई आधार र सुरक्षित थलोका रूपमा प्रयोग गरेका थिए । त्यसैले दुई देशको मैत्रीका आधारमा नेपालले यस्तो नियन्त्रण गरेको सहजै अनुमान गर्न कठिन थिएन । उसका कुराले सजिलै बाटो काट्न निकै मद्दत पुऱ्याइरहेको थियो ।

त्यहाँबाट केही समय मात्रै अगाडि बढेका थियौं एउटा अप्रिय स्थितिसँग जम्काभेट हुन पुग्यो हाम्रो र त्यो दृश्यदर्शनले हामी दुवैको मन नराम्ररी चुँडालिदियो । बाटैको छेउ लागेर एउटा प्रौढावस्थासमेत पार गरिरहेको मानिस छट्पटाउँदै लडिरहेको थियो त्यस ठाउँमा । उसकै नजिकै एउटी तीस बत्तीसकी युवती देखिन्थी लगभग अताल्लिएकी अवस्थामा । केही बेरमै ढुङ्गाको सिरान हालेर लडिरहेको त्यो मान्छे लगभग निष्चेष्ट देखियो र त्यो युवतीको अनुहारमा पीडा र अत्यासका रेखा अरू गाढा देखिए । हामी तिनको नजिकै पुगेपछि उसका शिथिल आँखाका नानीमा जीवनका केही केही ज्योति देखिए, केही चल्मलाउन खोज्यो त्यो अशक्त प्राणी । तर तत्क्षणै उसको त्यो कमजोर र निरर्थक प्रयास झनै शिथिल देखियो । ऊ सामान्य हलचलसमेत गर्न नसक्ने अवस्थामा थियो ।

म अनुमान गर्दै थिएँ, त्यो बिचरो यात्री महाप्रस्थानतर्फ अग्रसर थियो, आफ्नो जीवनको अन्तिम यात्रामा प्रस्थान गर्दै थियो ।

"यस्तो निर्जनमा तपाईं एक्लै, यस्तो बिरामीसँग....?" मेरो प्रश्न सुनेर उसका आँखाभरि आँसु टिल्पिलाए । ऊ अताल्लिइरहेकी थिई, के गरुँ कसो गरुँको अन्योल र महाविपत्तिको छायाले छोपिएकी ऊ एकदमै असहाय र निरुपाय थिई त्यतिबेला । त्यो स्थितिमा मेरो औपचारिक त्यो प्रश्नले मात्रै पनि उसलाई केही ढाढस मिलेथ्यो सायद ! र नै उसले ती आँसुमार्फत आफ्नो वेदना र असहायता प्रकट गर्ने प्रयत्न गरेकी थिई ।

महिला चौडा गोलाकार अनुहार, धर्के तिब्बती शैलीका पोशाक र

मोटो चुल्ठो बनाएर बाटिएको कम्मरमुनिसम्म सर्पझैं लहरिएका निख्खर कालो कपालमा- त्यो स्वास्नीमान्छेले साँच्चि नै त्यस ठाउँको र परम्परागत भेष-सौन्दर्यको राम्ररी प्रतिनिधित्व गरिरहेझैं लाग्थ्यो । फेदीबाट आकाश छुने होडमा ठडिएका शुभ्र हिमाल र त्यो भेगको प्राकृतिक सौन्दर्यको जीवन्त प्रतिनिधित्व गर्ने यस युवतीबीच त्यस प्रतिकूल परिस्थितिमा पनि असीम प्राकृतिक साम्यको अनुभव भएथ्यो मलाई । दुवै सौन्दर्यमा अगम अगोचर सामीप्यको अनुभव गर्दै थिएँ म त्यतिखेर । कतै नाङ्गा र कतै अर्धविमोचित परिधानमा सौन्दर्यपारखीहरूलाई लोभ्याइरहेका रमणीहरूजस्तै खस्राचिल्ला चट्टानका चुनौतीपूर्ण पहाडहरूको सिँढी उक्लिएर मुस्कुराउँदै मोहनीयुक्त आमन्त्रण दिइरहेका शुभ्र हिमशृङ्खलाको जादूगरी आकर्षणका बीच अर्को त्यो जीवन्त सौन्दर्यको असहायता साँच्चि नै प्रकृतिको विडम्बना लागेको थियो मलाई ।

तीं दुवै सौन्दर्य उस्तै थिए-अगम, शाब्दिक अभिव्यक्तिको सीमा बाहिर ! यतिबेला मलाई लागिरहेथ्यो- यी दुवै एउटा कुशल कलाकारको कुचीबाट निस्किएका उत्तम सिर्जना हुन्, सृष्टिका अनुपम नमूना ! प्रकृतिको आफ्नै भाषा छ जसलाई सम्पूर्णमा बुझ्न मानिस सक्षम छैन । त्यसलाई अनुभवसम्म गर्न सक्छ मान्छे, वर्णन गर्न सक्दैन । यसका लागि भाषाले पूर्ण क्षमता राख्दैन ।

तीसबत्तीसको आसपासकी देखिने ती युवती उमेरभन्दा पनि जवान देखिन्थी । त्यसैले वृद्धावस्थातिर लम्किरहेको उसको साथको त्यो अशक्त लोग्नेमान्छे उसको बाबु वा दाजु कोही हुनुपर्छ भन्ने अनुमान गरेको थिएँ मैले ।

तर होइन, ती लोग्नेस्वास्नी रहेछन् आफ्नो गाउँबाट तीर्थाटनमा निस्किएको समूहसँगै तीर्थ गर्न हिंडेका दम्पती । बीचैमा अज्ञात बिमारीबाट ग्रस्त भएर लोग्ने यात्राका लागि अशक्त बनेपछि उनीहरू एक्लिएछन् । तीर्थ यात्राका लागि हिंडेका सहयात्रीहरूको अगाडि त्यो बिरामी गाउँलेलाई कुरेर बस्नु व्यावहारिक थिएन सायद ! र नै तिनीहरू ती दुईलाई त्यहीं छाडेर धर्म कमाउने लक्ष्यमा अघि बढेछन् तीर्थयात्रामा । त्यसरी आफन्तविहीन र अझ

आफन्तबाट परित्यक्त त्यो मान्छे त्यही निर्जनमा मृत्युको प्रतीक्षा गरिरहेको थियो र उसकी असहाय स्वास्नी उसलाई कुरेर बसेकी थिई, एक्लै । नेपाली नै भए पनि राम्रोसँग नेपाली भाषा बोल्न समेत नसक्ने ती युवतीको उत्तरबाट मुस्किलैले मैले यो निचोड निकालेको थिएँ । नेपालभन्दा तिब्बतसँग निकटता राख्ने र तिब्बती भाषा र संस्कृतिको बढी प्रभाव रहेको देखिन्थ्यो त्यो नेपाली क्षेत्र ।

"म त मर्छु होला..!" केही चल्मलाउने असफल प्रयासमा अरू शिथिल बनेको त्यो मान्छेको मुखबाट केहीबेरपछि निस्किएको झिनो आवाजले युवतीको अनुहारमा पीडाका अरू गाढा रेखा कोरिदिए ।

"होइन... तिमीलाई केही हुँदैन...!" मलाई थाहा थियो, त्यो मान्छे आफ्नो आयुको अन्तिम क्षण भोग्दैछ, तर पनि आश्वासनका केही शब्द प्रकट गर्नु मैले आफ्नो कर्तव्य ठानेर भनेको थिएँ । म आफैँलाई आफ्नो आश्वासनको खोक्रोपन थाहा भए पनि त्यो आश्वासनबाट उसभित्रको जिजीविषा केही पलाएको भने स्पष्ट देखिएको थियो । उसको अनुहारमा झिनो उज्यालोको रेखा देखियो र तत्क्षणै बिलायो पनि । यसको अर्थ, सायद ऊ पनि आफ्नो अवस्थाको बारेमा अनभिज्ञ थिएन !

लेक लाग्दा खाने औषधिका केही चक्की खुवाउनु बाहेक हामी केही मद्दत गर्न सक्दैनथ्यौँ त्यतिबेला । त्यो निर्जनमा अरू मद्दत गर्नसक्ने कुनै सम्भावना थिएन र न तिनको असहायतामा साथ दिन त्यहाँ तिनीहरूसँगै अरू समय बिताउनै सम्भव थियो हाम्रोलागि । तर त्यो युवतीको निरीह अनुहार र त्यो अनुहारमा पोतिएका असहायताको निराश धर्साहरू देख्दा उसलाई छाडेर तत्काल त्यहाँबाट हिंडिहाल्ने अवस्थामा पनि थिएनौं । हामीतिरै केही आशले हेरिरहेका युवतीका निराश आँखा हामीलाई रोकिरहेका थिए ।

त्यही अन्यमनस्कतामा केही बेर मात्र बिताएका थियौं, केही पर तीर्थयात्रीको अर्को समूह हामीतिरै आइरहेको देखियो । त्यो समूहमा तान्त्रिक भेषको एउटा अनुहार पनि थियो ।

"नागस्या, मेरो लोग्नेलाई बचाइदेऊ....तिमीले चाह्यौ भने अवश्यै मेरो लोग्नेलाई खराब आत्माबाट बचाउन सक्छौ ।" त्यो तान्त्रिक भेषको वृद्ध

लामालाई देख्नासाथ युवतीका करुण आग्रह सुनियो । यसको आर्तुकारसँगै त्यो समूहका मानिसहरूको पनि ध्यान त्यतै तानियो । पछि मेरो स्थानीय साथीले भनेको थियो- तिब्बती भाषा र विश्वासमा दैत्य वा खराब आत्मालाई वशमा पार्न सक्ने र रिस उठेमा मानिसलाई समेत टाढैबाट मार्न वा अहित गर्नसक्ने सिद्ध वा तान्त्रिक लामालाई सम्बोधन गर्ने शब्द थियो 'नागस्या' । भूतप्रेत र खराब आत्माको कुरामा मलाई पत्यार थिएन र वृद्धावस्थाको कमजोरीमा उच्चचापीय असर वा हाइअल्टिच्युडमा लाग्ने लेक वा श्वासप्रश्वासको समस्या नै यसको अस्वस्थताको प्रमुख समस्या थियो यतिबेला । सम्भवत: उसको त्यो समस्यालाई मुटुको रोगले पनि अरू जटिल बनाइदिएको थियो । यो मेरो अनुमान सम्भवत: सत्यबाट धेरै पर थिएन । तर ती युवती र उनीजस्तै धेरै मानिसको विश्वास वा अन्धविश्वासमा उसको बिमारीमा दुष्टात्माको हात रहेको छ ।

रातो टोपी, लामो ठूलो बुट्टेदार जामाजस्तो पोशाकमा सजिएको त्यो लामा उसको नजिकै आयो । मानव खप्परको १०८ साना प्रतिकृतिको मालाले यसलाई अरू सामान्य लामाभन्दा बेग्लै र रहस्यमय बनाएको थियो । त्यो रहस्यमय तान्त्रिक लामा हातमा १०८ दानासहितको श्रीखण्डको माला घुमाउँदै अज्ञात मन्त्र गुन्गुनाइरहेको सुनिन्थ्यो ।

रहस्यमय लाग्ने त्यो तान्त्रिक लामाले बिरामीको नारी बिस्तारै आफूतिर तानेर केहीबेर समायो । जोखना हेरेजस्तो ससाना ढुङ्गा लिएर पास्सा खेलेजस्तो खेल्यो र वल्टाउने पल्टाउने गरेर निकैपल्ट हेऱ्यो । उसका ओठबाट नबुझिने शब्दहरू निरन्तर निस्किइरहेका थिए । त्यसपछि झोलाबाट एउटा चमरजस्तो केही निकाल्यो र नबुझिने बोलीमा मन्त्र बड्बडाउँदै तलदेखि माथिसम्म झाऱ्यो । निकै लामो मौन भत्काएर उसले भन्यो- "यस प्राणीलाई एकैसाथ मिमापिन र खान्दोमाले समातेछन् । म डोल्मा गुहारेर तिनलाई भगाइदिन्छु, ठीक हुन्छ । पीर गर्नु पर्दैन ।"

उसको आश्वासनले त्यो युवतीमा केही आशा जन्माइदिएको देखिन्थ्यो । तान्त्रिक लामाका प्रत्येक गतिविधि र क्रियाकलापलाई गहिरोसँग नियालेर हेरिरहेको मलाई भने त्यो तान्त्रिक लामाको भनाइ पत्याउन मुस्किल परिरहेको

थियो । तिब्बती प्रभावमा परेका त्यतातिरका नेपालीहरूको विश्वासमा मिमापिन छ वर्गका जीवमध्ये एउटा वर्गमा पर्थ्यो । मिमापिन त्यस्तो अपौरुषेय जीव थियो, जसले रातसाँझ मानिसलाई एकलास बाटोमा आगो देखाएर र सङ्गीतजस्तै मधुर आवाज सुनाउँदै भुलाएर निर्जनतिर लैजान्थ्यो र कहिलेकाहीं मानिसमा पसेर उसलाई दु:ख दिन्थ्यो । त्यो भनाइले मलाई हाम्रोतिरको राँकेभूतका कथा सम्झाइदिएको थियो । त्यसरी नै आकाशगामी देवी वा डाकिनीलाई तान्त्रिकहरू 'खान्दोमा' भन्थे र यी दुवै खराब आत्माले मानिसलाई बेलाबखत दु:ख दिएर ज्यानैसम्म पनि लिने उनीहरूको विश्वास थियो । डोल्मा चाहिं तान्त्रिकहरूकी रहस्यमय देवी थिइन् । उनीहरू तारालाई पनि डोल्मा शब्दले सम्बोधन गर्थे र देवीहरूको प्रशंसामा पनि यही डोल्मा शब्दको प्रयोग हुन्थ्यो ।

त्यो रहस्यमय तान्त्रिक लामा र यसको यात्रादल त्यहाँबाट बाटो लागिसकेको थियो । त्यो बिरामी र उसकी असहाय स्वास्नीको लागि उनीहरू त्यहाँ पर्खेर बस्न सक्दैनथे, यो तिनीहरूको पनि बाध्यता थियो । आखिर सीमित खर्च र साधनमा लामो यात्रामा हिंडेका ती यात्रीहरूले बाटामा देखिने यस्ता दृश्य र परिस्थितिसँग सायद धेरैपल्ट जम्काभेट गरिसकेका थिए । हाम्रो अवस्था पनि तिनीहरूको भन्दा खासै फरक थिएन । अबेर हुँदै थियो र उज्यालैमा बास भेट्टाउने आशा हामीले छाडिसकेका थियौं । धेरै रात छिप्पिएपछिको यात्रा निरापद नहुन सक्थ्यो ।

"हेर्नोस्, हामी पनि बिराना हौं यो ठाउँमा । हामीलाई पनि बस्ती भेट्टाउन ढिलो भैसक्यो, हामी जान्छौं है ।" हामीले अनुमति होइन आफ्नो निर्णय सुनायौं र उसलाई आफूसँग भएका बिस्कुट र अरू केही सुख्खा खानेकुराहरू लिनका लागि आग्रह गऱ्यौं । हामीले दिएका वस्तु लिंदा र हाम्रो निर्णय सुन्दा पनि उसमा कुनै प्रतिक्रिया देखिन मैले, न त उसले मुखबाट कुनै आवाज नै निकाली । उसलाई थाहा थियो त्यहाँ उसको प्रतिक्रियाको कुनै अर्थ थिएन । सँगै आएका आफन्त र आफ्नै गाउँलेले त साथ दिन सकेनन् उसको त्यो विपत्तिमा भने यी त अपरिचित झुलुक्क देखिएका अनुहार मात्र हुन् । यो कुरा ऊ राम्ररी नै बुझ्दथी र मानवीयताको वकालत

त्यो परिस्थितिमा कुनै अर्थ रहँदैन भन्ने ऊ राम्ररी नै जान्दथी । हामीले दिएका सामान राख्ने क्रममा यान्त्रिक रूपमै चलेका उसका हातले झोलाभित्रका सामान बाहिर निकालेर फिँजाउँदा देखिन्थ्यो - चार छमानाजति साम्पा अर्थात् भुटेर पिनेको जौको पीठो बाहेक केही थिएन यात्राका सम्बल !

"कालेजु..." मेरो सहयात्रीले त्यो युवतीकै भाषामा बिदा लियो बस्नुहोस् भन्दै । सायद त्यो भनाइ आफैँमा व्यङ्ग्य बनिरहेको थियो, हामी उससँग उसकै घरमा बिदा लिएजस्तो गरिरहेका थियौं र स्थिति त्योभन्दा बिल्कुलै विपरीत थियो ।

"काले फेब...!" उसको मुखबाट निस्किएका बिस्तारै जानुहोस् भन्ने ती दुई शब्दको बिदाइभित्र मैले अथाह पीडा र भावी अनिश्चितताको स्पष्टै अनुभव गरेथें त्यतिबेला । अहिलेसम्म त जे भए पनि हाम्रो उपस्थितिले उसको भय र असहायपन मेटाउन थोरै नै भए पनि मद्दत गरेको थियो, तर अब....! तर अर्को उपाय पनि थिएन, हामी पनि असहाय नै थियौं त्यो बिरानोमा र आफ्नै सुरक्षाको प्रश्न हाम्रो प्राथमिकता थियो त्यतिबेला !

सूर्यास्त अघि बास फेला नपर्ने आशङ्कामा हामी लामा लामा फड्का गर्दै हिंड्यौं त्यहाँबाट । हामी कुन बाटो कसरी अघि बढिरहेका थियौं त्यसको समेत मलाई कुनै हेक्का पनि रहेन त्यतिबेला । मेरा आँखा अगाडि त्यही बिरामी अनुहार र त्यो असहाय युवतीको सहयोगको याचना भरिएका आँखाकै झल्को आइरहेको थियो । हामी बासको नजिकै पुगिसकेका रहेछौं । त्यो छिप्पिँदै गएको अँध्यारोमा बाटाका छेउछाउ स्थानीय पोशाकमा सजिएका एक दुई मानिस देखिन थालिसकेका थिए ।

"मलाई आशा छ, तपाईंको यो ठाउँको बसाइ सुखद हुनेछ !" हामी लजभित्र पसेर कोठाको व्यवस्था गरेपछि एउटा सुरिलो मधुर स्वरले हाम्रो स्वागत गरेको थियो । आवाजतिर पछ्याएका मेरा आँखा लाल्टिनको मधुरो उज्यालोमा छेवैमा उभिएकी एउटी स्थानीय केटीमा पुगेर ठोक्किएका थिए । स्थानीय लवजको अङ्ग्रेजीमा मेरो स्वागत गर्ने त्यो केटी लजकै कर्मचारी वा स्वामिनी, कोही थिई । सायद त्यो अँध्यारोमा म नेपाली भएको ठम्याउन नसकेकीले विदेशी पाहुना ठानेर स्वागत गरेकी थिई । प्राय: विदेशी पर्यटकको

सेवामा जीविका निर्वाह गर्ने यो सुन्दरीको अभ्यस्त औपचारिकता थियो त्यो, त्यो कुरा सजिलै बुझिन्थ्यो ।

म भने बाटोमा अलपत्र छाडेर आएका ती दुई असहाय जीवकै निरीह आँखा र अनुहारद्वारा निरन्तर लखेटिइरहेको थिएँ । लजकी यो केटीको अभिवादन र कामनासँगै मेरो मनभरि प्रश्न गुञ्जिरहेको थियो- के ती बाटैमा अलपत्र परेका निरीह यात्रीको रात पनि शुभ बित्न सक्ला ? मेरो मन यही प्रश्न र असहाय युवतीका सहयोगमा याचनाग्रस्त काँतर आँखाद्वारा निरन्तर पिछा गरिरहेका थिए, मन अपराधबोधले लखेटिइरहेको थियो ! •

# आफैंसँगको एउटा युद्ध

"ड्याङ्....ड्याङ्...गुडुङ्ङ....!" नजिकै कतै मुटु थर्काउने आवाजले सिङ्गो वातावरण बिथोलिदियो । रात निष्पट्ट अँधेरो थियो । आकाश कालो घना बादलले ढाकिएकोले रात चूक घोप्ट्याएभ्रैं गाढा कालो देखिन्थ्यो । मेघ गर्जनपूर्व यदाकदा मिल्कने बिजुलीले अन्धकारको त्यो कालो साम्राज्यलाई चिर्दै केही बेरका लागि उज्यालो ल्याइदिएर निमेषभर वरिपरिको भूभाग उज्यालिन्थ्यो । त्यो आवाज सुनिएको निकै बेरपछि अहिले फेरि मेघ गर्जिएर बिजुली चम्कियो । उसले त्यो केही बेर अगाडिको आवाज मेघ गर्जंदाको आवाज नभएको अनुमान गऱ्यो ।

अहिले ऊ आफ्नो आश्रयस्थल बाहिर प्रहरी चौकीको नजिकै उभिएको थियो । साथीहरू एक्सनमा भिडिरहेका थिए । अहिले बिजुली चम्कँदाको क्षणिक उज्यालोमा उसले आफू उभिएको ठाउँको निमेषभरमै अल्प निरीक्षण गऱ्यो । उसको आङ सिरिङ्ग भयो- ओहो....एकदमै खुला ठाउँमा पो उभिएको रहेछु ..! कतै बैरीका आँखा परेका भए ? सोचाइको क्रमसँगै ऊ अघि बिजुली चम्कँदाको क्षीण उज्यालोमा देखिएको सानो ढिस्कोतिर छेकिन पुग्यो । हात राइफलको कुन्दामा कस्सिए । अब ऊ कुनै पनि सम्भाव्य घटना र आक्रमणको प्रतिकार मात्र होइन देखा परेमा शत्रुमाथि यमराज बनेर भम्टन समेत तयार थियो ।

उसको कमाण्डमा रहेको त्यो क्षेत्र यता केही दिनदेखि दोहोरो भिडन्तको

युद्धभूमिमा परिणत भएको थियो । कहिले उसका पक्ष र कहिले उसका शत्रुपक्षले गर्ने आक्रमणबाट वर्षने गोलाबारुदको वर्षाले रात प्रायः शान्त-निश्चिन्त निदाउन पाउँदैनथ्यो । केही दिन यता यहाँका हरेक बासिन्दाले यो आवाज सुन्दै आएका थिए- कहिले टाढा...निकै टाढाबाट क्षीण हुँदै आएको सूक्ष्म आवाज ! र, कहिले आफ्नै कानको छेवैबाट छोइएलाझैं चलेको गोलीको मुटु कँपाउने डरलाग्दो विस्फोट !

सुरुसुरुमा यस्तो आवाज सिङ्गै बस्तीमा आतङ्क बोकेर आउने गर्थ्यो । तर्सिएर केटाकेटीको सातो जान्थ्यो, बूढाबूढी अतालिँदै ढ्यामढुम् दैलो थुन्थे । शहरबजार र सदरमुकामको जस्तो झ्याल थुन्ने बाध्यताबाट उनीहरूमध्ये अधिकांश मुक्त थिए । एक-दुईको छाडेर उनीहरूको घरमा झ्याल नै देखिँदैनथ्यो । बाँसको भाटा र झिक्रामिक्रा ठड्याएर माटोले लिपेको फरिकोबाटै उनीहरू गारो बनाएर एक पाखे छाप्रो ठड्याउँथे । घर, महल दरबार जे भने पनि त्यही छाप्रो थियो उनीहरूको शीतताप छल्ने आश्रय । ढोकाको खाँचो घोचा-स्याउला बाँधेर माटो छापेको फरिकोले टार्ने गर्थ्यो ।

त्यही बस्तीको छेवैमा उसले आफ्ना साथीहरूका लागि अस्थायी सेल्टर अर्थात् आश्रयस्थल बनाएको थियो । त्यो आश्रयस्थल रहेको पक्की घर त्यस बस्तीका अन्य घरहरूभन्दा सुविधाजनक देखिन्थ्यो । घर, गाउँकै नेताको थियो । तिनै छाप्रावाल बस्तीका मानिसहरूको पसिनामा ठडिएको त्यो पक्की घर अहिले खाली थियो । घरमालिक नेता त्यस अघि पनि प्रायः राजनीति गर्ने नाउँमा ठेक्कापट्टा समाल्न राजधानी र सदरमुकामतिरै बस्थ्यो । चुनावको बेला भने ऊ त्यता झुल्किने गर्थ्यो । जिल्ला सदरमुकाममा पनि उसको ठूलो बङ्गला छ रे, मोटर छ रे ! परिवार सबै उतै बस्छन्- गाउँले यसै भन्थे । यता आएर गाउँमा सङ्घर्ष बढेपछि त्यो नेताले गाउँ टेक्ने आँट गरेन- घर पूर्णतः खाली नै रह्यो । त्यही खाली घरलाई उसले आफ्नो नियन्त्रणमा लिएर सेल्टर बनाएको थियो ।

केही दिन यता बारम्बार सुनिने त्यो आवाज र आवाजपछिको चिह्लिबिह्लि आफैँमा एउटा आतङ्क सिर्जना गर्न सक्षम थियो । त्यस आतङ्कपूर्ण वातावरणको सिर्जना हुँदा हत्केलामा ज्यान लिएर बढेको उसको मुटुसमेत

कहिलेकाहीं थर्कने गर्थ्यो भने सामान्य गाउँलेको के हालत हुन्थ्यो होला- ऊ आफैंसँग प्रश्न गर्छ । कोठाको सुरक्षित चौघेराभित्र बस्नेका लागि समेत भित्रैसम्म आतङ्कित तुल्याउने त्यो आवाजको आतङ्कप्रभाव अनुमान गर्न उसलाई कठिन पर्दैन । तर पनि ऊ प्राय: आफैंलाई सम्झाइरहेको हुन्छ- आखिर यिनैका लागि त हो यो सङ्घर्ष ! यिनकै लागि हामी पनि प्राण हत्केलामा लिएर सङ्घर्षको मैदानमा होमिएका छौं ! आफ्नै लागि लडेको युद्धमा केही त गुमाउनुपर्छ नै । उसको बौद्धिक मन यो तर्कमा चित्त बुझाउँथ्यो, मुटुभित्रको कोमल मन भने पूर्णत: सहमत देखिँदैनथ्यो, सहजै संशयरहित हुन चाहँदैनथ्यो ।

सुरक्षित ढिस्कोको पछाडि पोजिसन लिएपछि उसले त्यो ठाउँमा कति समय बितायो, गणना गरिरहनुको कुनै अर्थ थिएन । मेघ क्रमश: मलिन हुँदै थियो । रातको निस्तब्धता खलबल्याउँदै नजिकैको बाँस घारीमा चिर्बिराउन थालेका रुवी र अन्य चराचुरुङ्गीको आवाजले सम्भवत: बिस्तारै पूर्व फाट्ने तर्खरमा रहेको सङ्केत दिँदैथियो । यो पूर्वप्रभातकालीन हलुका अँधेरोले आफूभित्र आशापूर्ण सुन्दर बिहानीलाई लुकाएको हुन्थ्यो, जिन्दगीकै निष्पट्ट कालिमा बोकेको पनि हुनसक्थ्यो । उसले सोच्यो-आखिर जुनसुकै सम्भावनाका लागि पनि उसले तयार हुनै पर्छ, उज्यालोको आशामा अँध्यारोकै सामना गर्न परे पनि ऊ आफू हरतरहले तयार छ !

"ए...हान्...! उता....उता....!" ड्याङड्याङ, डुङडुङको बीच आएका निधो नपाइने अष्पस्ट आवाज अरू तीव्र हुँदै गयो । एकपछि अर्को स्वर मिसिएको त्यो कोलाहल केही बेरमै निकै नजिकै आएजस्तो अनुमान गऱ्यो उसले । वातावरण डरलाग्दो कोलाहलमा पूरै डुब्यो । ऊ ढिस्कोमाथि राइफल अड्याएर आवाज आएतिर निशाना तेर्स्याउँदै सतर्क बन्यो, शिकार ढुकेर बसेको शिकारीजस्तै-चनाखो । शत्रुमाथि कुनै पनि क्षण बन्दुकबाट आगो ओकल्न तम्तयार !

"को हुनसक्छन् यी ? आफ्नै साथी त होइनन् .....तर उनीहरू भएको भए प्रकाश सङ्केत फालेर जनाउ दिइसक्थे ! यी पक्कै विपक्षी हुनुपर्छ ।" सोचाइको क्रमसँगै उसका औंलाहरू राइफलको घोडामा दरिलोसँग गडे । तत्कालै केही सोचेर उसले दवाब कम गऱ्यो, यस अवस्थामा फायर गर्नु

आफ्नो उपस्थितिको जनाउ दिनुहुन्थ्यो । उनीहरू ठूलै सङ्ख्यामा भएको अनुमान गर्नु कठिन थिएन । ऊ आफैँले आफ्ना साथीहरूलाई विपक्षीको चर बुझ्न उता परको चौकीतिर पठाएको थियो । तिनै साथीहरू फर्केका पनि हुनसक्थे । त्यसैले यस अवस्थामा लक्ष्य नै नदेखी आक्रमण गर्नु बुद्धिमानी हुँदैनथ्यो ।

केही बेरपछि त्यो आतङ्कपूर्ण स्वर बिस्तारै बन्द भयो । वातावरण शान्त देखियो- भीषण आँधीबेरी पछिको शून्यजस्तै ! घना बादल बिस्तारै छाँटिदै गएर सिमसिमे पानीले वातावरणलाई हल्कासँग भिजाइरहेको थियो । बेलाबेलामा आकाश अझै मिल्किन छाडेको थिएन ।

निकै बेरको त्यो शून्य-शान्ति पछि उसले आफ्नो नजिकै बुटको कर्कश-तीव्र आवाज सुन्यो । ऊभन्दा पचास-साठी मिटर जति पर केही धमिला आकृति देखिए । उसले आँखा गाडेर हेर्‍यो- आठदश मानव आकृतिहरू सतर्कतापूर्वक वरिपरि नियालिरहेका थिए । ऊ एक्लै थियो र उनीहरू सङ्ख्यालाई कम मान्न सकिदैनथ्यो । त्यसमाथि राम्ररी नठम्याइकनै आक्रमण गर्दा आफ्नै साथीहरू पनि पर्नसक्थे । त्यसैले उसले अझै गहिरेर हेर्‍यो । अब उसलाई यकिन थियो ती उसका साथी थिएनन्, सुरक्षाकर्मीका जवान नै थिए ।

ऊ तिनीहरूतर्फ निसाना ताकेर आक्रमणको लागि मानसिक तयारी गर्दै थियो, ठीक त्यसैबेला बिजुली चम्किएर सिङ्गो आकाश र धरती केही निमेष त्यसको उज्यालोमा सर्वाङ्ग नुहायो । राम्ररी निसाना सोझ्याउन समेत नपाउँदै ऊ भुइँमा लडिसकेको थियो । उसलाई एउटा तातो आगोको फिलुङ्गोले आफ्नो शरीर छेडेर पसेजस्तो मात्र अनुभव भयो । तीव्र वेगमा आएको बन्दुकको एउटा गोली उसको तिघ्रालाई छेडेर उछिट्टिँदा ऊ बेहोस भएर लडिसकेको थियो ।

आँखा खुल्दा उसले आफैँलाई एउटा सानो अँध्यारो कोठाको बिछ्यौनामा लडिरहेको पायो । अहिले आफू कहाँ छु भन्ने कुरामा ऊ पूर्णत: अनभिज्ञ थियो । ऊ आफ्नै साथीहरूको सुरक्षित आश्रयमा हुनसक्थ्यो र शत्रुको अभेद्य किल्लामा कैद भएको पनि हुनसक्थ्यो ! त्यही द्विविधात्मक मानसिकतामा उसको मुखबाट पहिलो चेतन प्रश्न निस्कियो- 'म कहाँ छु ?'

"नडराऊ... तिमी सुरक्षित हातामा छौ !" उसको कानमा पर...टाढाबाट आएझैं मधुरो कोमल आवाज पऱ्यो ।

"के भयो मलाई....म किन यहाँ... ?" आवाज आएतिर हेर्ने प्रयास गरे पनि उसका आँखामा अँध्यारो छायो, उसले केही ठम्याउन सकेन ।

"अब तिमी ठीक छौ, आराम गर । तिघ्रामा गोली लागेर धेरै रगत बगेको थियो । त्यसैले तिमी निकै कमजोर भएका छौ !" त्यही मसिनो कोमल आवाज पर...कताकताबाट आए झैं उसको कानमा ठोक्कियो । अब उसले आफूलाई साँच्चिकै कमजोर पायो ।

"धन्यवाद !" उसको मुखबाट मसिनो आवाज निस्कियो र आँखा वरिपरिका दृश्य धमिलिँदै गए- ऊ फेरि अर्धबेहोसीको अवस्थामा पुगिसकेको थियो ।

कति बेला फेरि होसमा फर्कियो, उसलाई कुनै अनुमान थिएन । होसमा आएपछि उसले देख्यो-गुफाजस्तो अँध्यारो कोठाको एक छेउमा विभिन्न आकृति कुँदिएका रङ्गीन मूर्तिहरू सजाइएका देखिन्थे । नाकमा बास्नादार धूपका सुगन्ध ठोक्किइरहेका थिए । कोठाका छेउभित्तामा चहकिला रङ्गमा चित्रित चित्र-थाङ्का र त्यसको अगाडि भुईंमा बिछ्याइएको राढीजस्तै देखिने चटाइमाथि घुँडा मारेर दर्शनरत एउटा प्रौढ आकृति देखियो ! ऊ हेरिरहन्छ, त्यो प्रौढ आकृति दर्शनपश्चात् मूर्ति अगाडि राखिएको एउटा सानो कचौराबाट केही तरल पदार्थ चढाउँछ र हात र आँखा माथि आकाशतिर केन्द्रित गर्दै शान्ति कामनामा मन्त्र गुन्गुनाउँछ-

ॐ मणिपद्मे हुँ.....

ॐ मणिपद्मे हुँ...!

उसलाई अब निश्चित हुन्छ, ऊ त्यही भेगको कुनै स्थानीय बासिन्दाको आश्रय र संरक्षणमा सुरक्षित छ, ऊ जनताको हातमा सुरक्षित छ ।

एक प्रकारले उसलाई त्यस कोठाको वातावरण अलि असजिलो अनुभव भयो । उसको घर पनि परम्परागत नै थियो । उसको घरमा पनि उसका परिवार पूजापाठ गर्ने गर्थे । सानोमा ऊ पनि आमासँगै त्यस्तो काममा रौसिँदै सहभागी हुने गर्थ्यो । पछि जब ऊ आन्दोलनमा लागेर राजनीतिक

रूपमा दीक्षित हुँदै गयो, धर्मका नाउँमा चलेका कतिपय परम्परा शोषणका माध्यम बनाइएको पाएर उसभित्र विद्रोही भावनाको पनि जन्म हुँदै गयो। उसको राजनीतिक सोचले धर्मलाई पूरै निषेध गर्थ्यो, यस भित्रको परम्परागत संस्कारले उसलाई कतिपय अवस्थामा अप्ठ्यारोमा समेत पार्ने गर्थ्यो।

अहिले यस कोठाको वातावरण र आफूलाई आश्रय दिने ती प्रौढको त्यो तन्मयता र पूजालाई उसले चाहेर पनि आलोचना गर्न सकेन। उसलाई लाग्दै थियो अरूलाई हानि गर्दैन भने विरोध नै किन गर्नु ! यसभित्र पनि त कति राम्रा कुरा होलान्, तिनको अभ्यास र अनुसरणले के नै पो बिगार गर्छ र। तर....

"ल...यो खानोस्.... यसले तपाईंलाई फाइदा गर्छ !" उसको सोचाइ र मनभित्रको अन्तर्द्वन्द्वलाई एउटा सुरिलो मधुर स्वरले भङ्ग गरिदियो।

उसको अघिल्तिर एउटी पन्ध्र-सोह्र वर्षकी किशोरी उभिएकी थिई। उसको हातमा एउटा ठूलो बटुको थियो। बटुकोभित्रको पेय पदार्थबाट निस्किएको उष्ण बाफ र सुगन्धले सिङ्गै कोठा मगमगाइरहेको थियो। बटुकोको त्यो पेय पदार्थको सुवासले भन्दा पनि उसलाई त्यो केटीको उपस्थितिबाट कोठै जगमगाएजस्तो अनुभव हुँदै थियो। कोठाको सानो झ्यालजस्तो खोपाबाट भित्र पसेको बिहानको कलिलो घामको किरणले उसको अनुहारको एक पाखो स्पर्श गर्दा ऊ वनकिन्नरीजस्तै लागी उसलाई। अहा...कति अनुपम सौन्दर्य, अलौकिक ! साँच्चि नै सौन्दर्यको भण्डार नै पोखिएजस्तो लाग्यो उसभित्र। आफूभित्र त्यो युवतीप्रति तीव्र सम्मोहनको अनुभव गर्न पुग्यो उसले।

अनेकौं स्वास्नीमानिस देखेको थियो उसले, असङ्ख्य युवतीहरूसँग भेट भएको थियो उसको। उसकै सहयोद्धा युवतीहरू पनि निकै थिए। उसकै कतिपय सहयोद्धाहरू उनीहरूप्रतिको आकर्षणमा डुबेर आफ्नो उद्देश्यबाट पलायनसमेत भएका थिए र कतिजना अनुशासन भङ्ग गरेकोमा उसबाटै दण्डित पनि भएका थिए। उसलाई भने कसैको सौन्दर्यले आकर्षित गर्न सकेको थिएन। आफ्नो उद्देश्यबाट कहिले विचलित भएन ऊ ! यस्तो भावना, यस्तो आकर्षण यसअघि उसमा कहिल्यै पलाएन। ऊ आफ्नै अहिलेको आफ्नै मानसिकताप्रति चकित थियो-के हुँदैछ, यो मलाई ?

"कहाँ हराउनुभयो ? ल..यो तात्तातै खानोस्, फाइदा गर्छ !" युवतीको स्नेहिल आग्रहपूर्ण स्वरले उसलाई भावनाको सन्सारबाट बाहिर ल्याइदियो । आज्ञाकारी बालकझैं तर सतर्कतापूर्वक उसले उनको हातबाट बटुको समात्यो ।

प्रौढ तामाङको अनुभवजन्य जरीबुटीको प्राकृतिक उपचार र उनकी छोरी वनकिन्नरीझैं निर्दोष सौन्दर्यकी स्वामिनी ती युवतीको स्याहारसुसारमा ऊ चाँडै नै तङ्ग्रिएको थियो ।

तिनै किशोरी र प्रौढ आश्रयदाताबाट त्यस परिवारका बारेमा अलिअलि गर्दै जानकारी पाएको थियो-अघिल्लो वर्षको एक साँझ गाउँमा सुरक्षाकर्मीद्वारा आक्रमण भयो । विद्रोहीमाथि गरिएको भनिने त्यस आक्रमणमा पर गोठबाट घर फर्किइरहेकी उसकी आमाको गोली लागेर मृत्यु भयो । भोलिपल्टै उसको भाइलाई सुराकी गरेको भनी विद्रोहीले कब्जामा लिएर मारे ।

"न मेरी आमाको विद्रोहीसँग चिनजान थियो, न मेरो भाइले कुनै सुराकी गरेको थियो । एकपक्षको शिकार भएर आमाले ज्यान गुमाउनुपर्‍यो, अर्को पक्षको अन्यायमा परेर भाइको ज्यान गयो ! भन्नोस् त के अपराध गरेका थियौं हामीले ? हामी त दुवैतर्फबाट मारिएका छौं, लुटिएका छौं । कसलाई आफ्नो ठान्ने !" ती किशोरीको भित्रैसम्म घोच्ने प्रश्नले उसको आजसम्मको विश्वासको जग हल्लाइदियो ।

"भो, नकरा ! बिचरा यी नानी पनि यस्तै अन्यायमा परेका त होलान् नि !" युवतीको पीडामा भिजेको तर आवेशजन्य प्रश्नहरू पछि प्रौढले उसमाथि सहानुभूति प्रकट गर्दै छोरीलाई सम्झाउने प्रयास गरेका थिए । परिवार गुमाउनु पर्दाको तिनका पीडा र आफैंसँग सोधेझैं प्रश्नको आक्रामकता तथा सहानुभूतिले आफू अपराधीको कठघरामा उभिन पुगेको अनुभव भयो उसलाई ।

"नानी, म त केही बुझ्दिन, सरकारसँग लड्ने हाम्रै लागि लडेको भन्छन्, हाम्रै मुक्तिको लागि लडेको भन्छन् । सरकारका सिपाही पनि हाम्रै सुरक्षाका लागि लडेको भन्छन् । सुरक्षा गर्छु भन्ने र मुक्ति दिन्छु भन्ने दुवै थरीबाट मारिने पनि हामी नै भयौं लुटिने पनि हामी नै । ख्वै म त केही केही बुझ्नै सक्दिन !" छोरीको लगत्तै उसमाथि आक्रमण गर्न आएको बाबुको त्यो

निर्दोष तर तीखो प्रश्नले त उसको आजसम्मको आफ्नो विश्वास र दृष्टिकोणलाई नै नराम्ररी खलबल्याई दियो । अनायास खडा भएको त्यो स्थितिबाट बरु उसको अनुहार रगत सोहोरिएर बेसारझैं पहेंलो हुन पुगेको थियो ।

"होइन के भयो, अनुहार पहेंलै देखिन्छ त । कसरी एक्कासि कमजोरी बढ्यो हँ ?" उसलाई नजिकैबाट नियालिरहेकी किशोरी उसको अवस्था देखेर अत्तालिएकी थिई ।

"होइन, केही भएको छैन । सामान्य कमजोरी मात्र हो !" यति जवाफ दिन पनि उसलाई कठिन महसुस भयो । उनीहरूको निर्दोष प्रश्नको जवाफ के हुनसक्छ, ऊ कुनै उत्तर खोज्न सक्दैन । यी घटना गल्तीहरूमा अपराधबोध गर्ने कि ठूलो लक्ष्यको बाटोमा हिंड्दा यस्ता अप्रिय कुरा पनि हुन्छन् भनेर आफ्नो कर्मको औचित्य स्थापित गर्ने ? कुनै निर्क्योलमा पुग्न सक्दैन ऊ । तर पनि अहिले आएर सोच्न बाध्य हुन्छ ऊ- उसको तर्फबाट पनि कतै केही गल्ती भएको छ । उसको होस् वा उसका विरोधीको, वास्तवमा मारमा पर्ने यिनै निर्दोष दलित-उत्पीडत जनता नै भएका छन् । यिनलाई शोषण-उत्पीडन गर्ने पक्ष त उसले आफ्नो आश्रयस्थल बनाएको घरमालिकजस्तै सुरक्षाकवचभित्र नयाँ रणनीतिको तानाबाना बुनिरहेका छन् । मारमा पर्ने त यिनै नहुन्, जो यहीं बसेर बिहानबेलुकीको छाक धान्ने सङ्घर्षमा सिङ्गो जीवन समाप्त गर्छन् । के यही हो त मेरो अभीष्ट ? उसको अन्तर्मनमा काँडाझैं तीखा प्रश्नहरूको पर्रा छुट्छन् ।

ती प्रश्नहरूको तीखो घोचाइमा ऊ त्यो दिनभरि नै छट्पटाइरह्यो । ती किशोरीको अनुहारमा त्यतिबेला देखिएको आक्रोशले भित्रभित्रै छट्पटाएको थियो । उसको मनमा अन्तर्द्वन्द्वको ज्वारभाटा उठेका थिए- माफी माग्दै भनुँ, म पनि तिमीहरूकै दोषी हुँ । तिनैमध्येको एउटा पक्षको जिम्मेवार मानिस हुँ म ! म तिमीहरूले दिएको दण्ड भोग्न तयार छु, मलाई सजाय देऊ ! अथवा उनीहरूसँग आफ्नो गल्ती स्वीकारेर माफी मागुँ ? यो यथार्थ थाहा पाए भने...कस्तो प्रतिक्रिया होला तिनीहरूको ? अहिले जसरी उनीहरूले आफैंजस्तो उत्पीडित ठानेर उसमाथि स्नेह र विश्वास पोखेका छन्, त्यो कायमै रहन

सक्ला ? माफी माग्नेसम्म पनि आँट गर्न सकेन उसले । यही अन्तर्द्वन्द्व र यिनै प्रश्नले ऊ रातभर छटपटाइरह्यो ।

कतिखेर उज्यालो भयो, त्यो पनि उसलाई याद थिएन । रातमा परेको सिमसिमे पानीमा बिहानी पूरै भिजेको थियो । त्यो ओसिलो बिहानीमा ओसिलै मन लिएर उसले त्यहाँबाट बिदा लिने अठोट गऱ्यो । कोठाबाट हिंड्दा राम्ररी खाटा बसिनसकेको घाउ एकपल्ट नराम्ररी चस्कियो । घाउभन्दा बढी चस्किएको मन लिएर ऊ उनीहरूको अघिल्तिर पुग्यो र आर्द्र मनले बिदा माग्यो- 'म तपाईंहरूको गुन कहिल्यै बिर्सने छैन, अब मैले यहाँबाट जानुपर्छ । धेरै धन्यवाद, मलाई बिदा दिनोस् !'

"घाउ राम्ररी पुरिएको छैन, कसरी जान्छौ ? हिजै मात्र पल्लो गाउँमा भएको भिडन्तमा धेरै ज्यान नोक्सान भयो रे ! फेरि पनि त्यस्तैमा पऱ्यौ भने ?" प्रौढ घरबेटीले स्नेहिल स्वरमा भने ।

"केही दिन आराम गरे हुन्न ?" युवतीको आग्रहपूर्ण अनुरोध थियो ।

सुनेर उसले तिनको अनुहारमा हेर्नेसम्म आँट गर्न सकेन ।

"होइन, अब मैले जानै पर्छ । म रोकेर पनि रोकिन सक्दिन !"

ऊ उनीहरूको अर्को आग्रह समेत नपर्खी त्यहाँबाट हिंड्यो ।

जङ्गल छेउको बाटो हिजोको भिडन्तको सङ्घर्षस्थल थियो । लाशहरू जताततै छरिएका देखिन्थे-रूख, बुट्यान, जङ्गल छेउको बगर, र गोरेटाका चारैतिर ! ध्वस्त गाउँ लाशैलाशको बिस्कुन लाग्थ्यो । रगतले भिजेको माटोले आफ्नो प्राकृतिक रङ्ग गुमाएको थियो । गोली लागेका क्षतविक्षत लाशहरूलाई झिंगा र भुसुनाले ढाकेका थिए । टाढैबाट दुर्गन्धले नाक फुट्न खोजेको अनुभव हुँदै थियो । कतै कुनै जीवनको सङ्केत भेटिँदैनथ्यो । ती लाशहरू उसका सहयोद्धाहरूको थियो, अर्को पक्ष भनिने सुरक्षाकर्मीहरूको ! ती मृतकका अनुहार सबै उस्तै थिए-कुन शोषक र कुन शोषित, कुन उत्पीडक र कुन उत्पीडित कुनै भिन्नता देखिंदैनथ्यो । दुवैथरी उसकै गाउँले थिए, छिमेकी थिए र थिए कतिपय शोषित-उत्पीडित समवर्गीय नागरिक, जो बाँच्नुको बाध्यताले विपक्षमा उभिन विवश थिए ।

त्यो दृश्यले उसलाई भाउन्न होलाजस्तो भयो । उसभित्र प्रश्नका

ज्वारभाटा उठिरहेका थिए । ऊ ठम्याउन सकिरहेको थिएन कसको लागि लडिरहेको छ ऊ यो युद्ध ? के ती मर्नेहरूकै लागि होइन ? त्यही पीडित वर्गका लागि होइन ? तर ....तर ती दुवैथरी त लाश बनेर लडिरहेका छन्, दुवैतिरको मारमा ती त गोलीको शिकार बनिरहेका छन् ! तब.....?

केही परबाट आइरहेको लाहुरेजस्तो लाग्ने युवकको हातमा झुण्डिएको रेडियोबाट निस्किएको खबरको सानो अंश उसको कानमा ठोक्कियो-मुलुकमा चलिरहेको जनयुद्ध रोक्न युद्धविरामको घोषणा ! उसको मनमा एउटा नयाँ आशाले जन्म लियो, अब त यो विडम्बनाको सहयात्री बन्नु नपर्ला ! त्यही क्षीण आशामा उसले अज्ञात भविष्यको यात्रामा पाइला चाल्यो ! •

# धरालो

"ए सन्ते !......कहाँ लगिस् बाबुलाई यो जाडोमा !" बाहिर अर्को कम्पाउण्डबाट हुत्तिएर आएको एउटा कर्कसा स्वरले मेरो कर्णभेदन गर्छ। बिहानैदेखि आकाश धुम्मिएर जाडो लागिरहेको छ। आज बिदा भएको हुँदा कार्यालय जाने बाध्यताबाट मुक्त भएकोले पनि बढी अल्छी बनेको छु - ओछ्यान् छाड्न नसकेर। सुतेको सुत्यै शिर उचालेर बिछ्यौना नजिकैको झ्याल खोल्छु। कमजोर प्रकाशका साथै चिसो हावाको सिरेटोले चस्स घोच्छ। भित्तामा ढाड अड्याएर अर्धशयनको मुद्रामा म घाँटीसम्म सिरक तान्छु र शिथिल पल्टिदिन्छु।

यो झ्यालबाट सुतेको सुत्यै बाहिरको दृश्य हेर्न सकिन्छ। यो घर, जसमा म मेरो परिवार लिएर डेरा गरेको छु, बाटोको पूर्वपट्टि पर्छ। बाटोको पश्चिमपट्टि लहरै बङ्गलाहरू बनेका छन्। यस झ्यालको विशेषता छ- यहाँबाट सुतेरै बाहिरको चहलपहल देख्न सकिन्छ। यहाँ तीनथरीका घरहरू देखिन्छन्- जीर्णशीर्ण देखिने पुराना शैलीका कच्ची घर, जुन आफूलाई उभ्याइरहन कसरी सफल भएका छन् भन्ने जान्न अनुसन्धान नै गरिनुपर्ने छ। दोस्रो प्राचीन र अर्वाचीन शैलीको अझ भनौं आधुनिक पश्चिमा शैलीको अपरिपक्व अनुकरण गरिएका मध्यमवर्गीय घरहरू। र, तेस्रो दूबै दूबोको ठूला-फराकिला लन, बगैंचायुक्त साधारण घरजस्ता मोटर ग्यारेजसहितका आधुनिक भव्य र विशाल बङ्गलाहरू !

यी बाहेक एकथरी अर्का पनि आश्रयस्थल यहाँबाट देखिन्छन्- जसमा कुनै गारा र भित्ताहरू देखिँदैनन् । अलि कुनौटो परेको पेटीमा शीतसम्म छेक्ने कुनाकाप्चा र कुनौटाहरू; घरबङ्गलाका कुनौटो परेका छत र त्यसका छेकाहरूका रूपमा देखिने ती आश्रयस्थलमा बोरामा गुँडुल्किएर भुस्याहा कुकुर वा आफूजस्तै अर्को अश्रयहीनसँग टाँस्सिएर गुँडुल्किँदै जाडोलाई चुनौती दिने बालक, किशोर, प्रौढ र वृद्धहरू देखिन्छन् ती आश्रयस्थलहरूमा ! ठूला बङ्गलाभित्र बस्नेहरूले यसरी आफ्नो घरपेटी त के घर नजिकै पनि बसेको देखे भने आफ्ना नोकरचाकर र ढोकापालेहरूद्वारा लखेट्न लगाइहाल्थे । त्यसैले यिनीहरू प्राय: सबै सुतिसकेपछि शीतबाट जोगिन यस्ता ठाउँमा शरण लिन पुग्थे ।

यी यस्ता वर्ग हुन् जसको अस्तित्व न कुनै युद्धबन्दीको सूचीमा पाइन्छ, न कुनै शरणार्थीको फेहरिस्तमा । यिनको विवरण न कुनै नागरिकताको प्रमाण वा निस्सा प्रदान गर्ने राज्य अधिकारीकहाँ भेटिन्छ, न त दलहरूद्वारा सहयोग पुऱ्याउने कार्यकर्ताहरूको सूचीमा । तर मतदाता सूचीमा यी नामहरू पक्कै भेटिनेछन् । बन्द, चक्काजाम र हुलदङ्गा गराउनुपर्दा अग्रपङ्क्तिका लडाकु दस्ताका रूपमा पनि यिनको नाम सूचीकृत भएको हुनसक्छ । यिनीहरूको आश्रयस्थल खुल्ला आकाश र शीतले लफ्रक्क भिजेको चिसो सडकछेउको त्यो आश्रयदाता पेटीलाई पनि मेरो यस कोठा र झ्यालबाट सुतेरै मज्जासँग देख्न सकिन्छ ।

मेरो यस कोठाबाट आँखामा सबैभन्दा पहिला ठोक्किने त्यो घर निकै भव्य छ । अग्ला-अग्ला पर्खालले घेरिएको त्यस ठूलो घरको ढोकामा सधैं खाकी रङ्गको पोशाकमा हातमा दण्डा लिएको मानिस बसेको हुन्छ । ढोकाको भित्रपट्टि छेउमै एउटा डरलाग्दो ग्रेहाउण्ड कुकुर (माफ गर्नुहोस्- त्यो कुकुर होइन; कि त्यो टाइगर हुनुपर्छ कि......!) कहिले बाँधिएको हुन्छ; कि बडो खान्दानी चालमा खुलै आराम गरिरहेको हुन्छ । पर्खालको भित्रपट्टि लनको छेउमा वरिपरि विभिन्न किसिमका फूलका बोटहरू व्यवस्थित रूपमा लगाइएका देखिन्छन् ।

यति बेलाको चिसोमा पनि त्यस भव्य घरको बाहिरपट्टि सडकसँग

जोडिएको पेटीमा पाँच-सात वर्षको सानो केटो बसिरहेको छ । एउटा मैलो काम्लोले बेरिएर बसेको त्यस केटाको जाडो प्वालैप्वाल परेको त्यो काम्लोले छेक्न सकेको छैन भन्ने अनुमान म यहींबाट गर्नसक्छु ।

त्यो दृश्यभन्दा अलग त्यो भव्य भवनको भित्र दूबोको फराकिलो चौर (लन) को वरिपरिबाट घुमेको बाटोमा एउटा ६ वर्ष जति उमेरको एउटा सानो केटोलाई लगभग त्यही उमेरको अर्को बालक तीनपाङ्ग्रे साइकलमा राखेर सकी नसकी घचेटिरहेको हुन्छ । साइकलमा बसेर रमाइलो मानी मानी खेल्ने केटोको शरीर शिरदेखि पाउसम्मै विदेशी उनी स्वेटर र न्याना बाक्ला कपडाले ढाकिएका हुन्छन् । घच्याट्ने केटो छोटो कट्टु र बाँकटे पातलो कमिजमा त्यो शीत र ठण्डीलाई साइकल घचेड्दा स्वत: प्राप्त हुने उर्जाद्वारा परास्त गर्ने असफल प्रयत्नमा हुन्छ । साइकलको फलामे अडेसो र घचेड्ने हत्थाको चिसोले सायद उसका हात ठिहि्याइरहेका हुन्छन्-छिनछिनमा एउटा एउटा हात पालैपालो मुखसम्म ल्याएर मुठी पार्दै ऊ हा....हा...गरेर श्वासको वाफले तताउने असफल प्रयत्न गरिरहेको हुन्छ । ख्याउटे अनुहार, नीला नसा देखिने मसिना हातगोडा- केटो माया होइन दया लाग्दो देखिन्छ ।

"भनेको सुन्दैनस् गधा ! यस्तो जाडोमा किन बाहिर लगेको हैं बाबुलाई ! ठण्डी लागेर निमोनियाँ भयो भने ? त्यति पनि बुद्धि छैन तेरो !" जाडोसँग सङ्घर्ष गर्दै सानो मालिकको बालहठ पूरा गर्न साइकल घच्याट्दा घच्याट्दै सम्भवत: त्यस अगाडि मालिक्नीले हपारेको राम्ररी उसले सुनेको थिएन । आफूले भनेको सुनेर तत्काल आदेशको पालना नगर्नु पनि उनीहरूको दृष्टिमा ठूलै अपराध मानिन्थ्यो । त्यो स्वाभाविक प्रक्रियालाई उसको अपराधका साथै आफ्नो अपमान समेत ठानेकी मालिक्नीले झन् ठूलो कर्कसा स्वरमा गाली गरेको आवाज मेरो कोठासम्मै प्रष्ट सुनिइरहेको थियो ।

"बाबुले कर गर्नुभो ! जाडो छ हुन्न भन्दा मान्दै मान्नुभएन र साइकल चढाउन ल्याएको !" ज्यादै ठूलो अपराध गरे जस्तो तर्सिएको अनुहार र स्वरमा धरालो केटोले जवाफ दियो । ती महिलाको बाघझम्टाइका कारण सम्भवत: उसले त्यो ठिहि्याउने चिसोको घोचाइलाई पनि सके बिर्सियो होला !

"अझ मुखमुखै लाग्छ बजिया । सानो बाबुलाई सर्दी लाग्छ भन्ने थाहा

छैन तँलाई गोरु ? तँ भिखारीलाई भात नपचे जस्तो छ । छिटो भित्र लेरा !" केटाको स्पष्टीकरणले दम्भी महिलाको झूटो अहम्मा सायद चोट अनुभव हुन्छ । त्यसैले उनी उग्रचण्डीको रूपमा निर्दोष बालक केटाको सातो लिन्छिन् ।

साइकल चढेर रमाइरहेको बालक भने भित्र जान मानिरहेको थिएन । मालिक्नीको कोपबाट बच्न उसले आफूभन्दा मोटो त्यो केटोलाई सकी नसकी बोक्यो । आफ्नो इच्छाविपरीत त्यसरी बोकिएकोले सानोबाबु जोडले रोयो ।

"हेर फेरि रुवायो ! राम्ररी हेर्न सक्दैनस् ! केही कामको भर छैन ।" मालिक्नी फेरि च्याँट्टिइन् । केटो अरू तर्सियो, फेरि हिजोअस्तिकै जस्तो आज पनि पिटाइ खानुपर्ने त होइन ? अस्ति मालिक्नीले पिटेको ठाउँमा ऊ अझै दुखिरहेको पाउँछ !

त्यो अरुचिकर दृश्य, घटना र कथित सभ्य-सम्भ्रान्त महिलाको दुर्छे व्यवहार तथा चिड्चिड्याहटपूर्ण स्वर सुनेर बिथोलिएको मेरो मन सिरकभित्र पनि न्यानोपनको अनुभव गर्न सकिरहेको थिएन ।

बिहान चियापसलबाट फर्किंदा प्राय: उससँग मेरो भेट हुने गर्थ्यो । उसले बिताइरहेको त्यो बालजीवनबाट म भित्रभित्रै सहानुभूतिशील थिएँ । त्यसैले म उसँग कुराकानी गर्ने बहानाको खोजीमा हुन्थें । सुरुमा मालिकहरूले देखेर गाली गर्ने सम्भावना देखेर होला ऊ मेरो नजिक पनि पर्न चाहँदैनथ्यो । मैले केही कुरा गर्न खोज्दा समेत डराउने गर्थ्यो । निकै प्रयासपछि ऊ मसँग खुल्न थालेको थियो । पहिले त्यसरी डराउने ऊ कहिलेकाहीं बिस्कुट, चक्लेट किनेर दिंदा खान पनि थालेको थियो । बिस्तारै ऊ मलाई आफ्नै मान्छेजस्तो ठान्न थालेको थियो र आफ्ना कुराहरू खण्डखण्डमा अलि अलि बताउने गर्थ्यो ।

काठमाडौंबाट पश्चिमको एउटा तामाङ बस्तीमा जन्मेर हुर्केको त्यस केटाले गाउँमा पनि अभावमै शैशव पार गऱ्यो । बाबुआमा भूमिहीन थिए । जग्गाजमिन पहिल्यै साहूमहाजनको हातमा पुगिसकेको थियो । गाउँघरमा ज्यालामजुरी, ढिकी-जाँतो गरेर मुस्किलले प्राण धान्थे । ऊभन्दा जेठो दाजु चौध-पन्ध्र वर्षको उमेरमा घर छाडेर हिंडेको, कुनै पत्तो छैन । ऊ भन्दा मुनि

एउटा भाइ र एउटी बहिनी छन्- चार र छ वर्षका । ऊ आठवर्ष जतिको भयो ।

"ए कान्छा ! यो आइतेलाई शहर पठाउँछस् ? हेर ठूलो घर फेला परेको छ ! मालिक राजनीतिमा छन्, मालिक्नी बालसंगठन हो कि के हो को अदेछे छिन् अरे ! एउटै छोरो छ सानो; त्यसकै धरालो लागे पुग्छ ।" ऊ सम्भन्छ एकदिन शहरमा काम गर्ने छिमेकी जेठाबाले यस्तो प्रस्ताव ल्याए ।

"सानै छ ! यो कलिलै बालोपनमा धरालो पठाएर के गर्नु, मन मान्दैन । आमाचाहिं पनि भोकै भए पनि सँगै राख्नुपर्छ भन्छे !" बाबुले त्यो प्रस्ताव सुनेपछि यकिन गर्न सकेका थिएनन्, के गर्ने भनेर ।

"हेर कान्छा, याँ राखेर यै हो ! एक छाक टम्म ख्वाउने तेरो सामर्थ्य छैन । बरु उता पठाइस् भने पछि मान्छे बन्छ यो । खानलाउन राम्रो पाउँछ, पढाइदिन्छु भनेका छन् । फेरि यसले ठूलो काम गर्न पर्ने पनि त होइन । यसकै उमेरका जस्ता छन्, तिनै सानो मालिकलाई खेलाउने ख्वाउने त हो !" छिमेकी जेठाबाले आकाश पाताल देखाएर सम्भाएपछि बाबुले मन मारेर पठाउने निर्णय गरेका थिए । आमालाई पनि उनैले मनाएका थिए ।

ऊ शहर हिंड्ने बेलामा उसकी आमाले मुटु निचोरेर रोएको ऊ कहिल्यै पनि बिर्सन सक्तैन भन्थ्यो । त्यति बेलाको कुरा सुनाउँदा उसका आँखामा टिलपिल आँसु जम्थे र त्यो देखेर म स्वयं द्रवित हुन पुग्थें ।

"नपठाऊ भन्दा मान्दैनौ, यस्तो मुटुको टुक्रोजस्तो कलिलो मुनो कसरी बस्ला अर्काको घरमा चाकरी लागेर ! बालकैमा टुहुरो हुने भयो, बाबुआमाको काख छुटेर !" त्यतिबेला बिदाइको बेलामा आमाले मुटु फाटिने गरी रोएकी सम्भन्छ ऊ ।

"के गर्छेस् त बाबै ! यहाँ जूठोचूल्हो, ज्यालामजुरी गरेर छाक टार्न मुस्किल छ । शहराँ गएर दुईचार अक्षर मात्रै पढ्न सिक्यो भने पनि त यसको जिन्दगी बन्ला ! फेरि मालिक मालिक्नी असाध्यै दयालु छन् रे ! स्कुलाँ हालेर पढाइदिन्छु भनेका छन् रे ! धेरै पीर नगर, बेलाबखत गएर भेटौंला नि ! धिर्जे राख बाबै धिर्जे !" बाबुले धेरै सम्भाएको थियो त्यतिखेर ।

ऊ सम्भन्छ त्यसरी बाबु आमाको न्यानो मायालु काखबाट चुँडिएर

ऊ यस घरमा भित्रिएको थियो, एक वर्ष अगाडि । आएदेखि उसले बाबुआमाको अनुहार देख्न पाएको छैन । शहर आउने खर्च जुटाउन नसकेरै उनीहरू नआएका हुनुपर्छ- ऊ अनुमान गर्थ्यो ।

स्कुल पठाउने कुरा त परै रह्यो, परिवारका मालिक मालिक्नीबाट उसले बालोचित मीठो बोली बचन र व्यवहार समेत पाउन सकेन । जूठोपुरा र पुल्पुलिएको कुकुरलाई ख्वाएर बचेको मात्र उसको भागमा पर्थ्यो । उसका कुरा सुनेर मेरो समेत मुटु निचोरिन्थ्यो, तर गर्न नै के सक्थें र म !

उसको त्यो स्थिति र पढ्ने इच्छा देखेर मैले आफू पढाउने गरेको साधारण स्कुलमा भर्ना गरेर पढाइदिने विचार गरेको थिएँ । त्यो कुरा उसले मालिक्नीसँग भनेछ ।

"के को स्कुल जाने ! पर्दैन, तँलाई दिनभर स्कुल पठाएर पेटभरि ख्वाउन कहाँबाट सक्नु !" मालिक्नीले त्यो कुरा सुनेपछि काँचै खाउँलाभ्रैं गरेकी थिइन् रे !

"अहिल्यै के हतार त ! पख् न अर्को वर्ष पढ्न पठाइदिउँला !" मालिकले पूरा नहुने आश्वासन दिएका थिए रे त्यतिखेर ।

त्यस भव्य महल भित्र बिहानै त्यो केटाले पाएको खप्की र व्यवहारले म दिनभर बिथोलिएको थिएँ । घरिघरि त्यस केटोबाट सुनेको उसको जीवनकथाका तीता सत्यहरू अंशअंशमा सम्झिएर मेरो मन भन्नै अमिलिइरहेको थियो ।

बेलुकी खाना खाएर टेलिभिजनको खबर हेर्न बस्छु । समाचार दृश्यमा तिनै कथित सम्भ्रान्त परिवारका मालिक मालिक्नीको दृश्य ठोक्किन्छ । आज बाल दिवस- उनीहरू बाल दिवसकै सन्दर्भमा आयोजित कार्यक्रममा अतिथि बनिरहेका हुन्छन् ।

"प्रत्येक बालबालिकाले जन्मेपछि उचित लालनपालन र शिक्षादीक्षा पाउनु पर्छ । हाम्रो समाजमा बालश्रम र बालशोषण तीव्र गतिमा बढिरहेको छ । त्यसको विरुद्धमा गरिने हर प्रकारको सङ्घर्षमा तपाईंहरूले हामीलाई पनि साथै पाउनु हुनेछ । यहींबाट म सबैलाई अपील गर्छु, बाल अधिकारको रक्षामा हामी एक जुट होऔं !" टेलिभिजनको समाचारमा तिनै मालिकको

भाषण प्रत्यक्ष प्रसारण भइरहेको छ । बाल अधिकारको प्रवक्ताका रूपमा अतिथि बनाइएकी उनकी पत्नी गलाभरि स्वागतको माला र छातीभरि ब्याज टाँसेर उनकै छेउमा गर्वले मुस्कुराइरहेकी छन् । त्यो दृश्यले मलाई वाक्वाकी लाग्छ- कसरी बाँच्न सक्छन् यिनीहरू दोहोरो व्यक्तित्व ओढेर !

म कल्पना गर्छु- त्यो बाल धरालो पनि अहिले यही समाचार हेरिरहेको भए के सोच्दो होला ? ऊ बुझ्दैनहोला, उसका मालिक के भनिरहेका छन् ? किन ऊ त्यस घरमा धरालो बनेर बाँच्नु परिरहेको छ, किन सानो बाबुसँगै स्कुल गएर पढ्ने उसको इच्छा सपनामा मात्र सम्भव भएको छ ? ऊ: यति मात्र बुझ्दो होला- आफ्नै उमेरका बालक भएर पनि सानो बाबु मालिक हुन् र ऊ नोकर ! उनीहरू दुईको अधिकार पनि एउटै छैन, अलग अलग छ ! त्यसैले ऊ ठान्दोहोला- मालिक यतिखेर समाचारमा उसको होइन आफ्नै छोराको अधिकारको कुरा गरिरहेका छन् ! •

# झुमा

"कति बेला पुगिएला ?"

"साँझसम्म पुगिन्छ, सरासर जान पाइयो भने !"

"किन, सरासर जान नपाइने के कुरा छ र ?" उसको कुरा बुझिन मैले र खुट्टा रड्किने गेग्रान बाटोमा सतर्कतापूर्वक पाइला चाल्दै जिज्ञासा राखें ।

"बाटो ठाडै उकालो छ, यो ठाउँमा लेक पनि लाग्छ !" उसको स्वरको गम्भीरताले ममा केही डर उब्जाइदिएको थियो- कतै लेक लागेर थला परिने त होइन ? त्यस्तो भयो भने त समस्यै हुन्छ । यो निर्जन ठाउँमा कसरी बिताउने रात; साँझ पनि त झर्ला झर्लाजस्तो भइसक्यो ।

नजिकै खैरा पहराहरू र तिनको पृष्ठभूमिमा पर.. निकै पर हिमाच्छादित प्राकृतिक पर्खालले घेरिएको यो भूभाग पूरै रहस्यको कुहिरोमा ढाकिएजस्तो लाग्थ्यो । यो दृश्य जेम्स हिल्टनको उपन्यास लस्ट होराइजन- हराएको क्षितिजको साङ्ग्रिलाजस्तै लाग्दै थियो; अनौठो रहस्यको घुम्टोभित्र लुकेको भूभाग, बौद्ध भिक्षु र आम्चीहरूको क्रीडाभूमि !

प्रकृतिको आफ्नै भाषा छ, यसलाई सम्पूर्णमा बुझ्न भलै म आफू असमर्थ रहुँ ! ती जो लामो समयदेखि नीरवताको एकान्तमा जीवन बिताइरहेका छन्, यो प्रकृतिलाई आफ्नो अन्त:चेतनाबाट बुझ्छन् र केही भए पनि प्रकृतिको त्यो भाषा र रहस्यलाई पहिल्याउँछन् सायद !

सुविधासम्पन्न राजधानीबाट यो एकान्तको साङ्ग्रिलामा केही काल बिताउन यात्रारत म, यो ठाउँ र प्रकृतिको रहस्य-रोमाञ्चबाट अभिभूत बन्दै थिएँ। आकाशमार्गको सुविधाजनक यात्रा सकेर विमानस्थलमा एकजना भरियाको व्यवस्था गरेपछि सुरु भएको थियो मेरो यो रहस्यभूमिको रोमाञ्चपूर्ण यात्रा।

"उकालो चढेपछि माथिको भञ्ज्याङमा एउटा छोर्तेन भेटिनेछ, त्यहाँबाट पश्चिमतिरको बाटो छोडेर हामी पूर्व लाग्नुपर्छ। आज त बाटैमा बास पर्ला, भोलि साँझ नभै हामी पुग्न सक्दैनौं" मेरो सहयोगीले पहिले नै मलाई जनाउ दिइसकेको थियो। तर बाटोमा सानातिना पहाडका धेरै टुप्पा-टाकुराहरू पार गरिसक्दा पनि त्यो छोर्तेन अझै देखापरेको थिएन। बाटाछेउका भञ्ज्याङहरू एक पछि अर्को गर्दै पार भइसकेका थिए। ती भञ्ज्याङहरूमा स्थानीय बटुवा र टाढाटाढाबाट आउने यात्रीहरूले आफ्नो थकाइ मेटाउन भनी चढाउँदा चढाउँदै चुलिएका शिलाशिखर डो-छोड भने यत्रतत्र देखिएका थिए। अन्यत्र पनि देखेको थिएँ मैले बटोहीहरूले उकालोको टुप्पोमा थकाइ मेटाउन चढाएका यस्तै ढुङ्गाहरू। यात्रीहरूले आफ्नो थकाइ र विघ्नबाधा मेटाउन चढाएका ती डो-छोड, जुन शब्द तिब्बती भाषाबाट बनेको हुनुपर्छ, पार गर्दै गएका थियौं हामीले। मेरो सहयोगीले अगाडि भनेको त्यो छोर्तेन भने अझै देखापरेको थिएन।

केही बेरपछि हामी उकालोको त्यो बिन्दुमा पुग्यौं जहाँबाट सिङ्गो उपत्यका देख्न सकिन्थ्यो। त्यसको मध्यभागबाट चरक्कै चिरेर बगेको हिमनदीको किनारामा थुपुक्क बसेको विमानस्थल प्रष्टै देखियो- जुन विमानस्थललाई हामीले बिहानै छाडेका थियौं। हामीभन्दा तल...निकै तल प्राकृतिक शिलाभित्तीझैं ककारो छेडेर गर्जनासहित नदी बगिरहेको देखिन्थ्यो साँघुरो गल्छी हुँदै।

यो मार्ग तीर्थयात्रा र पर्यटक पैदलमार्ग पनि भएकोले प्रायः यति निर्जन देखिंदैन रे, तीर्थ र पदयात्राको अनुकूल मौसममा। भर्खरै तीर्थ र पदयात्राको मौसम सुरु भएकोले अहिले यात्रीहरू फाटफुट मात्रामा आउन थालेका छन्, मेरो यो स्थानीय सहयोगीले सुनाएको थियो।

त्यो एकलास बाटोको शून्यतालाई पर...टाढाबाट आएको घण्टीको टिङ्...टिङ्...आवाजले तरङ्गित बनाइदिएपछि उसको भनाइले पहिलो प्रमाण दिएको थियो- हो बाटोमा हामी मात्रै छैनौं, हामीजस्तै अरू पनि यात्रामा छन् । घण्टीको त्यो एकोहोरो भए पनि शून्यमा प्रवाहित मधुर आवाजले सिङ्गो वातावरणलाई नै सङ्गीतमय बनाइदिएको भान हुन्थ्यो- घाँटीमा बाँधिएका घण्टीहरू बजाए हिंडाइको गतिमा घोडा-खच्चरहरूको लाम हामीतिरै आउँदै गरेका देखिए, पर घुम्तीमा । हामी हिंड्दा यो यात्री-लामको कुनै सङ्केत थिएन विमानस्थलमा । सायद हामीभन्दा निकै पछाडि हिंडेको हुनुपर्छ तिनीहरू । तिनको आगमनले एउटा अनुमानको ढोका भने खोली दियो- सायद बस्ती अब टाढा छैन । टाढा हुँदो हो त बास नपाइने गरी ती स्थानीय मानिसहरू समय भिड्क्याएर पक्कै हिंड्दैनथे ! अब यसले भनेको टाकुराको छोर्तेन धेरै टाढा छैन, पुगेपछि त्यहाँ कुनै न कुनै आश्रय फेला पर्ला नै ।

"दाइहरू कताबाट होला ?" घण्टीको एकनास तर मधुर आवाज नजिक आउँदै थियो र हाम्रा थाकेका पाइलाहरू सकी नसकी उकालो चढ्दै थिए । ती अभ्यस्त यात्रुको गति हाम्रोभन्दा निकै तीव्र थियो, केही समयमै त्यो लाम हामीलाई उछिनेर अघि बढ्दै गयो । त्यही लामको पुच्छारतिरबाट आएको एउटा मीठो सुरिलो आवाजले पहिले त मलाई विस्मित तुल्यायो । अहिलेसम्म बाटोमा भेटिएकामध्ये कसैले यस्तो जिज्ञासा राखेका थिएनन् ।

ठीक मेरोपछाडि बौद्धभिक्षुणीको पोशाकमा आँखामा एउटा गहिरो आकर्षण बोकेकी युवती आइरहेकी थिई । गाढा कलेजी अर्थात् मरुन रङको मजेत्रो र त्यही रङको मुख्य अङ्गवस्त्रभित्र पहेंलो रङको बाँकटे भोटोको पोशाक अर्थात् तेङ्गोमा सजिएकी त्यो सुन्दर युवती मतिरै लक्ष्यित हुँदै निर्दोष जिज्ञासा राखिरहेकी थिई । ढल्दो यौवनको रक्तिम आभायुक्त कोमल सूर्यप्रकाश उसको चढ्दो यौवनपूर्ण गोरो अनुहारमा अनुपम आकर्षण थपिरहेका थिए । दुवै ओठ सम्मोहनयुक्त मिठास छर्दै हाँसिरहेका थिए । तिब्बती शैलीको त्यो मीठो सुरिलो आवाज त्यही हिमकन्याजस्तै लाग्ने जीवित सौन्दर्यको रसिलो ओठबाट निस्किएर मेरो कानसम्म सम्मोहन छर्न आइपुगेका थिए ।

मैले अवाक् उसका अनुहार हेरिरहें । छरितो पातलो शरीर, हाँसिरहेका

चम्किला पानीदार आँखा, घामको लालिमाले सिन्दूर हालेजस्तो लालिमायुक्त हिउँरङको अनुहार र त्यसको बीच गालाका दुवैपट्टि पाकेका कास्मिरी स्याउझैं रक्तिम आभायुक्त फक्रँदो जवानी, त्यो किशोरी केटीको भिक्षुणी पोशाकले उसमा झनै आकर्षण थपेको थियो । हिमपरीझैं त्यो केटीका आँखामात्रै होइन सिङ्गो अनुहार अझै सुन्दर फूलझैं मुस्कुराइरहेको थियो । त्यो मुस्कानसँगै ओठका बीचमा टलक्क टल्किइरहेका थिए सेता दन्तलहरहरू- यही उपत्यकापारिका सेता हिमशृङ्खलाहरूजस्तै ! आधुनिक सौन्दर्य प्रसाधन र सिङ्गारपटारको कुनै कृत्रिम हस्तक्षेप देखिँदैनथ्यो उसको त्यो प्राकृतिक सौन्दर्यमा !

"तपाईं.....तपाईं पनि लोमान्थाङ जाँदै हुनुहुन्छ कि ?" निकैबेरको त्यो असमन्जसता पश्चात् मेरो मुखबाट आवाज निस्कन सकेको थियो ।

"हो, म त्यहींको गुम्बामा बस्छु !" उसको छोटो उत्तर थियो ।

"तिमी एक्ली केटी, यसरी हामीसँग हिंड्दा डर लाग्दैन ?" उसका सहयात्रीहरू निकै अगाडि पुगिसकेका थिए । पछाडि हामी दुई मात्रै थियौं, मेरो भरिया पनि हामीभन्दा केही अगाडि थियो । निकैबेरको कुराकानीमा मैले उसलाई खुला दिलकी र आफूसँग खुलेर बोलिरहेकी पाएपछि त्यो युवतीलाई सोधेको थिएँ । यो प्रश्न सोध्दा म आफैंलाई पनि असजिलो नलागेको होइन- कतै अन्यथा लिने त होइन उसले यो प्रश्नलाई !

"किन डराउने ?" उसको सरल र निर्दोष प्रतिप्रश्नले म त्यतिबेला नाजवाफ बन्न पुगेको थिएँ ।

महझैं उसको मीठो बोली र निश्छल प्राकृतिक हिमाली सौन्दर्यको मोहनीयुक्त आकर्षणले म उसलाई पछ्याउन सकिनसकी आफ्नो गति बढाइरहेको थिएँ । छरितो शरीर, हाँसिरहेजस्ता चमकपूर्ण पानीदार आँखा, हिउँरङको गोरो अनुहारको बीच गालाका दुवैपट्टि पाकेका कास्मिरी स्याउझैं रक्तिम आभायुक्त फक्रँदो जवानीकी त्यो आनीको छरितो हिंडाइको गतिलाई भेट्न मलाई हम्मेहम्मे परिरहेको थियो । निश्छल प्राकृतिक हिमाली सौन्दर्यको मोहनीयुक्त आकर्षणले म तानिइरहेको थिएँ सायद । ऊ भने हिमाली कस्तुरी मृगको पाठोको चालमा हिंडिरहेकी थिई । उसको बिजुली चाल र मिजासिलो, मधुर व्यवहारले म मात्र होइन उसलाई देख्ने जो कोही यसरी नै आकर्षित

हुन्थे होलान् ।

लोमान्थाङको कठिन उकालोमा फुर्रफुर्र यताबाट उता उडिरहेको पुतलीजस्तै छरितो गतिमा हिँडिरहेकी उसलाई देख्दा त्यतिबेला साँच्चिकै हिमकन्या वा पर्वतराज हिमालयकी छोरी पार्वतीजस्ता पुराना कथाका सौन्दर्य विम्बहरू आफ्नो अगाडि साकार अनुभव गरिरहेको थिएँ म ! त्यो दृश्यले मलाई बारम्बार किरातपुरुष महादेवलाई रिझाउने किशोरी हठमा तपस्यारत स्वस्थानीकी सुन्दरी पार्वतीको काल्पनिक विम्ब यथार्थमा मूर्तिकरण भएको त होइन भन्ने भान दिलाइरहेथ्यो ।

"यो लाउँलाउँ खाउँखाउँ भन्ने उमेरमा कसरी बस्नसक्नुहुन्छ तपाईं गुम्बामा ! अरू केटीहरूले जस्तै बिहेबारी गरेर घरजम गर्ने रहर लाग्दैन ?" उसको खुलापनले यो प्रश्न गर्ने आँट दिएको थियो मलाई ।

"लाग्छ नि, किन नलाग्नु । तर के सबै मानिसले आफूले चाहेको सबै कुरा पाउँछन् र ? सातआठ वर्षकै उमेरमा बाबुआमाले गुम्वा पठाइहाले, अब त यहीं बसेर भगवान्को सेवा गर्नेबाहेक अरू कुरा चाहेर पनि पाइने होइन !" उसको आवाजमा भित्र कता कता पीडा लुकेको थियो । उसबाटै थाहा पाएको थिएँ मैले- उसको समाजमा जेठी छोरी र माहिलो छोरालाई सातआठ वर्षकै उमेरमा गुम्बा पठाउने परम्परा छ । छोराहरू राम्ररी पढेर लामा, पुरोहित बन्थे, उनीहरू गुम्बाको सरसफाइ र हेरचाहलाई नै भगवान् सेवा ठानेर जीवन बिताउन बाध्य बन्थे । धनी बाबुआमाले यो चलन बिस्तारै छाड्दै गए पनि उसकाजस्ता गरीब बाबुआमा गरीबीको बाध्यताका कारण पनि यो परम्परा धानिरहेका थिए । यो आनीजस्तै हजारौं आनी र झुमाहरू नारीसुलभ पतिपुत्र सुखलाई छातीभित्रै लुकाएर कथित मुक्तिको सपना देख्दै जीवन बिताउँछन्, उसको कुरा सुनेर मैले यस्तै नमीठो अनुभव गरेको थिएँ ।

हामी सँगसँगै बाटो लाग्यौं । बिस्तारै सूर्य डुब्दै थियो, अँध्यारोले आफ्नो साम्राज्य फैलाउँदै थियो । अझै केहीबेर उकालो लागेपछि तिनै हिमकन्याले पर माथि अँध्यारोतिर देखाउँदै भनिन्- "अब बास धेरै टाढा छैन ।"

उनले देखाएतिरै मैले पनि आँखा गाडेर हेरें । नभन्दै पर...उकालोको

मोडमा केही घरजस्ता आकृति देखिए। बस्ती आइपुगेको आशामा हिंड्दा हिंड्दा सुन्निएका खुट्टाका दुःखाइ भुलेर हामी अघि बढ्यौं।

घुर्मिलो अँध्यारोले हामीभन्दा तलको सबै उपत्यकालाई आफूभित्र लुकाउँदै थियो।

बस्तीमा पुगेपछि त्यही केटीले एउटा होटेलजस्तो सानो लजभित्र हुली हामीलाई।

"ओहो, भुमा...!" होटेल पुग्नासाथ एउटा महिला स्वरले उसको स्वागत गऱ्यो, "धेरैमा आयौ त !"

"हो निनी, लामै बसें तल गुम्बामा। अहिले माथि जान हिंडेकी, बाटामा यी पाहुना फेला परे। मैले त यहीं ल्याएँ। कोठा खाली छ कि छैन !" ती दुईको कुराले लाग्थ्यो उनीहरू राम्रै परिचित थिए, अझ उसको सम्बोधनले उनीहरू नातेदारसमेत भएको सङ्केत दिन्थ्यो।

"मिलाउनुपर्ला नि, तपाईहरू यहाँ आराम गर्नोस्।" उनले एउटा टेबिल र मेच देखाउँदै भनिन्। बाहिरको कठ्याङ्ग्रिने जाडो घरभित्रको उष्माले केही घटेको अनुभव भएको थियो। टेबिलमुनि तलैसम्म गम्लङ्ग बाक्लो कम्बलले छोपेर भित्र मज्जाले आगो बालेको त्यो स्थानीय ताप प्रणालीले जीउमात्रै नभएर सिङ्गो कोठा नै तताइरहेको थियो। निर्देशनअनुसार कम्बलभित्र खुट्टा छिराएर बसेको केहीबेरमै सबै शरीर तात्यो- टेबिलमुनि राखिएको आगोको भुङ्ग्रोले प्राकृतिक हिटरको काम गरिरहेको थियो।

"ल...यो पानीमा खुट्टा डुबाएर बस्नोस्, सन्चो हुन्छ !" तिनै भुमाले एउटा बाटामा तातोपानी लिएर आइन्।

"यसको किन आवश्यकता पऱ्यो, मलाई त पूरै सन्चो भैसक्यो।" टेबिलमुनिको तातोमा अघिको जाडो र खुट्टाको दुःखाइ कम भई सन्चो अनुभव गरिरहेकोले मैले त्यसको आवश्यकता नरहेको बताएँ।

"किन, हामीले भनेको गर्न नहुने भएर हो कि, नत्र त हिंडेर फुलेका गोडालाई यसले राम्रै गर्छ नि !" उसको मीठो ठुस्काइ र स्वरभित्रको आग्रह मात्रै होइन त्यो उपचार साँच्चिकै उपयोगी हुने ठानेर उसको आदेशअनुसार नै गरेको थिएँ मैले। यो केही समयमात्रै अघिदेखि परिचित सुन्दरी भुमाको

आदेशभित्र मीठो आग्रहमा मलाई साँच्चिकै आफ्नै प्रियजनको झल्को अनुभव भएको थियो । केही क्षणको सहयात्री एउटा अपरिचित यात्रीप्रतिको उसको यो व्यवहार स्वाभाविक थियो वा अस्वाभाविक म छुट्याउन सकिरहेको थिइन । यो उसको मानवीयता प्रेरित स्वत:स्फूर्त सेवाभाव हुनसक्थ्यो र पारिवारिक जीवनको अतृप्त चाहको परोक्ष तुष्टि प्राप्त गर्ने तरिका पनि ! उसको त्यो आत्मीय व्यवहारबाट भने म अभिभूत बन्दै थिएँ ।

म उसको बोलीबचन, फर्स्याइलो व्यवहार मात्र होइन, परोक्षमा उसको आकर्षक हिमाली सौन्दर्यप्रति समेत आकर्षित थिएँ सायद । मेरा दृष्टि मौका पाउनासाथ उसैलाई पछ्याइरहेका हुन्थे र उसका आँखा पनि एकोहोरो मलाई नै हेरिरहेको पाएर म आफैं आश्चर्यमा परेको थिएँ । उसको आँखामा ममा स्नेह, आशक्ति वा आफन्तको खोजी के थियो, म छुट्याउन असमर्थ थिएँ । ऊ घरि होटेलवाल्नी महिलालाई सघाइरहेकी हुन्थी, घरि हामीकहाँ आएर हाम्रा जिज्ञासा शान्त गरिरहेकी हुन्थी ।

म देखिरहेको थिएँ, ऊ अघिदेखि नै लज मालिक्नीलाई खाना बनाउन सघाउँदै थिई । एउटी भिक्षुणी त्यसरी अर्कोको भान्छामा पसेर खाना बनाइरहेकी देखेर मलाई अनौठो पनि लागेको थियो- के सम्बन्ध छ यिनको बीचमा ?

"नाताले हामी फुपू भदै पर्छौं ।" उसले पछि सुनाएकी थिई । मुस्ताङको हिमालपारिस्थित छोसेर गाउँको वृद्ध घटे गुरुङकी जेठी छोरी ऊ अहिले लोमान्थाङको एउटा गुम्बामा किशोरी भक्तिनी अर्थात् आनी बनेर जीवन बिताइरहेकी थिई । सुरुमा गुम्बा पस्दा सात आठ वर्षकी उसलाई त्यसको कुनै अर्थ थाहा थिएन । पछि जब बाबुआमा, दाजुभाइ, दिदीबहिनीहरूको सान्निध्यबाट टाढा भएको अनुभव गर्दै गई, तब आनी बन्नुबाट गुमाउनु परेको मूल्यबारे पनि थाहा पाउँदै गई । अझ जवानीको सँघार टेकेपछि आफ्ना समवयी सँगीहरू लोग्नेको अँगालोभरिको मायामा बाँधिदै गएको देख्न थालेपछि आफूले गुमाउनुपरेको अर्को मूल्यवान् अनुभव र तृप्तिबारे अरू परिचित बन्दै गई ।

"सम्झौताबाहेक अर्को उपाय पनि त थिएन" उसको यो स्वीकारोक्तिमा ठूलो कुरा गुमाउनुपर्दाको पीडा स्पष्ट अनुभव गर्न सकिन्थ्यो । निश्चय नै

लाउँलाउँ खाउँखाउँको यो उमेर र पुरुषप्रति समर्पणको चाहना हुने यो प्राकृतिक चाहनाको वयसन्धिमा गुरुको नियन्त्रणभित्र शील धर्ममा बाँधिएको पूर्ण सन्त्रस्त जीवन बिताउनुको बाध्यता उसले बाहेक अरूले कसरी अनुभव गर्न सक्थ्यो र ! यौवनको रसभोग गर्ने उमेरमा गुम्बाको रेखदेख, सरसफाइ र पूजापाठमा सिङ्गो जीवन बिताउनुको अन्तरपीडा मेरो अनुभवको सीमाभित्र पर्दैनथ्यो ।

"खाना कस्तो लाग्यो ? मीठो भएन कि ! घरमा आफ्नो मान्छेले बनाएको जस्तो मीठो त के पो हुन्थ्यो र होइन त ?" ऊ मीठो ठट्टा गर्न पनि जान्दी रहिछ, मेरो लामै समयको मौनलाई चिर्दै गरेकी उसको त्यो कुत्कुती लगाउँदो मीठो ठट्टामा म मज्जैसँग मन खोलेर हाँसिदिएको थिएँ ।

"तपाईजस्तो हेरिरहुँजस्तो लाग्ने सुन्दर मान्छेको मीठो हातले ख्वाएको खाना किन मीठो नलागोस्, मलाई त अमृतै लाग्यो !" सम्भवतः उसको त्यो औपचारिक तर केही ठट्टा मिसिएको प्रश्नमा मैले पनि केही ठट्टै मिसाएर जवाफ दिएको थिएँ । मेरो त्यो जवाफले उसको आँखा खुसीका साथै स्त्रीसुलभ लज्जाको मादकताले धपक्कै बलेका थिए । भिक्षुणी नै भए पनि ऊ एउटी स्वास्नीमान्छे थिई, हरेक स्वास्नीमान्छेमा हुने पुरुषप्रतिको स्वाभाविक आकर्षण घरायसी कामप्रतिको लगाव उसमा पनि थियो । स्वास्नीमानिसहरू आफ्नो सेवाबाट अरूलाई तृप्ति खुसी पारेर आफू पनि एकप्रकारको तृप्ति पाउने गर्छन् । त्यो आनन्द गृहस्थ स्वास्नीमान्छे आफ्ना लोग्ने, छोराछोरी र परिवारको सेवाबाट प्राप्त गर्छन् । प्रायः सधैं गुम्बामा भिक्षु र देवकार्यको सेवामा आफूलाई समर्पित गरेर पारिवारिक जीवनको अनुभवबाट टाढिएकी यो आनीमा पनि त्यो सुखभोगको चाहना मनको कुनै अन्तरमा दबिएको हुनु अस्वाभाविक थिएन । त्यसैले ऊ अहिले अरूलाई मीठो बनाएर ख्वाउँदा प्राप्त हुने तृप्तिपूर्ण सन्तुष्टि अनुभव गर्दै थिई सायद । त्यही सन्तुष्टिको आभिव्यक्ति दिइरहेका थिए मेरो प्रशंसापूर्ण जवाफमा उसका चमकपूर्ण आँखाहरू !

ऊ पनि निश्चय नै असामान्य केटी होइन । उसका पनि अरू केटीहरूको जस्तै जीवनका सपनाहरू थिए होलान् । यौवनको खुड्किलो उक्लनुसँगै उसले पनि सपनाको राजकुमारको तस्विर मनमनै कल्पना गरेकी थिई

होली । र ती सबै अहिले उसको पहुँचबाट टाढा थिए, आनीको शीलपालनमा ती सबै निद्रामा मात्र देखिने सपनामा मात्र खुम्चिन पुगेका थिए ।

मानिस आखिर मानिस नै हो, उसभित्रको स्वाभाविक शारीरिक-मानसिक चाहना जति दबाउन खोजे पनि मनको कुनै कुनामा लुकेरै रहेको हुन्छ । मौका पाउनासाथ त्यसले टाउको उठाइहाल्छ । मेरो त्यो प्रश्नको जवाफ दिने क्रममा उसको आँखामा तैरिएको चमकले लाग्थ्यो यसको मनमन्दिरमा पनि कुनै सुन्दर पुरुषको तस्बिर सजाएकी थिई, उससँगको सुन्दर सहवासको कल्पना मनभरि थियो र आफूलाई आमा भनेर बोलाउने आवाज सुन्ने शाश्वत मातृत्वको तीव्र चाहना पनि त्यत्तिकै प्रबल !

"गुम्बाभित्र पनि त लोग्नेमान्छे छन्, तिनले कहिल्यै अर्को आँखाले हेर्दैनन् त्यहाँका स्वास्नीमान्छेलाई ?" जिज्ञासाको तीव्रतामा अनायास निस्किएको मेरो यो अर्को प्रश्नपछि म आफैं डराएको थिएँ, कतै नराम्रो मान्ने त होइन यसले यो प्रश्नलाई !

"हुन्छ त्यस्तो पनि भइरहन्छ, आखिर गुम्बामा बस्ने हामी भिक्षु पनि त मानिस नै हौं, होइन र ?" सहज रूपमै जवाफ दिई उसले । उसको अनुहारमा मेरो त्यो प्रश्नले जन्माएको अव्यक्त प्रतिक्रियाले उसले पनि गुम्बाभित्रका र बाहिरका वासनाग्रस्त पुरुष आँखा र आक्रमणका अनगिन्ती प्रहार झेलेकी छ भन्ने अनुमान गर्न कठिन परेन मलाई ।

धेरै उधिन्न खोज्दा उसको दृष्टिबिम्बमा म आफैं पनि तिनै कामुक वासनाग्रस्त अनुहारमा अनुवाद हुन पुगुँला भन्ने डरले मेरा अरू जिज्ञासालाई आफैंभित्र बलजफ्ती दबाएको थिएँ मैले, त्यो बेला ।

भोलिपल्ट बिहानै त्यो ठाउँ छाड्दा आनी छुट्टिई मसँग । ऊसँगको बिदाइ साँच्चि नै अति प्रिय आफन्तसँगको बिदाइजस्तै अनुभव गरें मैले र उसले पनि त्यस्तै अनुभव गरेकी स्पष्टै देखें । पर...परसम्म पनि यसका आँखाहरू हामी गएतिरै एकोहोरो हेरिरहेका थिए, मानौं ऊ पनि कुनै आफन्तलाई बिदा गर्दैछ सधैंसधैंका लागि ! ●

# शिकार र शिकारीहरू

उसको मनमा बिहानैदेखि विभिन्न आशङ्काहरू मडारिइरहेका थिए । सडकछेउकै उसको घरबाट आज गाउँमा नौला मानिसहरूको आवतजावत निकै बढेको थियो, देखिँदै थियो । महिना दिनअघि पनि यस्तै चहलपहल देखिएको थियो उसको गाउँमा । त्यो रात उसकी अति मन मिल्ने सुन्तली हराएकी थिई । कोही भन्थे, आफ्ना कार्यकर्ता बनाउन माओवादीले उसलाई लगे रे । कोही भन्थे माओवादीसँग सम्बन्ध भएको आरोपमा सुरक्षाकर्मी हो कि कसले हो, सोधपुछ गर्न भनेर लगेको फर्कँदै आइन । त्यो बेलादेखि सुन्तलीका बाबु आमा रोएरै दिन काटिरहेका थिए । आज पनि दिउँसोको त्यस्तै वातावरणले उसको मनमा अनेकौं शङ्काहरू उठिरहेका थिए- कतै आज पनि कसैमाथि त्यस्तै अनिष्टको कालो बादल मडारिने त होइन !

दिनको उज्यालोलाई साँझको कालिमाले बिस्तारै आफ्नो अँगालोमा लिँदैथियो । साँझको अँध्यारो जति बाक्लिँदै जान्थ्यो, उसको मनमा पनि अव्यक्त भयले डेरा जमाउँदै गएको थियो आज । किन यस्तो भइरहेछ, ऊ कुनै अनुमान गर्न सकिरहेकी थिइन । किन आज मनमा बिहानैदेखि शङ्काका काला बादलहरू मडारिन थालेका छन्, ऊ कतैबाट जवाफ पाउन सकिरहेकी थिइन । मनभित्रको त्यो अव्यक्त भय आफ्नो बाबुलाई सुनाएर उसलाई पनि दुःखी तुल्याउन पनि चाहन्नथी ऊ । ऊ मनमनै सोचिरहेकी थिई- त्यो रात पनि त यस्तै गाढा अँधेरोले छोपेको थियो उसको अभागी गाउँलाई । सम्झँदा

पनि मुटु भक्कानिएर आउँछ ।

"बा के खान्छौ, केही बनाइदिउँ ?" त्यही मनस्थितिमा कोठाभित्र पसेकी थिई ऊ । सिट्ठी जमेको मट्टीतेलको ढिब्री बाली उसले र कोठाभित्रको अँध्यारो हटाउने प्रयास गरी । ढिब्रीको पिल्पिले उज्यालो त्यो सानो कोठाभित्रको अँधेरो साम्राज्य हटाउन सकिनसकी सङ्घर्ष गर्दैथियो । छाप्रोको एक छेउमा बाँधेका बाखापाठाहरू कोही उग्राइरहेका देखिन्थे, कोही म्याँ म्याँ कराएर आमा खोज्दैथिए । उसको बाबुको सिरिखुरी सम्पत्ती पनि त्यति नै थियो ।

"के खानु ख्वै केही रुच्दैन । तेरी आमाले छाडेर गैहाली, एउटै सहारा तेरो दाजुलाई पनि असत्तीहरूले लगिहाले । आफू काममा जान नसकेको यतिका भइसक्यो, के होला र घरमा बनाउँछेस् ख्वै, रुचि नै हाले पनि !" बाबुको स्वरमा निराशा भरिएको थियो । उसको आवाजमै पनि यौवनसुलभ उत्साह र उमङ्गको कुनै आभास थिएन । लाग्थ्यो असमयमै प्रौढ बनेकी छ ऊ, समयको निर्मम प्रहारमा खेप्दाखेप्दै ।

दमले थलिएर दुई वर्षअघि आमाको मृत्यु भएपछि बिस्तारै गल्दै गएको बूढो बाबु दिनप्रतिदिन ओच्छ्यानमै बिलाउँदै जाँदै थियो । जवान छोरोलाई गाउँका अरू केटासँगै माओवादी भन्नेहरूले लगेपछि त्यही तोडले ओछ्यान परेको थियो ऊ । बूढेसकालको एउटै आधार थियो छोरो । त्यो पनि जबर्जस्ती लगिएपछि अब एउटै मात्र धोको बाँकी थियो उसको-सत्र अठार उमेरकी यो छोरीलाई आफू सुहाउँदो घर खोजेर जिम्मा लाउने ! त्यति गर्न पाए आफ्नो जिम्मेवारी पूरा हुन्थ्यो । यही एकमात्र इच्छा बाँकी थियो उसको ।

माओवादी त हामीजस्तै गरीबको भलाइका लागि मरिमेट्छन् भन्थे । कमाएर बिरामी बाबु पाल्नु पर्ने जवान छोरो त्यसरी जबर्जस्ती लगेर कस्तो भलो गर्न खोजेका होलान् तिनले-दाजुलाई माओवादीले लगेपछि बाबु थला पर्नुका साथै कमाएर ख्वाउने दाजुको आडभरोसा समेत खोसियो । त्यो देखेर बारम्बार यो प्रश्न उठ्ने गर्थ्यो उसको मनमा । उसको प्रश्नको जवाफ दिने भने कोही पाउन्नथी ऊ ।

दाजु त्यसरी लगिएपछि सुरक्षाकर्मीहरू उसको घरमा आउने क्रम

पनि सुरु भएको थियो । उनीहरूको आरोप थियो उसको दाजु आफ्नै इच्छाले माओवादी बनेको हो र उसको बारेमा उनीहरूलाई सबै थाहा छ । आएपिच्छे तिनीहरू उनीहरूलाई धम्क्याउँथे । तिनीहरू आएको देख्दा मात्र पनि मानसिक रूपमा आतङ्कित हुनपुग्थी ऊ । त्यसैले ऊ सकभर उनीहरूको अगाडि पर्न चाहन्नथी । तिनका आँखा भने प्रायः उसैलाई पछ्याइरहेका हुन्थे । दाजु र माओवादीहरूसँग सम्बन्धित प्रश्नभन्दा पनि भित्रैसम्म घोच्ने तिनका कामुक आँखा र अशिष्ट हाउभाउबाट बढी आतङ्कित हुने गर्थी ऊ ।

रात बाक्लिँदै थियो । दिउँसै वनबाट खोजेर ल्याएकी घाँसपात हालेर बाखापाठाका काम सकिसकेकी थिई उसले । बचाएर राखेकी दुई मानाजति मकैको पीठोबाट दुई मुठी जति पानीमा घोलेर अगेनोमा बसाली । नून, खोर्सानी र अलिकति तोरीको साग मिसाएर खोले बनाई र आफैँसँग भनी- यति भए बाबु र आफ्ना लागि आजको छाक टर्‍यो । बाबुलाई कर गरेर अलिकति ख्वाई, करै गरेर खाई आफूले पनि अलिकति ।

रात गहिरिँदै गए पनि उसका आँखामा पटक्कै निद्रा थिएन आज । रातको निस्तब्धतामा इन्द्रावतीको सुसेली अरू तीखो सुनिन्दै थियो । गाउँ र उसकै घर अर्थात् छाप्रोबाहिर एकतमासले कराइरहेका कुकुरहरूको आवाजले अँधेरी रातको भयावहतालाई अरू बढाउन मद्दत गरिरहेको थियो । पर कतै कुकुर रोएको सुनी उसले र मन अझै डरायो- हे ईश्वर के अनिष्ट हुने हो आज यो गाउँमा । पहिले पनि राति कुकुर धेरै भुकेको बेला कुनै न कुनै अनिष्ट भोगेको थियो यो गाउँले । त्यसैले पनि उसको मनभित्रको डर अरू बढेको थियो त्यतिबेला । सुन्तली हराएको रात पनि त यस्तै थियो, आज पनि त्यस्तै विपत्ति नदोहोरियोस् हे भगवान । उसको मनले अनायासै ईश्वर सम्झन पुगेको थियो । जति पसिना बगाए पनि सधैं भोकै बस्नुपर्ने उसका बाबुकै नियति भोगिरहेका असंख्य गाउँलेहरूको धर्मभीरुता तथा त्यसबाट गाउँका टाठाबाठा शोषकहरूले सधैं उठाउँदै आएका फाइदासँग ऊ अपरिचित पनि थिइन । सधैं धनीहरूको साथ दिने ईश्वर वा भगवानप्रति सधैं गुनासो गर्थी ऊ । ऊ अरूको जस्तो हर कुरामा भगवानप्रति विश्वस्त हुनसक्दिनथी । भगवान यदि छ भने पनि ऊ जस्ताले उसबाट न्याय पाउँछ भन्ने विश्वास

थिएन उसलाई । तर किन आज ऊ तिनै धनी र शक्तिशालीलाई मात्रै साथ दिने ईश्वर जप्न थालेकी छ ? आफ्नो यो अहिलेको व्यवहार र ईश्वरको सम्झना आफैँलाई अनौठो लागेको थियो उसलाई । युगौंदेखि त्यही विश्वास र आस्थालाई संस्कार बनाएर हुर्केको ऊ बाँचेकी समाजले थोपरेको मानसकिताबाट सजिलै मुक्त हुनु त्यति सजिलो पनि थिएन सायद । समाजले जन्मँदैदेखि मस्तिष्कको रेसारेसामा घोलेको यस्तो सांस्कारिक विश्वास संकटबोधको समयमा सके झनै बढी मुखरित हुने गर्छ । त्यसैले आज सबैतिरको भरोसा र आशा गुमाएकी ऊ सम्भाव्य संकटबाट मुक्ति पाउन त्यही अमूर्त र अदृश्य ईश्वर गुहारिरहेकी थिई सायद ।

जति कोशिस गर्दा पनि उसलाई पटक्कै निद्रा लाग्दैन । ओल्टेकोल्टे फेर्दै कति समय बित्यो, त्यसको पनि हेक्का छैन उसलाई । मन अव्यक्त भयले भरिएको छ ।

बाहिर कुकुरहरू एकपल्ट फेरि बेसरी भुके । कुकुरको भुकाइसँगै घरबाहिर बुटका आवाजहरूको कर्कश र डरलाग्दो आवाजले रातको निस्तब्धता भङ्ग गऱ्यो ।

"ए...ढोका खोल्, नभए फुटाइदिन्छौं !" वातावरणको निस्तब्धता भत्काउने बुटको कर्कश आवाजसँगै आएको त्यो डरलाग्दो आवाजले उसको भित्रैसम्म आतङ्कको शीतलहर फैलाइदियो । साहस जुटाएर ढोकाको अन्तरबाट चिहाई उसले- बाहिर खाकी लुगामा सजिएका राइफलधारी चारपाँचजना मानिस उभिएका देखिए । ती को थिए, उसले ठम्याउन सकिन ।

"अझ खोल्दैनस् ढोका । कसलाई लुकाएर राखेको छस् भित्र !" अर्को झनै उत्तेजित आवाजले उसको रहेसहेको साहस पनि चकनाचूर तुल्याइदियो । थरथर काँपेका हातले उसले ढोकाको छेस्किनी खोली ।

सिङ्गो गाउँ आतङ्कित थियो, यस्तोमा कोही घरबाहिर निस्केर हारगुहार गर्ने साहस गर्दैनथे । एक हिसाबले सिङ्गो गाउँको आत्मामा मृत्युभयले अर्काको सहयोगमा निरपेक्ष बस्ने कायरता जन्माइदिएको थियो ।

ढोका खुल्नासाथ ती बुटधारी अनुहार एकपछि अर्को गर्दै घरभित्र छिरे । उनीहरूका हातको टर्चलाइटबाट निस्केको प्रकाशले छाप्रोभित्रको सिङ्गै

परिवेशलाई उज्यालोमा नुहाइदियो । सधैं अँध्यारोबाट डराउँदै आएकी ऊ यो क्षण भने उज्यालोबाट डराइरहेकी थिई । एकतले छाप्रोको एक छेउमा बूढो बाबु आतङ्कित आँखा लिएर उनीहरूलाई नै हेरिरहेको थियो । अर्को कुनामा बाँधिएका बाखापाठाहरू एक्कासि हल्ला गर्दै पसेका ती आकृति देखेर तर्सिंदै उफ्रिरहेका थिए । आगन्तुक अनुहारहरूमा भने अब आश्वस्तता देखिन्थ्यो- घरमा ती बाहेक अरू कोही रहेनछन् ! त्यो आश्वस्तासँगै उनीहरूका आँखा अब टर्चको उज्यालोमा नुहाएकी उसैमाथि खनिंदैगए ।

महिनौंको भोको बाघले आफू अगाडि परेको निरीह मृगको पाठोलाई झम्टिएजस्तै उनीहरूमध्ये एउटा अकस्मात् उसमाथि खनियो । निरीह बाबुको आर्तनादका बीच ऊ लुटिंदै गई एक पछि अर्को पशुअनुहारबाट । सबैको पाशविक प्यास मेटिउञ्जेलसम्ममा ऊ जिउँदै थिई वा मृत, त्यो छुट्याउने समेत होस थिएन ती अनुहारहरूमा । आफ्नै आँखा अगाडि जवान छोरीको अस्मिता लुटिएको हेर्न अभिशप्त बूढो मिजारले कति बेला होस गुमायो, हेर्ने कोही नहुनु त झनै स्वाभाविक थियो ।

"मरी क्यार सर यो त !" पाशविक प्यास बुझाउने सबैभन्दा पछिलो पशु अनुहारको त्यो आवाजले सबैलाई केहीक्षण असजिलो स्थितिमा पुग्यो एक पटक ।

"फर्मुला चार लगाउनू !" अर्को आवाज आदेशसँगै बाहिरियो । वातावरण फेरि शान्त र निस्तब्ध भयो- एउटा दुस्वप्नझैं ।

भोलिपल्ट नजिकैको जङ्गलमा गाउँलेहरू उसको लाश वरिपरि निर्वाक् आँसु बगाइरहेका थिए । उता घरमा अरू केही आफन्तहरू बूढो मिजारको लाश कुरिरहेका थिए । बूढो मिजार कसरी मर्‍यो उनीहरूको जिज्ञासाको जवाफ कतै थिएन । त्यति नै बेला रेडियोको समाचार आएरहेको थियो- गएराति केही सङ्ख्यामा आएका आतङ्कारीहरूसँग इन्द्रावती छेउ मुठभेड हुंदा एउटी आतङ्कारी महिलाको घटनास्थलमै मृत्यु भयो । बाँकी आतङ्कारीहरू फरार भए ! ●

# मेनका

"मैयाँ ढिलो भैसक्यो, छिटो गर न !" श्रीमान्‌को बाहिर मिश्री घोलिएझैं लाग्ने मीठो आग्रह पनि पगालेको सिसा कान छेडेर पसेझै लाग्छ, उनलाई ।

"हैन कत्ति कराइरहेको भन्या, तयार हुँदै त छु नि ! " त्यही अनुभूतिको बीच उनी केही झर्केझैं जवाफ दिन्छिन् ।

"नकराएर के गर्ने त ? तिमी यसो पार्टीसार्टी जाउँ भन्यो कि मनै गर्दिनौ । अरूका श्रीमतीहरू पार्टी जान नपाएर कति गुनासो गर्छन्, तिमी भने !" लोग्ने फकाउने भावमा भन्छ ।

उसलाई पार्टी जाने भन्यो कि एक प्रकारको नमिठोपनले छोप्छ । पार्टीको रौनकका बीच उनीप्रति तेर्सिएका घोच्ने अश्लील दृष्टिहरू र मुखबाट निस्किएका भद्दा मजाकमाथि उनको आफ्नै लोग्नेको हिं...हिं....समर्थन देख्दा उनी आफ्नै लोग्नेद्वारा सारा समाजको अगाडि नङ्ग्याइएकी विवश नारीझैं अनुभव गर्नपुग्छिन् । त्यतिबेला उनी आफूलाई कौरव सभामा आफ्नै लोग्नेद्वारा जुवामा होमिएकी द्रौपदीजस्तै निरीह, विवश र लाचार पाउँछिन् ।

"छि.... कस्तो तपाईं त ! आफ्नी स्वास्नीमाथि त्यस्तो भद्दा ठट्टा र काँचै खाउँलाजस्तो आँखाले क्वाक्वार्ती हेरेको पनि सहजै पचाउने । त्यसमाथि उनीहरूको भद्दा मजाकलाई साथ दिँदै अँध्यारोमा स्वास्नीलाई अर्काको अँगालोमा च्याप्पिएर नाच्न प्रेरित गर्दा कहाँ जान्छ तपाईंको पौरुष ! अलिकति पनि स्वाभिमान छैन तपाईंमा !" घर फर्केपछि उनी पार्टीको सम्पूर्ण रिस लोग्नेमाथि

पोख्ने गर्थिन् ।

"छ्या तिमी पनि ! तिम्रो हाम्रो गाउँघर हो र यो ? शहर हो मैयाँ शहर, यो त । यो यहाँको सभ्यता हो ! यसमा अलि अलि लटपटिंदा ननिको मान्नु हुन्न बुझ्यौ !" ऊ सम्झाउने भंगीमा भन्छ, हल्का रूपमा लिन हौस्याउँछ र अरू पार्टीमा सहभागी बन्न कुत्कुत्याउँछ ।

उसको त्यो प्रेरणा उनलाई भने लोग्नेको महत्त्वाकांक्षाको सिंढी चढ्ने भऱ्याङ र आफू त्यही भऱ्याङको एउटा खुट्किलो भन्दा बढी लाग्दैन ।

"तिमीलाई कसैले लोभिएर हेरेको देख्नै सक्तिन म ! त्यसरी हेर्नेलाई काँच्चै खाइदिउँ जस्तो लाग्छ ।" कुनै बेलाको कुरा थियो, उनीहरूको भर्खर भर्खर बिहे हुँदा ऊ आफ्नो पौरुष यसरी नै प्रकट गर्ने गर्थ्यो । उनलाई आफूभन्दा अर्को कसैले हेरेको देख्दा समेत असहिष्णु बन्थ्यो ।

"तपाईं पनि, कसैले हेर्दैमा के हुन्छ र त्यसरी रिसले आगो हुनुपर्ने ! हेर्दैमा म बिटुली त हुन्न क्यारे ।" उनको कुरा सुनेर ऊ ठुस्स परेको थियो । त्यतिबेला उनले मनमनै सोचेकी थिइन्- कति स्वार्थी हुन्छन् लोग्नेमान्छेहरू ! आफ्नी स्वास्नीलाई कसैले हेरेकोसम्म मन पराउँदैनन्, झन् हाँसखेल गरेको देखेभने त चरित्रमाथि नै खोट देख्न थाल्छन् । आफू भने हुने र पाउने भए देखेका सबै तरुनीहरूलाई नङ्ग्याउन एक सेकेण्डको बेर गर्दैनन् । अर्को मन, उनलाई सन्तोष पनि लागेको थियो- ठीकै त हो, आफ्नी स्वास्नीको हरतरहले सुरक्षा गर्नु लोग्नेको कर्तव्यभित्रैको कुरा त हो नि !

तर आज ! त्यही कसैले उनलाई हेर्दा शिरदेखि पाउसम्म असहिष्णु भएर काँप्ने लोग्ने अँध्यारो रोमाञ्चक परिवेशमा परपुरुषको अँगालोमा बेरिएर नाच्न आफ्नै स्वास्नीलाई प्रेरित गरिरहेछ । यो परिवर्तनको पछाडि उसको महत्त्वाकांक्षा नै कारण रहेको उनी सहजै ठम्याउन सक्छिन् ।

त्यति बेला लोग्नेको त्यो व्यवहार र भावना स्वास्नीलाई आफ्नै मात्र हकभोगको सम्पती ठान्ने संकुचित मानसिकताभन्दा फरक लाग्दैनथ्यो उनलाई । त्यसैले उनी त्यस मानसिकतालाई समानताको बाधक ठान्थिन् । अहिलेको यो व्यवहार एउटा व्यापारीको कार्यव्यापारभन्दा फरक लाग्दैन उनलाई, जो लाभको लागि हर कुरा बेचिदिन सक्छ । यो मानसिकतामा पनि

उनी आफ्नो स्वतन्त्र, सम्मानित र सहज अस्तित्व तथा व्यक्तित्वको स्वीकृति फेला पार्न सक्तिनन् ।

"होइन, अझै तयार भइनौ । कति बेर गऱ्या भन्या ! उहाँ सबै ठूला मान्छे आइसके होलान् । आज त हाम्रा नेताज्यू पनि आउने रे । उहाँकै सम्मानमा यो पार्टीको आयोजना भएको हो बुझ्यौ !" ऊ निकै खुसी देखिन्छ, मानौं यो सम्मान ऊ आफैंको लागि हो ।

"आए उनै आउँछन्, मलाई केको खसखस् । मेरो लागे त जाने मनै छैन । त्यस माथि त्यो नेता भनाउँदोको गिद्दे आँखा देख्यो कि वाक्वाकी लागेर आउँछ मलाई त - कसरी गिद्दले सिनु हेरे जसरी हेर्छ !" उनी आक्रोश पोख्छिन् ।

"के वाहियात कुरा गरेकी । मेरी श्रीमती भनेर माया गरेका पो त उनले । चाहिए नचाहिएको फतुर लाउन त हुन्न नि ! हेर नि भन्दिएको छु , नेताजी कै वरिपरि बसिरहनु । अरूका श्रीमती उनको नजिकै पुगेर कृपादृष्टि पाउन कति मरीहत्ते गर्छन् । तिमी भने ! पख न आउँदो चुनावमा टिकट पाएर एकपल्ट मन्त्री त बनौं, अनि तिमी उसको अघिल्तिरै नपर्नु, भयो !"

उनको मन अमिलो भयो । आज राम्ररी नै बुझिन् , स्वास्नीलाई कसैले गिजोलेर थिलथिलो बनाएको मूल्यमा ऊ नेतासँग टिकट र मन्त्री पदको व्यापार गर्न चाहन्छ । आजको उसको यो स्पष्टोक्तिबाट उनी लोग्नेको अनुहार मायालु पतिको नभएर लामा दाह्रा निकालेर मानव रक्त पिउन लालायित पिशाचको रूप देख्न पुग्छिन् ।

मानिस बदलिन कति समय लाग्दो रहेछ र ! उनी विगत सम्झिन्छिन् । कति सरल थियो यही मान्छे । कति मायाँ गर्थ्यो ऊ ! महत्त्वाकांक्षाको पहिलो चस्काले उसलाई गाउँको छँदाखाँदाको शिक्षक पेशा छाडेर राजनीतिमा होमिदियो । त्यही महत्त्वाकाँक्षाको बलिवेदीमा उसको त्यो सरल- भलाद्मीपन मात्र होइन विवेक र इमानदारी पनि खाक बन्दैगयो । त्यही महत्त्वाकाँक्षा पूर्तिको क्रममा भएको राजधानी प्रवेश र उसको ओहदासँगै उसभित्रको असल मानिसको पनि अकाल मृत्यु हुँदै गयो । मानवीयताको स्थान उसको स्वार्थ र छलकपटको पिशाची आकृतिले ग्रहण गर्दैगयो । त्यस परिवर्तनलाई

ऊ राजनीतिको जामा पहिऱ्याउने असफल प्रयत्न गर्थ्यो । यथार्थमा ऊ राजनीतिसँग कुनै मतलव राख्दैनथ्यो - निहित स्वार्थको गोटीचाल बाहेक !

"मैया, यी हेर त आज मैले के उपहार ल्याइदिएको छु ! ल यो लाऊ,आज यही नयाँ पोशाकमा पार्टी जानुपर्छ ।" राजधानी प्रवेशको केही समयपछि एक अपरान्ह लोग्नेको आवाज सुनेर उनी मनमनै फुरुङ्ग परेकी थिइन् ।....कति माया गर्छ मलाई मेरो लोग्ने ! आज पनि उपहार लिएर आयो ।

"हेर त, मलाई असाध्यै राम्रो लागेर ल्याएको ,, निकै दामी पनि छ । ल यो लाऊ" लोग्नेले प्याकेट खोलेर आफूले ल्याएको उपहार देखाउँदा भने उनको मन खुसी हुन सकेन ।

"हैन, के भा तपाईंलाई ! यस्तो आधा जिउ पनि नछोपिने कपडा लाएर पनि कहीं दुनियाँलाई देखाउँदै हिडूँ म ! तपाईंलाई पनि पूरै शहरियाको भूत लाग्यो कि क्या हो ? यस्तो ठट्टा नगर्नोस् न क्या !" उनले आफ्नो अप्रसन्नता देखाउँदै भनेकी थिइन् ।

"हैन के भन्या तिमीले । अब त हामी गाउँमा छैनौं क्या ! देश अनुसारको भेष, कपाल अनुसारको केश भन्ने सुनेकी छैनौ तिमीले । यो समाजमा बाँच्न यहींको देखासिकी गर्न जान्नुपर्छ क्या ! देखिनौ अस्तिको पार्टीमा सबैले यस्तै पोशाक लाएर हात समाउँदै नाचेका । ल...ल...धेरै कुरा होइन खुरुक्क यो पोशाक लगाऊ, पार्टीमा जान ढिलो हुन्छ फेरि । पढेलेखेकी स्वास्नीमान्छे भएर पनि यस्तो संकुचित विचार ! आधुनिक बन्न पनि सिक्नुपर्छ !" लोग्नेले लामै भाषण छाँटेको थियो ।

"अहँ यो लाएर त म मरे पनि जान्न । जानोस् बरु तपाईं एक्लै ! मलाई यसरी आधा नाङ्गो शरीर देखाएर आधुनिक बन्नु छैन, मैले जानेको आधुनिकताको परिभाषा पनि होइन यो ।" उनको दरिलो प्रतिरोधपछि बल्लबल्ल सारीचोलोमा नै लिएर गएको थियो त्यो पार्टीमा । उनलाई थाहा थियो - उनको त्यो कडा अडानबाट ऊ पटक्कै खुसी थिएन । सोसाइटी, सर्कलमा भिज्न नसक्ने गँवारको विशेषणसम्म भिराई दिएको थियो उसले त्यतिखेर ।

समय निकै चिप्लिएर गैसकेको थियो । उनलाई आज लाग्छ- सुरुको

त्यो प्रतिरोधलाई चट्टान जस्तै दरिलो तुल्याएर अड्याउन नसक्नुमा उनको आफ्नो मानसिक दुर्बलता पनि जिम्मेवार छ । लोग्ने बिना बाँच्न सकिदैन, समाजमा मान्यता प्राप्त गर्न सकिंदैन भन्ने उनीभित्रको कमजोर मानसिकताले बिस्तारै सम्झौतापरस्त तुल्याउन मद्दत गरेको थियो उनलाई । त्यही मानसिकतामा उनले लोग्नेको प्रत्येक इच्छामा आफूलाई समाहित गर्दै गएकी थिइन् - हातमा लिएको डोरीको भरमा बाँधिएको कठपुतली जस्तै ! उनी आफ्नो इच्छामा होइन अरू नै कसैको इच्छा, इशारा र निर्देशनमा जसरी नचायो उसरी नै नाच्दै गएकी थिइन् ! उनलाई लाग्छ त्यस बापत उनले ठूलै मूल्य तिरेकी छन् - आफ्नो स्वाभिमानलाई जुवाको खालमा लिलाम गरेकी छन्, चाहे त्यो आफ्नै लोग्ने नै किन नहोस् !

के हर युगकी नारीले एकै समानको पीडा भोग्नुपर्छ ? किन आज पनि स्वास्नीमान्छे पुरुष अहं र महत्त्वाकांक्षाको गोटी बाहेक केही हुन सकेकी छैन ? अर्जुनद्वारा शब्दभेदन गरेर स्वयंवरा द्रौपदीजस्तै उसले आज पनि त्यसरी नै धनसम्पत्तिजस्तै बाँडिनुपर्छ ? लोग्नेले चाहे के स्वास्नीमान्छेले जसको पनि भोग्या बन्नुपर्छ ? युधिष्ठिरको महत्त्वाकांक्षाको जुवाको खालमा द्रौपदी हरिएर नांगिएजस्तै के उसले पनि लोग्नेको महत्त्वाकांक्षाको आगोमा आफूलाई होमेर सम्मानित वेश्याको जीवन बाँच्नुपर्छ ? प्रश्नका एकपछि अर्को काँडाले घोचिएर उनको मन रक्ताम्य बन्छ, चाल्नो चाल्नो हुन्छ । चाहे पश्चिमा सभ्य भनाउँदो समाज होस्, चाहे पूर्वीय अर्धसामन्ती समाज- किन उही हुन्छ स्वास्नीमान्छेको नियति ? किन पहिले स्वास्नी हुन्छे, पुरुषको एकलौटी सम्पत्ति जसलाई जे गरे पनि हुन्छ र अनि मात्र ऊ मान्छे ! किन....किन....किन....?

"सक्दिन म यसरी आफ्नो नारित्वको अपमान सहेर यो शहरमा बस्न ! मलाई मेरै गाउँकै घरमा पुऱ्याई दिनोस् !" एकपल्ट त्यस्तै मानसिक उद्वेगमा उसले विद्रोह गर्न खोजेकी थिई ।

"के वाहियात कुरा गरेकी, लोग्नेको प्रगतिमा सहयोगी बन्न नसक्ने स्वास्नीको के अर्थ ! जाऊ जाने भए, तर सधैंका लागि ! म छोडपत्र गरेर अर्को बिहे गर्न सक्छु, के ठानेकी छौ मलाई !" उसले अन्तिम अस्त्र प्रहार गरेर

उनको त्यो विद्रोहमाथि सल्कनु अगाडि नै पानी खन्याइदिएको थियो ।

"साँच्चै उसले छोडपत्र गरेर अर्की भित्र्यायो भने ! कल्पना मात्रले पनि काँप्न पुगेकी थिइन् उनी । ठीकै छ, लोग्ने नै आफ्नो आत्मसम्मान र पुरुषत्वलाई बिर्सेर अर्काको अँगालोमा नाच्न आफ्नी स्वास्नीलाई प्रेरित गर्छ भने के गर्ने ? रगतको आँसु पिएरै पनि त सामाजिक मर्यादा बचाउनु पर्छ !" उनी हरतरहले आफूलाई सम्झाउँथिन् र परिणाम फेरि युद्धविराममा पुगेर टुङ्गिन्थ्यो, सम्झौतामा गएर अडिन्थ्यो ।

हर साता-पन्धदिनमा उनले यस्तै मानसिक यन्त्रणा भोग्नुपर्थ्यो, पार्टीको नाउँमा परपुरुषको, जो उनको लोग्नेको महत्त्वाकांक्षा पूर्ति गर्न सक्षम हुन्थे, को अँगालोमा सम्पूर्ण आफ्नो अपमान र इच्छाआकांक्षाको बलि चढाउनुपर्थ्यो । अझ त्यो नेता भन्ने आएको दिनमा त उनी पूर्णरूपेण उसकै इच्छामा डोरिनुपर्थ्यो, रखौटीभन्दा बढी ठान्दैनथ्यो ऊ उनलाई ! हर बखत उनी त्यस्तो पार्टीमा जानबाट बच्ने कोशिस गर्थिन्, केही लाग्दैनथ्यो ।

"होइन के भयो अझसम्म ? कराउँदा कराउँदा घाँटी सुकिसक्यो, अझै तयार भइनौ !" लोग्नेको रिसले च्याँठ्िटएको स्वर तेस्रोपटक सुनेर उनी मन मारी मारी उठिन् । जिउँदो लाशझैँ उनी लोग्नेको अघिल्तिर पुगिन् र उसको आदेशसमक्ष आफूलाई समर्पित गरिन् ।

महत्त्वाकांक्षाको सिंढी चढ्दैको क्रममा उसले प्राप्त गरेको सानदार पजेरो तम्तयार थियो । लोग्नेको आदेशमा ब्याटरी र दूरनियन्त्रक यन्त्रद्वारा सञ्चालित रबरको पुतलीजस्तै उनी उत्साहहीन, उमंगहीन, चाहना र भावनाहीन उसकै छेउको सिटमा बसिन् -निष्पन्द !

लामै यात्रापछि पजेरो एउटा विशाल घरको प्राङ्गणभित्र प्रवेश गऱ्यो । लनमा चार-पाँचवटा त्यस्तै पजेराहरू देखिन्थे । त्यो विशाल भवनको मालिकलाई पनि उनी चिन्थिन् -उनको लोग्नेभन्दा माथ्लो तहको नेता ! उनीहरूको जिल्ला एउटै । कुनै बेला ऊ उनको लोग्नेको जति पनि हैसियत राख्दैनथ्यो- थोत्रो चप्पल लाएर गाउँको पसलमा उधारो खाँदै ज्यान पाल्ने गर्थ्यो । अहिले ऊ यस भव्य महलमा कान्छी स्वास्नी राखेर बसेको छ, जेठी गाउँघरमा नै अझै ढिकीजाँतो गरेर ज्यान पाल्छे । उनी त्यो विशाल भवनतर्फ

फर्किएर पिच्च थुक्छिन्- दलालहरू !

"ओहो भाउजू आउनुभयो ! तपाईं नआए त पार्टीमा ज्यानै आउँदैन बा ! झन् हाम्रा नेता त पानी बिनाको माछाझैं पो छटपटाउँछन् । कति भाग्यमानी छ बा हाम्रो शरण, यस्ती अप्सराजस्ती स्वास्नी पाउनु कम भाग्यको कुरा हो र ? नाम जस्तै मेनका ! के गर्नु लोभै लाग्छ बा भाउजूलाई देख्दा...हुने भए भगाएरै लैजाउँ जस्तो !" कोठाभित्र पस्न नपाउँदै त्यही भवनवाला मझौलो नेताको अश्लील ठट्टाले उनको टाउको भन्न हुन्छ । जुठो हड्डीमा र्‍याल काढेर दौडने कुकुरभन्दा बढी उनी सोच्नै सक्तिनन्, त्यसलाई !

"मेरो त भाग्य नै यिनै हुन् । मेरो भाग्य तपाईंको पनि त भाग्य हो !" उसको त्यो नाङ्गो ठट्टाको प्रत्युत्तरमा निस्केको आफ्नै लोग्नेको दोहोरो अर्थयुक्त लाचार प्रतिक्रिया सुन्दा उनीभित्रको संयमको बाँध तोडिन खोज्छ । तर....पार्टीमा, यतिका मान्छेको अगाडि केही बोलेर अप्रिय स्थितिको निमन्त्रणा गर्न पनि उनमा आँट आउँदैन ।

सबैको हातमा विदेशी रंगीन झोल भरिएको गिलास हुन्छ । त्यसको मादक नसामा बिस्तारै सम्पूर्ण वातावरण रंगिन्छ- उनीसँग मात्र होइन प्रत्येक उपस्थित स्वास्नीमान्छेमाथि यस्तै भद्दा ठट्टा र हातका स्पर्शक्रियाशीलता बढ्दै जान्छ । अरू स्वास्नीमान्छेलाई के लाग्छ कुन्नि उनलाई चाहिं त्यो समाज आदिम समाजमा बदलिंदै गएझैं लाग्छ, जहाँ कुनै नाता हुँदैन, कुनै मर्यादा हुदैन र सहवासका लागि लालायित जंगली पशुझैं प्रत्येक भाले पशु अनुहारहरू आतुर छन् । त्यसो नगर्न त्यहाँ कुनै बन्धन छैन, कुनै सीमारेखा छैन ।

ठूला नेता आएपछि वातावरण झनै उत्साहित हुन्छ- हरेक छोटे नेताहरू उनको पछिल्तिर मुगल दरबारका बाँधाहरू सम्राटको सेवामा हुत्तिएजस्तै हुत्तिन्छन्, आफ्ना पत्नीहरूलाई बडे नेताको कृपादृष्टि पाउन प्रेरित गर्छन् । र कतिपय स्वास्नीमान्छे उसको नजिकै पुग्न स्त्रीचरित्र र हर हतियारको उपयोग स्वतःस्फूर्त रूपमा पनि गर्न लाग्छन् ।

"के यी सबै स्वास्नीमान्छे मैजस्ता विवश छन् कि स्वयम् यस मार्गमा अग्रसर !".... ऊ आफैंसँग प्रश्न गर्छे, उत्तर ठम्याउन सक्तिन ।

"लेडिज एण्ड जेण्टलम्यान ! वी रेडी, नाउ, इट इज द क्लाइमेक्स अफ दि पार्टी- द क्याण्डल लाइट डान्स !" एउटा विदूषकझैं लाग्ने अनुहारको यो उद्घोषणपछि तालीको गड्गडाहटले वातावरण गुन्जायमान हुन्छ । कोठामा मैनबत्तीहरू बल्छन् र शक्तिशाली पाउरका बिजुलीबत्तीहरू झ्यापझुप निभ्छन् । मैनबत्तीको निर्धो उज्यालो अन्धकारसँग सङ्घर्ष गर्दैरहेको हुन्छ र वातावरण आंशिक उज्यालोको आवरणमा रोमाञ्चक बन्छ । उनलाई लाग्छ - रोमाञ्चकतालाई छोप्न खोज्ने कामुक वातावरण !

"किन आज ननाच्ने मेनकाजी ! तपाईंको सुन्दर नृत्यसँगै थर्किन मेरो मन अघिल्लो पार्टीदेखि नै दिन गनेर पर्खिरहेको छ । तपाईंलाई के थाहा ? " नेतासँगै सबै एकैसाथ उठ्छन् र नेता उसतर्फ हात बढाउँदै आफ्नो कुत्सित इच्छा प्रकट गर्छ ।

"हाम्रो नेताले यत्रो बिन्तिभाउ गर्दा पनि कति भाउ खोजेकी मेनका तिमीले ! हामीलाई त इशारा मात्रै गऱ्याभए पनि भाग्यमानी ठान्थ्यौं !" अन्य नेत्रीगण मध्येकी एउटी चखलीको व्यङ्ग्य र ईर्ष्यामिश्रित टिप्पणीबाट सिङ्गो वातावरण घिनलाग्दो हाँसोले भरिन्छ - हा...हा....हा....।

उनलाई भने त्यो कुत्सित आग्रह र त्यसको प्रशंसा (नृत्य त के जानोस यसले, उसको इशारा उनको सिंहमर्मर जस्तो गोरो र पुष्ट आकर्षक मांसल जवानीपूर्ण शरीरतर्फ मात्र छ भन्ने उनले बुझेकी छन्) टिप्पणी र हाँसोबाट आफू सबैको सामु सर्वाङ्ग नाङ्गिएको अनुभव हुन्छ - खुला ठाउँमा सबैको अगाडि बलात्कृत भएजस्तै !

"नाच्छिन् नि किन ननाच्नु ! हजुरसँग नाचेर रमाइलो गर्न पाउनु त गौरवकै कुरा हो नि !" बत्तीसीसम्म ओठ च्यातेर निस्किएको आफ्नो लोग्नेको त्यो भनाइबाट उनी काँड लागेको घाइते मृगझैं अनुभव गर्छिन् !

"यो निर्लज्ज लोग्नेलाई चिढ्याउनै पनि आज नाच्छु, मजैसँग नाच्छु ! लाजशरम र स्वाभिमान सबै पचाएर नाच्छु ! मजासँग देखाइदिन्छु आज म आफ्नै दलाल लोग्नेलाई !" उनी मनमनै अठोट गर्छिन् -आज म सबै सीमारेखा भत्काइदिन्छु, सबै सम्बन्धको बाँध तोडिदिन्छु !

मनको अठोटसँगै उनी निर्जीव जीवित लाशझैं उठ्छिन्, नेता हात

समातेर उठ्न मद्दत गर्छ। मैनबत्तीको मधुरो प्रकाशमा सबै एकअर्काका स्वास्नी अँगालेर शरीरमा शरीर रगड्दै हल्लिन थाल्छन्। नृत्यको कलात्मक पक्षलाई भोको शिकारीद्वारा झम्टिएको निरीह शिकारको जस्तो कामुक-कुत्सित चेष्टा र अंग स्पर्शको नाङ्गोपनले छोप्छ। कोही मजा र आनन्दबोध गरिरहेका हुन्छन्, कोही बलात्कृत अनुभव गरिरहेका हुन्छन्।

नेता उनलाई चपक्क आफ्नो शरीरमा टाँस्दै अलिअलि खुट्टा हल्लाएर नाचकै बहानामा कोठाको अलि एकान्त-अँध्यारो कुनातिर लैजान्छ। उनी कर्के आँखाले हेरिरहेकी हुन्छिन्- आफ्नो महत्त्वाकांक्षाको अग्निमा पौरुष डढाएको लोग्ने नामको त्यो जीव बडो रमाइलो मान्दै अर्की कसैकी स्वास्नीलाई त्यसरी नै च्यापेर नृत्यको बहाना गरिरहेको हुन्छ। उसका दृष्टि पनि घरिघरि आफूहरूतिरै परिरहेको उनी अनुभव गर्छिन्।

नेताका हातहरू उनका कुचमर्दन र नितम्ब-अन्तर्गृहतर्फको गुप्तीअंग स्पर्शको प्रयत्नमा तल्लीन हुन्छन्। उसको ओठ उसका भाल-कपाल र गाला ओठतिर सिकसिको लाग्ने गरी घिस्रिन्छन्। उनलाई वाकवाकी लागेर आउँछ। लाग्छ- उनको शरीरभरि चिसा सर्प र जुकाहरू स्यालब्याल हिंडिरहेका छन्। एक मन त लाग्छ -त्यस नेतारूपी कामुक चिसो सर्पलाई घुच्याएर त्यस मानसिक यन्त्रणाबाट मुक्ति लिउँ। तर लोग्नेलाई ईर्ष्याउन पनि आज खुलेर नेताको कार्यव्यापारमा सीमाभित्र सहयोग देखाउने आफ्नो अठोटलाई कार्यरूप दिने निश्चयले उनलाई त्यसो गर्नबाट रोकिरहेको हुन्छ। त्यही क्रममा उनी लोग्नेलाई ईर्ष्याउन आवश्यकताभन्दा बढी नै खुला हुन्छिन्। नेताको अँगालोमा बाँधिएर उनी स्वयम् उसलाई आलिंगनमा लिन्छिन्। नेता उनको शरीरमा शरीर रगडेर नृत्यको नाउँमा अश्लील गतिविधि गरिरहन्छ। उसका हातहरू अनियन्त्रित उनका कोमल गुप्त अंगहरूको मर्दन गरिरहन्छन्। रक्सीको मात र उनको मादक जवानीको नशामा पागल बनेको नेता सबैको अघिल्तिर उनलाई म्वाइ खाने चेष्टा गर्छ, उनी आफूलाई त्यसबाट बचाउँछिन्।

उनका आँखा लोग्नेतर्फ जान्छन्- ऊ भावविहीन, क्रियाविहीन केही नदेखेको बहानामा लीन हुन्छ!

करिब आधा घण्टाको नृत्यरूपी त्यो कामुक चेष्टाबाट मुक्त भएर

उनी निश्चेष्ट सोफामा पल्टिन्छिन् । बल्ल त्यस वातावरणबाट मुक्ति पाएर उनी घर फर्किन्छिन्- लोग्नेसँगै ।

"मैयाँ.....खोई आज बेड टी ख्वाउन्नौ ?" भोलिपल्ट बिहानै लोग्नेको स्वरले कोठाको निष्तब्धता भंग हुन्छ ।

उनी सुटकेसमा कपडाहरू मिलाइरहन्छिन् । लोग्नेको प्रश्नको उत्तर दिने र उसलाई बेड टी बनाएर ख्वाउने पटक्कै जाँगर हुँदैन उनमा ! लोग्नेको प्रश्नतर्फ कुनै ध्यानै नदिई उनी कपडा मिलाउनमै तल्लीन हुन्छिन् । बाहिर निस्कने सामान्य कपडा फेरिसकेकी हुन्छिन् उनले ।

"हैन, कहाँ जाने तर्खर हो यो एकाबिहानै ? मलाई त केही भनेकी पनि छैनौ !" लोग्ने कति बेला उनी छेउ आयो, उनलाई पत्तै हुँदैन । उसको दोस्रो प्रश्नको पनि उनी उत्तर दिने कुनै तत्परता देखाउँदिनन् ।

"हैन किन नबोलेकी भन्या ? कहाँ जाने तयारी हो यो ?" निकै बेरसम्म पनि कुनै जवाफ नआएपछि ऊ अलि चर्केको स्वरमा पुनः प्रश्न गर्छ ।

"किन, के हरेक प्रश्नको उत्तर दिनैपर्छ र ? अझै प्रश्न सोध्ने नैतिक अधिकार बाँकी छ भन्ने ठान्नुभएको छ तपाईंले ?" उनको अनुहारमा आक्रोश पोखिन्छ ।

"के रे ! के एउटा लोग्नेले आफ्नी स्वास्नीसँग गरेको प्रश्नको उत्तर आवश्यक छैन ? कि तिमी मेरी स्वास्नी हौ भन्ने पनि बिर्स्यौ !" आफ्नो प्रश्नको प्रत्युत्तरमा स्वास्नीको जवाफ सुनेपछि उसभित्रको रिस पनि बाहिर पोखिने बाटो खोज्छ । त्यसमाथि नैतिक प्रश्नको काँडाले घोचिएको उसको लोग्ने अहम् घाइते बन्छ र स्वर आक्रामक हुन खोज्छ ।

"के तपाईंलाई पनि थाहा छ र लोग्ने स्वास्नीबीचको सम्मानपूर्ण सम्बन्ध ! एउटा लोग्ने र स्वास्नीमान्छेको दलालबीचको अन्तर कति धेरै हुन्छ, बुझ्ने कोशिस गर्नुभएको छ ? लोग्ने हुनुको झुटो घमण्ड होइन, लोग्ने हुनुको स्वाभिमान र दायित्व बुझ्न सक्नुपर्छ ! जुन तपाईंले आफ्नो महत्त्वाकांक्षाको आगोमा डढाइसक्नुभएको छ । त्यसैले भनेकी तपाईंले नैतिक आधार गुमाइसक्नुभएको छ, मसँग कुनै पनि प्रश्न सोध्ने र आदेश दिने ।

एउटी स्वास्नीमान्छे लोग्ने चाहन्छे, लोग्नेको नाउँमा दलाल होइन !" उनको मनभित्रको विद्रोहले ज्वालामुखीको रूप धारण गर्छ ।

"के रे .....म दलाल ? कहाँबाट आयो तँमा यत्रो आँट !" उसभित्रको हीनताबोध पनि आसुरी आक्रोशमा बदलिन्छ र स्वास्नीमाथि प्रहार गर्न उसका हात अनायासै माथि उठ्छन् ।

"आफैँलाई सोध्नोस्, आफ्नो महत्त्वाकांक्षाका लागि स्वास्नीलाई अर्काको अँगालोमा साटासाट गर्ने तपाईं लोग्ने हो कि लोग्नेको रूपमा स्वास्नीमान्छेको दलाल ! तपाईंको यही महत्त्वाकांक्षाभित्र पिसिएर लोग्नेद्वारा बनाइएकी वेश्याको तहमा पुग्ने अवस्थामा आँट स्वतः आउँदो रहेछ, बुझ्नुभो !" ऊ अझै चारैतिरबाट घेरामा परेका गोमन साँप त्यस घेराबाट फुत्कन फुंकारेझैं आजसम्मका सबै पीडालाई एकैचोटि निकास दिन्छे । ऊ देख्छ- उनको अनुहारमा एउटा अपूर्व कान्तिको आभा फिंजिएको छ, मानौं सबै कुत्सित कुराहरूलाई त्यसले भष्म गरिदिन्छ ।

"बौलाउनुको पनि हद हुन्छ ! यसभन्दा बढी एक शब्द पनि बोलिस् भने ......!" ऊ रिसले कटकटी दाँत बजाउँछ ।

"के गर्नुहुन्छ ? यसभन्दा बढी अब गर्ने के पो बाँकी छ र ! भन्नोस् एउटा लोग्नेले आफ्नै स्वास्नीलाई वेश्या जस्तै गतिविधि गर्न प्रेरित गर्नुभन्दा पनि अरू छ बाँकी केही ? वेश्या त पेटको भोकका लागि वेश्या बन्छे, तपाईंजस्तै समाजका ठेकेदारका जालमा परेर वेश्यावृत्ति गर्न विवश बन्छे । तर म.....म केका लागि वेश्या बन्ने, मात्र तपाईंको कथित राजनीतिक महत्त्वाकांक्षा पूरा गर्न ? स्वास्नीलाई अर्काको काखमा सुम्पिएर प्राप्त महत्त्वाकांक्षाले के तपाईं खुसी हुन सकिन्छ भन्ने ठान्नुहुन्छ ....वेश्या बन्नै छ भने किन म आफ्नो इच्छा र आकांक्षा बमोजिम वेश्या नबनूँ ? किन तपाईंको महत्त्वाकांक्षाको आगोमा सल्किएर पलपल जिउँदै मरुँ !"

"......." रिसको आवेगमा कँपकँपी छुटेर ऊ केही बोल्न सक्तैन, स्वास्नीको रौद्ररूप र उसको तीखा काँडाझैं घोच्ने प्रत्येक शब्दले उसभित्रको हीनताबोध अरू वृद्धि हुन्छ र त्यस मनस्थितिमा के भन्ने कुरा नै ठम्याउन सक्तैन ऊ ।

"म जाँदैछु, मेरो बाटो कहिल्यै नहेर्नुहोला .......! बस्नोस् आफ्नै महत्त्वाकांक्षाको चिहानमा पुरिएर, म पनि यो चिहानमा तपाईंसँगै पुरिन सक्तिन !" सुटकेस बोकेर उनी घरबाहिर निस्किन्छिन् ।

"मेनका.....!" उसको चिच्याहटभैंm लाग्ने सम्बोधनलाई वास्तै नगरी उनका पाइला छिटोछिटो लम्किन्छन्-चितुवाबाट लखेटिएर मृत्युमुखबाट बच्न दौडेको मृगशावकभैंm ! ●

# काँचुली

"बधाई, हाकिम साब !" एउटा फ्याउरे अनुहार शिरले जमिन छुने गरी झुक्दै बधाई टक्र्याउँछ ।

केही वर्ष अघि न्यूनतहको सहायक कर्मचारीका रूपमा यो संस्थामा प्रवेश गरेयता कहिल्यै पछाडि फर्केर हेर्न परेन उनलाई ! यो पदोन्नति यही वर्ष हातलागी गरेका उनको दोस्रो पदोन्नति थियो । यो कुरा न लरतरो मानिसको वुताको काम थियो, न सानोतिनो योग्यताको भरमा यस्तो सम्भव थियो । त्यसका लागि आवश्यक गुण र योग्यता यिनैजस्ता केही चमत्कारी महापुरुषबाट मात्र सम्भव थियो । गोर्खाका गोर्खालीदेखि झापाका झापालीसम्म सबैसँग आमा, काका र ससुरालीको कृत्रिम नाता जोडेर काम पटाउने कष्टसाध्य कसरत निश्चय नै जोसुकैको बुताले भ्याउँदैनथ्यो, जसरी यो काममा उनले महारत हासिल गरेका थिए । सबैको विश्वसनीय र निकटतम सहयोगी भएको विश्वास दिलाउने खुबी जो कोहीसँग हुँदैन, जुन काम सम्पन्न गर्नका लागि उनी आफ्ना सम्पूर्ण श्रम, सीप र योग्यता खर्च गर्छन् । त्यसैले उनका अनुयायीहरूका लागि उनी महान् आदर्श थिए, प्रेरणापुञ्ज थिए, र थिए चमत्कारी व्यक्तित्व !

"धन्यवाद्...धन्यवाद, ल बस्नोस् !" उनको त्यो आत्मीयतापूर्ण आग्रहबाट फ्याउरे अनुहार कृतकृत्य देखिन्छ ।

"बधाई सर....!" अर्को एउटा अनुहार कोठाभित्र पस्दै बधाई ज्ञापन

गर्छ । अघिदेखि नै कोठामा आसन जमाएर बसेका चङ्खे, फ्याउरे, बेसारे र चतुरे अनुहारहरू सबैको आँखा त्यो नवागन्तुक बधाई ज्ञापक अनुहारमा गएर अडिन्छ । उसको आगमनसँगै कोठाको वातावरण केही खल्बलिएको अनुमान गर्न गाहो पर्दैन ।

"ए...तपाई......! बस्नोस्, बस्नोस्, के छ नि हालखबर ?" केही बेरको त्यो असमञ्जसतापश्चात् आफ्ना प्रशंसकहरूजस्तै उनी आफूलाई पनि सहज बनाउने कोशिस गर्छन् र त्यही प्रयासमा औपचारिकता बोल्छन् ।

"ठीकै छ । अनि सरको नि, राम्रै त होला सधैंको जस्तै ! त्यसमाथि यतिचाँडै यति धेरै महत्त्वाकांक्षाको प्राप्ति, जे छ सरकै त छ ! सरबाहेक कसले गर्न सक्छ, यस्तो पौरख, होइन त सर ...?" त्यो नवागन्तुक विवेक अर्थात् कुनैबेला आफ्नै हाकिम रहेको यो मानिसको त्यस प्रकारको जवाफमा उनी मात्र होइन, उनैका पन्थका यात्रीहरू उपस्थित सबै अनुहार एकपटक निचोरिएको कागतीको खोस्टोजस्तै देखिन पुग्छ । विवेकको दरिलो आत्मसम्मानयुक्त स्वर र जवाफभित्र अन्तर्निहित व्यङ्ग्योक्ति कम चोटिलो थिएन । तर उनीहरूमा यस्ता कुरालाई सहजै पचाइदिने झन् ठूलो क्षमता थियो । अनुहारको भाव लुकाउनसक्ने अभिनय क्षमता पनि पर्याप्त थियो उनीहरूमा । उनी र उनैको पन्थका अनुयायीहरूको क्षमता र योग्यताको अर्को पाटो नै उनीहरूको अभिनय क्षमता थियो, आत्मसम्मान र स्वाभिमानजस्ता कुराको कहिल्यै सङ्गत नगर्ने अभ्यास थियो । उनको सिद्धान्तमा स्वाभिमान, आत्मसम्मान, सिद्धान्तनिष्ठता, इमान्दारी, चरित्रजस्ता कुरा वाइयात कुरा थिए, ती शब्दकोशमा मात्र सुहाउँथे । केही गर्ननसक्ने नालायकहरूले आफ्नो अयोग्यता लुकाउन गर्ने बहाना मात्र थिए ती शब्द र तिनका प्रयोग !

"बधाई मिस्टर के......!" कोठाभित्र अर्को एउटा नवप्रवेशी अनुहारसँगै कोठाको वातावरणमा अर्को तरङ्ग फैलन्छ । त्यो अनुहारको प्रवेशसँगै उनी कुर्सीबाट जुरुक्क उठ्छ र उसको अभिवादमा नब्बे डिग्रीको कोणमा झुक्दै बधाईका लागि कृतज्ञताभाव प्रकट गर्छन्- "यो हजूरकै कृपाको फल त हो ! म आफैं धन्यवाद टक्र्याउन आउँथें हजूरले कष्ट गर्नै पर्दैनथ्यो । के मगाउँ हजूर, चिसो, तातो ?"

"होइन, अहिले केही नखाऊँ । तीँ नजिकै काम थियो, यही मौकामा तपाईंलाई पनि बधाई भनिहालौं भनेर पसेको नि !"

बधाई टक्र्याउन आएका र बधाई टक्र्याइसकेर कृतकृत्य भइसकेका उनका प्रशंसकहरूको मनमा केही ईर्ष्याभाव प्रकट भएको विवेकले सहजै अनुभव गऱ्यो । यतिका बेरसम्म उनीहरूका लागि एक कप चियाको लागि समेत नसोध्ने हाकिमले ती आगन्तुकका लागि गरेको सत्कारको आग्रहले उनीहरूका लागि केही भए पनि ईर्ष्याभाव जगाइदिनु स्वाभाविक थियो सायद । तर त्यसरी ईर्ष्या गरेर उनीहरूको व्यवहार चल्दैनथ्यो । बरु ती प्रभावशाली मानिसको आँखामा पर्ने यो सुन्दर अवसरको उपयोग गर्नु नै तिनका लागि फाइदाको व्यापार हुनसक्थ्यो । त्यसैले उनीहरूले पनि सामूहिक स्वरमा उसको अभ्यर्थना गरे- "ओहो, हाम्रो अहोभाग्य, हजूरको यसरी दर्शन पाउनु !"

"भरे घरैमा हजूरहरूसँग यसो साँझ बिताउने योजना गरेको थिएँ, हजुर सवारी नभई त हुँदैन नि ! म हजूरलाई खबर टक्र्याउन नम्बर डायल गर्दै थिएँ । मेरो अहोभाग्य, हजूर आफैले दर्शन दिइबक्स्यो !" उनले शक्तिपीठका राम्रै मठाधीशमध्येका एक मानिने तिनलाई पदोन्नतिको खुसीयालीमा आयोजित रात्रिभोजका लागि ससम्मान आमन्त्रण गरे ।

यस्ता रात्रिभोज, ककटेल डिनर आदि जमघटहरू भइरहन्थ्यो उनीकहाँ । यो सधैं नाफाको व्यापार थियो उनका लागि । यस्तै भेटघाट, भोजभतेर, र घरायसी निकटता नै उनको उन्नतिको रामवाण मन्त्र थियो, योग्यताको कसी थियो र थियो ठूलाबडा रिझाउने र पटाउने मूल हतियार ! हो, सुरुसुरुमा कहिलेकाहीं उनका भाग्यदेव ती ठूलाबडाहरू बिदा भएर गइसकेपछि श्रीमतीको केही गुनासो सुन्नु नपरेको होइन । श्रीमतीका त्यस्ता गुनासा प्रायः ती कथित ठूला मानिसहरूले उनीहरूप्रति देखाउने भद्दा तथा छाडा व्यवहार र हाउभाउलाई लिएर हुने गर्थ्यो । श्रीमतीको त्यो गुनासो आफूले भोग्नुपर्ने ती कथित ठूला मानिसका अश्लील हाउभाउ र आंगिक हस्तक्षेपमा मात्र होइन, त्यस्ता गतिविधि र व्यवहार देखेर र भोगेर चढ्दो उमेरका किशोर छोराछोरीमा पर्ने प्रभावको सम्भावनाप्रति पनि लक्ष्यित हुने गर्थ्यो । यस्तो चिन्तामिश्रित

गुनासालाई उनी ध्यान दिनुपर्ने गम्भीर कुराका रूपमा लिँदैनथे, "हाइ सोसाइटी पार्टी"को स्वाभाविक सभ्यता ठान्थे उनी ! त्यसैले उनी श्रीमतीलाई पनि यस्ता कुरालाई स्वाभाविक रूपमा लिने सल्लाह दिने गर्थे । यसरी शिष्टता र शिष्टाचारको सीमा समेत नाघ्ने आफ्ना भाग्य नियन्ताहरूका ती व्यवहारलाई उनी स्वाभाविकै ठान्थे, स्वास्नीको त्यस्तो गुनासोलाई निर्लज्जतापूर्वक हाँसेर उडाइदिने क्षमता पनि राख्थे उनी । उनी सम्झाउने गर्थे- "हेर ! अलिअलि लागेको बेला सामान्य छिल्लिएको व्यवहार गर्नु सामान्य कुरा हो ! केही बेर हाँसखेल र लाडिएर बोलिदिँदैमा के नै पो बिग्रन्छ र ? हाइ सोसाइटीमा यस्ता कुरा सामान्य हुन् बुझ्यौ ! यस्ता कुरालाई कसैले पनि सिरियसली लिँदैन, तिमीले पनि यसलाई सिरियसली लिनु आवश्यक आवश्यक छैन ! तिमीहरूलाई थाहै छ, यिनलाई जसरी पनि खुसी नपारे, नरिझाए कसरी हाम्रो उन्नति हुन्छ । यस्तो चकचकी कसरी गर्न सकिन्छ, भन त ! केही पाउन केही गुमाउनु पनि त पर्छ नि, होइन ?"

सुरुसुरुमा केही असजिलो लागे पनि उनका परिवारका सदस्यहरू पनि उनैका मार्ग, आदर्श र सिद्धान्तमा अभ्यस्त हुँदै गएका थिए । ती भाग्यविधाता शक्ति मठाधीशहरूका प्रत्येक इच्छा पूरा गर्ने कुरामा अभ्यस्त भइसकेका थिए । त्यसैले शक्तिपीठका मठाधीशहरूलाई बोलाएर मांसमदिराद्वारा गरिने यस्ता पूजाअर्चनाको नियमित कार्यव्यापारमा उनीहरूको मानसिक, शारीरिक तथा भावनात्मक सबै प्रकारको पूर्ण सहयोग रहन्थ्यो, सहभागिता रहन्थ्यो । त्यस्ता पूजाअर्चनाका लागि सहभागी गराइने मठाधीश अनुहारहरू भने देश-काल परिस्थिति अनुसार हरेक कालखण्डमा अलग अलग हुने गर्थे । अर्थात् ती कि त त्यस कालखण्डको शक्तिकेन्द्रका सञ्चालक हुन्थे, वि तिनका सहयोगी, सल्लाहकार ! हो, ती अनुहारमा कुनै पनि बेला शक्तिपीठम मठारुढ हुनसक्ने सम्भावना र क्षमता राख्ने अरू खाले अनुहारहरू पनि छुटाइँदैनथे । त्यस्तो बेलामा उनी विदेशी रक्सी र विभिन्न जीवका मासुक विभिन्न परिकारले उनीहरूको भरपूर स्वागत गर्ने कुरामा कहिल्यै मन साँघुरो पार्दैनथे । अतिथिहरूको भरपूर मनोरञ्जन गराउने प्रयासमा हुने परिवारका कुनै पनि सदस्यका कुनै पनि गतिविधि र सेवाचर्यामा रोकटोक

लगाउँदैनथे । त्यस्तै परे बरु नदेखेको बहाना गरेर उनीहरूलाई मज्जासँग पार्टीको आनन्द लिने-दिने अवसर जुटाइदिन्थे ।

"हुन्छ, भै हाल्छ नि यस्तो अवसर पनि गुमाउँला त ! भाउजूको त रूप मात्रै होइन, हात पनि असाध्यै मीठो लाग्छ मलाई ! त्यस्तो मीठो हातले बनाएको खाना र मोहनी मुस्कानको सत्कार नपाएको पनि त निकै समय भयो नि होइन र ?" उसको स्वीकृतिबाट उनी जति खुसी भए, त्यो स्वीकृति जनाउने क्रमको अभिव्यक्तिभित्रको गूढार्थ अरूले बुझ्न त बुझेनन् भनेर त्यति नै सशंकित र चिन्तित पनि देखिए उनी त्यतिबेला ! बुझे पनि यी त आफ्नै आज्ञाकारी न हुन्, यिनबाट यस्तो कुरामा डराउनु पर्दैन । तर...तर यिनैका बीच टीठ अनुहार लिएर बसेको यो विवेक ? यसलाई अगाडि नै कुनै बहाना गरेर नपठाएकोमा उनलाई पछुतो पनि लाग्यो । किन बोल्न पर्थ्यो यस्तो कुरा यो खुला ठाउँमा । घरको वातावरणमा त जे जसो बोल्ने र गर्ने पूरै छुट दिएकै थियो नि उसले । उनी मन मनै भाग्यविधाताको त्यो अभिव्यक्तिप्रति असन्तुष्टि प्रकट गर्छन्, मुखले केही बोल्न नसके पनि ।

"हिं...हिं..हिं....त्यसै भएर त आज हजूरहरूलाई दुःख दिन लागेको नि ।" अगाडिको केही बेरको असजिलोलाई कालोपाटीमा चकको लेखोट मेटेजसरी नै मेटिदिए उनले । आखिर यी भाग्यविधाताहरूका व्यवहार र भनाइमा चित्त दुखाउन थाल्यो भने कसरी उन्नति हुने फेरि ? उनले आफैंलाई सम्झाए ।

शक्तिपीठको त्यो मठाधीश त्यहाँबाट गएपछि वातावरणमा केही हलुकापन आएको महसुस भयो उनलाई । अब प्रायः उनकै पथका यात्री थिए, शासन सत्ताका ती बहुरङ्गी अनुहारहरू जो उसकै बाटो पहिल्याउन प्रयत्नशील थिए । सत्तासँग अलिकति नजिक देखिने जोकोहीको पनि विरुदावली गाएर आफ्नो दुनो सोझ्याउने उनको जस्तै तिनको पनि सनातन कार्यव्यापार हुने गर्थ्यो । त्यसैले यिनका कुनै स्थायी मालिक थिएनन् । सत्तावृत्तमा फेरिने अनुहारको बहुरङ्गितासँगै यिनको आस्था, विश्वास र विरुदावली गायनको सुरताल पनि स्वतः परिवर्तन हुने गर्थ्यो । शक्तिवृत्तको नजिक हुँदासम्म ती जसको विरुदावली गाउँथे, त्यो उपग्रहको सूर्य अस्ताएर छाया पर्नासाथ अर्को

शक्तिनिकट विदूषक अनुहारको नजिक पुग्न पहिलाका मालिकको बदख्वाइँमा आफ्नो सम्पूर्ण समय र शक्तिको लगानी गर्थे । पहिलोको बद्ख्वाइँ र नयाँ पदाशीन ग्रह-उपग्रहको विरुदावली गायन तिनको सनातन अभ्यास थियो । त्यसैले ती सबैको राशि, लग्न र ग्रह गण आदि एउटै भएकोले उनले एक पटक सन्तोषको श्वास फेरे । तर तिनीहरूकै बीचमा गजधम्म बसेको विवेकको उपस्थिति भने उनको आँखामा निकै अघिदेखि नै बिझाइरहेको थियो ।

विदूषकीय बधाई लेनदेनका यस्ता दृश्यहरू विगत धेरै वर्षदेखि नै हेर्न अभिशप्त विवेक आफैँ पनि त्यो समूहमा निकै अप्ठ्यारो अनुभव गरिरहेको देखिन्थ्यो । यतिबेलासम्म त्यो नाटकीयतालाई तटस्थ र निरपेक्ष द्रष्टाका रूपमा अवलोकन गरिरहेको विवेकले अब त्यहाँ बसिरहनुको कुनै औचित्य देखेन र अनुमति माग्यो- "काम बाँकी थियो, म जाउँ कि ?"

"ल.. अघि नै भन्नु पर्दैनथ्यो त ! मेरो स्वभाव तपाईंलाई थाहै छ नि, पहिले काम अनि मात्र अरू कुरा । पहिल्यै त्यसो भन्नुभएको भए अगाडि नै जानोस् भनिहाल्थें म ।" उनको आफ्नो स्वभावको दावी कति सत्य थियो, त्यो विवेकलाई मात्र होइन उनी आफैंलाई पनि राम्रैसँग थाहा थियो । विवेकलाई थाहा थियो, कामको कारण होइन, आफ्ना चरित्र र चरित्रको खोक्रोपनको भेद उसको अघिल्तिर खुल्ने डरले मात्रै उनी अगाडि नै उसलाई त्यहाँबाट पन्छ्याउन चाहन्थे । त्यसो गर्न उनको नैतिक साहस नै पुग्दैनथ्यो र मात्रै, यो पनि विवेकलाई राम्ररी नै थाहा थियो । आफूलाई त्यो बधाईसमूहमा कागको बथानको बकुल्लो जस्तै अनुभव गर्नुपरेर जति नै असजिलो लागे पनि त्यतिञ्जेल औपचारिकताको नाउँमा वाक्वाकीलाग्दो त्यो वातावरणमा आफूलाई बसाइरहन बाध्य थियो विवेक । त्यो चटकी अनुहार, जो कुनैबेला उसकै अधीनमा काम गर्थ्यो, उसलाई जाऊ भन्दैनथ्यो । जा नभनी उठिहाल्न उसको शिष्टाचारप्रिय स्वभावले दिँदैनथ्यो । त्यसैले बाध्य भएर ऊ ती विदूषक अनुहार र अहो रूप अहो ध्वनिको गर्दभ राग सुन्नका लागि अभिशप्त थियो । यस्तो अवसर यो नै पहिलो थिएन, अनेकौं पल्ट खपेको थियो उसले यस्ता असजिला परिस्थिति ! त्यसैले कुनै प्रतिक्रिया जाहेर नगरिकनै ऊ

त्यहाँबाट बाहिरियो र बाहिर निस्कनासाथ मुक्तिको लामो श्वास फेऱ्यो उसले ।

"हा...हा...हा...!" ऊ बाहिर निस्कनासाथ कोठाभित्रको वातावरण एकपटक अट्टहासले ढाकियो । विवेकलाई थाहा छ, उनीहरू विवेककै आत्मसम्मान र स्वाभिमानलाई नालायकीको संज्ञा दिँदै एउटा भद्दा गालीले मुख रसाएर भयङ्कर त्यो अट्टहासबाट सन्तुष्टि लिइरहेका छन् । त्यो यथार्थ बुझेर पनि उसलाई तिनीहरूसँग रिस होइन दयाभाव जागेको थियो- बिचरा आकृति गुमाएका काँचुलीहरू ! मालिकको निगाहमा प्राप्त बक्सिसको भरमा बाँच्ने यस्तासँग आफूभन्दा भिन्न चरित्रका मानिसको बद्ख्वाइँ गर्दै सन्तुष्टि लिनेभन्दा अरू क्षमता नै के पो छ र ! ●

# कालेगाइने

"हे....बरै...!" आज केही लेख्छु भनेर ध्यान एकत्रित गर्दै थिएँ, घरबाहिर आँगनबाट आएको सारङ्गीको सुरिलो स्वर र त्यही स्वरसँगै मिसिएको सुमधुर गीतको बोलले मेरो ध्यान आकर्षित गऱ्यो । धेरै भयो,मेरो आँगन मात्रै होइन मेरो टोलमै गाइनेको स्वर सुनिएको थिएन। तिनका सुमधुर आवाजमा समसामयिक घटनाका गीत सुन्न नपाएको धेरै भइसकेको थियो । हिजोआज गाउँघरमा गन्धर्वहरू (गाइने) आउन छाडिसकेका थिए । लोकसङ्गीतको जीवन्त संरक्षक यी गन्धर्वहरू शहरबजारमा विदेशी पर्यटकहरूको अघिपछि लागेका मात्र भेटिन्थे । तर समयको लामो अन्तरालपछि आज यसरी एक्कासि आफ्नै घरआँगनमा गीत गाइरहेको गाइनेलाई देख्नु मेरो लागि सुखद आश्चर्य नै थियो । त्यसैले आज त एउटा कथा नलेखी उठ्दिन भन्ने मेरो अठोट त्यो स्वर-सङ्गीतको मोहनीको अघिल्तिर परास्त भयो र मेरा पाइला स्वतः कोठा बाहिरको कौसीतिर गतिशील भए ।

बहिर आँगनमा एउटा दुब्लो-पातलो कृष्णवर्णको गाइने सारङ्गी ऱ्याइँ ऱ्याइँ रेटेर आफ्नो स्वरको मोहनी प्रवाहित गरिरहेको थियो, र उसलाई सुरिलो स्वरमा साथ दिँदै थियो एउटा आठदश वर्षे बालक । गीतको विषयवस्तु थियो, राजदर्बारमा भएको राजपरिवारको जघन्य हत्याकाण्ड । त्यो घटनालाई यो कृषकाय कथित सभ्य समाजमा अछूत र असभ्य ठानिने गाइनेले यति प्रभावशाली रूपमा गीत बनाएर स्वर-सङ्गीत दिएको थियो, त्यो सुन्दा मभित्रको

कथित सर्जक नतमस्तक थियो। यो गाइनेलाई देख्दा मेरो स्मृतिपटमा आफ्नो बाल्यकालका सम्झनाहरू एकपछि अर्को गर्दै मडारिन थाले। यो बूढो यसरी नै आफ्नो सानो छोरोलाई पछि लाएर मेरो बाल्यकालको हरेक हिउँदमा मेरै घर आँगनमा टुप्लुक्क देखापर्ने लुखुरे गाइनेकै प्रतिरूप लाग्थ्यो।

"कीर्तिपुरको गाइने, मीठो-मीठो चाइने" हामी केटाकेटीहरू गाइने दाइलाई आफ्नो घरआँगनमा देख्नासाथ यस्तै गीत गाएर जिस्क्याउने गर्थ्यौं। यो गीत हामीले कसबाट सिक्यौ, त्यो पनि अहिले सम्झना छैन। गाइने कीर्तिपुमा हुन्छन्, हुँदैनन् भन्ने पनि हामीलाई थाहा थिएन। तर गाइने देख्नासाथ हामी केटाकेटी त्यही गीत गाएर उसलाई जिस्क्याउँथ्यौं। कुनै नयाँ गाइने रहेछ भने केही बोल्दैनथ्यो, पुराना सधैं आइरहने गाइने भने हामीलाई लखेटेकोजस्तै गरेर त्यसपछि आफ्नो सारङ्गीको टाउकोको घुमाउने किलोले तार कस्दै टिङ्-टिङ् गरी त्यसको सूर मिलाउन लाग्थे।

"धेरै नपिराओ है, लुखुरे गाइनेलाई पठाइदिउँला। लुखुरेले धोक्रोमा हालेर लैजान्छ अनि थाहा पाउला।" हामीले धेरै पिराउँदा कहिलेकाहीं आमा हामीलाई तर्साउने गर्नुहुन्थ्यो। त्यसैले सुरुसुरुमा हामी गाइने देख्यौं भने डराएर छार्लोस कस्थ्यौं। मनमा नजानिंदो डरले घेर्थ्यो, कतै गाइनेले धोक्रोमा हालेर लैजाने त होइन ? तर बिस्तारै लुखुरे गाइनेले हामीप्रति देखाउने मायालु व्यवहार तथा उसको मन्त्रमुग्ध बनाउने स्वरको जादु र सारङ्गीको धूनले हाम्रो डर र ऊप्रतिको धारणामा अत्यन्तै सकारात्मक परिवर्तन ल्याइदिएको थियो। अनि त हामी प्रायः हिउँदको समयमा टाढैबाट उसको स्वर सुनेपछि परपरसम्म पनि पछ्याउँदै हिंड्थ्यौं। ऊ प्रायः हिउँदतिर आउने गर्थ्यो। उसको कालो अनुहारभित्रको सफा मन र हामीमाथि उसले देखाउने स्नेहले हामीभित्रको डर सधैंको लागि मेटाएर हाम्रो मन जित्न बेर लागेको थिएन। त्यतिबेला हाम्रो उमेर पाँच-छ वर्षको थियो होला, उसको अठार-बीस। उसको छोरो काले पनि लुखुरेको साथैमा हुन्थ्यो। काले र लुखुरेको घाँटीमा सारङ्गी झुन्डिएका हुन्थे। लुखुरेको काँधमा कहिले अलि भरिएको, कहिले रित्तै धोक्रो हुन्थ्यो। बूढो लुखुरेको हातमा एउटा लट्ठी पनि कहिल्यै छुट्दैनथ्यो। गाइने, माग्ने र अरू पनि झुत्रेझाम्रे मान्छे देख्दा गाउँ-टोलका छाडा भुस्याहा

कुकुरहरू उनीहरूलाई भुक्दै लखेट्थे । ऊ त्यो लट्ठीको प्रयोग तिनै कुकुर धपाउने काममा गर्थ्यो । दुवै कालो वर्णका काले ! सानोलाई काले भनेको हामी बुझ्थ्यौं,तर बूढोलाई किन लुखुरे भनेका होलान्, हामीले पछिसम्म पनि बुझेका थिएनौं । पछि थाहा पायौं, यो उनीहरूको वास्तविक नाउँ होइन । वास्तविक नाउँ त उनीहरू आफैंले पनि बिर्सिसकेको हुनुपर्छ । गाउँघरका मालिकहरूले जे नाउँले बोलाउन थाले त्यही नाउँलाई उनीहरूले शिरोधार्य गरे, त्यसैलाई स्वीकारे ।

"ल...ल...लुखुरे, आज पिर्थिबी नारान्को गीत सुनाऊ त !" उनीहरूलाई देख्नासाथ एकातिरबाट फर्माइस आउँथ्यो ।

"होइन होइन,अस्तिको जस्तै निर्गुन भजन गाऊ.... ।"अर्कोतिरबाट बूढाखाडाको फर्माइस सुनिन्थ्यो ।

"आज डाँफेचरीजस्तै झ्याउरे गीत गाए पनि त हुन्थ्यो नि ! कति सुन्नु त्यो पिर्थिबी नारानको कथा र देउताको भजन ।" अझ अर्को खाले फर्माइस सुनिने गर्थ्यो, मायाप्रीतिका गीत रुचाउने तन्नेरातन्नेरीहरूको । उनीहरू सारङ्गी बजाउँदै आएपछि हामी केटाकेटीमात्रै होइन, घरका ठूलामान्छेहरू समेत सबै उसको गीत सुन्न बाहिर आँगनमा निस्कन्थे । मान्छेपिच्छेका फर्माइस गरिन्थे । बिचरो लुखुरे र काले सबैभन्दा पहिले महाभारत, रामायण, पुराण आदि धार्मिक कथाहरूको गीत अर्थात् उनीहरूको भनाइमा निर्गुण भजन गाएर घरका बूढापाकाहरूको इच्छा पूरा गरिदिन्थे । त्यसपछि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दाको वीरगाथा गीतमै बयान गर्थे । तन्नेरातन्नेरीहरूको मन पर्ने डाँफेचरीजस्ता प्रेमसन्दर्भका लोकगीत सुनाएर सकेसम्म उनीहरू सबैको फर्माइस पूरा गरिदिन्थे ।

ती सबै फर्माइस पूरा गर्न उनीहरूलाई कम्तीमा दुईघण्टा लाग्थ्यो । आ-आफ्नो फर्माइस पूरा भएर सबै सन्तुष्ट भएपछि घरका आमा-दिदीले छ-आठमाना जति धान,एक–डेढ माना जति चामल र घरबारीमा फलेका सागपातहरू ल्याइदिन्थे । कहिलेकाहीं बा-दाजुहरूको मन धेरै नै खुसी भयो भने सुका मोहर थप बक्सिस दिनुहुन्थ्यो । लुखुरे र काले खुसी हुँदै ती जति पाएको भिक्षा, जसलाई उनीहरू बयाँ भन्ने गर्थे, छड्के पारेर भिरेको बर्कोमा थाप्थे ।

"किन धोक्रो नथापेर बर्कोमा थापेको हँ लुखुरे दाइ ?" अलि बुझ्ने भएपछि निकै खुल्दुली लागेर लुखुरेसँग मैले एकपल्ट सोधेको थिएँ । कहिले दश ठाउँमा टालेको भोटोसुरुवाल र कहिले त्यस्तै कछाड, भोटो र इष्टकोटमा देखिने लुखुरे र कालेले सधैं एउटा बर्कोलाई छड्के पारेर मालाजस्तै गर्र भिरेका हुन्थे । उनीहरू आफूले पाएको अन्नपात पहिला त्यो बर्कोमा थापेर मात्र त्यसपछि धोक्रोमा खन्याउँथे ।

"पुर्खाको चलन,जेठा बाबु । अन्नदाता मालिकहरूको मान राख्न सोझै धोक्रोमा नराख्नु भन्थे बाउ-बाजेले, हामी पनि त्यसै गर्छौं !" उनीहरू ठूला मानिसलाई मालिक, परभू, ख्वामित् आदिको सम्बोधन गरेर जदौ गर्थे, हामी सानालाई ठूलाबाबु, सानाबाबु, ठूलीनानी, सानी नानी आदि सम्बोधन गर्ने गर्थे ।

"अस्तिन किन नआको नि ?" उमेरको सँगै मेरो जिज्ञासा पनि साथै बढ्नु स्वाभाविक थियो । त्यसैले म लुखुरेलाई प्रश्न गरेर हैरान पार्थें । ऊ जानेसम्म मेरा जिज्ञासा शान्त पार्ने प्रयास गर्थ्यो ।

"ल...बाबु पनि, भर्खर त हिउँद लाग्यो । बर्खाभरि झरीले काँ डुलफिर गर्न दिन्छ र, गाउँघरमै बस्यो, माछासाछा मार्‍यो, ज्यालाबुनी गर्‍यो, छाक टार्‍यो । अहिले हिउँद लाग्यो अनि मालिकहरूलाई खुसी पारेर वर्यां उठाउन आएको ।" मेरो जिज्ञासामा लुखुरेको जवाफ हुन्थ्यो ।

"खेतीको नाउँमा परभू, खोर्सानी रोप्ने थाम छैन, जात बुझ म गाइने, जगत मुलुक मागीकन परानी राख्दछु ।" त्यो जवाफ पछि ऊ यो गीत गाउँथ्यो । सुरुमा मैले यो गीतको मर्म बुझ्ने कुरै थिएन,तर बिस्तारै यसको मर्म बुझ्दै गएपछि यो गीतको एउटै फाँकीले उसको जातीय जीवनको मार्मिक कथा समेटेको यथार्थ बोध गरेको थिएँ । मेरो प्रश्नको योभन्दा मार्मिक जवाफ सम्भवतः अर्को हुन पनि सक्दैनथ्यो । उसको जातिको यो मार्मिक जीवनगाथा गीतको दुई साना हरफले जति मार्मिक र जीवन्त ढङ्गमा व्यक्त गरेका थिए, त्यो सुनेपछि अरू सोध्ने आवश्यकता नै बाँकी रहँदैनथ्यो ! त्यो छोटो गीतभित्रको उसको सिँगो जीवन र जातिको पीडा बुझ्न थालेपछि म एकातिर अत्यन्त विचलित हुन्थें, अर्कातिर उसको लोक अभिव्यक्तिका

माध्यमबाट आफ्नो जीवन कथा भन्ने खुबी देखेर विस्मित बन्थें, अभिभूत हुन्थें । गाउँमा एउटा झुप्रो बाहेक खोर्सानी रोप्ने एक टुक्रो जग्गाजमिन समेत नभएका लुखुरेहरू हिउँदभरि टाढाटाढाका गाउँ महिनौं धाएर जम्मा गरेको भिक्षाले थुकछिटो गर्दै वर्षदिन टार्थे । वर्षामा जहान परिवार मिलेर गाउँघरकै मालिकहरूको खेतबारीमा ज्यालाबुनी गरेर केही कमाउँदथे । केटाकेटी, स्वास्नीमान्छेहरू फुर्सद हुँदा जाल, काङ्गियो बुन्थे, त्यही बेचेर केही आर्जन गर्थे । खोलामा माछा मारेर बजार लगी बेच्ने र बेच्न नपाए त्यही खाएर प्राण धान्ने उनीहरूको अर्को काम थियो । हिउँद लागेपछि भने आफ्नो जन्मस्थान छाडेर कैयौं दिनको बाटो हिंडी गीत सुनाउँदै अन्नपात जम्मा गर्थे । केटाकेटी उमेरको म लुखुरेबाट उनीहरूको जीवनचर्या सुनेर लोभिने गर्थें-आहा, यिनीहरूजस्तै नयँनयाँ ठाउँ घुम्न, खोलामा भिज्दै माछा मार्न पाए कति मज्जा हुन्थ्यो होला ! पछि बुझ्ने भएपछि केटाकेटी बेलाको आफ्नो त्यो लोभ र सोचाइ सम्झेर आफैंसँग हाँसो उठ्थ्यो । मैले रोमाञ्च मनोरञ्जन सम्झेको उनीहरूको त्यो जीवनचर्या मनोरञ्जन थिएन,उनीहरूको कठोर जीवनयापनको एउटा साधन थियो । यो कुरा त्यतिबेला मेरो समझमा आउने कुरा पनि थिएन सायद ।

"कति टाढा छ, तिम्रो गाउँ ?" म जिज्ञासावश सोध्दथें ।

"धेरै टाढा छ, बाह्र-पन्ध्र दिन हिंडेर यहाँसम्म आइपुग्छौं ।" उसको कुरा सुनेर अनौठो लाग्थ्यो । त्यतिका दिन हिंड्नु पर्ने, धेरै टाढा पो रहेछ ! म मनमनै कति टाढा होला भन्ने अनुमान गर्थें ।

"ओहो, कसरी आउँछौ त त्यति टाढाबाट ! अनि अरू नि ! तिम्रा गाउँका अरू मान्छे कता जान्छन् नि ?" मेरो जिज्ञासा अरू बढ्थ्यो ।

"कोही कता जान्छन्,कोही कता । कोही पूर्व, कोही पश्चिम । कोही त कलकत्ता, आसाम, दार्जिलिङसम्म पनि पुग्छन् । त्यता पनि हाम्रा नेपालीहरू छन् नि, तिनैलाई पुर्खाका गाथा र नेपालका गीत सुनाएर केही कमाउँछन्, हिउँद सकिनलाग्दा नेपाल फर्कन्छन् ।" केही उमेर पुगेर किशोरवयमा टेक्न लागेको मेरो मन ती यायावर गन्धर्वको रोमाञ्चक यात्राका कुरा सुनेर रोमाञ्चित हुने गर्थ्यो । तिनलाई आफूले केटाकेटीमा सुनेका दन्त्यकथाका

नायकहरूसँगै तुलना गर्नपुग्थें-ओहो कति बहादुर ! त्यति टाढाटाढा घुम्न डर पनि नलाग्ने ।

"अनि, कसले खान दिन्छ, कहाँ सुत्छौ नि ?" त्यसपछिको मेरो अर्को निर्दोष प्रश्न हुनेगर्थ्यो ।

"बाघ, सर्प, जोगी र गाइनेको जीवात् एकै ठाउँमा बस्दैन भन्थे, बाउबाजेले । हामी पनि त्यही मानेर घुम्छौं बाबु । बस्न खान के छ र, जहाँ पुग्यो जे भिक्षा पायो त्यहीं ओडाल्यो, खायो । रात पर्‍यो, त्यहीं आधा बर्को ओछ्यायो, आधा ओढ्यो । हातको सिरानी राख्यो, सुत्यो । दिनभरिको थकाइले भुसुक्कै निदाइहालिन्छ । यसरी नै दिन-रात कटिहाल्छ !" उसको कुरा सुनेर उनीहरू साँच्चै नै मेरो मानसमा रोमाञ्चक साहसिक कथाका धीरोदात्त नायकका रूपमा अङ्कित हुन्थे । म पनि ठूलो भएपछि यसरी नै नयाँ ठाउँमा घुम्नेछु, म मनमनै सोच्थें । यसरी नै उनीहरू मेरोभित्र यायावरीको सपना जगाइदिन्थे ।

"अनि हामीजस्तै सानो काले यति टाढा हिंडेर कसरी आउनसक्छ त, लुखुरे दाइ ?" उसको कष्टप्रद यात्राको कुरा सुनेर मलाई अर्को आश्चर्य हुन्थ्यो । हामीभन्दा धेरै जेठो नदेखिने कालेले कसरी पूरा गर्छ होला त्यस्तो कठिन यात्रा ! मलाई लाग्थ्यो, पक्कै पनि ढाँटेको होला यो लुखुरेले ।

"सात वर्ष पुगेर वर्तमन गरेपछि कहाँ घराँ बस्न पाउँछन् र हाम्रा छोराहरूले बाबु । सात वर्ष पुगेपछि मामाले गाई गोठमा लगेर कपाल खौरिवरी टोपी दिएपछि त काँधमा सारङ्गीले छाड्दै छाड्दैन । अनि आफूभन्दा ठूला बाबु, दाजुसँग साथ लागेर नघुमी कहाँको सुख्ख पाउनु !" मेरो अनुहारमा अविश्वासको झल्को पाएर होला उसले बेलिबिस्तार लाएको थियो ।

"आफ्नो जातै गाइने, गीत गाएरै परानी धान्नुपर्ने । कसले सिकाउनु पर्छ र नानी, त्यसै आइहाल्छ नि । बुझ्नु भो नानी, हाम्रा पुर्खा पनि ऋषिमुनि कै सन्तान हुन् ।" कसले सिकाउँछ तिमीहरूलाई यस्ता यस्ता गीत लुखुरे दाइ, कति मीठो गीत गाउँछौ तिमी ! मेरो प्रश्न मिश्रित प्रशंसा सुनेर उसले एकपल्ट भनेको थियो । यही क्रममा उसले सुनाएको पुर्खाको उत्पत्तिको आहान अझ रमाइलो लागेको थियो त्यतिबेला, कथाजस्तै । सुरुमा ब्रह्माजीले

चारजना ऋषि, चार वर्ण र छत्तीस जातको सृष्टि गरे रे। ती ऋषिहरूमध्ये गन्धर्व ऋषि असाध्यै सोझा रहेछन्। त्यसैले बाँकी तीन जना चलाक ऋषिले तिनलाई आफ्नो समूहबाट हटाउने उपाय गरेछन्। ती गन्धर्व ऋषिलाई गाईको नलीखुट्टोको बाजा बनाएर दिँदै त्यही बाजा बजाएर अवरिहा, अवरिहा भन्दै भिक्षा मागेर ल्याऊ भनी पठाए छन्। सोझा गन्धर्वले उनीहरूले भनेजस्तै गरी मागेर ल्याएपछि भने ती धूर्त ऋषिहरूले तैंले ऋषि भएर पनि गाईको नलीखुट्टा बजाएर मागेको हुँदा अब उप्रान्त यसरी नै मागेर बाँच्नु, तँ हाम्रो लागि अछूत भइस् भनी लखेटेछन्। तीनै सोझा गन्धर्व ऋषिका सन्तानहरूले पछि आफूलाई गाइने भन्न थालेका रे। गन्धर्व ऋषिले अवरिहा भन्दै बजाएका बाजालाई उनीहरू अर्वाजो भन्छन् रे।

उसले अर्को कहावत पनि सुनाएको थियो त्यतिबेला। विभिन्न ऋषिहरूमा कसले के काम गर्ने, कसले के भनी कामको विभाजन हुन थालेको थियो रे। अरू सबै आ-आफ्नो रुचिको काम जिम्मा लिइरहेका बेला गन्धर्व ऋषि चाहिं अप्सराहरूको नाच हेरेर लट्ठ परेछन्। त्यो देखी उनलाई गाउने कामको जिम्मा दिइएको थियो रे। त्यसैले उनका सन्तान मानिने गाइनेहरूको गीत गाउँदै माग्ने पेशा भएको रे।

"........यो जिउ पापी रहने छैन थिर, चार दिन बस्नलाई के को टन्टा पीर....।" यस बीच उसले सुनाउन थालेको राजदर्बार हत्याकाण्डको दुख:द गीत कहिले पूरा गऱ्यो र यो दार्शनिक निर्गुण भजन समेत टुङ्ग्याइसक्यो, त्यो समेत मैले पत्तो पाइनछु। म त आफूलाई आफ्नै बाल्यकालको सम्झनामा चुर्लुम्मै डुबाइरहेको रहेछु। उसको भजनको पछिल्लो पङ्क्ति पनि सकिएपछि निस्किएको सारङ्गीको तीव्र आलापले मलाई विगतबाट वर्तमानको यथार्थमा बजारेपछि मात्रै म झसङ्ग भएँ-ओहो, म त कसरी भुलेछु आफ्नो, लुखुरे र कालेहरूको विगत स्मृतिमा!

"तिम्रो नाम चाहिं के हो नि?"उसको अनुहारमा टाँसिएको लुखुरेको झझल्काले मलाई नाम सोध्न प्रेरित गऱ्यो।

"काले...मेरो नाम काले हजूर!"

"अनि बाबुको नाउँ नि...?" उसको जवाफले ममा थप जिज्ञासा

उब्जाइदियो । कतै उही काले गाइने त होइन यो, लुखुरेको छोरो ! तर यसको बोलाइ लुखुरेको जस्तो थिएन । ख्वामित्, मालिक, अन्नदाताजस्ता लुखुरेले गर्ने सामन्ती कुल्चाइको संस्कारजन्य सम्बोधन उसको मुखबाट निस्किएन । समयसँगै यिनीहरूको पुरानो दमित मनोविज्ञानमा पनि परिवर्तन आएको हुनसक्छ, मैले मनमै अनुमान लगाएँ ।

"लुखुरे, हजूर ! उनको नाउँ लुखुरे थियो ।" उसको जवाफले म सुखद आश्चर्यमा डुबें ।

"मलाई चिनेनौ त काले, तिमी लुखुरे दाइसँगै आउँथ्यौ होइन सानो छँदा ?" मेरो अनुहारमा आफूले गुमाएको अति प्रिय आफन्त भेटेको जस्तै प्रसन्नता छताछुल्ल थियो ।

"तपाई ठूलो बाबु त होइन....? मैले त ठम्याउन सकिन नि । तपाई पनि निकै फेरिइसक्नु भएछ । त्यसमाथि यताहुँदी नआएको पनि जुगै बितिसक्यो ।" कालेको अनुहारमा पनि केही खुसी, केही अनिश्चितता र केही आश्चर्यको मिश्रण देख्न सकिन्थ्यो ।

"अनि किन गाउँतिर आउन छाडेको त ? लुखुरे दाइलाई कस्तो छ नि ?" लुखुरे कस्तो होला, ऊ अहिले पनि गाउँ डुल्दैछ कि के गर्दै छ भन्ने जस्ता जिज्ञासा ममा तीव्र थियो ।

"बाउ बितेको त निकै भइसक्यो, जेठाबाबु । गाउँघर पनि पहिलेको जस्तो कहाँ छ र हामी गाइनेको गीत सुनेर खुसी मनले मानामुठी दिने ! सहरबजारमा बरू फिरङ्गी कुइरेहरूलाई गीत सुनायो, सारङ्गी बनाएर सकेको बेच्यो । त्यसैबाट केही कमायो, केही रुपियाँ बकस पाइन्छ, जीविका चलायो ! त्यसैले गाउँघर डुल्ने त चलनै हराउन लागिसक्यो बाबु ।" उसको भनाइमा म हाम्रो सोच र बदलिंदो चाखको मात्र नभएर परिवर्तित उनीहरूको जीवनचर्याको समेत झल्को पाइरहेको अनुभव गर्दैथिएँ । हो पनि, अब हाम्रा गाउँघर गाइनेको गीत र सारङ्गीको स्वरसङ्गीतमा मात्र कहाँ चित्त बुझाउँछ र ? ऊ पनि अब बुझीनबुझी आफूलाई पश्चिमी सङ्गीतको धूनमा बगाएर सभ्यताको बाटोमा हिंडाउन चाहन्छ । सारङ्गीको धून मन पराएर गाइने र उसको सारङ्गीलाई अझैसम्म लोप हुन नदिने कालेको भाषाका फिरङ्गी र

कुइरेहरू पनि अब नेपाल आउन डराइरहेका छन् यसैले अब यस कामबाट पनि उसको जीविका चल्न गाह्रो छ । उसको लामो अनुभवले यस्तै भन्छ । उसको मनको बह पोखाइको निचोड सायद यस्तै थियो ।

"हो हजूर, आमाको माया पाउन नसकेको यो अभागी मेरो एउटै सन्तान हो ।" उसको साथको सानो केटोतिर देखाएर मैले सोधेको प्रश्नको जवाफमा उसले भनेको थियो, "के गर्नु जेठाबाबु, काखा प्यूसोसमेतको माया लागेन त्यो निष्ठुरीलाई । यो काखाँ हुँदै छोडेर अर्कै टिपेर हिंडेकी, मैले सुख दिन सकिन रे उसलाई । अब यसको बाबु भने पनि मै छु, आमा भने पनि मै छु। मेरो पनि योभन्दा अर्को को नै छ र, बाबुआमा गैहाले ! यसकै पीरले आफूले अर्की ल्याउन पनि सकिएन !"

कालेलाई सके आफ्नो मनभित्र गुम्सिएको पीर कसमाथि पोखौं जस्तो भएको थियो क्यारे, मेरो छोटो प्रश्नको जवाफमा उसले वेदनाको पोकै फुकाइदियो । उसलाई देखेर जसरी मैले आफ्नो बाल्यकालको स्मृतिलाई एकपटक दोहोऱ्याएथें, सके उसलाई पनि त्यही बाल्यकालको सम्झनाले ममा आफन्तबोधको अनुभूति दिएर हलुको हुन सघाएको थियो होला । मैले दिएको केही भिक्षा र रुपियाँ लिएर अबोध बालक अघि लाउँदै ऊ फेरि अनिश्चित यात्राका लागि यहाँबाट हिंड्यो । मलाई आज एउटा कथा नलेखी उठ्दिन भन्ने आफ्नो अठोट पूरा नभएकोमा कुनै अफसोच लागेन, काले गाइनेको जीवन्त जीवनगाथाभन्दा मेरो कल्पनाको अनुभूतिमा रङ्गिने कृत्रिम कथाको मूल्य कति नै पो हुन्थ्यो र ! •

# अतृप्त सपना तैरिएका आँखाहरू

"धन्यवाद....यति मीठो चिया ख्वायौ !" चिया खाएर साँच्चिकै ताजा महसुस गऱ्यो उसले र निमालाई त्यस वापत धन्यवाद दियो। घर छाडेर बिरानोमा पनि ऊ घरबेटी र सिङ्गो गाउँको माया पाएर खुसी थियो, घरपरिबार समेत बिर्सन सफल भएको थियो। त्यो बिरानो ठाउँमा पनि आफन्तजस्तै माया र स्नेह पाएकोमा पारस कृतज्ञ थियो यो परिबार र सिङ्गै गाउँसँग। आफूलाई कहिल्यै एक्लो ठानेन उसले यो ठाउँमा। घरबेटीकी छोरी उसलाई आफ्नै छोरीजस्तै लाग्छे र ऊ पनि उसलाई आफ्नै बाबुलाई जस्तै माया गर्छे, हेरचाह गर्छे।

उसको त्यो धन्यवादलाई निमाले पनि बडो आदरपूर्वक मुसुक्क हाँसेर फर्काई। सोह्र-सत्र वर्षको यौवन र हिमानी सौन्दर्यले भरपूर हिमपरीझैं देखिन्छे ऊ ! त्यतिबेला निमाको हिउँझैं गोरो अनुहार कोठाको पश्चिमपट्टिको झ्यालबाट भित्र छिरेको अस्ताउन अस्ताउन लागेका सूर्यको रक्तिम प्रकाशमा नुहाएर पग्लिएको सुनझैं सुनौलो देखिएको थियो। पारस भने उसको रूप र सौन्दर्यमा आफ्नी छोरीको रूप र सौन्दर्य खोजी रहेको थियो, उसकै प्रतिच्छाया खोजिरहेको थियो। निमाको स्नेह र मायामा आफ्नै छोरीको स्नेह र माया खेजिरहेको थियो ऊ।

त्यतिवेला निमा पनि सोचिरहेकी थिई- घरबार छाडेर यो गाउँमा शिक्षा र चेतना दिन जिन्दगी अर्पण गर्ने यो मान्छे कति आफ्नै लाग्छ आफ्नै

बाबुजस्तो ! सामान्य सरकारी प्राथमिक पाठशाला बाहेक केही नभएको त्यो गाउँमा यही मानिसले नै त ऊजस्ता धेरैमा शिक्षा र चेतनाको बीज छरिदिएको थियो । ऊ मात्र होइन, गाउँका प्राय: सबै त्यस्तै सोच्थे । सबैको त्यही माया र प्रेम पाएकै कारण ऊ त्यो ठाउँ छाडेर जान सकेको थिएन । उसले आफ्नो परिवारलाई भन्दा पनि त्यस गाउँका निरीह मानिसलाई बढी महत्त्व दिएको थियो ।

शहरमा राम्रै सामाजिक प्रतिष्ठा भएको मध्यमवर्गीय उसको परिवारको चाहना थियो- ऊ घरव्यवहार चलाएर बसोस्, शहरमै जागिर व्यवसाय गरेर जीवन चलाओस् । उसकी पत्नीको पनि चाहना त्योभन्दा अलग थिएन । तर शहरमा जागिर व्यवसाय पाउनु सहज थिएन र नै ऊ प्राथमिक शिक्षकको नियुक्ति लिएर आएको थियो यो अपरिचित ठाउँमा । उसले छोरीलाई समेत नदेखेको दशवर्ष पुगिसकेको थियो । लगभग निमाकै उमेरकी थिई उसकी छोरी । त्यसरी शहर छाडेर गाउँ पसेको पारसले यही ठाउँलाई आफ्नो कर्मथलो बनाएको थियो । आफ्नो सामर्थ्यले भ्याएसम्म शिक्षा र चेतनाको उज्यालो छरेर आर्थिक-सामाजिक शोषणविरुद्ध दरिलो भएर उभिन सघाउने निरन्तर कोशिस गरेको थियो उसले । त्यहाँ आएपछि यो गाउँले दिएको स्नेह, इज्जत र मायाले घरपरिवारलाई समेत बिर्साइदिएको थियो, छोरीको बाहेक घरका कसैको त्यति याद समेत आउँदैनथ्यो उसलाई । सबैलाई बिर्सिए पनि छोरीको अनुहार भने घरी घरी उसको अगाडि आइरहन्थ्यो, बिर्सन खोजेर पनि बिर्सन सकेको थिएन उसले । अहिले निमामा त्यही छोरीको छायाँ खोजेर आफूलाई सान्त्वना दिने एउटा उपाय फेला पारेको थियो उसले ।

"कस्ती भै होली ऊ ..? देखे पनि झट्ट त के चिनौंला र यतिका वर्षपछि देख्दा ! उसले त झन् के चिन्ली !" उसले घरपटीकी छोरीलाई गढेर हेर्दै आफैंसँग भनेको थियो ।

"काका बत्ती बाल्दिउँ ? बाआमा आउने बेला पनि भयो होला । म खाना बनाउन जान्छु है काका !" त्यही क्रममा कतिबेला सूर्य क्षितिजभित्र पसेर धरतीमा गोधूली छरिइसकेछ छोरी र आफ्नै विगतका सम्झनामा हराएको पारसलाई त्यसको पनि हेक्का थिएन । त्यसरी बिस्तारै अँध्यारो गाढा

हुँदै गएको देखेर सोधेकी थिई निमाले । ऊ आफ्नै सोचाइको सागरमा तैरिँदै उत्रिँदै थियो त्यो क्षण पनि । त्यसैले निमाको कुरा पनि सुनेन सायद । निमा पनि उसको उत्तर सुन्न त्यहाँ थिइन, कोठामा उसले बालेकी लाल्टिनको धमिलो उज्यालो मात्रै अँध्यारोसँग सङ्घर्ष गरिरहेको देखिन्थ्यो ।

"ओहो.......भोलि त छोरी आउँछे !" ऊ भोलि आफ्नी छोरीलाई भेट्न पाउने सम्झनाले मात्रै पनि पुलकित बन्यो । छोरी आफ्नो बाबुले घरलाई भन्दा पनि बढी माया गरेको त्यो गाउँलाई एकपटक हेर्न चाहन्थी । त्यो बुझेको पारसले उसलाई गाउँ हेर्न बोलाएको थियो यसपल्ट ।

चालीसमाथिको प्रौढ वयमा यात्रा गरिरहेको पारस समय अघि नै तिलचामले भैसकेको देखिन्थ्यो । मोटो सिसाको चस्माभित्र देखिने तेजिला र रोबदार उसका आँखाबाट जो कोही पहिलो भेटमै प्रभावित हुन्थ्यो ऊसँग । सुरु सुरुमा उसका विरोधी नभएका होइनन् त्यो ठाउँमा- शिक्षा र चेतनालाई आफ्नो दुश्मन ठान्ने गाउँका केही ठूलाठालूले उसलाई गाउँ भाँड्न आएको अराजकको आरोप लाएर खेद्ने भरमग्दुर प्रयास पनि नगरेका होइनन् । तर समाजप्रतिको उसको त्यही समर्पण र यही व्यक्तित्वले सुरुमा उसको विरोधमा देखिएका अनुहारहरू आफैँ शिथिल बन्दै गएका थिए । ऊ कुनै राजनीतिक दलको कार्यकर्ता थिएन, मात्र समतामूलक अग्रगामी समाज उसको आदर्श सपना थियो । उसलाई आफ्नो समर्थनमा आउन राजनीतिक दलहरूले निकै दवाब नदिएका होइनन् । तर पनि ऊ कुनै दल विशेषको कार्यकर्ता हुन चाहँदैनथ्यो । यता आएर संसद् छाडी जङ्गल पसेका समूहको आफ्नो समर्थनमा आउन निकै चर्को दवाब दिइरहेको थियो ।

चियाको स्वाद लिँदै उसले कोठाको झ्यालबाट बाहिरको खुला आकाश हेऱ्यो । घर बाहिर साँझपखको सिर्सिर बतासमा रूखका पातहरू फिर्फिर हल्लिरहेका देखेर उसको मन अरू प्रफुल्ल भयो । वातावरणलाई बिस्तारै साँझको अँधेरोले आफ्नो आवरणमा लपेट्दै थियो । गुँडतिर फर्कने तयारीमा चराचुरुङ्गीहरू परपरबाट आकाशमा कावा खाँदै थिए । रूखका हाँगामा तिनका चिर्बिर सँगीतले सिङ्गो वातावरण संगीतमय बनेको भान हुन्थ्यो ।

भोलि बिहानै सदरमुकाम हिंड्नु पर्छ, छोरीलाई लिन । उसले सोच्यो ।

यो गाउँमा आएदेखि सकभर सदरमुकामसम्म पनि जान रुचाउँदैनथ्यो ऊ । कहिलेकाहीं गाउँलेको काममा जानै परे मात्र, नत्र ऊ यो गाउँबाट निस्किँदैनथ्यो । यहाँको शान्त, सफा र कृत्रिमतारहित प्राकृतिक वातावरणमै मोहित थियो ऊ । यो वातावरण छाडेर आधुनिक र नागरी सभ्यताको होडमा क्रमशः अग्रसर सदरमुकामको कृत्रिम शहरी सभ्यताको आत्मकेन्द्रित एकाकीबोध उसलाई पटक्कै मन पर्दैनथ्यो । त्यहाँको सिङ्गो वातावरण टाँगामा जोतिएका घोडा र भारी ओसार्ने खच्चरको विष्टासरि गनाउँथ्यो उसलाई ! सडक पेटीमा सामानका बिस्कुन फिँजाएर बेलुकीको छाक जुटाउन पर्खिरहेका निर्दोष निरीह अनुहारहरू र तिनलाई गिज्याउँदै महँगा गाडीमा धूलो उडाउँदै पानको पिकले सभ्यताको उपहास गर्ने नक्कली अनुहारहरूसँग वितृष्णा थियो उसलाई । त्यो कृत्रिम सभ्यतामा रङ्गिने असफल प्रयासमा लागेको मानव सागरबीचको अतल खाडलमा पसेर निस्कन हम्मे पर्थ्यो उसलाई । तर पनि छोरीको स्वागतमा भोलि त्यही सदरमुकाम जान निकै उत्साहित थियो ऊ । छोरी भेट्ने र उसको शिरमा सुम्सुम्याएर माया पोख्न व्यग्र थियो ऊ । त्यो क्षण नजिकिने क्रमसँगै त्यही व्यग्रताले सदरमुकामप्रतिको वितृष्णा पनि हावाले उडाएको कपूरझैं उडेर बिलाउन पुगेको थियो त्यतिबेला । हो.. भोलि उसकी छोरी आउँदै थिई आफ्नो बाबुलाई भेट्न ....! त्यही व्यग्रताको अनुभूतिसँगै केही बेर बाहिरको शुभ्र सौन्दर्यको आनन्द लिएर ऊ लाल्टिनको मधुरो उज्यालोमा एउटा पुस्तक लिएर पढ्न बसेको थियो ।

एक्कासि बाहिरबाट आएको कल्याङमल्याङले उसको एकाग्रता भङ्ग गर्‍यो । साँझ छिप्पिँदै थियो । उसले सोच्यो- सायद निमाका परिवार गफ गर्दै होलान् । सके खाना खाने बेला पनि भयो होला र उनीहरू उसलाई बोलाउन यतै आउँदै होलान् ।

बाहिरको कल्याङमल्याङ बढ्दै गयो । ध्यान दिएर सुनेपछि उसलाई लाग्यो त्यो आवाज यो परिवारको होइन । आवाज क्रमशः चर्को हुँदै कोठा बाहिर आइसकेको थियो । केही समययता प्रायः घरबाहिर त्यस्ता आवाज सुनिने गर्थे, पछि थाहा हुन्थ्यो ती आवाज कि सुरक्षाकर्मीका नाउँमा गाउँलाई आतङ्कित तुल्याउने गस्तीको हुन्थ्यो, कि नयाँ सुन्दर समाज बनाउने नाउँमा

जङ्गल पसेका विद्रोहीहरूको हुनेगर्थ्यो ।

आवाज अरू तीव्र र घना हुँदै गयो । बिस्तारै त्यो कर्कश आवाज आफ्नै ढोकाबाहिर आएर थामिएको अनुमान गऱ्यो उसले । चुकुल नलगाइकनै ढप्काइएको उसको कोठाको ढोका एक्कासि ठूलो आवाज गर्दै खुल्यो । त्यो अप्रत्याशित घटनाले उसलाई केही भयभीत तुल्याइदियो । उसका आँखा ढोकाबाट भित्र छिरेका पाँच-छ जना कम्ब्याट भेषधारी मानिसहरूमा ठोक्किए । तिनका हातमा राइफल थिए, सबैका अनुहार कपडाले छोपिएका थिए । उसले ठम्याउन सकेन, ती को हुन्- राम्रो नियतले आएका भए अनुहार लुकाउनु आवश्यक थिएन । त्यो देखेर उसभित्र अव्यक्त भय फैलियो । उनीहरू कोठाको चारैतिर फैलिए । सम्भवत: उसलाई खाना खान बोलाउन आएकी निमाको आतङ्कित चिच्याइसँगै दुई बलिष्ठ हातले उनलाई समातेर कोठाभित्र तानेको देख्यो उसले र साहस गरेर प्रतिकार गऱ्यो- छाड्यौ उसलाई । के गरेको यो....? बाहिर अरू खल्याङमल्याङ बढ्दै गएको स्पष्ट नै सुनिन्थ्यो ।

"कहाँ छ देखा बुर्जुवा सत्ताको जासुस !" त्यही नाइकेजस्तै देखिने मानिसको कठोर प्रश्न तिनकै बलिष्ठ पञ्जामा अँठ्याइएकी निमातर्फ लक्ष्यित थियो । त्यो प्रश्नले पारस झनै तर्सियो । उसले केही बुझेन, केही ठम्याउन सकेन- कसलाई खोजिरहेका छन् यिनीहरू ?

बाहिर गाउँलेको संख्या बढ्दै गए पनि संत्रस्त र आतङ्कित उनीहरूबाट कुनै दरिलो प्रतिरोधको साहस देखिएन, कुनै दरिलो प्रतिरोधको स्वर मुखरित भएको सुनेन उसले । उसलाई लाग्यो मृत्युभय सबैभन्दा ठूलो भय रहेछ, जसले मानिसलाई कमजोर र निर्बल तुल्याइदिन्छ । त्यही कारण हुनुपर्छ हातमा हतियार र शक्ति हुने थोरै मान्छेले युगौंदेखि यसरी नै हतियार र शक्तिविहीन धेरैलाई कज्याउँदै आएका छन्, भलै त्यो कजाइ तिनै शक्तिहीन जनताकै नाउँमा प्रयोग गरिएको किन नहोस् । आजका यी गाउँले पनि त त्यसरी नै आफ्नै सुरक्षाका र मुक्तिका नाउँमा आउने दुवै पक्षका कथित उद्धारकहरूबाटै संत्रस्त बनेका छन्, आतङ्कित छन र क्षणप्रतिक्षण मृत्युभयबाट लखेटिँदैछन् । आफूभित्रको अजेय शक्तिलाई अझै चिन्न सकेका छैनन्

यिनीहरूले ।

"ख्वै कहाँ छ त्यो जनताको दुश्मन ?" त्यो चर्को प्रश्नले ऊ भन्नै अलमलिन्छ, कसलाई खोजिरहेका छन् यिनीहरू....?

"होइन...कसलाई खोज्दै हुनुहुन्छ, तपाईंहरू ? के गर्नुभएको यस्तो ! कृपया तपाईंहरू जानोस्... यहाँ कोही जनताको दुश्मन छैन ।" ऊ साहस गरेर प्रतिप्रश्न गर्छ । उसको प्रश्न र आग्रहले तीमध्ये केही हच्किएकाजस्तो देखिए पनि नाइके लाग्ने त्यो मानिसका डरलाग्दा उन्मादित आँखाहरू उसलाई काँचै खाउँलाभैँ हेरिरहेका देखिन्छन् ।

"यही हो...यही हो...सत्ताको जासुस, सत्ताको दलाल !" भीडको पछिल्तिरबाट आएको एउटा आवाजले उसको आङ सिरिङ्ग पारिदिन्छ- के भन्दैछ यो ?

ऊ मात्र होइन भीडसँगै आएका ती अपरिचित मानिसहरूमध्ये पनि केही भीडको पछिल्तिरबाट आएको त्यो आवाज पहिल्याउने प्रयासमा देखिन्छन् । त्यो भीडमा उसले नै शिक्षा र चेतना दिलाएका युवा युवतीमध्ये पनि केही थिए र उनीहरू उसमाथिको यो आरोपप्रति विश्वस्त थिएनन् । तर त्यो आवाजले तिनीहरूलाई पनि द्विविधामा पारिदिएको स्पष्ट अनुभव हुन्थ्यो । यो त तल्लो वर्गका जनताकै एउटा प्रतिनिधि हो, त्यही वर्गको शिक्षा र चेतना बढाउने काममा सुविधापूर्ण जिन्दगी समेत त्यागेर यो दुर्गम र पिछडिएको ठाउँमा काम गरिरहेको छ । त...कसरी हुनसक्छ यो मान्छे साम्राज्यवादीको दलाल, कसरी सरकारी सत्ताको जासुस हुनसक्छ यो ? बरु सत्ताका जासुसी गर्ने यहाँका ठूलाठालुले उसलाई भगाउन भरमग्दुर प्रयास गरेका हुन् सुरुसुरुमा ।

त्यो मिथ्या आरोप सुनेपछि बाहिर जम्मा भएका केही गाउँले अनिष्टको आभाष पाउँछन् सायद र प्रतिकारमा भित्र छिर्ने प्रयास गर्छन् । ढोका छेकेर बसेका हतियारधारीहरू तिनलाई रोक्ने प्रयास गरिरहेका छन् र स्थिति केही अनियन्त्रित पनि बन्दैगएको अनुभव गर्छ ऊ ।

"होइन, यो आरोप सत्य हुन सक्तैन...यो मानिस त....." एउटा गाउँलेको प्रतिवाद पूरा हुन पनि पाएको थिएन ढोका छेकेर बसेको एउटा हतियारधारीको हातको राइफलले आगो ओकल्यो । गोलीको आवाजसँगै

चीत्कारसहित ढलेको त्यो मानिसले आफूमाथि गोली चलाउने मानिसको अनुहार ठम्यायो- ऊ गाउँकै कुख्यात शोषक ठालुको विश्वासिलो बिर्खे थियो । बिर्खे एक वर्षदेखि गाउँबाट हराएको थियो ।

त्यो मान्छे गोलीले ढलेपछि गाउँलेहरू आतङ्कित हुनु स्वाभाविक थियो, प्रतिकार शिथिल हुनु झनै स्वाभाविक ! । त्यो अप्रत्याशित घटनापछि बन्दुकधारी अनुहारहरूमध्ये केहीमा थप द्विविधा देखापर्‍यो ।

पारसलाई राम्ररी चिन्ने एउटा बन्दुकधारीको आवाज निस्क्यो- कमरेड, हामीले गलत सूचना पाएका त होइनौं....यो मानिस त त्यस्तो होइन । अरू छानबिन आवश्यक छ जस्तो लाग्छ मलाई त !

समूह नाइकेमा पनि केही द्विविधा देखापर्‍यो आफ्नै साथीको कुरा सुनेपछि । लाग्थ्यो ऊ पनि यस मानिसमाथि लागेको आरोपप्रति विश्वस्त हुन सकिरहेको थिएन ।

"यही हो...यही हो...जानकारी गलत होइन । गरीबका दुश्मनलाई छाड्नु हुन्न !" नाइकेको निर्णय आउँदा नआउँदै त्यही अघि गोली चलाउने अनुरहारको क्रूर आवाज सुनियो र आवाजसँगै उसले ताकेर हानेको गोली पारसको छात्ती चिरेर भित्तामा बज्रिइसकेको थियो । बाँकी बन्दुकधारीको अनुहारमा अझै द्विविधा र अविश्वासको आभास थियो, पारसका आँखामा भने आफ्नी छोरी भेट्ने अपूरो इच्छाको सपना तैरिरहेको थियो । उता बाहिर तिनै सुराकी र ठालु अनुहारहरू निर्भय अट्टहास हाँसिरहेका थिए, आफ्नो लामो समयदेखिको दुरभिसन्धि पूरा भएकोमा खुसी मनाइरहेका थिए सायद । ●

# भाडाको कोख

निर्मला आज अत्यन्त क्षुब्ध छिन् - समाजसँग , समाजका कथित सञ्चालक वर्गसँग र आफूलाई सृष्टिकै विवेकशील र सभ्य भनाउने कथित मानिसको विवेकहीन सोचाइसँग । जब यो समाजले उनको बाँच्न पाउने अधिकारमाथि कुनै चासो राख्दैन भने के अधिकार उसलाई उनको वैयक्तिक स्वतन्त्रताको निर्णयप्रति हस्तक्षेप गर्ने ? मनभरि यस्तै प्रश्नहरू र विद्रोहका ज्वालामुखी विस्फोटित छन् र अनुहारमा दर्बिलो दृढता !

" ऊ.....त्यही हो भाडाको पेट बोक्नखोज्ने नवक्रान्तिकारी ! " बिहान भर्खर पसलबाट फर्कंदा उसलाई देखेर एउटा विदूषकभैं लाग्ने अनुहारले व्यङ्ग्य प्रहार गरेको थियो । पहिला त उसको स्वरमा उसले गरेकी निर्णयको आँटमा व्यक्त समर्थन र सम्मानको अभिव्यक्ति हो कि भन्ने उसलाई लागेको थियो । तर उसको लोलुप- कामुक आँखा र विद्रूपपूर्ण घोच्ने हाँसो अनुभव गर्नासाथ उनको मनमा त्यस टिप्पणीकर्ताप्रति घृणाको मुस्लो फैलिएको थियो ।

"तँ जे भन् मानिस चाहिं आँटिली नै हो । यो संकुचित समाजमा हुर्केकी एउटी स्वास्नीमान्छेले यस्तो भन्नसक्नु सानो आँटको कुरा त होइन नि !" अर्को एउटा स्वरमा उसले केही समर्थनको भाव अनुभव नगरेकी पनि होइन । तर त्यो कमजोर समर्थनभाव जनाउन खोज्ने व्यक्तिको त्यो तर्क एउटा रमाइलो विषयमाथिको चर्चामा रमाउने आत्मरतिको मनोविज्ञानभन्दा

बढी थिएन । यो कुरामा ऊ विश्वस्त थिई ।

"कोठीमा बसेर शरीर प्रेमको व्यापार गर्नु पनि त आँटको कुरा हो ...भन् त देह व्यापार झन् ठूलो आँटबिना सम्भव छ ? त्यसको तुलनामा .....!" त्यस विदूषक अनुहारको यो पछिल्लो टिप्पणीबाट निर्मलाको निर्मल मनमा पवित्र वाग्मतीमा मिसिएको ढलले पोतिदिएको कालिमाझैं वितृष्णाको कालो पोतिन्छ । उसकै मुखमा थुकेझैं पिच्च अगाडि थुकिदिएर उसले प्रतिक्रिया विहीन पाइला छिटोछिटो सारिदिएकी थिई ।

त्यही अन्तर्मनमा प्रज्वलित अग्निदाहको अग्निपरीक्षामा पटक पटक आफूलाई कञ्चन बनाउँदै आएकी निर्मलाले अब कथित समाजको त्यसप्रकारको प्रतिक्रियालाई गम्भीरतापूर्वक हेर्न छाडिसकेकी थिई । त्यसैले यस्ता अमानवीय क्रूर अभिव्यक्ति र व्यङ्ग्यलाई ऊ कुनै महत्त्व नदिई उपेक्षाको भावले मर्माहत तुल्याउने प्रयत्न गर्थी- ऊ धरती हो, हरेक चोटलाई उसले त्यसरी नै पचाउन सक्नुपर्छ !

डेराको आफ्नो कोठामा कतिबेला पुगी त्यो पनि होश हुँदैन उसलाई । दश- बाह्र फिटको एउटा कोठा, उसको सिङ्गो संसार । त्यही कोठाको एउटा छेउमा पक्षाघातपीडित अपाहिज लोग्ने सम्पूर्ण आत्मनिर्भरता र आत्मविश्वाश गुमाएर जिउँदैमा मृत जीवन बिताइरहेको छ । कोठाकै अर्को छेउमा काखकी सानी छोरी खेलिरहेकी छ- संसारको यथार्थसँग पूर्ण अनभिज्ञ, अनजान र निरपेक्ष !

निर्मला कोठाभित्र आएर लोग्नेकै छेउमा खाटमाथि एकापट्टी थचक्क बस्छे। उसको अन्तरदेखिको लामो निश्वासको रूपमा अभिव्यक्त सङ्घर्ष पीडाको लामो सुस्केराको रूपमा निःसृत हुन्छ ।

"निलु......! " निर्मलाको जति लुकाउँ भन्दा पनि अनुहारमा छाया जस्तै देखिने उद्वेग, थकित थकितझैं लाग्ने गति र त्यसको उद्बोधक त्यो लामो निश्वास सुनेर लोग्ने आफ्नो निरीहता बाहेक केही प्रकट गर्न सक्दैन- आँखामा दुई थोपा आँसु ल्याएर !

"चिन्ता नगर ....सबै ठीक हुन्छ ! तिम्रो उपचारपछि त सबै भार तिमी लिइहाल्छौ नि । त्यसपछि त मलाई आरामैआराम मिलिहाल्छ ! मलाई

तिम्रो साथ र समर्थन मात्र भए पुग्छ ! तिमी निश्चिन्त होऊ, म ठीक छु !" ऊ मुस्किलैले यति भन्छे ।

"निलु.......!" शब्दसँगै ऊ आँखाबाट अश्रुबिन्दु चुहाइदिन्छ । चौबीसै घण्टा मृतझैं निष्चेष्ट शरीरलाई ओछ्यानमा मूढोझैं फालेर स्वास्नीको जीवनसङ्घर्षको निष्क्रिय द्रष्टा हुनु बाहेक ऊ केही गर्न सक्तैन । मात्र ऊ वर्तमानलाई बिर्सन विगतका सुखी क्षणहरूको सम्झना गर्छ; कष्टकर र सङ्घर्षशील भए पनि कति सुखी थियो उसको जीवन, उसको परिवार र उनीहरूको आन्तरिक प्रेम !

पूर्वी पहाडको एउटा गाउँमा सँगै हाइस्कूल गरेका ऊ र निर्मला त्यस गाउँमा अट्न सकेनन् । उसले कि निर्मलालाई छाड्न सक्नुपर्‍यो, कि गाउँलाई । एउटी कथित निम्न जातकी निर्मलालाई माया गरेर, जीवनसंगिनी बनाएर उसले गाउँमा उपेक्षाको जीवन बाँच्नुभन्दा नयाँ अवसर र वातावरणको खोजीमा शहर पस्नु उपयुक्त ठान्यो । त्यसरी उनीहरू यो शहर पसेका थिए । लामो सङ्घर्षपछि बल्लबल्ल उसले एउटा कार्खानामा काम पायो, निर्मला पनि वरिपरिकाको केही काम गरिदिएर उसको आर्थिक सङ्घर्षमा समेत सहभागी बनी । एउटी छोरी जन्मेपछि आर्थिक बोझ केही बढे पनि मनको सुख अझै बढ्यो । त्यो सुखको अगाडि उनीहरूको जीवन सङ्घर्ष उपेक्षायोग्य थियो ।

तर एक दिन ऊ अचानक दुर्घटनामा पर्‍यो । कार्खानाको मेसिनको लोतामा बेरिएर थिलथिलो भएको उसको मष्तिष्कमा लागेको चोटले उसलाई पक्षघात भयो । जिउँदो लाशका रूपमा उसले एकैचोटि आफूलाई निर्मलाको सहारामा पायो– विवश, परनिर्भर र उद्यमहीन । कार्खानाबाट पनि ऊ दूधमा परेको झिंगाझैं फुत्त फालियो । उसको पक्षमा न कुनै ऐन बोल्यो न कुनै कानुन ! जनताको प्रतिनिधि भनिने सरकारले न कुनै चासो लियो न त छिद्रान्वेषण गर्दै विदूषक बन्ने नागरिक र नागरिक समाजले ! यसबीच निर्मलाले काम खोज्ने पनि धेरै कोशिस गरिन् । काम कतै पाइनन् । दया र निगाहको आवरणमा उनको जवान शरीरलाई क्षणिक वासनापूर्तिका लागि प्रयोग गर्न आतुर कथित सभ्य व्यापारी मात्र फेला परे । ती व्यापारीहरू उनका लागि ग्राह्य थिएनन् । उनी शरीरसँग सुख साट्न चाहन्नथिन्, दया

र निगाह मात्र पनि उनको अभीष्ट थिएन- उनी बाँच्ने साधन जुटाउन चाहन्थिन्। जागिर चाहन्थिन् र स्वाभिमान तथा आत्मसम्मनमा बाँच्न चाहन्थिन्। त्यही उनको समाजमा अभाव थियो। यी सबै कुराबाट विज्ञ ऊ निर्मलाको त्यो सङ्घर्ष, मानसिक पीडा र स्वाभिमान जोगाउने क्रममा क्षणक्षण प्राप्त असफलतालाई हौसला दिन सहानुभूतिका केही शब्द बोल्नसमेत सक्तैनथ्यो। पक्षाघातले शारीरिक सक्रियताका साथै खोसेको उसको वाक्शक्ति अस्पष्ट ध्वनित हुने एउटै शब्द 'निनु' को धमिलो उच्चारणमा सीमित थियो। त्यही शब्द र आँखाबाट तप्पतप्प चुहिने अश्रुबिन्दु नै उसको सम्पूर्ण अभिव्यक्ति माध्यम थिए!

लोग्नेको विवशता र आफ्नो निरीहतामा ऊ अरू व्यथित हुन्छे, तर त्यो देखाउँदा लोग्नेको पौरुषमा चोट पर्ने डरले ऊ जबर्जस्ती लुकाउन खोज्छे।

एक हप्ता अगाडि एउटा अखबारमा प्रकाशित एउटा विज्ञापनमाथि आँखा परेदेखि नै उसको मनमा धेरैपटक भुइँचालो ल्याइदिने घटनाक्रमहरूको विकास भए। विज्ञापनमा प्रकाशित कुनै एक दम्पतीलाई सन्तान प्राप्तिका निमित्त कसैको उर्बर कोख चाहिएको थियो। त्यो सूचना देखेपछि नै उनीभित्र अन्तर्द्वन्द्वका भुमरीहरू चलिरहे।

"के यो सम्भव छ? कसैले उधारो माग्दैमा भाडामा कोख प्राप्त हुन सक्छ?" उसले आफैँसँग यो प्रश्न सोधेकी थिई।

तर नहुने भए ......किन यस्तो विज्ञापन गर्ने आँट गर्‍यो त्यो दम्पतीले? को होला त्यो परिवार?

धेरै प्रश्न, लामो तर्कपश्चात् उसले आफ्नो स्थिति सम्झिएकी थिई- बीस-पच्चीस हजार भएमा लोग्नेको अपरेसन गरेर उसलाई पूर्व शारीरिक अवस्थामा ल्याउन सकिने सम्भावना डाक्टरले प्रकट गरेको छ। छोरीलाई हुर्काउने र बिहान बेलुकीको छाक, डेराभाडा टार्न र लोग्नेको नियमित औषधि ख्वाउने खर्चमा भएका गहना पनि बिक्री भइसक्यो। कति गर्दा कुनै काम फेला पार्न सकेकी छैन। यो संकटग्रस्त स्थितिबाट मुक्ति पाउने कसरी?

"तर कसरी.....? कसरी धारण गर्ने एउटा परपुरुषको वीर्यलाई आफ्नो

गर्भमा ! समाजले के भन्ला ...! त्यसपछि म आफैंले आफूलाई कसरी हेर्नसकुँला ? थाहा पाए भने मेरो आफ्नै लोग्नेले के भन्लान् ?" आफ्नै अन्तरमनको त्यो आवाजप्रति ऊ सहज रूपमा सहमत हुन सम्भव थिएन ।

"समाजले तेरो आवश्यकता पूरा गरिदिन्छ ?....तेरो परिवारलाई बचाउन आउँछ तेरो समाज ? अरूलाई थाहै कसरी हुन्छ र त्यो ? सम्झौता गोप्य राख्न पनि त सकिन्छ नि, सकिन्न ?" उसको अन्तरमन प्रेरित गरिरहेको थियो ।

"ठीक छ बुझेर त हेरौं न । त्यति गर्दैमा के पो भइहाल्ला र ?" अन्त्यमा उसले अठोट गरेकी थिई, दृढ मन बनाएर ।

उसले सम्पर्क राखी । एउटा सुशील र आधुनिक परिवार, स्वास्नीचाहिंको अपरेसनपछि सन्तान जन्माउन असफल बनेकी लोग्नेले अर्को विवाह नगर्ने, धर्मपुत्र पनि नपाल्ने उनीहरूको हठ रहेछ । त्यसैले बरु सम्भव भएमा सन्तानका लागि कसैको गर्भप्रयोग गरेर भाडामा लिई नियोग गर्ने सहमतिमा उनीहरू पुगेकारहेछन् ।

सबै कुरा बुझेर ऊ घर फर्केकी थिई- अनिर्णयकै स्थितिमा । त्यो परिवारले उसलाई धेरै अनुग्रह गऱ्यो, धर्मको लोभ देखायो, ठूलो धनराशि र बसोबासको बन्दोबस्त गरिदिने विश्वास दिलायो । सबै कुराको लिखित सम्झौता नै हुने आश्वासन दियो ।

त्यहाँबाट फर्केपछि उसको मानसिक अन्तर्द्वन्द्व झनै बढेको थियो । त्यति नै बेला उसको त्यो प्रयासको छनक पाएर एउटा अखबारमा समाचार बनिसकेछ, उसले पत्तै पाइन । समाचारका व्यापारी अखबारका निमित्त त्यो ठूलो खबर थियो । त्यसबाट कसैको जीवनमा कुन खालको सामाजिक असर पर्छ, उनीहरूको चासोभित्र पर्दैनथ्यो सायद । त्यसैले छापियो । त्यसपछि समाज र कथित सभ्य मानिसका अगाडि ऊ आलोचनाको विषय बन्दै गई । त्यसले उसको क्षुब्धता, समाजप्रतिको विद्रोहलाई झन् बढाइदियो ।

मनमा अनेकौं तर्कवितर्क खेल्थे । उसको अन्तर्मन सम्झाउँथ्यो- हेर, नियोग नयाँ पनि त होइन ! तेरै समाजको आदर्श ग्रन्थ महाभारत यस्ता उदाहरणबाट भरिएको छ । त्यस समाजका कति पुरुषहरूले सन्तान प्राप्तिका

लागि आफू निर्वीर्य भएका कारण आफ्ना स्वास्नीहरूलाई परपुरुषहरूसँग नियोग गराएका छन्, सम्भोग गराएका छन्। राजा बलिको कुरा बिर्सिस्- उनले पनि त रानी उदेष्णालाई गर्भधारण गर्न दीर्घतमा ऋषिकहाँ नियोगका लागि पठाएका थिए! धृतराष्ट्र, पाण्डु, विदुर र दुर्योधनका सयभाइ यसरी नै भाडाको गर्भ धारण गरेर जन्मिएका होइनन् ? त्यो सन्दर्भमा पुरुष वीर्यहीन थिए, अर्को पुरुषका वीर्य भाडामा लिए। पत्नीलाई सन्तानप्राप्तिका लागि नियोग गराए। यो सन्दर्भमा एउटी अर्की नारी वञ्जर छ, पुरुष वीर्यवान। र उनीहरूलाई सन्तान चाहिएको छ। तँसँग ऊर्जावान सिर्जनशील गर्भ छ, जुन कुनै पनि पुरुषको वीर्य धारण गरेर सृष्टि फलाउन सक्छ। उता तेरो आवश्यकता छ, सम्झौता गर्ने। त्यति बेला पुरुषले आफ्नो वीर्य भाडामा लगाउन सक्थे भने अहिले तैंले आफ्नो गर्भ भाडामा लगाउन किन नहुने ?

तर पनि ऊ अठोटमा पुग्न सकेकी थिइन। त्यही अन्तर्द्वन्द्वले ऊ छट्पटाइरहेकी थिई। तर आजको कथित सभ्य भनाउँदाहरूको विदूषकझैं लाग्ने प्रतिक्रिया, अखबारको घृणित खेल र आफ्नो परिबारको स्थितिले उसलाई दरिलो आत्मबल दिएझैं लाग्छ। ऊ निर्णयमा पुग्छे- समाजले जे भन्छ, भन्दै गरोस्, म गर्भदान गर्छु.....म मेरो परिवारलाई बचाउँछु ....म मेरो लोग्नेलाई पूर्वावस्थामा ल्याएरै छाड्छु।

"तर त्यसपछि यो थाहा पाएर लोग्नेले पनि अनुचित ठान्यो भने ?" उसको मनको एउटा कुनामा अझै द्विविधा बाँकी थियो। त्यो द्विविधा मेटाउँदै उसले निर्णय गरी : भोलि कसले देखेको छ ? हलोको चोटको डरले धरतीले कहिल्यै सिर्जना रोकेकी छ र ? लोग्नेले त्यस्तो ठान्यो भने उसको कृतघ्नतामाथि हाँस्न बाहेक के नै गर्न सकिन्छ र ?

ऊ त्यहाँबाट सरासर पुत्रचाहना गर्ने परिवारकहाँ पुगी, सम्झौतापत्रमा हस्ताक्षर गरी र त्यहाँबाट केही नबोली समाचारको व्यापारी उही उसको समाचार छाप्ने अखबारको अफिसमा पुगी। उसको अनुहारमा एउटा अनौठो ओज, दृढता र विद्रोहको छनक देखिन्थ्यो।

"तपाईं नै होइन यो अखवारको सम्पादक ?" ऊ सरासर सम्पादक छेउ पुगेर प्रश्नको गोली बनाउन थाली।

"हो......किन ?"

"तपाईंलाई गर्मागरम खबर चाहिन्छ होइन ? म एउटा त्यस्तै खबर बेच्न आएकी किन्नुहुन्छ ?" उसको मुखबाट आक्रोशित तर ओजपूर्ण शब्दहरू निस्किए ।

"के......के भन्नुभएको तपाईंले ?" सम्पादक अलमल्ल पऱ्यो ।

"अस्ति तपाईंले छाप्नु भयो नि भाडामा गर्भ दिने महिलाको खबर ! मै हूँ त्यो महिला । हेर्नोस् यही हो गर्भ भाडामा दिने सम्झौतापत्र, खिचाउनोस् मेरो तस्बिर र गर्नुहोस् समाचारको व्यापार !" उसको क्रुद्ध र आक्रोशित शब्दबाणले कोठा निस्तब्ध भयो ।

"तपाईंलाई त्यो खबरले चोट पुगेछ, हामी खण्डन गर्छौं नि, हुन्न ?"

"किन गर्ने खण्डन ! त्यति बेला मैले यो निर्णय गरेकी थिइन, अहिले गरेकी छु । म त्यति कमजोर छैन, तपाईंहरूको अखबार र समाजले गरेको व्याख्या र दवाब अनुसार आफूलाई आत्मसमर्पण गर्ने, बुझ्नुभयो !" उसको त्यो दर्बिलो स्वर र आत्मविश्वासले सबै चकित थिए । उसको अनुहारमा आत्मसन्तुष्टि र एउटा ठूलो युद्ध जितेपछिको सन्तोष देखिन्थ्यो । ऊ त्यहाँबाट ठाडो शिर र दह्रा पाइला उचालेर हिंडी- एउटा अर्को विजय यात्राको शिखरतिर ! •

# चेतनाको बीज

"ढम् ..ढम् ....ढम् ....! कट्टुवाले ढोलीले हिजो दमाहा ठोक्दै नारङ्गे चौरमा भेला हुने डाँको लाएदेखि नै काँडी गाउँका सबै बाडा र वरिपरिका गाउँ समेतमा नयाँ सग्‌बगाहट देखिएको थियो । अध्यक्ष गाउँप्रधानको नाउँमा गाउँका माउडे शिवराजको सूचना वा सन्देश दिँदै कट्टुवालले आज बिहान गाउँबीचको नारङ्गेमा भेला हुने डाँको लगाएदेखिकै जिज्ञासापूर्ण सग्‌बगाहट अझैसम्म जारी थियो । कोही जिज्ञासा प्रकट गर्दथे– के का लागि बोलाएका रहेछन् यो कचहरी ? कोही आशङ्का प्रकट गर्दथे–आज कसलाई दशा लागेछ कुन्नि, के पो सजायँ भेट्ने हो कुन्नि ! जवाफमा कोही अनुमान प्रकट गरिरहेका थिए, कोही अनभिज्ञता प्रकट गरिरहेका थिए । यो डाँकोको साथै गाउँमा भिन्न भिन्न खालका प्रतिक्रियाहरू देखिए । एकथरी त्रस्त देखिन्थे। उनीहरूको अन्दाजमा यो कचहरी सकरे ढोलीको छोराको लागि बोलाइएको हुनुपर्छ । उनीहरू अब सकरे ढोलीको छाला काढिने अनुमान गर्थे –बिचरो अबोध छोराको गल्तीका नाउँमा कति मोडिने हो ! अरू जानिफकार भन्थे– सकरे ढोली मात्र कहाँ हो र किस्ने रोकायाको पनि जात काडिने रे ! बिस्ने रोकायाको कुडोमा गाउँको माझमा थापिएको झुप्रे चिया पसलमा समय बिताउन पुगेको म त्यो सगबगाहट, शङ्का, त्रास र जिज्ञासाको प्रष्टै अनुभव गरिरहेको थिएँ । मेरो लागि त्यो वातावरण नितान्त नौलो थियो । त्यहाँको जनजीवन, शोषण र उत्पीडनको जाँतोमा कसरी पिनिंदो रहेछ र एक्काईसौं

शताब्दीको विश्वमानचित्रका नेपाली सुदूर पश्चिमको एउटा भूभागमा कसरी अझैसम्म मध्ययुगीन सामन्ती मुठ्ठीमा किच्चिएर आधुनिक सभ्यतालाई नै गिज्याइरहेको छ भन्ने यथार्थको म प्रत्यक्षदर्शी बनिरहको थिएँ ।

राजधानीको मुक्त समाजबाट भर्खरै सुदूरपश्चिमको यस भूभागमा प्रवेश गरेको मेरा लागि गाउँको यो मानसिकता एकातिर कौतुकपूर्ण लाग्दैथियो, अर्कातिर जाति, परम्परा र धर्मका नाउँमा फैलिएका शोषण–उत्पीडन राक्षसी पञ्जामा किचिएर दलित र गरीब नेपालीहरूको यो स्थितिले भित्रैसम्म घोचिएको थिएँ ।

बिस्ने रोकायाको त्यो झुप्रे चिया पसलमै थाहा भयो– भोलिको त्यो कचहरीमा दुईवटा मुद्दामाथि कथित फैसलाको नाटक मञ्चन गरिँदैछ । पहिलो मुद्दा काँडी गाउँको मल्लो बाडास्थित नौलो(कुवा)मा सकरे ढोलीको सातवर्षे अबोध छोराले पानी खाएर मल्लो जातप्रति गरेको कथित जघन्य अपराध थियो । अर्को मुद्दा पल्लो गाउँ नुवाकोटको किस्ने रोकायाले पानी नचल्ने जातकी युवतीसँग बिहे गरेको अपराधको मुद्दा ! किस्नेको जात काड्ने र कचहरीकाले भने बमोजिम दण्डजरिवाना तिरेर भोज गर्ने हो भने उसलाई फेरि पुरानै जातमा ल्याउने कुरा पनि यही कचहरीले निर्णय गर्ने रहेछ । यी दुवै घटनामा गरिने यो कचहरी र दण्डविधान मेरा लागि कल्पनातीत कुरा थिए ।

दक्षिण–पश्चिम लम्बिएको काँडी गाउँ यसरी काँडाजस्तो बिझ्ला भन्ने मेरो कल्पनामा पनि थिएन । नौवटा टोलहरूमा बाँडिएको यो गाउँमा मजस्तो नवागन्तुकले हेर्दा कतै भौगोलिक र जातीय सीमाङ्कन प्रष्ट देखिँदैनथ्यो । पाहुना भएर यो गाउँमा आएको केही दिनमै यहाँको मानसिकतामा विभाजित यहाँको गाउँ, टोल र जातजातिको तीतो सत्यसँग बिस्तारै परिचित हुँदै गएको थिएँ ।

"ऊ ती टोलाहरू देख्नु भो माडसाब् ! तिनमा तल्ला जाति बस्छन्, छाइछुईमा होस पुर्‍याउनु होला ! हुन त तल्लो बाडामा जानुपर्ने कामै पो के पर्छ र !" मेरो आश्रयको व्यवस्था मिलाउने जिम्मेवारी लिएका ओझाले सुरुमै मलाई सतर्क गराएका थिए । त्यो भनाइभित्र लुकेको चेतावनी मैले बुझेको

थिएँ- खबरदार ! अछुतहरू कहीं छोइछुई गरेमा यस घरभित्रको प्रवेश वर्जित हुनेछ । मेरो आतिथ्यको जिम्मेवारी त्यस गाउँको मल्लो बाडा अर्थात् माथिल्लो जातिका कथित सभ्यहरूको बस्तीमा थियो । त्यस भूभागको सामाजिक जाति विभाजनसँग अपरिचित मैले बिस्तारै बुझें- माथिल्लो जातिका मानिसहरूको बस्ती रहेको टोललाई मल्लो बाडा र तल्लो जातिका मानिसहरूको बस्ती रहेको टोललाई तल्लो बाडा भनिंदो रहेछ । तल्लो बाडाका मानिसहरूको पानी नचल्ने उनीहरूको परम्परागत मान्यता रहेछ ।

गाउँको मल्लोबाडामा अलीगडा, ठूलोस्वाडा, रातावाडा, बीसौ खोला, थाबाडा र तीबाडा नाउँका छ वटा टोलहरू थिए । एक घरसँग अर्को घरधुरी जोडिएर लामालामा घरहरू थपिंदै गएका देखिन्थे । यस मल्लोबाडामा सत्तरी असी घर धुरीमा डेढसय जति परिवार बस्दथे । चौबीस घरधुरी भएको तल्लो बाडामा पचास जति परिवार बस्दथे । माथ्लो बाडामा प्राय ब्राम्हण र क्षत्रीयहरूको टोल थियो, तल्लो बाडामा चनबाडा, ओलबाडा र ढोलीबाडा गरी चुनारा, ओड-लोहार र दमाई-ढोलीको बसोबास थियो, ओलबाडामा सात माउ ओड र छ माउ लोहार । अर्को ढोली बाडामा चारमाउ दमाई र तीन माउ ढोली बस्थे । यी बाहेक तल्लो बाडामा अर्को एउटा सानो बाडा थियो- सार्की र भूलहरूको सार्कीबाडा !

त्यही गाउँको छेउमा रहेको एउटा विद्यालयमा शिक्षक नियुक्त भएर म पुगेको थिएँ । विद्यालय अरू गाउँलाई पनि पायक पर्ने ठाउँमा थियो । यसरी त्यहाँ पुगेको मेरा लागि सुरुमै मेरा घरपतिले दिएको त्यो धम्कीयुक्त सुझाव र गाउँको सामाजिक व्यवस्था एकदमै नौलो हुनु स्वाभाविक थियो । त्यो गाउँ, त्यस गाउँका प्रत्येक टोल अर्थात् बाडाहरू खासै फरक लाग्दैनथे । तर संकुचित जातीय चेतनाले भने ती टोल र बाडाहरू अत्यन्त जटिल रूपमा विभक्त थिए । मल्लो बाडाकाहरू आफूहरूलाई स्वयम्घोषित शासक ठान्थे र तल्लो बाडाकालाई रैती मात्र होइन पशुभन्दा पनि हेय दृष्टिले हेर्ने गर्थे । मेरा घरपति शिवराज ओझा त्यो गाउँ मात्र होइन वरपरका सातै गाउँले मानेका ठूला ठालू अर्थात् माउडे व्यक्ति थिए । उनको ठूलै पसल थियो । गरीवहरूलाई सरसापट र उधारो सामान दिएर एकको दश उठाउँथे ।

ऋण तिर्न नसक्ने भएपछि भएभरको ज्यथा सुम्पेर ऋणीहरू उनकै करिया बस्थे । शिवराजका यावत काम तिनै करियाबाट सम्पन्न हुन्थे, करियाले नभ्याउने र कामको असम्भारले गर्दा दुई घर ढोलीलाई पनि हली राखेका थिए । करियालाई दुईछाक आधापेट खाना र जडाउरीपातका भरमा बाह्रै महिना जोताउन सकिन्थ्यो । यसरी उनका सबै काम निःशुल्क चल्थे र उनी हाइसुखमा गाउँका मालिक भनाइएर दबदबा कायम गर्न सफल थिए । उनका शब्द भुइँमा खस्न नपाउँदै गाउँलेहरू पूरा गरिहाल्थे । उनको पहुँच सदरमुकामसम्म थियो ।

गाउँको शान्तिसुरक्षा कायम गर्न होस् वा चुनावमा एकतर्फी भोट हात पार्न होस्, छोटेदेखि बडेनेतासम्म उनकै शरणमा नपरी सुख्खै थिएन । यही प्रभावलाई उनले गाउँको सेवाका नाउँमा फलदायी पेशा बनाएका थिए । स्कूलका अध्यक्ष उनै थिए, त्यहाँ सरकारका तर्फबाट आउने तलब, मसलन्द, विकासनिर्माणका सबै बजेट उनकै पोल्टामा पर्थे । गाउँमा नौला कुवा, पाटीपौवा, बटाघाटा जे बनाउन भनेर सरकारी विकास बजेट आउँथ्यो उनकै हातमा आउँथ्यो । उनलाई इच्छा लागे देखाउनै भए पनि एकदुईवटा बन्थे, नभए रिपोर्टमा पुरानैले नयाँको दर्जा पाउँथे। नयाँ नै बनाउन परिहाल्यो भनेपनि उनको एक आदेशमा श्रमदानदेखि सकेको चन्दासमेत सहजै ओइरिन्थ्यो । ती सबै श्रमको विवरण विकासकार्यको बजेट वा खर्च फेहरिस्त बन्थ्यो । आएको एक चुन्दाम खर्च हुँदैनथ्यो ।

भोलिपल्ट बिहानै मेरा पाइला पनि गाउँ बीचको नारङ्गेतर्फ लागे । गाउँको माझमा एउटा फराकिलो चौर थियो । चौरको माझमा काठैकाठले बनेको एउटा प्यागोडा शैलीको छानो भएको घर देखिन्थ्यो । जमिनबाट तीनचार फिट माथिसम्म फल्याकले टम्म बारेर माथि टाँड बनाइएको त्यसैलाई त्यहाँ नारङ्गे वा पाङ्ग्री भनिन्थ्यो । चौरको एकापट्टि छेउमा भैरव मन्दिर थियो– गाउँभरका सबैको साझा मन्दिर । यस बाहेक प्रत्येक बाडामा आ-आफ्ना माउका छुट्टा छुट्टै देवीदेउताका मन्दिर देखिन्थे । कतै भैरव, कतै देवी, कतै मष्टा आदि । यस गाउँको साझा देवस्थल छेउको यो पाङ्ग्री वा नारङ्गी साँझबिहान मानिस भेला भएर गफ गर्ने, थकाइ मार्ने र बेलाबखत

यस्तै मुद्दा छिन्ने पञ्चकचहरी थलोका रूपमा समेत प्रयोग हुन्थ्यो । यी सबै कुरा म भर्खरै केही बुझ्न थालेको थिएँ ।

पाङ्ग्रीको वरिपरि गाउँलेहरू जम्मा भएका थिए । आ-आफ्नो मर्यादा अनुसार एकापट्टि छेउमा मल्लो जातका बाहुनछेत्री; अर्को छेउको परपट्टि तल्लो जातका ढोली, चुनारा, भूल, सार्की, दमाई आदि कथित अछूतहरू ! पाङ्ग्रीको माथि टाँडमा गाउँका गण्यमान्य ठानिने पञ्चभलाद्मीहरू र शिवराजजस्ता माउडेहरू 'आसन जमाएर बसेका थिए ।

"ख्वै सकरे ढोली कहाँ छ ? कि आएन !" कार्बाही सुरु भएपछि कचहरीको नेतृत्व लिएझैं ओझाले चारैतिर आँखा डुलाउँदै ठूलो स्वरमा भने ।

"मुई यहाँ छु मालिक, जदौ !" चौरको एकाछेउमा मलिनो अनुहार र डरले रगत सोहोरिएलाझैं लाग्ने अधबैंसे सकरे ढोलीले आफ्नो उपस्थिति जनायो । कुनै बेला यो पनि सेतो थियो होला भन्ने अनुमान नै गर्न नसकिने मैलो न मैलो काचवन्नी (कछाड), त्यस्तै मैलो र टाल्दाटाल्दा सद्दे ठाउँ फेला पार्न मुस्किल पर्ने खुमुरे (बाँकटे भोटो) र त्यस बाहिर दशौं ठाउँमा च्यातिएको अस्कोट (इष्टकोट) भित्र फू गरे ढल्लाझैं सकरे ढोलीले उठेर जदौ गऱ्यो ।

"हूँ......!" ओझाको हुँकारले सकरेको भित्रैसम्म चिसो सिरेटोको हिमानी छाडेको हुनुपर्छ; त्यसैले ऊ थर्रर काँपेको झैं देखियो ।

"किस्ने रोकाया नि ?" अर्को हुँकार निस्कियो ओझाको मुखबाट !

"मुई नि यहाँ छु !" किस्ने रोकायाको पनि उपस्थिति देखियो । अलि खाइहाल्दो देखिए पनि दुश्चिन्ताले उसको अनुहार मलिन थियो ।

"हेर गामले हो ! धरमकरम, आलपाल (कुलजात) को मनितो, छाइछुतो भगवानको पालादेखिको चलन हो ! मानुस भएसिन कुलदेखिनको चलन मान्नुपर्छ, त्यसको उल्टो गर्नुहुन्न । चौपाया गाईबस्तुले मात्र यस्तो छ्यानविचार राख्दैन ।" ओझाले चारैतिर घोच्ने खालको तिखो दृष्टि फालेर लामो भूमिका बाँधे । आफ्नो भनाइबाट परेको प्रभावको अध्ययन गर्न घाँटी सफा गरेर उनी केही बेर चूपलागे ।

"मनासिब मर्जी भो ! आलपालको धरमकरम मिच्नु भनेको सोझै

नरकमा पर्नु हो । आजसम्म छ्याइछुतो मानेरै त गाउँबाडाको भलो भएको छ । पूर्वजन्मको पापले दुःख पाएका यी भूल, चुनारा, आड, ढोली सबैले त्यही धर्म थामेकै भरमा मालिकको दयामाया पाएका छन् । धरमकरम मासिँदै जाने हो भने उट्ठाबास लाग्नु नपर्ला र !" आफ्ना अग्वा (अगुवा) ओझाको वचन भुईंमा खस्न नपाउँदै ओझाका टहल्लवा (टहलुवा) ले एकै सासमा नूनको सोझो गऱ्यो ।

"हो....यही आलपालको मर्म राख्न छुवाछुत बिहेवारीको मर्यादा आदिको चलन र परम्परा मान्नुपरेको हो । यो कुरा सबैले जानेकै छौ ! मुई छन्ज्याँ (म छउन्जेल) रीति तोड्डु दिन्यानाइँ ! बेलीबासा (हिजोसाँझ) यैको (यसको) छाउणेले (छाउरो) मल्लाबाडाका नौलो छुयो । उता किस्ने रोकायाले बिर्खे सार्कीकी चेलीकन स्वइनी (स्वास्नी) बनायो । छाईछूतो बिथोल्ने सकरेको गेदो (केटो वा बच्चो) अजान भएकोले उसको डन्न (दण्ड-जरिवाना) सकरेले नै बेहोर्नुपर्ला । डुमेरो (तल्लो जातका आइमाईसँग सम्भोग गर्दा लाग्ने बात) किस्नेलाई के डन्न दिन्या हो, पञ्चभलाद्मीले निर्णय गरुन् ! कसो त गाउँअध्यक्ष !" अघिपछि आफूलाई गाउँलेभन्दा अलग र विशिष्ट देखाउन नेपाले बात (स्तरीय नेपाली बोली) मा पक्का हिन्दी मिसाएर कुराकानी गर्ने ओझा अहिले गाउँका सबैलाई कुरा बुझाउन हुनुपर्छ बढीमात्रामा स्थानीय भाषिकाको प्रयोग गरिरहेका थिए ।

एकछिनको निस्तब्धतापछि नारङ्गीका पञ्चभलाद्मी भनाउनेहरू एकआपसमा खासखुस खासखुस गर्न थाले । उनीहरूको त्यो खासखुसे परामर्शसँगै बाहिर अधिकांशमा जिज्ञासा, कौतुहल र अब यी बिचराहरूले के दण्ड पाउने हुन् भन्ने भयमिश्रित भावसञ्चार भइरहेको प्रष्टै देखिन्थ्यो । तल्लो बाडाका अछूत भनिनेहरू तथाकथित मालिकहरूबाट उनीहरूकै समाजको एउटा दीनहीन सदस्यको भाग्य फैसला पर्खिरहेका थिए । त्यही समूहका दुईचार युवाहरू, जो अरूभन्दा केही भिन्न लाग्थे, को अनुहारमा भने केही असन्तुष्टि, केही अव्यक्त विद्रोह र केही विरोधका सगबगाहट अनुभव गर्न सकिन्थ्यो । त्यस्तै भाव मल्लो जातिका समूहका केही नयाँ अनुहारमा पनि अनुभव गर्न सकिन्थ्यो । ती केही सीमित अनुहार मध्ययुगीन यो कचहरी

र दण्डव्यवस्थालाई खुला मनले स्वागत गर्न सकिरहेका छैनन् जस्तो लाग्थ्यो । उनीहरूको त्यो मौन असन्तुष्टिले मुखर हुने अवसर सायद पाएको थिएन । ती दुईचार अनुहारका असन्तुष्टि र विद्रोहीभाव कचहरीका कथित न्यायमूर्तिहरूको संवेदनहीन मन र आँखासम्म पुग्नसकेको देखिँदैनथ्यो । उनीहरू लोकले आफूलाई निःशर्त न्यायमूर्ति मानेको र आफूहरू उनीहरूको भाग्यनियन्ता भएको भ्रामक आत्मगौरवमा डुबिरहेका देखिन्थे ।

"मालिक ! सरकार ! यो अजान (केही नजान्ने) गेट्टो (केटो) नान्तिनै छै (सानै छ) । इन्ने न्वालो मुथिमी छुया हो, पानी छुया आछिन् मालिक ! एईको दोष छेमा अन्नुहोस् मालिक ! एइको धिय आत्थी ! छेमा.... मालिक..... छेमा ! (यो अज्ञानी बच्चो केटाकेटी नै छ । यसले कुवाको माथिबाट मात्रै छोएको हो, पानी छोएको होइन । यसको दोषलाई क्षमा गरिदिनुहोस् मालिक ! यसको बुद्धि आएको छैन, क्षमा....मालिक....क्षमा ...!)" सकरे दयाको स्वरमा क्षमायाचना गर्छ । सकरे क्षमा माग्छ । किस्ने रोकाया चिन्ता, ग्लानि र दण्डको भयले दुई घुँडाभित्र घुसारेर बसेको मुन्टो बाहिर निकाल्न समेत नसकेको देखिन्छ । बिर्खे सार्कीकी छोरेट्टी (तरुनी छोरी) को मायामा फस्दा उसभित्र ठूलै विद्रोह जन्मिएको थियो रे । ऊ सबैलाई सुनाउँदै भन्थ्यो रे- यिनले फलाएका अन्न खान हुने, सिएका लुगाजुत्ता लाउन हुने, यिनलाई घरिना (गृहिणी) बनाउन किन नहुने ? त्यही विद्रोहजन्य जोशमा उसले भगी सर्किनीलाई स्वास्नी मानेर घर भित्र्यायो । बाबुबाजे-परिवार कोही नभएको एक्लो किस्नेभित्रको यो आँट त्यही एक्लोपन र काम खोज्न विदेशिंदा पलाएको उदारताले जन्माएको थियो होला । तर अहिले यो जनसमूहको कचहरी र चित्रगुप्तझैं लाग्ने पञ्चभलाद्मीहरूको कचहरीमाझ ऊ निरीह आत्मलघुताभाषले थिचिएझैं लाग्थ्यो । अपरिपक्व विद्रोहको नियति किस्नेको नियति हुनसक्ने अनुमान गर्न कठिन थिएन । उसको विद्रोहले गाउँमा सकारात्मक लहर ल्याउने आशा गर्ने केहीका लागि किस्ने स्वयम् त्यो लहरमा डुब्न पुग्नु साँच्चिकै तीव्र आघात हुनसक्थ्यो ।

"नान्तिना भे'नि, डाङ्या (जवान वा तन्नेरी) भे'नि न्या न्या नै हो !" सकरेको क्षमायाचना ओझा र कथित पञ्चभलाद्मीको लागि बगरेका अघिल्तिर

बोकाको गिड्गिडाहट् भन्दा बढी थिएन । ओभ्राको यो भनाइ न्यायकर्ता उनका अनुचरका लागि निर्णायक कथन थियो ।

"हो त नि, न्या न्या नै हो ! अब यिनलाई के डन्न दिने त्यसको निर्णय र घोषणा कचहरीले यो गाउँका मान्नेगुन्ने ठूलाघरे मालिकले भने अनुसार नै हुने हाम्रो ठहर छ । कसो त पञ्चभलाद्मी हो ?" गाउँका अध्यक्षले ठूलाघरे मालिक अर्थात् ओभ्राको नूनको सोभ्रोमा आफ्नो राय दिए । अध्यक्ष मात्रै होइन उनलाई भोलि माननीय बनाउन टिकटसम्म दिलाउन सक्ने ओभ्राको हाँमा हाँ मिलाउनुमा नै उनको वर्गीय र राजनीतिक स्वार्थ गाँसिएको थियो ।

"मनासिब हो ! ठूलाघरे मालिकको फैसला नै हाम्रो फैसला हो !" नारङ्गीको उच्चासनमा बसेका पञ्चभलाद्मीको समवेत समर्थन सबैले सुने ।

"ल सुन त ! सकरेले छोइएको नौलो पुरेर अर्कै नयाँ नौलो खनिदिनू ! नयाँ नौलोको पूजा-आजा, होम आदिमा लाग्ने खर्च पनि उसैले बेहोर्नुपर्नेछ । अनि डुमेरोको बात लागे बापत किस्ने रोकायाले भगी सर्किनीलाई घर निकाला गरेर जातमा फर्कन सातै गाउँका गाउँलेलाई चोखिने भतेर ख्वाओस् ! पञ्चकचहरीमा मोरु पाँचसय तिरेर त्यति गरेपछि उसलाई गाउँलेले जातमा लिनेछन् । मेरो फैसला यही हो, कचहरीको फैसला पनि यही हो ! बुभ्र्यौ त सबैले !" सबैको तर्फबाट ओभ्राले फैसला सुनाए ।

फैसला सुनेर कोहीको अनुहारमा उज्यालो छायो, कोहीको अनुहारमा असन्तुष्टिको छायाँ देखियो । असन्तुष्टहरूको जमात ठूलो देखिए पनि गाउँका कथित मालिकहरूको आदेशमा र निर्णय विपरीत बोलेर सङ्कट निम्त्याउने आँट भने उनीहरूमा कसैमा देखिएन ।

"यो अन्याय भयो, न्याय भएन ! छुँदै नछोएको पानीको नौलो पुरेर अर्को बनाउन लगाउनु अन्या' हो ! त्यसमाथि कहाँबाट देओस् पूजा-होम गर्दा लाग्ने खर्च बिचरो सकरेले ! भएको जेथा त पहिल्यै साहूलाई बुभ्राइसक्यो ।.....पर्दैन एक चुन्दाम पनि दिनु पर्दैन !" अघिदेखि अनुहारभरि असन्तुष्टि पालेका युवाकेटाहरूमध्येकै एकले निकै बेरपछि विद्रोहको आगो ओकल्यो । उसको विद्रोहको यो चर्को स्वरले फैसला सुनाएपछिको निस्तब्धतामा

अर्को एउटा तीव्र तरङ्ग फैलियो ।

"के अरे ! मालिकको फैसला मान्दिन भन्ने यो को हो रे ?" त्यो विद्रोहको तीव्र रापले पिल्सिएको एउटा स्वामीभक्त स्वरले तर्सिएर भन्यो ।

"हो.....हो .....उसले ठीकै भन्यो, यो अन्याय हो !" अनुहार लुकाएरै भए पनि त्यो दर्बिलो युवा तर्कको समर्थनमा अरू केही स्वरहरू मिसिए ।

उता सकरे अन्यमनस्क थियो- आफूले मालिक मानेका पञ्चभलाद्मीको आदेशको पालना गर्ने कि आफ्नो पक्षमा उठाएका केटाहरूको भनाइ मान्ने ? आदेश पालना गर्नका लागि खर्च कताबाट जुटाउने ? भएको घरखेत थिनै माउडेको मुठ्ठीमा बन्दक छ ।

किस्ने रोकाया भने तल्लो बाडाका युवाहरूको विद्रोह र त्यस विद्रोहप्रति माथ्लो बाडाका पनि केही केटाहरूले थपडी बजाएर गरेको समर्थनबाट उत्साहित बनेको थियो । त्यसैले ऊ भीडमा तनक्क उभिएर आफ्नो इस्पातजस्तै दरिलो निर्णय सुनाउँछ- स्वास्नी भनेर ल्याइसकेपछि भगीलाई अलपत्र पारेर छाड्नु मेरा लागि अपराध हो ! त्यसैले उसलाई लिएर म बरु मुग्लान भासिन्छु । गाउँलेलाई भोज ख्वाउने सामर्थ्य पनि मेरो छैन । के नै छ र यो गाउँमा मेरो ! मलाई जात फर्काउनु पनि छैन !

उसको यो अप्रत्याशित निर्णयबाट एकातिर उत्साह फैलिन्छ, अर्कातिर कथित पञ्चभलाद्मीका अनुहारमा अपमानको कालो मोसो पोतिन्छ । केही युवाहरूले किस्नेको निर्णयको समर्थनमा बजाएका चर्को तालीले उनीहरू धरतीमा गाडिएको अनुभव गर्छन् । प्रतिवादमा शेरहुंकार गर्ने आँटसमेत गुम्छ उनीहरूमा ! किस्ने र केटाहरूको अनुहारमा उज्यालो आभा फैलिन्छ, सकरे खुसीले नाचूँ कि, मालिकहरूको पक्षमा केटाहरूलाई हकारूँ; कुनै निर्णय गर्न सक्दैन । ●

# सार्थकताको खोजी

"विनय, सञ्चै छौ ?" लामो समयपछि अप्रत्यासित रूपमा भेट भएकी अनिताको त्यो प्रश्नले म झसङ्ग भएको थिएँ । सुरुमा त ठम्याउनै सकिन मैले- के यी तिनै अनिता हुन् ? खोइ उनको अनुहारको कान्ति ? खोइ उनको त्यो मोहिनी मुस्कान, जसले जुनसुकै पुरुष हृदयमा एउटा हलचल ल्याइदिन सक्थ्यो ।

"सञ्चै छु, धेरै पछि पो भेट भयो त ! तिमी पनि अर्कै पो देखिइछ्यौ; निकै फेरिइछ्यौ !" फुङ्ग उडेको कान्तिहीन उनको अनुहार र थकित शिथिलझैं गति देख्दा मलाई यी तिनै अनिता हुन् भन्ने ठम्याउन कठिन भइरहेको थियो । पूर्व सौन्दर्य,कान्ति र उनको चुलबुले स्वभावको आभाषसम्म पनि पाउन कठिन देखिन्थ्यो । कुनै बेला युवा मुटुको धड्कन मानिने अनिता सिँगो कलेजकै शान थिइन् । कुनै पिकनिक होस्, कुनै सांस्कृतिक वा अन्य कार्यक्रम होस् अनिता बिना ती कार्यक्रमहरू फिक्का लाग्थे । त्यसका सहभागीहरू मणिबिनाका सर्पझैं निष्प्राण हुन्थे । शहरमा हुने सौन्दर्य प्रतियोगिताहरूमा उनी नै विजयी बन्थिन् । उनको साहचर्य पाउन दर्जनौं युवाहरू मरिमेट्थे, कोही कोही साहस गरेरै प्रेम प्रस्तावसमेत राख्थे । तर उनको दृष्टिमा कोही पनि उनको प्रेम प्राप्त गर्न योग्य थिएन । त्यस्ता प्रस्तावको बदलामा सबैले उनीबाट अपमानपूर्ण व्यवहार फेला पार्थे । अनगिन्ती युवा हृदयमा जीवन र उमङ्गको सञ्चार गरिदिने तिनै अनिता आज कान्तिविहीन अनुहार र

शृङ्गारविहीन साधा भेषभूषामा अर्कै देखिन्थिन्- निष्प्राण ! पूर्वजीवन्तताका कुनै सङ्केतसम्म पनि वर्तमानले दिन सकिरहेको थिएन ।

"फेरिनु नै जीवनको शाश्वत सत्य होइन र विनय ? तिमी पनि त फेरिएछौ नि ! समयको प्रवाहले सबैलाई बदली दिन्छ, फेरिदिन्छ, फरक मात्रात्मक घट्बढ् मात्र हो विनय ! यो कुरा ममा पनि लागू हुँदैन र ?" उनको जवाफको दार्शनिकताले मलाई झनै आश्चर्यचकित तुल्यायो । हो, परिवर्तन समयको सत्य हो । तर यति ठूलो परिवर्तन.......!

कलेजमा सँगै एउटै कक्षामा पढेकी अनिताप्रतिको आकर्षण अरूजस्तै मभित्र पनि त्यतिबेलादेखि नै थियो । कलेज मात्र नभएर हाम्रो टोल समेत एउटै थियो । वाक्पटु, वाचाल र सधैंकी चुल्बुले अनितामा यो दार्शनिकता र अस्वाभाविक गम्भीरता कताबाट आयो, म ठम्याउन सक्तिन । हिजोकी उपभोक्तावादी संस्कृति तथा भौतिकताकी पर्याय बन्दै त्यसैलाई जीवन दर्शन र जीवन शैली बनाउने अनितामा यति ठूलो परिवर्तन् आउला भन्ने सोच्नु सहज पनि थिएन ।

त्यतिबेला अनिताका कुरा सुन्दा लाग्थ्यो, समयको ठूलै प्रहार झेलेकी छन् उनले । कसैलाई नगन्ने उनको दम्भ र रूपगर्विता अहंलाई समयको लहरले बगाएर अर्को किनारामा फालिदिएको छ- मलाई उनी देखेर त्यस्तै अनुभव भएको थियो । त्यही क्रममा सके जीवनप्रतिको आफ्ना पूर्वमान्यताहरूलाई गलत ठान्न थालेकी हुन कि भन्ने मेरो अनुमान थियो, उनका अभिव्यक्तिभित्र अन्तर्निहित उच्छ्वासको आधारमा ! अथवा हुन सक्थ्यो उनीबाट उपेक्षितहरूबाटै आज उनी स्वयम् उपेक्षित भैरहेकी छन् । भौतिक चमक दमकको व्यामोहबाट मुक्तिका लागि उनले लामै मानसिक युद्ध लडेकी हुन सम्भव थियो ।

लगभग एक वर्ष अघिजस्तो लाग्छ उनीसँगको त्यो भेटपछि अनितासँगको सान्निध्यका विगतहरू मेरा स्मृतिपटमा भिडियो क्यासेट प्लेब्याक गरेझैं प्रकाशित हुँदै जान्छन्, मनका पर्दामा । हामी एकै टोलमा बस्ने भए पनि कलेज जीवन व्यतीत गरेपछि म आफैं जागिरको सिलसिलामा शहर बाहिर रहें । अनिता त छोरीमान्छे विवाह भएर अन्तै गएकी हुनसक्थी ।

कहिलेकाहीं घर आउँदा त्यति चासो लिएर सोधीखोजी गर्ने कुरा पनि भएन । त्यसो गर्दा मानिसले अर्कै अर्थमा लिन सक्थे । तर भित्री मन चाहिं किन किन उनको बारेमा जान्न व्यग्र थियो -कहाँ होलिन् अनिता ? कस्ती होलिन् अहिले उनी ? के त्यही चञ्चलता, त्यही अहंजन्य अरूप्रतिको तिरस्कारभावयुक्त तेजिला आँखा र कसैको अघिल्तिर शिर ननिहुराउने स्वाभिमान र रूपगर्विता यौवनको दम्भ अझै बाँकी होला उनमा ? ममा यस्तै अनेकौं प्रश्न उठ्ने गर्थे । थोरै दिनका लागि जिल्लाबाट घर आएको यो अल्प अवधिमा अरू पनि काम थिए, उनकै खोजी र सोधखोजमा लाग्ने कुरा पनि भएन ।

"तिमी विनय होइनौ ?" तर त्यही बिदामा घर आएको त्यो समयमा एक्कासि एकदिन यो प्रश्न र प्रश्नकर्ता महिलालाई देखेर त्यतिबेला म आश्चर्यचकित बनेको थिएँ- अनिता ?

मन्त्रालयको परिसरमा झण्डा फहराउँदै आएको भव्य गाडीबाट एउटा अधबैंसे तर खाइहाल्दो लबेदा सुरुवालधारी व्यक्तिसँगै बडो रवाफसाथ ओर्लिएकी अनितालाई देख्दा मेरो आश्चर्यको सीमा नै थिएन ।

"अनिता तिमी ?" त्यतिबेला मेरो मुखबाट आश्चर्यमिश्रित प्रश्न निस्किएको थियो ।

"किन मलाई यहाँ यसरी देखेर तिमीलाई आश्चर्य लाग्यो ?" मेरो प्रश्नभित्र अन्तर्निहित आश्चर्यमिश्रित जिज्ञासा देखेर उनले प्रतिप्रश्न गरेकी थिइन ।

"होइन.....तर.......!" उनको प्रतिप्रश्नमा म प्रतिक्रियाविहीन भएको थिएँ ।

"विनय, अहिले म हतारमा छु । तिमीसँग भेटेर सुखदु:खका धेरै कुरा गर्नु छ, भरे भोलितिर मलाई भेट न है । यी मलाई यो ठेगानामा भेट्न सक्छौ । बरु आउनुभन्दा अघि फोन गरेर आउनु है, नभएको बेला पर्‍यो भने बेकार दु:ख: मात्रै हुनेछ । बिहान वा बेलुका फोन गरे हुन्छ ।" ब्यागबाट झिकेर एउटा भिजिटिङकार्ड दिँदै उनी मन्त्रीको पाइला पछ्याएर हतार हतार भित्र पसिन् ।

उनको त्यो हतारो देख्दा लाग्थ्यो उनी ती मन्त्रीको सम्मोहनमा

बिनायोको आवाजमा लट्ठिएको सम्मोहित सर्पझैं डोरिएकी छन्, मानौं उनको कुनै छुट्टै स्वतन्त्र अस्तित्व छैन । उसको पाइलासँगै डोरिनु नै उनको नियति हो ।

त्यहाँबाट उनीसँग छुट्टिएर गएपछि पनि मेरो मनबाट उनको त्यो बिम्ब छुट्न सकेन । मनमा अनेक प्रश्नहरू उठी नै रहे- के अनिताले जागिर खाइछन् ? कि उनी मन्त्रीको सल्लाहकार पो बनिछन् कि ? मन्त्रीसँग बिहे गरेकी त होइनन् होला । मन्त्रीपत्नी नै भए पनि सँगै मन्त्रालय आउने कुरा त भएन ! त्यसैले त्यो भन्दा अर्को कुराको कल्पना जायज पनि थिएन ।

अनितासँग भेट्ने इच्छा यिनै कारणले मभित्र पनि प्रबल बन्दै गएको थियो । त्यसैले घर फर्केर बेलुकी मैले उनलाई फोन गरें, तर उनी भेटिइनन् । भोलिपल्ट बिहान त्यसै अलमलमा फोन गर्नै बिर्सें । घरमा उनको बारेमा कुनै जिज्ञासा राख्नु उपयुक्त थिएन, त्यसैले कुनै कुरा गरिन पनि ।

दिउँसो विक्रमसँग भेट हुँदा मैले उनको बारेमा केही थप जानकारी पाएको थिएँ । आफ्नो रूपको गर्व र महत्त्वाकांक्षाको बली चढेर उनी यौवनको जँघार तर्दै प्रौढताको सिंढी पार गर्दै गइन् । विक्रम मात्र होइन अरू धेरैसँग विवाहको कुरा चलेको थियो । तर न कोही उनको दृष्टिमा लायक र योग्य देखियो, न उनले विवाह र जीवनसाथीको नै आवश्यकता ठानिन् । यसरी सबै एक एक गर्दै छुट्दै गए, अनिताको उमेरले पनि उनलाई छाड्दै गयो । त्यही अभावले उनमा निकै ठूलो परिवर्तन ल्याइदियो र उनको जीवनशैली बदलिंदै गयो । उनी पुरुषहरूलाई मूर्ख बनाएर आफ्नो काम पूरा गर्ने सिपालु बनिन् । ठूला पदधारीहरूको सम्पर्क बढाउँदै जान थालिन् रे त्यो सम्पर्क उनको सामाजिक स्तरवृद्धिको मानक ठानिंदै गयो । अहिले भौतिक दृष्टिले उनी अत्यन्त सम्पन्न छन्, ठूलो कम्पाउण्डयुक्त भव्य बङ्गला,चिल्लो टलक्क टल्कने सुन्दर मोटरगाडी, शरीर छपक्कै ढाक्ने बहुमूल्य गरगहना, के मात्र छैन अहिले उनीसँग ? कुनै पदमा नभएरै पनि ठूला ठूला पदासीनहरूभन्दा शक्तिशाली छिन् उनी । उनको एक इशारामा के मात्र हुँदैन, तिमी कल्पनासम्म पनि गर्न सक्तैनौ ।

विक्रमको कुराले म झन् अलमलिएँ । त्यसो भए के त कुनै एकको

बन्न नसकेकी अनिता आज धेरैसँग बाँडिएर बाँच्न बाध्य भएकी छिन् ? त्यसो नभए कुनै पदमा नभएकी सामान्य नागरिक अनिताको एकै इशारामा कसले किन सबै काम गरिदिने ? मनको एक कुनामा उनीप्रति घृणाले टाउको उठाउन खोज्दथ्यो, अर्कोपटि सहानुभूतिको भाव पलाउँथ्यो । त्यस्तै हो भने के पो भेट्नु ! मन दोधार दोधार हुन थाल्यो । दिनभर भेटने कि नभेटने भन्ने अन्तर्द्वन्द्वमै रुमल्लिएर राति अबेरै अनिताले दिएकी भिजिटिङ कार्डको नम्बरमा फोन गरेको थिएँ । लामो घण्टीको झर्कोलाग्दो स्वरपछि बल्ल फोन उठ्यो । फोन उठाउने स्वर भने अनिताको थिएन, एउटा लर्बरिएको प्रौढ पुरुष स्वरले टेलिफोन उठाएको थियो । उसले रिसिभर उठाएपछि सुनिएको खलबलले अनुमान हुन्थ्यो, अनिता घरमा एक्लै छैनन् । त्यही स्वरले जवाफ दिएको थियो- "को बोल्नु भएको ? भोलि बिहानै रिङ गर्नोस् । अनितालाई अहिले फुर्सत छैन ।"

त्यो टेलिफोन सम्पर्कपछि मनभरि अनेकौं तर्कवितर्क बोकेर रात बिताएको थिएँ मैले । सम्पर्क म आफूले राख्न चाहेको थिइन, भेट र सम्पर्कको पहिलो अनुरोध उसकै थियो । तर उसले किन त्यति व्यस्त देखाई आफूलाई र टेलीफोनमा समेत भेट्न चाहिन ? कि ऊ आफ्नो चाहना अनुसार कसैसँग भेट्न पनि सक्किन ? मनमा अनेकौं प्रश्नहरू खेलिरहे ।

"दाइ, तपाईंको फोन ।" बिहान सबेरै भाइको यो आवाजले निद्राबाट बिउँझाइदियो । कसको फोन होला यति सबेरै ? जिज्ञासु प्रश्न बोकेरै फोन उठाएको थिएँ -हेलो.....!

"हेलो....म, अनिता.....!" अनिताको सुरिलो कण्ठबाट प्राप्त त्यो परिचयले मलाई झनै आश्चर्यचकित तुल्याएको थियो । हिजो फोनमा समेत आउन फुर्सत नपाउने अनिताको यति चाँडै आएको त्यो फोन सुनेर आश्चर्य लाग्नु स्वाभाविकै थियो ।

"ए....तिमी ? कसरी फुर्सद पायौ त यति सबेरै ?" मेरो स्वरमा केही व्यङ्ग्य र केही असन्तुष्टि मिसिएको थियो । अघिल्लो रात आफूले सम्पर्क राख्नखोज्दा उसले देखाएकी त्यो व्यवहारका कारण ममा केही चिडचिडोपन देखिनु अस्वाभाविक पनि थिएन, सायद !

"विनय, तिमी रिसाएको ? हिजोको मेरो व्यवहारबाट रिसाउनु स्वाभाविक पनि हो। तर मलाई विश्वास छ, समझदार भएकाले कतिपय स्थिति बाध्यताबाट सिर्जना हुन्छ भन्ने तिमी बुझ्न सक्छौ। सम्झ त्यस्तै बाध्यताले त्यो स्थितिको जन्म भयो। यति भनेपछि त तिमी मलाई क्षमा दिन सक्छौ होला ! र पनि मलाई क्षमायोग्य ठान्दैनौ भने म तिमीलाई दोष दिन्न। मेरो नियतिको खेलै यस्तै छ, म यसलाई पनि मेरै नियतिको खेल सम्झेर चित्त बुझाउनेछु।" अनिताको पूर्व स्वभावको विपरीत त्यो कोमल ध्वनिको क्षमायाचना अप्रत्याशित थियो, मेरा लागि कल्पनातीत। न त उनको स्वरमा त्यो पहिलेको ओज थियो, न रूखो जिद्दीपन। अझ रुँदारुँदै बोलेझैं लाग्ने उनको त्यो भिजेको रुन्चे याचना त अनिताकै मुखबाट निस्किएको होला भन्ने अधिपछि भएको भए मलाई पत्यारै हुने थिएन।

"किन रिसाउनु नि। तिमीलाई भेट्न मन लागेन, भेटिनौ। कुरा त्यति नै त हो ! फेरि भन्नासाथ भेट्नुपर्ने ठूलो मान्छे पनि त होइन म। तिम्रो मुखबाट नियतिको कुरा निस्कनु चाहिं सुहाएझैं लागेन मलाई ! मलाई यति थाहा छ, हामी आफ्ना कर्मगत व्यवहारलाई भुल्छौं र त्यसबाट प्राप्त आफूलाई मन नपर्ने परिणाम जति सबै नियतिको थाप्लोमा पन्छाइदिन्छौं" मेरो स्वरमा अझै ऊप्रति केही आक्रोश र गुनासो भरिएको थियो।

"प्लिज, मलाई बुझ्ने प्रयत्न त गर ! तिमीलाई आत्मीय ठानेर मात्रै मैले भेट्न चाहेकी हुँ। तिमीले पनि मलाई बुझेनौ विनय !" याचना मात्र नभएर पीडा मिसिएको उसको द्रवित स्वरले मलाई गम्भीर भएर सोच्न वाध्य तुल्यायो-के साँच्चै यति विघ्न दुःखी छे ऊ ? हेर्दा त त्यस्ती लाग्दिन। यसरी आफूभित्रको दुख-पीडा छातीभित्र लुकाएर यसरी अर्कै देखाउन के सम्भव छ ?

"होइन, मैले त्यसो भनेको होइन !" मैले उनलाई चित्त बुझाउन जवाफ दिएँ।

"त्यसो भए आज दिउँसो भेटौं न त। आउँछौ ? आज तिम्रो अफिस पनि त बिदा छ होइन ?" उनले आफ्नो घरको बाटो बताउँदै फेरि अनुरोध गरिन्। करिब करिब याचनामिश्रित उनको त्यो अनुरोधलाई मैले अस्वीकार गर्न सकिन।

"ए....विनय, तिमी आइपुग्यौ ? म तिम्रै बाटो हेरिरहेकी थिएँ ।" दिउँसो उनले दिएको समयमा पुग्दा उनी मेरो शङ्का विपरीत मेरै प्रतीक्षामा थिइन् ।

"कहिलेदेखि सिक्यौ अरूको बाटो हेर्ने बानी तिमीले अनिता ? तिमी त....।" मैले ठट्टाको भावले उनलाई जिस्क्याउन खोजें ।

"हो विनय, यही एकोहोरो मेरो एकलकाँटे स्वभावले आज म एक्लो छु, नितान्त एक्लो । मैले आजसम्म न कसैको बाटो हेरें, न कसैले मलाई भेट्नका लागि गरेको प्रतीक्षाकै उचित सम्मान गर्न सकें । तिमी बाहेक मेरो बाटो हेर्ने धेरै थिए, तर ती कुनैप्रति पनि मेरो आकर्षण थिएन । म तीमध्ये कसैलाई पनि मन पराउन्नथें । पछि पनि धेरै आए मलाई चाहने, तर मैले चाहेको मान्छे भने कहिल्यै मेरो बाटो भएर हिंड्दासम्म हिंडेन । एक दिन त उसले कसो मेरो मन नबुझ्ला भन्ने आशैमा म प्रतीक्षारत रहें ।.... म पनि कसैको प्रतीक्षा गर्थें भन्ने कुरामा तिमीलाई विश्वास लागेन होला ! ....छाड्द्यौ यी कुरा । म त बससम्म पनि नभनी आफ्नै महाभारतको पन्ना पो उधिन्न थालिछु । एकछिन बस्दै गर है !" मेरो जवाफको प्रतीक्षा नै नगरी मलाई सोफामा बसाएर उनी अर्को कोठातिर लागिन् ।

बीस गुणा तीसको विशाल बैठककोठा बहुमूल्य ऊनी गलैंचा, सोफासेट, टेलीभिजन-भिडियो क्यासेट र ऐस आरामका सम्पूर्ण वस्तुहरूले सुसज्जित थिए । बाहिर हरियो दूबोको विशाल लन, लनकै अर्को छेउको पोर्टिकोमा विश्रामरत सुन्दर विशाल मोटरगाडीदेखि नै प्रदर्शित उनको ऐश्वर्यको "माफ गर, तिमीलाई बोर भयो होला होइन ?" उनले किस्तीभरिको खानेकुरा सोफा अगाडिको भव्यताबाट प्रभावित व्यक्ति घरभित्रको यो प्रभावबाट अरू प्रभावित नहुने कुरै थिएन ।

टेबुलमा राख्दै भनिन् ।

"किन यस्तो दुःख गरेकी ? म भर्खरै खाना खाएर मात्रै हिंडेको ।" मैले औपचारिकतावश भनें । यति चाँडै त्यति परिकारका खानेकुरा ल्याएकी देख्दा उनले अगाडि नै ती परिकार तयार गरेर राखेकी हुन् भन्ने अनुमान गर्नु कठिन थिएन ।

"तिमी बुझ्दैनौ विनय स्वास्नीमान्छेको मनलाई । ऊ आफ्ना आत्मीयलाई आफ्नै हातले बनाएर ख्वाउन पाउँदा कति खुसीको अनुभव गर्छे !" म उसको कुरा पटक्कै बुझ्दिन । किन ऊ मलाई पटक पटक आफ्नो आत्मीय भनी सम्बोधन गर्छे ? हाम्रो बीच त्यस्तो कुनै सम्बन्ध त थिएन । हो, अरूलाई जस्तै ऊ मलाई पनि मन पर्थी, तर न मैले उसप्रति कहिल्यै प्रेमभावले हेरें न उसले नै मप्रति त्यो भावना राखेकी अनुभव गरें । मैले अनुभव गरेको एउटै कुरा थियो, ऊ अरू केटाहरूलाई जस्तो होच्याएर र अपमानित गर्ने ढङ्गको व्यवहार भने मसँग गर्दिनथी । अरूलाई जस्तो मलाई दुत्कार्दिनथी । त्यसैले ऊ र मबीच आत्मीयताको त्यस्तो कुनै नातासम्बन्ध रहेको थिएन ।

"घरमा तिमी मात्र । अरू कोही छैनन् ?" उनको त्यो आत्मीय व्यवहार र अभिव्यक्ति भित्र निहित गूढार्थ र युवायुवती नै भन्न नमिले पनि जवान लोग्नेमान्छे -स्वास्नीमान्छे मात्रको उपस्थिति र यो सुसान घरभित्रको एकान्त वातावरण, मलाई कता कता डर पनि लागिरहेको थियो । यो स्थितिमा यो वातावरणको नसाले कुनै दुर्घटना पनि त निम्त्याउन सक्छ, कुनै अप्रिय स्थितिको सिर्जना पनि त गर्न सक्छ !

"मान्छेको भीडमा पनि म सधैं एक्ली रहें ! आज म तिमीसँगको यो एकान्त क्षणलाई कहिल्यै नबिर्सने उपहारका रूपमा सुरक्षित गर्न चाहन्छु । त्यसैले आज काम गर्ने सबैलाई छुट्टी दिएकी छु । थाहा छ तिमीलाई, म यो क्षणको चाहनामा कति व्यग्र प्रतीक्षारत छु ?" उसको अभिव्यक्तिभित्र लुकेको एक एक अर्थ खोज्दा खोज्दै मेरो बुद्धि कुण्ठित हुन खोज्दै थियो । के भन्छे यो स्वास्नीमान्छे ? के आशय हो यसको ?

"के भन्दैछ्यौ तिमी अनिता ? आज तिमी नबुझिने रहस्यको भाषा पो बोल्दैछ्यौ त !" म अरू आश्चर्यमा परेर शंकाग्रस्त प्रश्न गर्छु ।

"तिम्रो यही सोझोपन त मलाई मनपर्छ, विनय ! तर एउटा कुरामा भने मलाई दुःख पनि छ । अहिले मात्र होइन तिमीले कहिल्यै पनि मलाई बुझ्ने कोसिस गरेनौ । मेरो मन भित्रसम्म पसेर मलाई पढ्ने कोसिस नै गरेनौ कहिल्यै ! त्यसमा मेरो पनि कमजोरी रह्यो, अरूसँग खुलेर आफ्नो

कुरा सजिलै राख्नसक्ने म, तिमीसँग भने कहिल्यै प्रष्टसँग खुलेर मनको कुरा भन्न सकिन । म त्यति भावुक कहिल्यै रहिन, लज्जालु स्वभावकी केटी पनि थिइन । तर किन किन तिम्रो अघिल्तिर पर्नासाथ म आफैंभित्र हराउँथें, आफूभित्रको सबै आत्मविश्वास गुमाउन पुग्थें । अब त केही बुझ्यौ, म के भन्दैछु ?" ऊ एकै सासमा सबै कुरा भन्छे । उसको अनुहार हेर्दा लाग्छ उसले यी कुरा भन्न निकै साहस जुटाएकी छ ।

"अनिता....तर अब...? हामीले बुझ्ने-बुझाउने समयलाई धेरै पछाडि छाडिसकेनौं र ! मेरो छुट्टै जिन्दगी छ, त्यसमा म एक्लै मात्र छैन ।....र तिम्रो पनि अलग्गै जिन्दगी छ, त्यसमा अरू धेरै कुरा जोडिएका छन् । अहिले यी कुरा बुझ्नुको कुनै अर्थ रहन्छ र ? हो समयमै हामीले यो कुरा बुझ्न-बुझाउन सकेको भए हामी दुवै अप्राप्तिको अनुभवबाट यसरी गुज्रनु पर्दैनथ्यो होला" म उसका कुराबाट झनै अलमल्लमा पर्छु । साँच्चि नै क्याम्पसमा उसले मप्रति गरेको व्यवहारलाई मैले बुझ्न सकेको रहेनछु । उसलाई भित्रभित्रै मन पराएर पनि प्रायः सबै केटाहरूप्रतिको उसको व्यवहार र उपेक्षाभावका कारण तर्सिएको म उसबाट टाढै रहने गर्थें । उसको अगाडि त्यो आफ्नो भाव प्रकट गरेर त्यसरी नै उपेक्षित र अपमानित बन्न चाहन्नथें । उसले अगाडि भनेकी उसले पनि मन पराएर प्रतीक्षा गरिएको व्यक्ति म आफू नै थिएँ भन्ने अनुमान मैले एक क्षण अगाडिसम्म पनि गर्न सकेको थिइन भने त्यति बेला यस्तो अनुमान गर्न सक्ने कुनै सम्भावना नै थिएन ।

"होइन, मेरो त्यो आशय होइन ! मलाई थाहा छ, तिम्रो आफ्नो जिन्दगी छ । उद्देश्यहीन र निरर्थक नै जीवन नबाँचे पनि मैले आफैंले भोग्दै आएको मेरो पनि आफ्नै जिन्दगी छ । यो जिन्दगीमा परिवर्तन ल्याउने स्वप्नदर्शी पनि म होइन । मलाई थाहा छ, त्यो सपना मैले देखे नै पनि पूरा हुन सक्तैन । अहिले मैले तिमीलाई यसरी भेट्न आउने दुःख दिनुको कारण तिमी र मैले अगाडि नबुझेका र बुझ्न नसकेका कुराहरू बुझाउने प्रयास गर्ने पनि होइन । मलाई पनि थाहा छ, यो बुझ्ने र बुझाउने समय धेरै अगाडि बितिसक्यो । अहिले तिमीसँग एउटै मात्र कुरा माग्न चाहेकी हुँ- के तिमी मेरो निरर्थक जीवनलाई एउटा अर्थ दिन सक्छौ ?" ऊ अझै रहस्यमय

बन्छे ।

"उही कुरा भएन र यो त ! अब हाम्रो अलगअलग जिन्दगी कसरी एउटै समानान्तर रेखामा हिंडन सक्छ र, भन त !" म उसलाई सम्झाउन खोज्छु । ऊसँग भेट गर्ने उत्कण्ठा मेट्न नसकेर बेकार यहाँ आइएछ । म बडो विषम परिस्थितिमा फस्न पुगेको महसुस गर्छु ।

"नडराऊ, मेरो त्यो आशय होइन । म मात्र यो एक्लो जिन्दगी बिताउने सहारा चाहन्छु एउटा सन्तानको रूपमा ! मैले चाहेको भए जोसुकैबाट यो चाहना पूरा गर्न सक्थें । तर म तिमीबाहेक अरू कसैको अंशधारण गर्न सक्तिन, मेरो जिन्दगी बरु निरर्थक किन नबितोस् ।" ऊ अत्यन्त द्रवित स्वरमा मसँग याचनाको झोली थाप्छे । उसभित्रको पीडा र द्रवित याचनाले मलाई भित्रैसम्म छोइदिन्छ । म किंकर्तव्यविमूढ भएर उसको व्यथित-पीडित मायालु अनुहारमा हराउँदै जान्छु भित्र...भित्रसम्म अनन्तमा.....! •

# कम्लरी

सबैजना माघीको रामरमितामा लागे पनि विदेशियाको मनमा खुसीको एक थोपो घाम लाग्न सकेको छैन । गाउँमा दुईचार दिन अघिदेखि नै माघीको नसाले छोएको थियो । वर्षको एकपल्ट दुईचार दिन नै भए पनि उनीहरू यही चाडका नाउँमा केही मनोरञ्जन पाउँथे, केही दुःख-पीर भुल्ने बहाना । ऋणपान गरेर ल्याएको सापटीले चल्ने भोजभतेरमा केही बेर दुःख भुल्न चाहेवापत पछि फेरि थप दुःख बेसाउँथे । त्यही क्रममा यस वर्ष पनि मसान्तको रात छर्लङ्गै बितेको थियो, भाले नबासुञ्जेल दारु पिउँदै नाचगान गरेर ।

राती पनि हरियाले दारुको सुरमा उसलाई नचाउन निकै जोड गरेको हो । लोग्नेले त्यसरी जोड गरेर बलैले ताने पनि विदेशियाको मन रमाइलो गर्नेतिर मरिगए लाग्न सकेन । त्यही मनस्थितिमा झर्केर भनेकी थिई- "तिमीलाई पो कुनै पीरचिन्ता छैन, नाचगान जे गर्नुपर्छ तिमी नै गर !" बिहानको न्यानो र उज्यालो घामले समेत उसको मनमा घमाइलो अनुभूति दिन सकेको थिएन । मनमै घाम नलागेपछि केको रमाइलो लाग्नु- विदेशियाले सोचेकी थिई ।

"दाइ हो, बडघरा' बुडुकाँ' ढिकरी पकाइसके, हामी कहाँ कहिले पकाउने ?" गाउँको मुखिया कहाँ देखेर फर्केपछि सानो छोरो बुधवाको टिठलाग्दो अनुहार र प्रश्नले उसलाई झँगेलेको थियो । जाँगर नलागी नलागी अलिकति ढिकरी बनाइदिएकी थिई उसले । जोगाएर राखेकी अलिकति चामलको

पीठो मुछेर बेलनाकार बनाउँदै ढकियामा राखेर उम्लिइरहेको पानीको भाँडामाथि ढिकरी उसिनेकी थिई । लोग्नेले यत्रो चाड ढिकरीसम्म त अलिकति पकाउनु पर्ने भनुञ्जेल पनि उसलाई पटक्कै जाँगर चलेको थिएन । अघिपछि भए ऊ पनि माघीको पूजाआजा सकेर अघिल्लो दिन त्यसरी पकाएको ढिकरी बंगुरको मासु र रोटीसँगै परिवारसँग बसेर खाँदै रमाइलो गर्न नरुचाउने होइन । माघीका बेलामा गच्छेअनुसार ढिकरी नपाकी थारूहरूको माघी जाँदैन भन्ने उसलाई थाहा नभएको पनि होइन । तर यसपालि उसलाई केही गर्ने जाँगरै चलेको थिएन । हरियाले पनि यो बुझेर नै धेरै कर गरेको थिएन ।

"चोख्खिन जान सबै तयार भैसके, तँ त झोक्राई पो बस्छेस्" लोग्नेको आवाजले ऊ झसङ्ग भएकी थिई ।

"मनाँ' रमाइलो भे'पो...! के गर्दै होली ऊ, ढिकरी कत्ति स्वाद मान्दै खान्थी । बाखाका पाठा उफ्रेझैं कत्ति रमाएर मेला भर्न जान्थी ऊ !" विदेशियाको मन चिरिएझैं लागेको थियो ।

"के गर्छेस् त बाबै, छोरीको कमाइ नखाउँ, पुग्दैन । माया मलाई पनि नलाग्ने त कहाँ हो र ! तर.....।" स्वास्नीको पीरले हरियाको पनि छाती चिरिएको थियो ।

माघीको दिन बिहानैदेखि डँगौरा थारू र गोही-बठेनियाँहरू लारानियाँ दहमा चोख्खिएर पर्साइनी मेला जान ठाँट्टिएर आँगनमा मादल ठोक्दै गर्दा पनि विदेशियामा कुनै उत्साह थिएन । अघिल्लै दिनदेखि घरछेउको गोरेटोमा आँखा तान्दातान्दा उसका आँखै टट्टाइसकेका थिए । उसको लोग्नेको मनमा पनि खुसी थिएन । तर पनि भेग्वामाथि अँगौछा र भुल्वामाथि रेज्कीको टाँक हालेको बाउले छाडेको चिनो जाइकोट लाएर ऊ तयार भएको थियो । इच्छा भइनभई विदेशियाले पनि कानमा छतौर र झिलझिल्या, नारी र घाँटीमा लाहा चुरा, ककनी आदि भिरी । अगाडि अलिअलि मुजा पारेर घुँडासम्म आउने ठेटुवाको गुन्यूँ र घाँघरा जस्तै नेहेगा लगाएर गह्रौं मनले तयार भएकी थिई । उसको बिहेमा लोग्नेको तर्फबाट दिएको यो लुगा लाउँदा मन कति फुरुङ्ग हुन्थ्यो अघिपछि, तर त्यतिबेला..... ।

उसका पाइला घिसारिएर पुगेका थिए, लारानियाँको दहमा चोख्खिएर

पर्साइनी मेलामा भगनुवाको दर्शन गर्न । कोख सफल भएकाहरू लोग्ने-स्वास्नीसँगै दर्शन गर्न आउने चलन नभएको भए त्यतिबेला उसलाई मेलामा जाने पटक्कै थिएन । लारानियाँ दहमा नुहाइओरी चोखिएपछि चारवटा केराको खम्बा गाडेर चँदुवा टाँगी अस्थायी रूपमा तयार गरिएको नजिकैको भगनुवास्थानमा पुग्दा भीड निकै जम्मा भइसकेको थियो । गाउँलेहरूले चँदुवा मुनिका पूर्वाभिमुख वेर्वा (देवता विशेष) को लडाकू घोडा र अरू देवताको पूजाआजामा गाउँका महतुवा (पुजारी) द्वारा पूजा गराउँदै थिए । कोख सफल भएका दम्पती जोडीहरू भगनुवा (भगवान) समक्ष कृतज्ञता प्रकट गर्न पूजाआजा र छोराछोरीलाई भेटी चढाई महतुवाको गोडा ढोगाइरहेका थिए । सन्तान नभएकाहरू कोख सफल होस् भनी आशीर्वाद माग्दै थिए । विदेशियाले लोग्नेको पछि लागेरै भगनुवाको दर्शन गरेकी थिई । पार्वतीया बाहेक अरू छोराछोरी साथमै थिए । उसलाई भने पार्वतीया बाहेक अरू कसैको सम्झना थिएन- के गर्दै होली अहिले ! उसलाई लाग्यो आँखा अगाडिकाको भन्दा पछाडिको धेरै माया भन्या यही होला !

"हन हो ठूली दाइ, बिसन्चो पो छौ कि कसो ? किन टोलाएर बसेकी !" हिजो साँझ मात्रै आफैँमा हराइरहेकी बेला पल्लाघरे गरुवाकी चेली रमतियाले एक्कासि बोलाउँदा ऊ झसङ्ग भएकी थिई ।

"को पार्वतिया.....!" उसको कानमा आफ्नै छोरी पार्वतियाको स्वरको झझल्को परेर विदेशियाले खुसी हुँदै छोरीको नाउँ लिएकी थिई ।

"हैन ठूली दाइ, म पो त ! बरु खोई काँ छे पार्वतिया, कि यसपल्ट पनि आउन पाइन ?" तर आफ्नो अगाडि छोरी पार्वतीया नभएर छिमेकी चेली रमतियालाई देखेपछि ऊ झल्याँस्स भएकी थिई । उसभित्र जन्मेको क्षणिक नै भए पनि मीठो भ्रमको पर्दा च्यातिएको थियो ।

"पार्वतियालाई सम्झेर बसेकी, तँलाई पार्वतिया नै पो ठानेछु !" निराश भएर उसले रमतियालाई जवाफ दिएकी थिई ।

"उसो भए यसपालि पनि आइन पार्वतिया ? त्यसैले पो तिमी पिरोल्लिएर बसेकी ? म उसैलाई भेट्न भनी आएकी थिएँ पो !" रमतियाको त्यो भनाइले विदेशियालाई झनै नरमाइलो लागेको थियो । पार्वतियाकी असाध्यै मिल्ने

साथी रमतिया बिहे गरेर लोग्नेको घरमा कति सुखी देखिन्छे । पार्वतियाको यस्तो दिन कहिले पो आउला- विदेशिया मनमनै सोच्छे । रमतिया गाउँको चलन अनुसार ढिकरी, सागसब्जी र फलफूलले टम्म भरेको ढकियाभरिको कोसेली लिएर हिजै मात्र माइतीमा आएकी थिई । आफ्नी छोरी भने यो उमेरमा अर्काको घराँ' कम्लरी बसेकी छ, बाबुआमालाई सघाउन ! विदेशियालाई झनै दिक्क लागेको थियो ।

"ल..ल..धेरै कुरा नगर । हुन्छ भने वर्षको तीन सय दिन्छु, दुई वर्षलाई कतै पठाउन्न । मागीसागी भन्ने होइन नि ! नहुने भए अन्त पनि पाइन्छन् तेराजस्ता चेली । ल...चाँडै भन् मेरो फुर्सत छैन तँकाँ' धेरैबेर बस्न ।" पर्वतियालाई दुई वर्षअघि बुटबलका साहूले कम्लरी राख्न लैजाँदाको एकएक शब्द र दृश्य बिर्सन खोज्दा पनि बिर्सन सक्दिन ऊ । त्यो दृश्य र साहूका ती कुरा सधैं उसको कानमा गुञ्जिरहन्छ ।

"त्यसो नभन न साहू....वर्षको तीन सय त...धेरै कम भएन भन्या । बाह्रवर्षकी पुगी पर्वतिया, जेजस्तो काम पनि गर्न सक्छे । त्यसैले....." त्यतिबेला लोग्ने हरियाले गरेको छोरीको मोलभाउ उसलाई पटक्कै मनपरेको थिएन ।

"ल..ल...भैगो । पच्चीस रूप्पे थप्दें मैले । अब पनि हुन्न भन्छस् भने चाहिन्न मलाई, अरू नै खोजे हुन्छ ।" साहूले हरियाको कुरा पूरा हुन पाउँदानपाउँदै बीचैमा थपेको थियो ।

"तिमी जे भन पर्वतियाका बा, म त पठाउँदिन छोरीलाई ! गिट्ठाभ्याकुर गरेर खाउँला बरु !" विदेशियाले आँखाबाट आँसु खसाल्दै लोग्नेसँग बिन्ती गरेकी थिई ।

"भन् ए हरिया चाँडै, के गर्नेहोस् ?" विदेशियाको कुरा सुनेर साहूले अरू हतारो देखाएको थियो । वर्षको त्यति पनि दिन कोही नआएको बेला यो साहूलाई त्यसै फर्काउने हरियाको मन थिएन । त्यसैले उसले विदेशियाको पाखुरा समातेर अलि पर लगी भरमग्दुर सम्झाएको थियो-हेर, रूपाकी आमा जाबो दुई वर्षको कुरा त हो ! पार्वतियाले कमाएकी त्यै पैसाले उसैको बिहे गरिदिउँला । बिहेमा सानोतिनो भोजभतेर नगरी हुन्न, त्यसको लागि पनि त सोच्नुपऱ्यो नि, परेन ! के गर्ने भन् त । बरु पार्वतियाले यो दुई वर्षमा गरेकी

कमाइले उसको बिहे गरौंला, बाँकी बचेकोले घडेरी निखन्न थपथाप गरौंला। त्यति गर्न सकियो भने नि त बुधवाका दाजुभाइले बाससम्म भेट्लान्, पार्वतियाको जय मनाउलान् कसो।" त्यसरी लोग्नेले चारैतिर देखाएर सम्झाएपछि बढी कर गर्न सकेकी थिइन। आखिर लोग्ने र घरको समस्या उसलाई पनि थाहा नभएको थिएन।

मन मारेर बडो मुस्किलले स्वीकृति जनाएकी थिई उसले। त्यही दिन हरिया साहूसँगै छोरी पुऱ्याउन गएर पर्सिपल्ट घर फर्केको थियो ऊ आफू एक्लै। छोरीले बिदा हुँदा आँखाभरि आँसु पारेर हेरेकी दृश्यले उसको मुटु नै चुँडिएको थियो। त्यो देख्दा ऊ भक्कानो छाडेर रोएकी थिई।

"हैन ए विदेशिया, तँलाई कुनै रामरमिता गर्न मन लाग्दैन ? बैंसै गैसक्या' त छैन हो ! किन यसरी 'ओइला'की हो तँ त !" उसकी मनमिलेकी राधीले हिजै राती मात्र हरियाले उसलाई नाच्न तान्दा समेत नउठेकी देखेर भनेकी थिई। ऊ विदेशियालाई सधैं रौस्याउँदै उसको उदासी मेट्न खोज्थी। तर जेठी छोरी पार्वतियालाई कम्लरी पठाएदेखि नै उसभित्रको मनको रौस बालुवाको पानी भैसकेको थियो। राधीले उसमा उत्साह भर्न खोजे पनि विदेशियालाई रमाइलो गर्ने जाँगर नै भएन।

"मनाँ' घाम लागे पो बाहिर रमाइलो गर्नु राधी, मनमै खुसी नभएपछि काँ'रामरमितामा मन जाँदो र'छ र !" विदेशियाले मनको बह पोखेकी थिई राधीको अघिल्तिर।

"हेर, पीर गरेर हुने होइन त। तेरा हाम्रा मात्रै पनि त होइन नि, अरूका पनि सबै काँ' सधैं सँगै बस्न पाएका छन् र ! मन बुझाउनुपर्छ हेर ! सधैंको लागि गएकी होइन,अब त धेरै दिन पनि त छैन नि पार्वतिया आउन।" राधीले सधैंझैं भरमग्दुर सम्झाउने कोशिस गरेकी थिई।

"अघिल्लो माघी त गयो गयो यसपालि पनि उसको मुख देख्न पाइएन। अर्को पालि त सँगै होइएला कि, यही त आश छ नि !" राधीले सम्झाउँदा सम्झाउँदा बल्ल उसले मन बुझाएकी थिई।

लहरानियाँ दहमा चोख्खिईवरी भगनुवा ढोग गरेर घर फर्कंदा दैलोमा बसिरहेको अनुहार देखेर विदेशिया नराम्ररी तर्सिई- किन आयो यो साहू ?

हरियाले माइलीलाई पनि कम्लरी पठाउन बोलाएको त होइन यसलाई ?

"ए...साहू पो ! कति कामले आयौ ?" हरियाले अनुमान नगरेको होइन, आज माघीकै दिन त हो कम्लरी राख्ने बसाउने । यो पक्कै कम्लरीकै खोजमा आएको हुनुपर्छ । परार पनि आएको थियो, पार्वतियालाई कम्लरी लान । कुरा नमिलेर बुटवले साहू कहाँ पठाएको ।

"तेरी चेली कम्लरी पठाउँछस् कि भनी आ'को नि, कसो ! पैसा बरु दुई वर्षको अहिले नै एकैचोटि हाताँ हालिदिउँला ।" साहूले लोभ्याउने पाराले भन्यो ।

"अँ.......!" हरियाले एसोउसो केही भन्नै सकेन । उसका आँखाभरि नै समस्याका बिस्कुन फिंजारिए । बाउको बिमारी नेपालाँ' लगेर ठूला डाङ्डरलाई देखाउन पाए निको हुन्थ्यो भन्थे ठूला घरे । उनैलाई ऋण देउन त भन्या, धितो राख्ने केही नदेखेर मानेनन् । उता जहान बच्चालाई माघीको यत्रो चाडमा समेत एक धरो लुगा हाल्न सकेको होइन । पार्वतियालाई कम्लरी पठाएर घडेरी उतारुँला भनेको, घरव्यवहार चलाउँदैमा सकेको होइन । मनमा अनेकौं कुरा खेले पनि उसले हुन्छ नै भनीहांल्न सकेन ।

"के मनाँ'कुरा खेलाउँछस् बचुवा, तेरो पनि गर्ज टर्ने....मेरो काम चल्ने !" साहूले उसको मर्ममै अर्को चोट हान्यो ।

"अहँ...रुकमतीलाई त म कुनै हालतमा पनि पठाउन दिन्न । तिमी गैहाल ...साहू !" विदेशियाको आवाजले हरिया मात्र होइन साहू पनि हच्कियो ।

"विदेशिया....कुरा त सुन....।" हरियाले स्वास्नीलाई सम्झाउने मनसायले भन्न खोजेको कुरा समेत विदेशियाको पीडा र आक्रोशले भरिएको अनुहार देखेर पूरा गर्न सकेन ।

"के सुन्ने तिम्रा कुरा....एउटी छोरी बेचेर पुगेन, अर्कीलाई पनि बेच्छौ अब ?" विदेशियाका कुरा हरियाको मुटुमा फलामे तीखा काँडाझैं गढे ।

"भैगो साहू....अब म अर्की छोरीलाई पनि घर छुटाएर पठाउन्न...तिमी जाऊ... ! रुकमतीलाई पनि पठाएर म अब विदेशियाका आँखामा आँसुको अर्को बाढी ल्याउन चाहन्न ।" विदेशियाको कुराले एउटा बाबुको ममता, एउटा लोग्नेको संवेदनशीलता र एउटा पुरुषको अहंलाई जागृत गरिदियो सायद, हरियाले पनि आफ्नो अठोटपूर्ण निर्णय सुनायो । •

# सिर्जना

"सिर्जना मैले भनेको एउटा कुरा मान्छेस् ?" धेरै दिनपछि आज रने असाध्यै मायालु बनेर सिर्जनाको काखमा पल्टिएको थियो । यसपालि विदेशबाट आएदेखि नै आफूबाट परपर भएझैं अनुभव गर्दै आएकी उसको लोग्ने आज यसरी अत्यन्तै मायालु देखिंदा सिर्जना पहिलेकै माया प्रीतिका दिनहरू सम्झन पुग्छे ।

"भनन, तिमीले भनेको नमाने कसले भनेको मान्ने मैले । यस्तो कुरा पनि सोध्नुपर्छ र ! तिमीले जे भने पनि मानी हाल्छु नि !" लोग्नेको त्यही समर्पितझैं लाग्ने मायालु बोलीको बन्धनमा बाँधिन्छे ऊ ।

"मान्छेस् हैन त । मान्ने भए, ल किरिया खा त छोरी र मेरो टाउकोमा छोएर !"

"हैन के भन्छौ तिमी ? किरिया नै खानुपर्ने के कुरा छ र त्यस्तो । त्यसै पनि तिमीले भनेको कुरा कैले नमानेकी छु र मैले ?" लोग्नेको कुराले सिर्जनाको मनमा चिसो पस्यो । कतै गीताको कुरा साँचो त होइन ? नभए ऊ किन यस्तो कुरा गर्दैछ आज !

"नरिसा न । एउटा सल्लाह छ क्या । कतिले विदेशमै बस्ने जोरजाम गरेका छन् । हामी पनि त्यहीं घर किनेर त्यहींको नागरिकजस्तै बस्न पाए तँलाई पनि उतै लैजान पाउँथें, छोरीलाई पनि उतै पढलेख गराएर मान्छे बनाउन सकिन्थ्यो । के भन्छेस् तँ ?" लोग्नेको कुरा सुनेर बित्थामै मनमा

चिसो पसाएछु भन्ने लाग्छ उसलाई । हो त, हाम्रै राम्रोको लागि त उसले यस्तो सोचेको हो नि !

"तिम्रो कुरा त ठीकै हो । तर कसरी हुनसक्छ र यो ? त्यसमाथि अर्काको मुलुकाँ' जिन्दगी बिताउन झन् गाह्रो हुँदैन र !" सिर्जनाको मनले उसको कुरा त्यति राम्ररी खान सक्तैन ।

"तँ हुन्छ मात्रै त भन्, कसरी हुन्छ भन्ने कुरा त म मिलाइहाल्छु नि ! त्यहाँ त स्वर्गमा पाइने सबै सुख भोग्न पाइन्छ बुझिस् । के बस्नु यहाँ जिन्दगीभर दुःख खेपेर ।" रने उसलाई फकाउने हिसाबले आकाशपाताल देखाउँछ ।

"मलाई त तिमी जहाँ छौ, त्यही स्वर्ग हुन्छ । तर पनि तिमीलाई राम्रो लाग्छ भने मैले के भन्नु ! बरु त्यहाँ बस्न चाहिं के गर्नुपर्छ नि ?" मन पराइनपराई सिर्जनाले लोग्नेको मन राख्न भनी ।

"ला, यो कागजमा सही गर त । त्यसपछि सबै कुरा म मिलाइहाल्छु नि !"

"होइन के हो यो ? कतै मलाई छोड्न त लागेनौ तिमीले, घुइरोघुइरो सुनेको कुरा साँचो पो हो कि कसो ?" लोग्नेले गोजीबाट छोडपत्रको कागज झिकेर सही गर्न दिंदा पो सिर्जना छाँगाबाट खसेजस्तै भई ।

"होइन किन आत्तिएकी तँ ? यो विदेश बस्नका लागि उनीहरूलाई देखाउने देखावटी कागज मात्रै पो हो त । यति एउटा कागजमा सही गरेकै भरमा तेरो मेरो मायाप्रीतिबाट जोरिएको लोग्नेस्वास्नीको नाता टुट्छ र ! म माथि विश्वास छैन तेरो र ! तैंले सुनेकी नै होलिस् विदेशमा त्यहींकै केटीसँग बिहे गरेजस्तो गरेर केही समय त्यहीं बिताएपछि त्यही देशमा बस्ने निस्सा पाइन्छ । दुईचार मैना नाटक गरेजस्तै त हो नि, त्यसपछि त उस्लाई छाड्यो तँ हामी उहीं गएर बस्यो । कत्तिले यस्तो गरेका छन् बुझिस् ।" रनेको कुराले सिर्जनालाई आफ्नो पाइतालामुनिको जमिन पाताल भास्सिएझैं अनुभव भयो । गीताको कुरा नसुनेकी भए मात्रै पनि ऊ रनेको मनभित्रको कपट चिन्न सक्तिनथी होला । यस्तै बहानामा परेर ऊजस्तै धेरैको विछोड भएको घटना उसले अरू पनि सुनेकी थिई ।

त्यतिबेला गीताको कुरा सुन्दा छाँगाबाट खसेजस्तै भएकी थिई। कसरी हुनसक्छ यो ? उसको विश्वासको हरेक पत्र त्यतिबेला यसलाई पत्याउन तयार थिएन- "अरू नै कोही होला !"

"कहाँबाट अर्को हुने नि ! आफ्नो र अर्को पनि छुट्याउन नसक्ने ठानिस् मलाई ? तेरो लोग्ने रने नै त हो नि त्यो ! त्यो केटी को हो था'छ तँलाई, हाम्रै तल्ला गाउँकी मनमाया।" गीता रजालीको स्वरको दृढताले उसको विश्वासलाई अलिकति हल्लाएको थियो ।

कसरी हुनसक्छ यो ? पाँच वर्षको उसँगको सम्बन्ध र सहजीवनका कुनै पनि साक्षीप्रमाणले उसलाई रनेले त्यसो गर्ला भन्ने पत्यार लाग्दैनथ्यो । उसको समर्पण, उसको प्रेम, सन्तानप्रतिको उसको वात्सल्य कुनै कुरामा पनि त खोट लाउने ठाउँ थिएन । त्यस्तो मान्छे......!

सिर्जना राजधानीको एक भेगको वर्तमानबाट अर्धदशक अगाडिको आफ्नो जन्मस्थलको स्नेहिल भूत गर्भमा प्रवेश गर्छे, जहाँ हस्तेको समर्पित प्रेमलाई उपेक्षा गरेर ऊ देश खाई शेष भएको रनेको आकर्षणको जालोमा फसेकी थिई । हस्ते, कति सोझो थियो बिचरो ।

"के छ हो साली नानी, छोट्टी बस्ने होइन आज ? मामा माइजू कता नि हौ !" ढुङ्गामाटाले बनेको, भित्र बाहिर गोबरमाटोको लिउन लाएर सेतो कमेरोले सफासँग पोतेको आकर्षक देखिने खरले छाएको उसको घरको पिंढी सफा गरिरहेकै बेला हस्तेको सम्बोधनले प्रायः उसको ध्यान भङ्ग गर्नेगर्थ्यो । पल्ला गाउँकी फुपूको उसकै समवयी माइलो छोरो हस्ते, उसलाई दिदीबहिनीको नाता नलाएर सालीको सम्बोधन गर्थ्यो- फुपूकी छोरी बिहे गर्न पाउने उसको जातीय प्रचलनमा सिर्जनामाथि पहिलो अधिकार समाजले उसकै मान्थ्यो । अधिकार जनाउने मात्र होइन भित्रभित्रै ऊ सिर्जनालाई माया गर्थ्यो । आफ्नो सामाजिक प्रचलनका कारण उसको त्यस्तो व्यवहार सिर्जनालाई अन्यथा पनि लाग्दैनथ्यो । जवानीको प्रारम्भिक सिँढी टेकेको, डम्म दोहोरो आङको, गोरो वर्ण तर अलि होचो, रसिलो स्वभावको हस्ते उसलाई नराम्रो भने लाग्दैनथ्यो । त्यसमाथि सानै बेलादेखि मामाघर आउँदा ऊ अरूसँग भन्दा सिर्जनासँगै बढी लहस्सिन मन पराउँथ्यो । साथीसँगातीहरू उसलाई जिस्क्याउँथे

पनि- लोग्ने बनाउने केटो भनेर होला कति मस्किन्छे यो सिर्जना त्यो हस्तेसँग !

हुन पनि ऊ नजानिंदो पाराले हस्तेप्रति आकर्षित हुँदै गएकी थिई। छोट्टी बस्दा होस् कि, गोठ वा घट्टमा होस् हस्ते पनि आउने भनेपछि उसका पाइला त्यसै त्यसै सिमलका भुवाजस्तै हलुका भएर हावामा उड्न खोज्थे।

"भान्छामा तिउन डढिसक्यो, तिम्लाई भने सधैं ठट्टा छ ! आमाबा मेलाबाट आउने बेला भैसक्यो, नअल्मल्याऊ है मलाई भनीदिएकी छु।" ऊ हस्तेको ठट्टाको जवाफमै घरमा बाबुआमा नभएको पनि परोक्षमा जानकारी दिन्थी।

"बिहे कहिले गर्ने त सिर्जना ? मेरो कुरालाई सधैं ठट्टामा मात्र नउडा न ! कुरा मिलाएर "दी" पठाउन लाउँ मेरा बाउलाई ?" ऊ त्यस्तै क्षणमा सिर्जनालाई भन्ने गर्थ्यो। सिर्जना लाजले अनुहारभरि सिन्दूर पोत्थी-रातै बनाएर। बिहेका लागि केटा र केटी दुवैतर्फको कुरा चलेर मिलेपछि केटाकातर्फबाट उपहार अर्थात् दी पठाएर बिहेको कुरो पक्का गरिन्थ्यो।

"कति हतार हो त्यो बिहे गर्नलाई। तिमी सरहका अरू अङ्ग्रेजका फौजमा गएर धन कमाएपछि धुमधामले बिहे गर्छन्, तिमीचाहिं....! अरू सँगिनीलाई जस्तै हामीलाई पनि शहर जाने, विदेश घुम्ने, सुन लाउने रहर हुँदैन कि क्या हो !" सिर्जना उसलाई घुर्क्याउँदै अप्रत्यक्ष रूपमै आफूभित्रको चाहना प्रकट गर्थी।

सिर्जनाको त्यो कुराले हस्ते केही हीनताबोध पनि अनुभव गर्थ्यो, केही संकोचमा पर्थ्यो। उँचाइ केही नपुगेर विदेशी सेनामा भर्ती हुन नपाएको हस्तेलाई सिर्जनाका कुराले हीनताबोध हुनु स्वाभाविक थियो। ऊ त्यतिबेला सोच्ने गर्थ्यो, बिहे भएपछि पनि उसले सिर्जनाका यी सबै इच्छा आकांक्षा कसरी पूरा गरिदिन सक्ला र ?

"के टोलाएको...। ठट्टा पो गरेकी। मैले त अहिले नै बिहेको हतार किन गर्ने पो भनेकी त।" आफ्नो त्यो भनाइले हस्ते टोलाएको देखेपछि सिर्जना वातावरणलाई सहज बनाउने प्रयत्न गर्थी।

"यस्तो पनि ठट्टा हुन्छ त ! ल भैगो...ठट्टा मात्र गर्ने कि छ्याङ-स्याङ

पनि केही ख्वाउने ?" हस्ते पनि त्यो बोझिलो वातावरणलाई हलुको तुल्याउने प्रयासमा भन्थ्यो । सिर्जनाको पछिल्लो भनाइले सिपाहीसँग बिहे गरेर विदेश घुम्ने, सुनको गहना लाउने सिर्जनाको भनाइ उसको भित्री मनको चाहना होइन, ठट्टा मात्र हो भन्ने सोच्न हस्तेलाई मद्दत पुग्थ्यो ।

"ल...ल हिंड भित्र छ्याङ खाने भए ।" सिर्जनासँगै ऊ पनि दैलोभित्र छिर्थ्यो । घरको भुइँतलाको एक छेउमा रहेको अगेनाकै एकापट्टि अलि अग्लो पारेर बनाएको आटमा ओछ्याइएको राढीमाथि बसेर हस्ते एकनास सिर्जनाको सौन्दर्यपान गरिरहन्थ्यो ।

"हे पर्भू मेरो इच्छा चाँडै पूरा गराइदेऊ है भगवान् !" हस्ते त्यसपछि अगेना र चूल्हो भन्दा परको एक कुनामा स्थापना गरिएको पूजाकोठातिर हात जोड्दै देवी भाक्थ्यो ।

"देउता भाकेर मात्रै हुनेभए......!" सिर्जना उसको भावभंगी देखेर हाँसो थाम्न सक्दिनथी ।

"के गर्नुपर्‍यो त तिमी नै भनन ।...बरु भरे पारिको ठूलो घट्टमा छोट्टी बस्ने कुरा थाहा छ कि छैन ? आउँछ्यौ होइन सिर्जना ? तिमी नआउने भए त म पनि जान्न नि !" सिर्जनाका कोमल-सुडोल हातबाट झल्ल झल्किने पित्तले डबकामा टम्म भरेर दिइएको मात लाग्ने छ्याङ्भन्दा पनि सिर्जनाको जवानीको मादकताले हस्तेलाई बढी मत्याइ दिन्थ्यो र नशाझैं मातले लठ्याउने उसका आँखाका मादक नशामा डुब्दै लर्बरिएको स्वरमा ऊ भन्ने गर्थ्यो ।

"कहाँ हराइस् ए सिर्जना ? के त्यसरी टोलाइरहेकी । अलि होश चाहिं गर्नु, यी लोग्नमान्छेको भर चाहिं त्यति हुँदैन बुझिस् ! दश मूलको पानी चाख्दै हिंड्ने यिनीहरूको बानी नै हुन्छ । त्यसमाथि देश खाएर शेष भएकाको त झनै भर हुँदैन ।" गीताको भनाइले सिर्जना झसङ्ग भएकी थिई ।

"हँ....कहीं हराएकी छैन..." सिर्जनाको मनभित्र आँधीबेरी सिर्जना गरेर गीता त्यहाँबाट गएकी थिई ।

सिर्जना फेरि पूर्वस्मृतिको गर्भमा डुब्न पुगेकी थिई । त्यही वर्षको माघे सङ्क्रान्तिले उसको जीवनधारा नै मोडिदिएको थियो । त्यस बिहान सबेरै बाबु-दाजुहरूको हातबाट टीकासिका थापेर अघिल्लै दिनमा उसिनेर

राखेको तरुलसरुल खाएपछि ऊ साथी-सँगातीहरूसँगै तारो हान्ने ठूलो चौरतिर लागेकी थिई । उसका गाउँका युवकहरूमात्र होइन जवान युवतीहरू समेत आ-आफ्ना सपनाका राजकुमारहरूको लक्ष्य भेदन र बहादुरी हेर्न बिहानैदेखि त्यहीं ठूलो चौरमा ओइरिसकेका थिए । उसका पुर्खाहरूले धनुष काँडको प्रयोगद्वारा मृगको शिकार खेल्ने परम्परा माघे सङ्क्रान्तिमा तारो हान्ने खेलमा परिणत भएको थियो । अहिले सुन्दा कथाजस्तो लाग्छ ,पहिले पहिले पुसको अन्त्य र माघको सुरुवात हुने बेलातिर उसको गाउँ म्याग्दी-बाग्लुङको लेकतिर हिउँ झर्नथाल्दा मृगहरू बेंसी झर्थे रे । अनि उसका पुर्खा बेंसी झरेका मृगहरूको शिकार गर्थे रे । अहिले त मृगहरू नै सकिएका हुन् कि के हो देख्नै पाइँदैन- ऊ आमाबाट सुनेका कुरा सम्झिन्छे ।

तारो हान्ने खेलको तयारी निकै दिन अघिदेखि हुन्थ्यो । उसका दाजुले पनि त्यस्तै तयारी गरेका थिए । बलियो, छिप्पेको बाँसको पाँच आँख्ले लामो टुक्रोबाट बनाएको धनुषलाई तेल मल्दै आगोमा सेकाएर उसले टलक्क टल्किने बनाएको थियो । त्यसका दुई टुप्पामा तारो (बलियो नचुँडिने धागो) बाँधेर तनक्क तन्कने बनाएको थियो । सात दिनसम्म वन धाएर गतिलो गजिङ (एक थरी निगालो) मा कुखुरा र चरा चुरुङ्गीहरूको प्वाँख पातेर (उक्त निगालोबाट बनाएको शरको फेदमा प्वाँखहरू टाँसेर वा बाँधेर सिँगार्ने काम) तारोको काँण बनाई सकेर ढुङ्ग्रोमा (ठोक्रोमा) जतनले राखेको थियो ।

बूढापाकाहरू त्यही शरलाई तीर भन्ने गर्थे, नाममा मात्र नभएर काममा पनि फरक थियो । अहिलेको शरमा बढी सिँगारपटार गरिन्थ्यो, पहिलेकोमा सिँगारपटार भन्दा जनावरलाई लाग्नासाथ विषले ठहरै हुने गरी विषालु बनाएको हुन्थ्यो । जरबुटा (एक प्रकारको निगालो)को टुप्पोमा कति दिन विष मलेर तीर तयार पार्थे- शिकार गर्दा ।

ऊ पुग्दा, खेलमा भाग लिने तन्नेरीहरू मात्र होइन त्यो हेर्न जम्मा भएका बूढाबूढी, जवान तन्नेरा-तन्नेरीहरूले तारो हान्ने ठूलो चौर भरिइसकेको थियो । चौरको एक कुनामा एउटा गोलो फल्याक खाँबोमा अड्याएर त्यसको बीच भागमा फलासको घेराले खोल (निशाना) बनाएको देखिन्थ्यो । पहिला पहिला त्यो फल्याक गोलो नभएर लाम्चो, ठाडो हुने गर्थ्यो रे । त्यही गोलो

फल्याकको खोल अर्थात् गोलो निशानाभित्र जसले काँड हानेर गाड्न सक्छ त्यही विजयी भएर पुरस्कृत हुने गर्थ्यो ।

प्रतिस्पर्धामा तीनवटा टोली तयार थिए, छ-छ जनाको । सबै टोली बियरको हल्का नशामा रमाइरहेका थिए । उसले सुनेकी थिई, पहिले बियरको साटो पुछै र मुर्कीजस्ता कलात्मक भाँडामा राखेर कोदाको छ्याङ-छिटो (जाँड- रक्सी) खाँदै त्यसैको रमरम मातमा तारो हान्न जोस्सिन्थे रे ! अहिले छ्याङ् छिटोको ठाउँ बियरले लिएको थियो ।

छ-छ जनाको टोलीमा युवाहरू तारो हान्ने प्रतिस्पर्धामा उत्रिएका थिए । दोस्रो टोलीको अगुवा केटो सिर्जनाले यसअघि राम्ररी नचिनेको आकर्षक युवक थियो । काँण हान्ने उसको सीप र ठीक निशाना लगाउने उसको अभ्यास देखेर सिर्जना मात्र होइन प्रतियोगिता हेर्ने जो कोही पनि प्रभावित देखिन्थे । गोरो रङ्, हिस्सी परेको हँसिलो अनुहार, सेता टम्म मिलेका दन्त लहरको बीचमा अगाडि पटि टल्किएको सुनले मोरिएको सुन दन्त, मोहनी लगाउलाभैँ मन्द मुस्कान-उसको त्यो पानीदार जवानीको आकर्षणबाट प्रायः सबै तरुनीहरू आकर्षित देखिन्थे ।

"को रहेछ यो मान्छे ? चिनेजस्तो त लाग्दैन ।" नचाहिंदो चासो राख्दा अरूले केही भन्ने हुन् कि भन्ने संकोच मान्दामान्दै पनि सिर्जनाले सँगैकी सँगिनीसँग सोधेकी थिई ।

"क्या हो, तान्यो कि कसो लाहुरेको मोहनीले तँलाई पनि मोरी !" उही उसकी मन मिलेकी गीताले पाखुरामा चिमोट्दै भनेकी थिई ।

"हामीले त चारा फालिसकेका हौं, वास्तै गरेन । तँ पनि पासोमा परिस् कि क्या हो उसको त्यो सुन दन्ते मोहनीको ? चिनेकी छैनस् तैंले, त्यही पल्लो सानी बेनीगाउँको लप्टन बूढाको छोरो त हो नि । गोराको देशाँ' लाहुरे छ, सिपाहीमा भर्ती भएर गा'को क्या । एक हप्ता मात्र भो गाउँ आएको, बिदामा आएको रे !" सेतीले बेलीबिस्तार लाएकी थिई ।

हेर्दाहेर्दै त्यही केटोले सबैभन्दा बढी तारो हानेर खेल जित्यो, त्यस पटकको धापन (विजेता)को उपाधि उसैले पायो । सबैभन्दा धेरै निसाना हान्ने पनि उसकै टोली भयो र त्यही टोलीले त्यस वर्षको खेल जितेको थियो ।

अरूजस्तै उसलाई बधाई दिन भनी गएकी सिर्जना उसको अगाडि परेपछि केही बोल्नै नसकेर एकोहोरो ट्वाल्ल हेर्न पुगेकी थिई । के भन्ने ? त्यही मानसिकतामा उसले "बधाई" भन्ने एक शब्द निकालेकी थिई । त्यति बोल्दा समेत उसको अनुहार लाजले रगत चुहिएलाभैं रातो न रातो भएको थियो ।

"तिमी सिर्जना होइनौ, जमदार काकाकी छोरी ? कति राम्री भै छौ !" उसको त्यो भनाइबाट सिर्जना भनै लाजले गडेर त्यहाँबाट साथीहरूको भीडमा आफूलाई लुकाउन पुगेकी थिई ।

रने पनि सिर्जनाको सौन्दर्यको नशामा डुबेको थियो । त्यही छोटो समयमा ऊ पनि सिर्जनाको भरिलो जवानीको अतल गहिराइमा गोता खान पुगेको थियो । छातीको स्पष्ट गोलाइबीचको खोल्सी प्रष्टै देखिने गरी जिउमा टम्म कस्सिएको चोलीमा रगत चढेको सिन्दुर रङ्को छाला, पिँडुल्ला माथिबाट मात्र ढाक्ने गरी लाएको गुन्यूबाहिर देखिने छुँ छुँलाग्दो गोरो पिंडुल्ला, गोरो सुडौल घाँटीमा चोलीबाहिर छातीको गोलाइलाई चुमिरहेभैं लाग्ने सेता कम्पनी माला, नाकको चेप्टो बुलाकी, एकआपसमा प्रणयरत जोल्ठिएका सर्पका जोडीजस्तै लाग्ने चुल्ठी पारेको लामो कपाल- जवानीको कारणले मात्र होइन सिर्जना साँच्चै नै स्वर्गकी परीजस्तै लागेकी थिई रनेलाई ! ब्रुनाइ, हङ्कङ र बेलायतका स्वप्नसुन्दरी मानिने गोरीहरू भन्दा कम देखिएकी थिइन ऊ रनेको दृष्टिमा । रनेले ब्रिटिस आर्मीको सिपाही भएर विदेस्सिएपछि धेरै घाटको पानी नचाखेको होइन । शारीरिक आवश्यकताका रूपमा यौनप्यास बुभाउन विभिन्न स्त्रीगमनका माध्यमलाई अस्वाभाविक ठान्दैनथ्यो ऊ । त्यस क्रममा जति पनि युवतीहरूको संसर्ग उसले गऱ्यो, तिनीहरू यस केटीको खुट्टामा समेत राख्न सुहाउने उसलाई लागेन ।

तारो हान्ने पर्वमा एकअर्काको देखादेख भएपछि उनीहरूका बीच आकर्षण बढेर बिस्तारै प्रेममा परिणत भएको थियो । मेलापात, पानीपँधेरो, छोट्टी, घट्ट सबैतिर उनीहरू सँगै हुन्थे ।

त्यसको लगत्तै माघे सङ्क्रान्तिको साँझदेखि बिहान भाले नबासुञ्जेल मारुनी नाचमा गरेको रमाइलो सिर्जना कहिल्यै बिर्सन्न । त्यो मारुनी नाचमा

मारुनी बनेको रनेले स्वास्नीमान्छेको लुगा लाएर मारुनीकै तालमा छम्छमी नाचेको कत्ति सुहाएको थियो । भर्खरै जुँघाको रेखी बसेको अठार-उन्नाईसको रने स्वास्नीमान्छेको चोली र गुन्यूमा पछाडि फुर्का छाडेको सेतो पटुका, गोडामा बाजु र घुँगुरा, नाकमा बुलाकी, शिरमा शिरबन्दी र नारीमा सुनका बाला र झल्किने चुरा लाएर घल्यौको सप्को मसक्क पारी नाचेको देख्दा सिर्जनाले हाँसो थाम्न सकेकी थिइन । आँखामा लाएको गाजल कत्ति सुहाएको थियो । ऊ त्यसरी फन्फनी नाच्दा सारीको नातो र हातको रुमाल हल्लिएर उसैलाई नाचमा भाग लिन निम्त्याइरहेको जस्तो लागेको थियो सिर्जनालाई । एकापट्टि कुनामा बसेका एक डफ्फा मारुनी स्वास्नीमान्छेसँगै सिर्जना उनीहरूले जस्तै कपालमा नातो बाँधेर बसेकी थिई ।

भोटो, कछाड, पटुका, इष्टकोट, र मखमली टोपीमा सजिएर गुरुबाउ मारुनीको सञ्चालन गरिरहेका थिए । भोटो, कछाड, पटुका, इष्टकोट र मखमली टोपीमै मादले गर्राहरू मादल ठोक्दै थिए । सेतो जामा, सेतै साफा गुतेर बख्खु तथा इष्टकोटमा ठाँट्टिएको अर्को ढँटुवारे वा पुर्सुङ्गे एकै तालमा हात ठोकी-ठोकी दर्शकहरूलाई हँसाइरहेको थियो । अरू हँसाउने पात्र लबरपाँडे, मुजुरा बजाउने मजुरे र कर्ताल बजाउने कर्ताले सबै नै आ-आफ्नै तालमा मस्त थिए । मारुनी नाचको पहिलो चरणमा मादलको पूजा गरेर मारुनीको आँङ बाँध्दै "दियो र बाती, अक्षता र पाती । जुवारी लेऊ नानै !" भन्ने गीतबाट नाचको आरम्भ गरेपछि मारुनी नाच गम्केको थियो ।

पुरबैको मारुनी, पश्चिमैको पुर्सुङ्गे
नाचिदेऊ न मारुनी ! आँगनीमा छमछमी ।
मादलुको तालमा, गीत्को सुर - तालमा
नाचिदेऊ न मारुनी ! आँगनीमा छमछमी ।

मादलेको वरिपरि घुम्दै कम्मर मर्काई-मर्काई मांदलेको सुरतालमा नाचिरहेको मारुनीरूपी रनेको नाचसँगै सिर्जना पनि अरू स्वास्नीमान्छेहरूकै हुलमा मिसिएर चुनरीबुट्टे गुन्यूको फेर र घल्यौको सप्को मसक्क पार्दै माथिको गीतको मधुर स्वरमा मन फुकाएर नाचेकी थिई ।

सिमलको फूल तालैताला केंवरा फुल्यो घारी नि
कसका लागि साँचेकी नानी ! जोबनको भारी नि ।

रनेको यो मधुर स्वरको मोहनीमा लठ्ठिएकी सिर्जनालाई त्यही गीतको तालमा रनेले टप्प हात समातेर आफूसँगै नाच्न तानेपछि ऊ जिउभरि करेण्ट लागेको जस्तै भएर मधुर झञ्झनाहटले रोमाञ्चित भएकी थिई ।

"आमा, भोक लाग्यो ।" स्कुलबाट आएकी छोरीको आवाजले सिर्जना झसङ्ग भएकी थिई । लामो समयदेखि पूर्वस्मृतिमा हराएकी ऊ छोरीको आवाजबाट वर्तमानको यथार्थमा आइपुगेकी थिई ।

"लुगा फेर म खाजा दिन्छु है नानु !" सिर्जना छोरीलाई खाजा दिएर फेरि पुरानै सम्झनामा हराउन पुगेकी थिई । त्यसपछि उनीहरूको विवाह भएको थियो- दुवै परिवारको सहमतिमा प्रेम विवाह ! बिहेको दोस्रो वर्ष, छोरी गर्भमै छँदै रने बिदा सकेर विदेश गएको थियो । पछिल्लो वर्ष गाउँ आएर सिर्जनालाई शहर ल्याएर डेरामा राखेको थियो । त्यसबेलादेखि सिर्जना शहरमै बसेर छोरी पढाइरहेकी थिई । रने वर्षको एकपल्ट नेपाल आउँथ्यो, आउन नपाउँदा पनि पैसा पठाइरहन्थ्यो । सिर्जनाले आफूप्रतिको रनेको प्रेममा कुनै कमी महसुस गरेकी थिइन । त्यही प्रेममा चार वर्ष बितेको समेत उसले पत्तै पाइन । तर त्यो दिन गीताले सुनाएकी त्यो खबरले उसको जीवनमा ठूलै भुइँचालो ल्याइदिएको थियो ।

यस पल्ट दुई महिनाको छुट्टीमा आएको रनेको व्यवहारमा सुरुमा केही दिन उसले कुनै परिवर्तन पाएकी थिइन । तर उसलाई बिस्तारै रनेको व्यवहारमा परिवर्तन आएको जस्तो लागेको थियो । केही दिन यतादेखि सिर्जनाले पनि उसमा केही परिवर्तन अनुभव नगरेकी होइन, तर गीताले भनेजस्तैको हदसम्म कुरा पुग्यो होला भन्ने उसलाई विश्वास थिएन ।

"त्यसो भए गीताले देखेकी त्यो सत्य हो त ? कि गीताले मलाई तर्साउन झुटो बोलेकी हो ? उसलाई झुटो बोल्नुपर्ने कुनै कारण त छैन ! हे बाजेबज्यै, यो कुरा झुटो होस् । गाउँ आएर दुइटा पाठोको भोग चढाउँला !"

सिर्जना देउता भाक्छे। बाजेबज्यै भनिने देउता भाकेर सुँगुरको पाठो भोग चढाएपछि मनले मागेको कुरा पुग्छ भन्ने विश्वासले उसलाई अलिकति भए पनि ढाढस दिन्छ।

मनभरि भुइँचालो बोकेर सिर्जना लोग्ने घर फर्कने समय पर्खिन्छे। सधैं चाँडै घर आउने रने यता केही दिनदेखि रात छिप्पिएपछि मात्र घर फर्कन्थ्यो। कहिलेकहीं त एकदुई दिनसम्म पनि डेरा फर्कंदैनथ्यो। पैलाजस्तो यस पटक ल्याएको पैसा पनि खुलस्त मनले सिर्जनाको हातमा राखिदिएको थिएन। अरूको जस्तै एउटा घडेरी जोडेर घर बनाउने उसको प्रस्तावलाई पनि हाँ हुँ मै टारेको थियो। यसबाट पनि सिर्जनाको मनभित्र सानोतिनो शंकाको अङ्कुर नटुसाएको होइन। तर अहिले गीताले रनेलाई एउटी अर्कै केटीसँग होटेलमा मस्किँदै गरेको फेला पारेकी बताएपछि उसभित्रको विश्वासको स्तम्भ जगैदेखि हल्लिन पुगेको थियो।

"विश्वास...अब कति गर्ने तिम्रो विश्वास ? त्यही मनमाया होइन तिमीले भनेकी कुइरिनी, त्यसैको लागि तिमी यो नाटक गर्दैछौ हैन ? जाऊ.....तिमी यहाँबाट गइहाल ....एकपल्ट मनबाट विश्वास गुमेपछि त्यो माटोको भाँडोजस्तै हो, फेरि त्यो जोडिंदैन।" सिर्जना पड्किई। उसको स्वर सुन्दा लाग्थ्यो ऊ लोग्नेको अगाडि आफूलाई कमजोर देखाउन चाहन्न। त्यसैले भित्रैदेखि आफूलाई असहाय र कमजोर महसुस गरे पनि ऊ त्यो कमजोरीलाई लोग्नेको अघिल्तिर प्रदर्शन गरेर उसलाई अरू बलियो बनाउन चाहन्नथी।

"हैन, के भन्दैछस् तँ.....को मनमाया...? जसले जे कुरा सुनायो त्यसलाई पत्याउने...? मचाहिं रातोदिन तिमीहरूकै लागि सुख होस् भनेर मरिमेट्ने, तँचाहिं मैमाथि शंका गर्ने ?" रने उसलाई फकाउने अरू कोसिस गर्छ।

"हो, म पनि त्यस्तै सोच्थें ! तर अब तिम्रो कुराको विश्वास गर्ने आधार नै कहाँ बाँकी रह्यो र। मनमायालाई कुइरिनी बनाएर तिमी मलाई छोडपत्रमा सही गराउन सक्छौ भने अब तिम्रो कति विश्वास गर्न सकिन्छ, तिमी आफैं भन....! मैले कुभें, तिमी प्रेम होइन, प्रेमको नाटक गर्दै नयाँ नयाँ

शरीर गिजोल्ने फुँडो हौ । तिमी म र छोरी कसैलाई पनि माया गर्दैनौ, तिमी आफू र आफ्नो नयाँ नयाँ शरीर गिजोल्ने शोखलाई बाहेक अरू केहीलाई माया गर्दैनौ मैले अब बुझें ।...जाऊ....तिमीले छाड्नुपर्दैन, मै छाडिदिन्छु तिमीलाई । विश्वास नै भत्किसकेपछि सँगै रहनु र अलग रहनुमा फरक नै के रह्यो र !" सिर्जनाले बडो आत्मविश्वासपूर्ण स्वरले चुनौती दिएपछि रनेले अरू नाटकीय बहाना गरेर झुक्याउने आँट गर्नैसकेन ।

"त्यसो नभन न...अहिले भन्याजस्तो हुँदैन बाबै, भोलि खानलाउन पर्ला, छोरीको पढाइलेखाइ गर्नैपर्ला ! बरु भन् न त्यसको लागि के कस्तो व्यवस्था गर्दिऊँ । हेर ऊसँग सम्बन्ध गाँसिइ हालियो, जागिरको लागि पनि दुईथरी घरजम देखाउन भएन । त्यसैले तैंले पनि बुझिनस् भने कसले बुझ्ला मेरो कुरा भन् त !" सिर्जनाभित्र यति दरिलो आत्मविश्वास र इस्पातझैं अठोट होला भन्ने रनेले कल्पनै गरेको थिएन । त्यसैले बरु सोझै कुरा गरेर मन पगाल्ने विचार गऱ्यो उसले ।

"भो, मलाई तिम्रो दया चाहिएन ....म न त तिमीलाई छोडपत्र नै गर्छु न त तिमीसँग जिन्दगानी बिताउनै सक्छु । जाऊ....तिमी यहाँबाट गैहाल....म जे माग्छु अब कानुनबाटै माग्छु तिम्रो दया र निगाहबाट होइन बुझ्यौ !" सिर्जनाभित्र यति दर्विलो नारी आत्मसम्मान होला भन्ने ऊ आफैंलाई पनि कुनै विश्वास थिएन ।

"हैन...त्यसो......" सिर्जनाको रौद्ररूप देखेर रने अरू केही बोल्ने आँटै गर्न सक्तैन ।

"जाऊ तिमी गैहाल....तिमी एकछिन पनि यहाँ रह्यौ भने बरु मै छाडेर जान्छु यो डेरा ।" सिर्जनाबाट अरू अपमानित भएर त्यहीँ बसिरहने उसमा आँटै आएन, ऊ सिर्जनालाई त्यही अवस्थामा छाडेर त्यहाँबाट हिंड्यो । सिर्जना उभिएकै भुइँमा थचक्क बसी, तर उसको मुखाकृतिमा कुनै पराजयबोधको लक्षण थिएन, कुनै कमजोरीपूर्ण निरीहताको संकेत थिएन बरु थियो एउटी विजेताको ओजपूर्ण गौरवबोध ! •

# विस्थापन

"आज पनि रित्तै हात आयौ कि क्या हो ? हात त खाली नै देख्छु !" फूलमतीको प्रश्न प्रश्नै रह्यो । लालबहादुर वा लालेको मुखबाट कुनै उत्तर निस्किएन । खुइय्य लामो सुस्केरा छाडेर थचक्क बसेको उसको थकित शरीर र अनुहारले नै सबै कथा भनिरहे- आज पनि उसले कुनै काम पाएन ।

पहाडको थोरै घरजग्गा पनि पहिरोले बगाएपछि ऊ सुकुम्बासीकै लहरमा पुगेको थियो । आफ्नै जन्मथलोमा सुकुम्बासी बन्नुपर्दाको पीडा असह्य भएपछि ऊ भित्री मदेशतिर झरेको थियो । पहिलो बसाइँमा दुई जना लोग्नेस्वास्नी मात्र थिए, छोरो पुन्टे जन्मिएकै थिएन ।

जन्मथलो छाडेर पहाडबाट एकै चोटि भित्री मदेश आइपुग्दा सुरुमा त ऊ पनि निकै आत्तिएको थियो । जसो तसो सुकुम्बासी बस्तीमै कसैको आँखा नपरेको एक टुक्रो सार्वजनिक पर्ती जग्गा फेला पारेको थियो उसले । त्यहीँ एउटा सानो छाप्रो ठड्याएर तराईको त्यो अपरिचित बिरानो मुलुकमा आफूलाई अभ्यस्त तुल्याउने प्रयास गरेको थियो उसले । पहाडको उकाली ओरालीबाट मुक्ति पाए पनि तराईको गर्मी र औलोले बिचरी फूलमतीले झण्डै छाडेकी थिई उसलाई । परदेश (स्वदेश नै भए पनि उसका लागि परदेश जस्तै थियो मदेश- भाषा, भेष, रहनसहन सबै अर्कै !) को अपरिचित परिवेश, नौला मानिस र व्यवहार वातावरण, सुरुमा त उसलाई त्यो वातावरणमा भिज्न निकै कठिन भयो ।

"जाउँ हिंड आफ्नै पहाडमा ! त्यहाँ चिनेका मानिस त छन् । आफ्नो जग्गाजिमी पहिरोले बगाएर के भो त, साहूको ज्यालामजुरी गरेर पनि त पालिएला नि हाम्रो दुई ज्यान !" त्यो नयाँ ठाउँ र वातावरणबाट अताल्लिएकी फूलमती बारम्बार उसलाई आफ्नै गाउँमा फर्कन कर गर्थी ।

"हेर, केही समय बसेपछि सबै आफ्नै लागिहाल्छन् नि । नदेखुन्जेल को हो-को हो, देखेपछि मायामोह भनेजस्तै ठाउँको कुरा पनि त्यस्तै हो । अलिदिन बसेपछि रसबस बस्छ । ठाउँ पनि आफ्नै हुन्छ मान्छे पनि आफ्नै हुन्छ, नआत्तिई........।" फूलमतीको गुनासो अझै सकिएको हुन्न । उसको भित्री मन आफू जन्मेको गाउँ ठाउँ र डाँडा, वन जंगलका बुट्यानहरूको आकर्षणबाट खिचिन छाड्दैन ।

"हेर् त्यहाँ पनि त के छ र हाम्रो ! आफ्नो भन्नु पनि त केही छैन । न तेरातिरका न मेरातिरका, को छन् हाम्रा त्यस ठाउँमा ? त्यही सबै गुमाएर त मुग्लान भासियौं । साहूको काममात्रै गरेर कसरी जीविका चल्छ भन् त, आफ्नो एक बित्ता जग्गाजिमी नभएपछि ! आज पो दुईजना मात्रै छौं, भोलि छोराछोरी होलान् । अनि......! नअत्ताल्ली न, यता मनग्गे काम पाइन्छ । अलिअलि धन जोगाड गर्न सकियो भने त आफ्नै गाउँ फर्केर अलिकति जिमी जोडौंला नि !" लालेले धेरै सम्झाएपछि फूलमतीले मन दह्रो तुल्याएकी थिई- हो त, त्यहाँ पनि आफ्ना भन्ने को छन् र हाम्रा लागि मन दुखाउने ! घरपटि यिनी सानैका गर्भे टुहुरा, माइतीतिर पनि सबैले छाडिहाले ।

बिस्तारबिस्तारै त्यो नयाँ ठाउँमा घुलमिल हुन थालेपछि अलिअलि गर्दै उनीहरूले काम पनि पाउन थालेका थिए । छिमेककै हाकिमको काम गर्दागर्दै लालेले कपडा कार्खानामा चौकीदारको काम पायो, फूलमती पनि तिनै हाकिमको घरधन्दा र यताउती गरी केही सघाउँथी ।

जीवन सरल रेखामा चल्दै थियो । घरमा अर्को पाहुना पनि थपियो, छोरो पुन्टे । लालेको मिहिनेत र इमान्दारीले गर्दा ऊ ज्यालादारीबाट स्थायी पनि भयो । सानो परिवारको जिन्दगी सुखपूर्वक बित्दै थियो ।

तर त्यस्तैमा कार्खाना बन्द हुने गाइँगुइँ चल्यो । सुरुमा त उसलाई पत्यारै लागेको थिएन । किन बन्द होला र कार्खाना ? कोही भन्थे बन्द हुने

होइन, कोहो विदेशी साहूलाई बेच्ने रे ! अर्कारी भन्थे निजीकरण हो कि के पो हो गर्ने रे । यस्तै हल्ला थियो । सुरुमा त उसले न केही बुझ्यो, न कुनै सरोकार नै राख्यो । निजीकरण होस् कि सिजीकरण, आखिर काम गरेर खाने मान्छेलाई जे करण भए पनि के नै पो फरक पर्ला र ! उनीहरूले पनि कार्खानै चलाउने होला, कामदार त तिनलाई पनि कसो नचाहिएला ।

"देख्लास् भोलि । किन्ने साहूले कार्खाना नै चलाए त हो, अरू केही गरे भने ? बन्द गरिदिए भने ? तेरो हाम्रो त बिचल्ली नै पो हुन्छ बाबै ! अन्तको कुरा सुन्या छैन तैंले ?" साथीहरूले त्यसो भन्दा पनि सुरुमा उसले कुनै खायस राखेन, खासै चासो राखेन । तर साथीहरूको त्यो अनुमान चाँडै नै सत्य भएपछि भने उसको सातो उड्यो । निजीकरणको नाउँमा कार्खाना किन्ने साहूले तुरुन्तै त्यसलाई बन्द गरेर सम्पत्ति कता पुऱ्यायो, कसैलाई थाहापत्तो भएन । कार्खानाका अरू कामदारजस्तै लाले पनि बेरोजगार भयो, स्वास्नीको काम दिने कार्खानाकै हाकिमसमेत हिंडेपछि ऊ पनि बेरोजगार हुन पुगी । यसबाट ऊ मात्रै होइन, ऊजस्ता धेरैको परिवारमा फेरि अनिश्चितता आयो, बाँच्ने आधार फेरि एकपटक खोसियो ।

यस्तो हुन्छ होला भन्ने कुरा लालेले सोचेकै थिएन । साथीहरूले भन्दा पनि उसलाई पत्यार हुँदैनथ्यो । त्यो सम्झँदा अहिले ऊ आफ्ना पूर्व सोच सम्झेर भन्ने गर्छ- "यस्तो भइहाल्ला भन्ने के थाहा र । कानो गोरुलाई औंसी न पूर्ने !"

"हैन के टोल्हाइरहेका पुन्टेका बा ! खाली हात आएका छौ, केही बोल्दा पनि बोल्दैनौ । बिसन्चो पो भयौ कि कसो ? म टाउको थिचिदिऊँ ?" फूलमती आफ्नो प्रश्नको जवाफ नपाएर आशङ्का मिश्रित पुनः प्रश्न गर्छे । उसका हात साथसाथै चिन्तामग्न टोल्हाइरहेको लोग्नेको निधार छाम्न अघि सर्छन् ।

"केही भएको छैन मलाई, के हुनु र । दिनभरि भौंतारिंदा पनि कुनै काम फेला परेको होइन ।" ऊ स्वास्नीको हात पन्छाउँदै आफू ठीकै भएको कुरामा आश्वस्त तुल्याउँछ, भरेको छाक टार्ने कुरामा भने कुनै आश्वासन दिन सक्तैन ।

"छोरालाई दुई दिनदेखि हनहनी जरो आएको बिसेकै भएन । डाक्टर देखाउँ भने फुट्या कौडी छैन साथमा ! भरेलाई त चुलो बाल्ने सामलसमेत एक फाँको बाँकी छैन ।" स्वास्नी आफ्नै सुरमा समस्याको अर्को पहाड तेर्स्याइदिन्छे ।

"सरकारी अस्पताल लगिनस् ?" लाले प्रश्न गर्छ । बिचरी ! गाउँमा दैव लाग्यो, मधेसमा पनि टिक्न सकिएन । सहरमा त काम गरेर खानपाइएला भनेको, यहाँ पनि त्यस्तै । बिचरीलाई सुखसित पाल्ने सामर्थ्य पनि भएन कहिल्यै । ऊ मनमनै स्वास्नीप्रति सहानुभूति प्रकट गर्छ । चिरी यहाँ पनि एउटा घरको जूठोधन्दा गरेर उसलाई सहारा दिइरहेकी छ ।

"सरकारी अस्पताल पनि त त्यस्तै हो नि, टिकस काट्न मात्रै बीस रूप्पे रे ! लान त लगें नि, जचाउन । टिकस काट्ने पैसा नभएर त्यसै फर्काएँ । पसलमा सिटामोल कि के भन्ने किनेर ख्वाएको, छुँदै छोएन ।" फूलमती एकै सासमा आफ्नो निरीहताको बेलीबिस्तार लाउँछे ।

लामो सास फेरेर निधार पुस्छ लाले । मंसिरको मास पसिना त के आउँथ्यो र ! तर पनि उसलाई आफ्नो पूरै शरीर पसिनाले भिजेजस्तै लाग्छ । बीस रूपियाँको अभावमा छोरोलाई डाक्टर देखाउन नसक्दाको पीडा र निरीहताबोधले ऊ भित्रैदेखि गलेको अनुभव गर्छ ।

"तेरी मालिक्नीलाई भनिनस् । केही पेस्की भए पनि दिन्थे कि । छोरोलाई देखाउन मात्रै पुगे पनि.....।" लाले सङ्कोच मानीमानी भन्छ ।

नभनेकी त कहाँ हूँ र, छैन भन्छन् । होइन सहरा' मान्छेमा त दया भन्ने कुरो पनि पटक्कै हुँदैन कि के हो ? अर्काको मर्का त पटक्कै बुझ्दैनन् । एक मन त त्यस्ता निर्दयीकाँ काम गर्न पनि छाडिदिउँ जस्तो लाग्छ । तर के गर्नु, यही काम पनि नभए के गर्ने ? तिमीलाई केही भरथेग होला भनेर त हो, त्यस्ता असत्तीहरूको जूठोभाँडो गरिरहेकी ! तर मौकामा ती पनि कुनै सहारा बन्न चाहँदैनन् ।" फूलमती पीडाको लामै अभिव्यक्ति प्रकट गर्छे ।

मधेसमा उसले काम गरिरहेको कार्खाना के हो करण गरिएपछि त्यहाँ बाँच्ने उसको आधार पनि खोसिएको थियो । कर्मचारी छँटनीको नाउँमा आठ-दश जनालाई राखेर अरू सबै कर्मचारी-कामदारलाई जनही दुई दुई

सय थमाएर बिदा गरिएको थियो । छँदा खाँदाको जागिर गुमाएर कति गर्दा पनि लाले र लालेजस्तै धेरै कामदारले अर्को कुनै काम पाउन सकेनन् । खेतीपातीको काम पनि नखोजेको होइन, विदेशबाट आएका कामदारहरूको छेलोखेलोले गर्दा उसले त्यता पनि कुनै काम पाउन सकेन । यसरी बेरोजगारीको महासागरमा हठात् मिल्काइएको पौडी नजान्ने लाले डुब्नु न उत्रनुको दोसाँधमा रह्यो । भएको दुई चार सय छउन्जेल त्यही खर्चेर जहान परिवारको पेटमा तातो लायो । तर त्यति थोरै पैसाले कति नै पो थेग्थ्यो र ! त्यसपछि केही नलागेर बाँच्ने साधनको खोजीमा ऊ मुलुकको राजधानी भनिने सहर पसेको थियो स्वास्नी- छोरो अघि लाएर । यसरी यो दोस्रो बसाइँमा कति दिन मन्दिरको सिँढी र कति दिन सत्तल पाटीमा रातको छहारी खोज्दै बिताएका थिए ऊ र उसका स्वास्नी छोराले । कति गर्दा पनि अरू कुनै काम नपाएर नाम्लो समातेर भरिया बनेको थियो ऊ- पसल पसलबाट चामल पीठो र किनमेलका अरू सामानहरू ग्राहकको घर घरसम्म पुऱ्याइदिने भरिया ।

त्यतिबेलादेखि हरेक बिहान बिहान सूर्य उदाउनासाथ हातमुख धोएर भोको पेटमै ऊ कामको खोजीमा हिंड्ने गर्छ । कहिले काम पाउँछ, छाक टार्ने रासन किनेर हँसिलो अनुहारमा फर्कन्छ । कहिले पाउँदैन अँध्यारो अनुहार लिएर रित्तै हात फर्कन्छ । यसरी दिनभर केही कमाउन सके स्वास्नी छोरालाई एक पेट तातो लाउन सक्थ्यो, नत्र लाचार लोग्ने र बाबुको हीनताबोधले भित्रभित्रै थिचिन्थ्यो । स्वास्नी एक दुई घरमा जूठोभाँडो गर्थी ।

भोलिपल्ट केही न केही भारी पाउने र त्यसबाट आउने ज्यालाबाट केही जोगाएर छोरालाई डाक्टर देखाउन पाउने आशाले ऊ बिहानै नाम्लो बोकेर हिंडेको थियो ।

"के हो यो निजीकरण भनेको ? हाम्रा गाउँका साहूले ब्याजमाथि ब्याज गरेर नलिएको रकमसमेत ऋण बनाउँदै घरखेत उठीबास लाएजस्तै हो यो निजीकरण कि के हो ?" आजै बिहान उसको कथा सुनेको गोफ्लेले सोधेको थियो ।

गोफ्ले लठेउरो, सोझो युवक थियो । उसकै उमेरका ठूलाबडाको लहै लहैमा लागेर अरब जाने सपना बोक्दै राजधानी झरेको गोफ्ले अन्ततः

आफ्नै देशमा परिचयविहीन शरणार्थी बन्न पुगेको थियो। उसको एउटै परिचय थियो भने त्यो थियो भरिया!

"निजीकरण....अँ, निजीकरण काम गर्ने ठाउँ अरूलाई बेचेर काम पाइरहेकालाई बेकार बनाउने कुरा पो रहेछ। पैले त आफूलाई पनि के थाहा र?" लाले लामो सास फेर्दै निजीकरणको अर्थ अर्थ्याउँछ। उसको अर्थ र व्याख्या ठीकबेठीक के हो ऊ आफैँलाई पनि थाहा छैन। तर ऊ भूतपूर्व जागिरे र वर्तमान ढाक्रे अर्थात् ढाकरको साटो नाम्लो बोक्ने भरिया भएकोले समूहमा उसको मान थियो। अरूभन्दा बुझक्की र देश खाई शेष भएको ठानिन्थ्यो। त्यसैले उसको त्यो व्याख्यामा अरूले असहमति जनाउने कुरै थिएन। साना किसानबाट चौकीदार र चौकीदारबाट भरियामा जीवनको अर्थ खोजिरहेको लालेले जीवन कत्तिको बुझेको छ? त्यो भने व्याख्यातीत विषय थियो।

"सबै शहरा'मान्छे पनि हामीजस्तै गरीब भइसके कि क्या हो- भरिया लाएर किनमेलसम्म गर्न नसक्ने! आज पनि कुनै भारी पाइएन। हिजो अस्ति भरिया लाएर रासन ओसार्नेहरू अब आफैँ झोला बोकेर किनमेल गर्न थालेजस्तो छ।" दिनभर नाम्लो हातमा लिएर पसलपसल चाहार्दा समेत कुनै भारी नपाएपछि लालेले छुट्टिने बेलामा आफ्नो भित्रैदेखिको पीडा ओकल्यो। ठट्टाझैं लाग्ने उसको यो अभिव्यक्तिभित्रको मार्मिकताले सबैको मुटु चसक्क चस्क्यो- कति कठोर ठट्टा!

"किन आइएछ नि यो असत्ति ठाउँमा! एउटै सहारा पनि खोस्यौ नि निष्ठुरी दैव!" बासमा पुग्नासाथ फूलमतीको हृदयविदारक चीत्कारले लालेलाई आफूले टेकेको पाइतालामुनिको धरती भास्सिएको जस्तो लाग्यो। सम्भाव्य अनिष्टले उसको नौनारी गल्यो, कतै छोरोलाई त केही भएन .....? योभन्दा बढी सोच्नै सक्तैन, भाउन्न भएर आउँछ उसलाई।

टाउको बजारी बजारी रोइरहेकी फूलमती र उसको छेउमै सुताइएको छोरोको निर्जीव शरीर देखेर लाले फेद काटिएको रूखझैं डङ्ग्रङ्ग लड्यो- सामान्य उपचारसमेतको अभावमा अकालमृत्यु भोगेको छोराको लास समेत हेर्ने साहस गर्न सकेन उसले त्यतिखेर। •

## प्रकाशन आभार

१. सपनाबाट ब्युँझिएको क्षण, नेपाल पाक्षिक, असार १-१५,वर्ष २ अङ्क २१ ।
२. अपराधबोधले लखेटिएको मन, वेदना साहित्यिक त्रैमासिक, पुस २०६१ ।
३. आफैँसँगको एउटा युद्ध, साधना मासिक, असार २०६० ।
४. धरालो, प्राचि, माघ २०५७ ।
५. झुमा, समय साप्ताहिक वैशाख ३० जेठ ५, २०६२ ।
६. शिकार र शिकारीहरू, नेपाल पाक्षिक, ६ भदौ २०६१ ।
७. मेनका, अभिव्यक्ति, वैशाख २०५८
८. काँचुली, अभिनव, वैशाख २०६२ ।
९. काले गाइने, नोवेल साहित्य वार्षिकी,२०५९
१०. अतृप्त सपना तैरिएका आँखाहरू, शब्द-संयोजन मासिक, २०६१ भदौ ।
११. भाडाको कोख मधुपर्क वैशाख २०५८ (गर्भ शीर्षकमा प्रकाशित) ।
१२. चेतनाको बीज, झिसमिसे त्रैमासिक, वैशाख-जेठ-असार २०५८ ।
१३. सार्थकताको खोजी, गरिमा साउन २०५८
१४. कम्लरी, नवआकांक्षा त्रैमासिक, माघ-चैत २०५८
१५. सिर्जना, मुक्तिमोर्चा, कथाविशेषाङ्क असोज-पुस २०५८
१६. विस्थापन, दोभान, वैशाख-असार २०५८ ।

## संक्षिप्त परिचय



नाम : विजय चालिसे

जन्म :

२००८ असार २२, जोरपाटी-९, आरुबारी काठमाडौं ।

शिक्षा :

एम. ए. (नेपाली साहित्य), बीएड (भाषा शिक्षण), पत्रकारिता डिप्लोमा (लण्डन) ।

पेशा : पत्रकारिता (कार्यकारी सम्पादक, गोरखापत्र दैनिक) ।
: शिक्षण, पशुपति बहुमुखी क्याम्पस, चावहिल (आंशिक) ।

प्रकाशित कृति :

होटेल रोकीमा हत्या (जासुसी उपन्यास २०३१), अनि कुहुरो फाट्छ –उपन्यास २०३६), डोटेली लोकसंस्कृति र साहित्य (२०३९), दयालुराजकुमार (बालकथा २०४३), त्रिविध (संयुक्त कथासङ्ग्रह, २०४४), अप्रिलको बेलायत (यात्रा संस्मरण, २०४५), समाचार लेखन तथा सम्पादन (पत्रकारिता, २०४५), प्रयोग प्रत्यारोपण (कथा सङ्ग्रह, २०४७), अनौठो भूमिमा एलिस (अनुवाद, २०५०), हाम्रो वरिपरिको विज्ञान (२०५२), बादलका टुक्राहरू (नाटक, २०५२), सेवाका प्रतिमूर्ति (बालजीवनी २०४५), भग्न आस्थाको खण्डहर (कथा सङ्ग्रह, २०५६) हराएको मूर्ति (बालकथा, २०५६), आम सञ्चारका विविध पक्ष (आम सञ्चार, २०५७), टाटेपाङ्ग्रो (संयुक्त बालकथा, २०५७) विश्वप्रसिद्ध बालकथाहरू खण्ड १ (अनुवाद, २०५७), अमूल्य उपहार (संयुक्त बालकथा, २०५८), विश्वप्रसिद्ध बालकथाहरू खण्ड २ (अनुवाद, २०५८), किसानबाट शिक्षा (बालकथा, २०५८), चटकीको बाँदर (बालकथा २०६०), मङ्गल ग्रहमा विज्ञान (२०६०), आमसञ्चार द्वन्द्व र आतङ्कवाद (२०६०), मुस्ताङको गुफा (२०६१) आदि ।

संलग्नता : विगतमा साझा प्रकाशन र गोरखापत्र सञ्चालक समिति सदस्यका साथै अन्य विभिन्न संघसंस्थाको संस्थापक अध्यक्ष, महासचिव र सदस्य, गरिमा, प्रस्तार, उत्साह आदि साहित्यिक पत्रिकाहरूको सल्लाहकार ।

पदक, पुरस्कार : रोनास्ट वैज्ञानिक जीवनी लेखन पुरस्कार (२०४३), शिक्षा मन्त्रालयको साहित्यिक पत्रकारिता पुरस्कार शिक्षा मन्त्रालय (२०४६), उत्कृष्ट बालसाहित्य पुरस्कार (२०५६ र २०५९) साझा बालसाहित्य पुरस्कार (२०५९), आदि ।

भ्रमण : भारत, बेलायत, जापान, चीन र बाटामा पर्ने मुलुकहरू ।

ISBN 99946-43-34-7

9789994643349